# सुदूरपश्चिम प्रदेशको कृषि विकास रणनीति
# (२०७९/८० - २०९३/९४)

## सुदूरपश्चिम प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

धनगढी, कैलाली, नेपाल

# सुदूरपश्चिम प्रदेशको कृषि विकास रणनीति
# (२०७९/८० - २०९३/९४)

## सुदूरपश्चिम प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

धनगढी, कैलाली, नेपाल

# दुईशब्द

सुदूरपश्चिम प्रदेशका अधिकांश जनताको मुख्य पेशा कृषि क्षेत्र रहि आएको छ । विविधतायुक्त कृषि क्षेत्रले हाम्रो जीविकोपार्जनलाई दिगो बनाउनुका साथै वस्तु र सेवाहरू लगायत अतिरिक्त रोजगारी र आय उपलब्ध गराएको छ । जलवायु परिवर्तन र यससँग सम्बन्धित प्राकृतिक प्रकोपको सामना गर्दै खाद्य तथा पोषण सुरक्षा, सम्वृद्धि र समानुकुलन निर्माणमा यस क्षेत्रको योगदान सर्वोपरि रहेको छ । फलस्वरूप, दिगो रूपमा जीविकोपार्जनलाई सहयोग गरी यसलाई बढावा दिन समेत कृषि क्षेत्रको योजनावद्ध रुपमा नीति, रणनीति र योजना तर्जुमा गर्नु आवश्यक छ । निर्वाहमुखि उत्पादन प्रणालीबाट व्यवसायिकरणमा रुपान्तरण गर्न आधुनिक कृषि प्रविधि, ज्ञान र औजारहरुको प्रयोग गरी उत्पादकत्व र उत्पादन बढाउनु समेत जरुरी छ । हाम्रो उच्च प्राथमिकता कृषक समुदायको जीविकोपार्जनमा सुधार, कृषिमा आधारित उद्योगहरूको प्रवर्द्धन, रोजगारी तथा आयका लागि अवसरहरुको सृजना गरी यस प्रदेशमा खाद्य तथा पोषण सुरक्षामा सुधारका साथै गरिबी उन्मूलन गर्ने उपायहरू खोजी गर्नुमा केन्द्रित रहेको छ ।

नेपालको संविधान २०७२ को मर्म र भावना अनुरुप एकीकृत दृष्टिकोण र कसैलाई पछि नछोड्ने (No one leaving behind) सिद्धान्तका माध्यमबाट मुलुकमा रुपान्तरणकारी परिवर्तनका लागि बलियो राष्ट्रिय प्रतिवद्धता सहितको नेपाल सरकारको दिगो विकास लक्ष्य सन २०३० को एजेण्डालाई प्रदेश सरकारले आत्मसात गरेको छ । त्यसैगरी पन्ध्रौं आवधिक योजनाले कृषि क्षेत्रको उत्पादकत्व एवं नाफा बढाउने र व्यवसायीकरण गर्ने लक्ष्य राखेको छ । साथै आर्थिक वृद्धि गर्ने र सुधारिएको जीविकोपार्जन तथा खाद्य र पोषण सुरक्षामा योगदान पुर्‍याउँदै खाद्य संप्रभुताको नेतृत्व गर्ने कृषि विकास रणनीतिले आत्मनिर्भर, दिगो, प्रतिस्पर्धात्मक र समावेशी कृषि क्षेत्रको परिकल्पना गरेको छ । अझ प्रदेशहरुले उनीहरूको आवश्यकता र प्राथमिकताहरूका आधारमा कृषि विकास रणानीति (ADS) लाई समय सान्दर्भिक (contextualize) गराउने अवसर समेत प्राप्त गरेका छन् ।

राष्ट्रिय सन्दर्भ ADS को प्रावधान र प्रदेशको आफ्नै प्राथमिकताका आधारमा सुदूरपश्चिम प्रदेशले प्रदेशको अग्रणी विकास रणनीतिका रूपमा १५ वर्षे प्रादेशिक कृषि विकास रणनीति (PADS) तर्जुमा गरेको छ जुन आर्थिक वर्ष २०७९/८० देखि कार्यान्वयनमा आउनेछ । प्रदेश सरकारले PADS को लक्ष्य हासिल गर्न पर्याप्त बजेट विनियोजनका साथै पञ्च वर्षीय कार्ययोजना र वार्षिक कार्यक्रम तर्जुमा गर्नेछ । PADS ले गरिबीको रेखामुनि रहेका एक तिहाई जनतालाई गरिबीको अवस्थाबाट बाहिर ल्याउन कार्यक्रम कार्यान्वयनलाई सहज बनाउंदै सुदुरपश्चिम प्रदेशको सम्वृद्धिका लागि आत्मनिर्भर, समावेशी, प्रतिस्पर्धात्मक र समानुकुलित कृषि क्षेत्रको विकासको परिकल्पना पूरा गरि कृषि विकासलाई गति दिने ढाँचा उपलब्ध गराएको छ भन्नेमा म बिश्वस्त छु ।

PADS लाई यो अवस्थामा ल्याउनमा धेरै सरोकारवालाहरू संलग्न छन् । यसै सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (MoLMAC) धनगढीले PADS तर्जुमाको नेतृत्वदायी भूमिका खेलेको छ । म MoLMAC का माननीय मन्त्री श्री बिनिता चौधरी, सचिव डा. मदनसिंह धामी, वरिष्ठ कृषि अधिकृत श्री

गोकुल बोहरा र वरिष्ठ कृषि विकास अधिकृत श्री टिकाराम थापा लगायत सबै कर्मचारीहरुको कार्यको प्रशंसा गर्दछु । संघीय स्तरको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले PADS प्रक्रियामा उल्लेख्य योगदान गरेको छ । स्थानीय तहका सरकारहरू (नगरपालिका र गाउँपालिका) ले PADS तर्जुमाको क्रममा महत्त्वपूर्ण जानकारी तथा तथ्यहरु समेत उपलब्ध गराएका छन् । PADS मा कृषक र तिनका संस्था, सहकारी र निजी क्षेत्रको पनि उत्कृष्ट योगदान रहेको छ । म सबै सरोकारवालाहरूको योगदानको उच्च कदर गर्न चाहन्छु।

PADS लाई USAID को Feed the Future किसान २ परियोजनाले प्राविधिक र आर्थिक सहयोग तथा EU को प्राविधिक सहयोग सुविधा (TCF) को समन्वयमा यो रणनीति तयार गडरीएको छ । किसान २ परियोजनालका प्रमुख श्री Alexis Ellicot, Enabling Environment Director डा. रुद्र बहादुर श्रेष्ठ र वरिष्ठ नीति तथा कार्यक्रम सल्लाहकार डा. महेन्द्र प्रसाद खनाल लाई धन्यवाद दिन चाहन्छु । म उहाँहरूको योगदानको उच्च मुल्यांकन गर्दै आगामी दिनहरूमा PADS कार्यान्वयनमा थप सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा समेत गर्दछु।

PADS तर्जुमाको प्राविधिक टोलीले ADS को भावना अनुरूप PADS लाई राम्रोसँग समय सापेक्ष र सान्दर्भिक बनाएको छ। तसर्थ, दिगो अनुसन्धान तथा विकास केन्द्र (SRDC) काठमाडौंबाट खटिएका विशेषज्ञ टोलीका सदस्यहरू डा. गणेशराज जोशी (टोली प्रमुख), डा. चक्रबहादुर चन्द र श्री किशोर प्रसाद पन्तको योगदानको म उच्च कदर गर्न चाहन्छु ।

**माननीय त्रिलोचन भट्ट**
**मुख्यमन्त्री**
**सुदूरपश्चिम प्रदेश सरकार**

# दुईशब्द

सुदूरपश्चिम प्रदेश कृषि आनुवंशिक स्रोत र जैविक विविधताले धनी प्रदेशहरु मध्येको एक हो । कुल गार्हस्थ्य उत्पादनमा करिब ३६ प्रतिशत योगदान दिने र ८० प्रतिशत भन्दा बढी रोजगारी सिर्जना गर्ने यस प्रदेशको मुख्य आधार कृषि क्षेत्र हो । यो क्षेत्रमा अत्यधिक विविधता हुनाका साथै हाम्रो जीविकोपार्जनको लागि खाद्य र पोषण, रोजगारी र आम्दानीको प्रमुख स्रोत पनि हो ।

थप रोजगारी र आम्दानी सृजना गरी प्रदेशका जनताको जीविकोपार्जनमा दिगो रूपमा सुधार गर्ने उद्देश्यले प्रदेश सरकारले कृषि क्षेत्रलाई प्राथमिकता दिएको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रदेश सरकारको प्राथमिकतालाई मध्येनजर गर्दै प्रदेशका महिला, युवा, दलित, जनजाती लगायत विपन्न वर्गका किसान र कृषि उद्यमीहरूको समृद्धि अभिवृद्धि गर्ने उद्देश्यले स्थानीय तहका सरकार, कृषक तथा तिनका संघसंस्थाहरु, सहकारी, निजी क्षेत्र र विकास साझेदारहरूसँगको निकट सहकार्य र समन्वयमा १५ वर्षे प्रादेशिक कृषि विकास रणनीति तर्जुमा गरेको छ ।

प्रादेशिक कृषि विकास रणनीति (PADS) को दूरदृष्टि, सोच र लक्ष्यमा पुग्न तथा यसको को प्रभावकारी कार्यान्वयनको लागि अनुकुल वातावरण सिर्जना गर्न भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (MoLMAC) को सक्रिय भूमिका रहने हुँदा म सार्वजनिक, सहकारी र निजी क्षेत्र र विकास साझेदारहरू बीच बलियो र रणनीतिक सहयोगको अपेक्षा गर्दछु । यसर्थ, सबै विकास साझेदारहरू, निजी क्षेत्र र सार्वजनिक संस्थाहरूलाई PADS को कार्यान्वयनमा मन्त्रालयसँग सहकार्य गर्न अनुरोध गर्न चाहन्छु ।

PADS तर्जुमाको क्रममा सुदूरपश्चिम प्रदेशका माननिय मुख्यमन्त्रीज्यूबाट प्राप्त अमूल्य मार्गदर्शन र सुझावका लागि म आभार प्रकट गर्दछु । म PADS लाई यो अवस्थामा ल्याउनमा अथक प्रयास गर्ने तात्कालीन प्रदेश सचिव श्री किसन लाल भट्ट, वर्तमान सचिब डा. मदन सिंह धामी, वरिष्ठ कृषि अधिकृत श्री गोकुल बोहरा, र MoLMAC सुदूरपश्चिम प्रदेश अन्तर्गतका सबै कर्मचारीहरू एवं सहसचिव डा. राजेन्द्र प्रसाद मिश्र र MoALD को टोलीलाई धेरै धन्यबाद दिन चाहन्छु । साथै यो दस्तावेजलाई स्विकृती गर्न तथा प्रकाशनयोग्य बनाउन अथक प्रयास गर्नु भएका वरिष्ठ कृषि विकास अधिकृत श्री टिकाराम थापा लाई विशेष धन्यवाद नदिई रहन सक्दिन ।PADS तर्जुमाको कार्यमा किसान, सहकारी, निजी क्षेत्र र विकास साझेदारहरू सहित अन्य धेरै सरोकारवालाहरू संलग्न भएका छन् । यस PADS तर्जुमा प्रक्रियामा संलग्न सबैलाई यहाँहरुको उत्कृष्ट योगदान र सहयोगको लागि धन्यवाद दिन चाहन्छु ।

PADS लाई USAID को Feed the Future किसान २ परियोजनाले प्राविधिक र आर्थिक सहयोग तथा EU को प्राविधिक सहयोग सुविधा (TCF) को समन्वयमा यो रणनीति तयार गडरीएको छ । यस सहयोगका लागि मेरो तर्फबाट कृतज्ञता व्यक्त गर्न चाहन्छु र आगामी दिनहरूमा यसको कार्यान्वयनको लागि निरन्तर सहयोगको अपेक्षा समेत गरेको छु ।

प्राविधिक टोलीले ADS को भावना अनुसार PADS को तर्जुमा गरेको मैले महशुस गरेको छु । दिगो अनुसन्धान तथा विकास केन्द्र (SRDC), काठमाडौंबाट खटिएका टोलीका सदस्यहरू डा. गणेशराज जोशी (टोली प्रमुख), डा. चक्रबहादुर चन्द र श्री किशोर प्रसाद पन्तलाई उहाँहरूको उत्कृष्ट योगदानको लागि हार्दिक धन्यवाद दिन चाहन्छु ।

**माननीय बिनिता देवी चौधरी**
**मन्त्री**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश**

# दुईशब्द

योजनावद्ध विकासका कारण राष्ट्रिय स्तरमा विभिन्न क्षेत्रमा उल्लेख्य प्रगति हासिल गर्न मद्दत गरेको सन्दर्भमा नेपालको संविधान २०७२ अनुसार प्रदेश तथा स्थानीय तहले अधिकार प्राप्त गरेपछि योजना निर्माणको हकमा प्रारम्भिक चरणमा नै रहेको छ । सुदूरपश्चिम प्रदेशको नीति तथा योजना आयोगले प्रादेशिक रणनीति तर्जुमाका लागि सबै योजनावद्ध दस्तावेज (राष्ट्रिय नीति तथा रणनीति) लाई आधार मानेको छ । १५ औं आवधिक योजना, कृषि विकास रणनीति र दिगो विकास लक्ष्य सन २०३० लाई प्रदेश स्तरको कृषि विकास रणनीति तर्जुमाको लागि मार्गदर्शन उपलब्ध गराउने दस्ताबेजको रुपमा लिईएको छ । कृषि विकास रणनीति (ADS) को मुल मर्म र भावना अनुरुप सुदूरपश्चिम प्रदेशले १५ वर्षे प्रादेशिक कृषि विकास रणनीति (PADS) तर्जुमा गरेको छ । PADS तर्जुमा गर्दा प्रदेश भित्रका सम्भावनाहरु र कृषि विकास क्षेत्रका आधारभूत प्राथमिकताहरुलाई ध्यान दिइएको छ । साथै स्थानीय तह लगायत कृषक र कृषि क्षेत्रमा संलग्न सरोकारवालाहरूको अधिकार एवं दायित्वलाई राम्रोसँग सम्बोधन गरिएको छ ।

PADS बाट अपेक्षित परिणामहरू प्राप्त गर्न परिमाणात्मक लक्ष्यहरू तोकिएको छ । प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी जनताको जीविकोपार्जनमा सुधार ल्याउन, दिगो कृषि विकास मार्फत आत्मनिर्भरता प्रवर्द्धन गर्न र प्रदेशमा खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नका लागि आवश्यक रणनीति र कार्यनीतिको तर्जुमा र कार्यान्वयनबाट यी लक्ष्यहरू वि.स. २०९३/९४ सम्ममा हासिल हुनेछन् । PADS को महत्वपूर्ण प्रभावका रुपमा खाद्य र पोषण सुरक्षामा सुधार, आयवृद्धि र गरिबी न्यूनीकरण, कृषि व्यवसायमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि, संस्थाको सुदृढीकरण र सुशासनमा सुधार र उत्पादन प्रणालीको समानुकुलता विकास सुनिश्चितता रहने हुँदा यसको लागि चार परिणाम क्षेत्रहरूमा ४९ वटा प्रतिफलहरू राम्रोसँग राखीएको छ ।

सुदूरपश्चिम प्रदेशको नीति तथा योजना आयोगले राष्ट्रिय, क्षेत्रीय र विश्व बजारको मागलाई सम्बोधन गर्दै निर्वाहमुखी कृषिलाई व्यावसायीक र प्रतिस्पर्धि कृषिमा रूपान्तरण गर्न PADS लाई महत्वपूर्ण (Game Changer) रणनीतिको रुपमा लिएको छ । नीति तथा योजना आयोगले PADS को सफल कार्यान्वयनका लागि प्रदेशमा सार्वजनिक, निजी र सहकारी एवं विकास साझेदार, कृषक तथा वस्तुगत संस्थाहरुसँगको सहकार्यलाई बढावा दिने अनुकूल वातावरण सिर्जना गर्ने कुरामा आश्वस्त पार्दछ ।

PADS तर्जुमामा सक्रिय रूपमा संलग्न सबै सरोकारवालाहरूलाई प्रदेश नीति तथा योजना आयोग हार्दिक धन्यवाद दिन चाहन्छ । यसका लागि प्राविधिक एवं आर्थिक सहयोग उपलब्ध गराउने USAID को Feed the Future किसान २ परियोजनाका साथै प्राविधिक सहयोग उपलब्ध गराउने दिगो अनुसन्धान तथा विकास केन्द्र (SRDC) र यूरोपेली संघको प्राविधिक सहयोग सुविधा (TCF) प्रति आभार व्यक्त गर्दछ र PADS लाई यो अवस्थामा ल्याउनमा अथक प्रयास गर्ने सबै प्रति आयोग विशेष धन्यबाद दिन चाहन्छ ।

मानानीय मोहन देव बिष्ट

**उपाध्यक्ष**

**प्रदेश नीति तथा योजना आयोग, सुदूरपश्चिम प्रदेश**

# दुईशब्द

सुदूरपश्चिम प्रदेशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिने यो प्रादेशिक कृषि विकास रणनीति (२०७९/८०-२०९३/९४) भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको नेतृत्वमा USAID को Feed the Future किसान २ परियोजनाको सक्रिय सहभागितामा तैयार भएको छ । यसमा प्रदेशका कृषक सञ्जाल, निजी व्यावसायी, सहकारीहरु तथा कृषक तथा उद्यमीहरुको सहभागिता उल्लेख्य सहभागिता रहेको थियो । यस मन्त्रालयको तर्फबाट यो कार्यमा सहभागी हुनेहरु सवैलाई म धन्यवाद दिन चाहान्छु ।

यो रणनीतिले मुख्यत: देहायका राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश, नेपाल सरकार तथा प्रदेश सरकारको प्रतिवद्वता तथा कार्यक्रमलाई जोड्ने प्रयास गर्नुका साथै संघ तथा स्थानीय सरकारसंगको सहकार्य, समन्वय तथा सहभागीगतालाई जोड दिएको छ ।

(क) प्रदेशको खाद्य तथा पोषण सुरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि मौलिक हक कार्यान्वयनका लागि उपयुक्त संयन्त्र निर्माण गर्ने ।

(ख) हिमाल, पहाड र तराई बीचको विद्यमान आर्थिक असमानताको दूरी कम गर्दै ग्रामीण युवाहरूलाई कृषि पेशातर्फ आकर्षित गर्ने ।

(ग ) प्रदेशको मौलिक कृषि वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन गर्दै आधुनिक, समय सापेक्ष र दिगो निजी क्षेत्रमैत्री नीति तथा लगानी वातावरण सृजना गर्ने ।

(घ) प्रदेशको कृषिलाई आत्मनिर्भर, प्रतिस्पर्धी, व्यावसायिक, आधुनिक, दिगो तथा सम्मानजनक पेशाको रूपमा रूपान्तरण तथा स्थापित गर्ने ।

(ङ) विश्वमा विकास भएका आधुनिक कृषि प्रविधिहरूबारे प्रदेशका कृषकहरू परिचित हुने तथा तिनीहरूबाट लाभान्वित हुने वातावरण सिर्जना तथा अवसर प्रदान गर्ने ।

(च) यस प्रदेशमा कृषि उत्पदनलाई कृषिमा आधारीत उध्योगहरुका लागि कच्चा पदार्थ आपूर्ती गरी कृषि उध्योगहरु स्थापना मार्फत युवा जनशक्तिलाई रोजगारी प्रदान गर्दै कृषि क्षेत्रको औध्योगिकरण गर्ने ।

यो रणनीति तर्जुमाको अवस्थामा मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय; उध्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय; आर्थिक मामिला मन्त्रालय; सामाजिक विकास मन्त्रालय; आन्तरीक मामिला तथा कानून मन्त्रालय; भौतिक पूर्वाधार विकास मन्त्रालय; प्रदेश नीति तथा योजना आयोग; निजी उद्यमीहरु तथा सहकारी संस्थाहरुबाट प्रयास सहभागीता भई प्राप्त सुझावहरुलाई यस रणनीतिमा समावेश गरीएको छ । PADS तर्जुमाका लागि प्राविधिक एवं आर्थिक सहयोग उपलब्ध गराउने USAID को Feed the Future किसान २ परियोजनाका साथै प्राविधिक सहयोग उपलब्ध गराउने SRDC र यूरोपेली संघको प्राविधिक सहयोग सुविधा (TCF) प्रति आभार व्यक्त गर्दछु । अन्तमा यो रणनीति तर्जुमामा सघन रुपमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयतर्फबाट निरन्तर लाग्नु हुने योजना तथा अनुगमन महाशाखा प्रमुख श्री टिकाराम थापा लगायत वरिष्ठ कृषि प्रसार अधिकृत श्री गोकुल प्रसाद बोहरा कानून अधिकृत श्री राजेश कुमार झा का साथै सम्पूर्ण कर्मचारीहरु, किसान २ परियोजनाको तर्फबाट विज्ञहरु Enabling Environment Director डा. रुद्र बहादुर श्रेष्ठ तथा वरिष्ठ नीति तथा कार्क्रम सल्लाहकार डा. महेन्द्र खनाल तथा किसान २ पिरवार एवं SRDC का विज्ञहरु डा. गणेश राज जोशी, डा. चक्र चन्द एवं श्री किशोर पन्तलाई धन्यवाद दिन चाहन्छु ।

**डा. मदन सिंह धामी**
**सचिव**

# विषय सूची

दुईशब्द ..... i
चित्रहरुको सुची ..... xii
कार्यकारी सारांश ..... xiv
१ प्रदेशको पृष्ठभूमी ..... 17
१.१ भौतिक अवस्था र प्राकृतिक स्रोतहरु (जमिन, जंगल र जलस्रोत) ..... 17
१.२ जनसंख्या, जिविकोपर्जन, पेशा र रोजगारी ..... 2
१.३ आय, गरिबी र खाद्य सुरक्षा स्थिति ..... 2
१.४ प्रदेशको भू-स्वामित्वको अवस्था ..... 4
२ अवस्थाको विश्लेषण ..... 5
२.१ प्राथमिक उप-क्षेत्रहरु को प्रवृति/अवस्था विश्लेषण ..... 5
२कृषि प्रविधि प्रणाली १.१. ..... 17
२कृषि व्यवसायिकरण २.१. ..... 18
२खाद्य तथा पोषण सुरक्षा ३.१. ..... 20
२संस्थागत विकास र सुशासन .४.१. ..... 21
३ बजेट प्रवृति र व्यय स्थिति ..... 22
३.१ संघीय स्तर ..... 22
३.२ प्रादेशिक स्तर ..... 23
३.३ पालिका स्तर ..... 24
४ नीति र शासन ढाँचा ..... 24
४.१ राष्ट्रिय नीतिहरु र कानूनी खाका ..... 24
४.२ प्रादेशिक संस्थागत क्षमता विश्लेषण ..... 29
४.३ पालिका स्तरको क्षमता विश्लेषण ..... 32
४.४ कृषि रूपान्तरणको कारकहरु (**Drivers of Agricultural Transformation**) ..... 33
५. **ADS** ढाँचा ..... 33
५.१ राष्ट्रिय विकास सन्दर्भ ..... 33
५.२ प्रादेशिक योजनाहरू ..... 34
५.३ **ADS** दुरदृष्टि ..... 36
५.४ विकास उद्देश्यहरू ..... 36
६ **PADS** ढाँचा ..... 39
६.१ दूरदृष्टि, ध्येय र उद्देश्य ..... 42
६.२ **PADS** को प्रभाव, परिणाम र लक्ष्यहरू ..... 43
६प्रभावहरू १.२. ..... 43
६ २.२.**PADS** परिणामहरू )**Outcomes)** ..... 45
६लक्ष्य र सूचकहरू ३.२. ..... 45

६.३ प्राथमिकता प्राप्त कार्यक्रमहरु (**Priority Programs**) ........ 47
:१परिणाम **6.3.1**मागमा आधारित कृषि प्रविधि विकास र प्रसार ........ 47
.२परिणाम **6.3.2**उत्पादकत्व वृद्धि तथा बजार र व्यापारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि ........ 55
:३म परिणा **6.3.3**खाद्य र पोषण सुरक्षामा सुधार ........ 62
:४परिणाम **6.3.4**संस्थागत सुदृढिकरण र सुशासनमा सुधार ........ 65
६.४ स्रोत आवश्यकता र लगानी योजना ........ 73
६.५ कार्यान्वयन संयन्त्र ........ 76
६ १.५.**PADS** सँगठनात्मक संरचना ........ 77
७ अनुगमन, मूल्याङ्कन र समिक्षा ........ 87
७.१ परिचय ........ 87
७.२ **PADS** को अनुगमन, मूल्याङ्कन र समिक्षा ........ 87
७.३ अनुगमन दूरदृष्टि, परिणाम, र प्रतिफलहरू ........ 88
८ योजना र बजेट ........ 94
८.१ कार्यक्रम लागत ........ 94
८.१.१ योजना र बजेट- परिणाम १: मागमा आधारित कृषि प्रविधि विकास र प्रसार ........ 95
८.१.२ योजना र बजेट- परिणाम २: उत्पादकत्व वृद्धि र उत्पादन, बजार र व्यापारमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि ........ 97
८ -योजना र बजेट ३.१.परिणाम ३: खाद्य र पोषण सुरक्षामा सुधार ........ 101
८ -योजना र बजेट ४.१.परिणाम ४: सुदृढ संस्थाहरू र सुशासनमा सुधार ........ 103
८.२ वित्तिय स्रोतहरू ........ 106
९ **PADS** मार्गचित्र ........ 106
९.१ प्रदेश सरकारको प्रतिवद्धता ........ 107
९.२ स्थानीय तहको प्रतिवद्धता ........ 108
९.३ **PADS** कार्यान्वयनका लागि नीति र नियमहरू ........ 108
९.४ प्रमुख सरोकारवालाहरूको सहमति ........ 109
९.५ विकास साझेदारहरूको सहयोग ........ 109
अनुसुचिहरु ........ 1
अनुसुची १: सन्दर्भ सामाग्री (**References**) ........ I
अनुसुची २. मुख्य खाद्यान्न बालीहरुको क्षेत्रफल, उत्पादन र उत्पादकत्व (२०६०/६१-२०७५/७६) ........ I
अनुसुची ३. मुख्य नगदे बालीहरुको क्षेत्रफल, उत्पादन र उत्पादकत्व (२०६०/६१--२०७५/७६) ........ I
अनुसुची ४. तरकारी र फलफूलको क्षेत्रफल, उत्पादन र उत्पादकत्व ........ I
अनुसुची ५. मसला बालीहरुको क्षेत्रफल, उत्पादन र उत्पादकत्व ........ I
अनुसुची ६. पशुजन्य र मत्स्य उत्पादन (२०६०- २०७५) ........ I
अनुसुची ७. केही छानिएका भन्सार बिन्दुवाट कृषि वस्तुहरुको आयात (२०७४/७५ र २०७५/७६) ........ I
अनुसुची ८. केही छानिएका भन्सार बिन्दुबाट कृषि वस्तुहरुको निर्यात (२०७४/७५ र २०७५/७६) ........ I

अनुसुची ९. जिल्लागत रुपमा प्राथमिकता प्राप्त बाली तथा वस्तुहरु.....................................................................।
अनुसुची १०. प्रतिफल (**Output**) मा आधारित कृयाकलापहरु.....................................................................।
अनुसुची ११. **PADS** तर्जुमा प्रकृया.....................................................................।
अनुसुची १२. **PADS** तर्जुमाको औचित्य र संस्थागत सहयोग **(Backstopping)** व्यवस्था.....................................।
अनुसुची १३. सुदुरपश्चिम प्रदेशको कृषि विकास रणनीति निर्माणको लागि स्वीकृत **TOR**.............................................।

## तालिकाहरूको सुची


तालिका १: PADS कार्यान्वयनको लागि लागत अनुमानको सारांश.................... xiv
तालिका २: जग्गाको आकार र वितरण.................... 4
तालिका ३: प्रमुख खाद्यान्न बालीको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको वार्षिक वृद्धि दर (%) (२००३-२०१८).................... 5
तालिका ४: प्रमुख नगदेबाली र दालबालीको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको वार्षिक वृद्धि दर (%) (२००३-२०१८).................... 6
तालिका ५: फलफूल र तरकारीको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको वार्षिक वृद्धि दर (%) (२००३-२०१८).................... 7
तालिका ६: मसला बालीको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको वार्षिक वृद्धि दर (%)(२००३-२०१८).................... 7
तालिका ७: मत्स्य र पशु उत्पादनको वार्षिक वृद्धि दर (%)(२००३-२०१८).................... 8
तालिका ८: सुदुरपश्चिम प्रदेशमा उद्योग /प्रतिष्ठानको संख्या.................... 9
तालिका ९: प्रदेशगत खाद्य तथा पेय पदार्थ उद्योगको संख्या र हिस्सा.................... 10
तालिका १०: कृषि बजार र एग्रोभेटको संख्या.................... 11
तालिका ११: सुदुरपश्चिम प्रदेशमा सहकारीको अवस्था.................... 12
तालिका १२: सुदुरपश्चिम प्रदेशमा सिँचाईको अवस्था.................... 13
तालिका १३: प्रदेशमा रासायनिक मलको बिक्री स्थिति (मे.टन.).................... 13
तालिका १४: घरपरिवारद्वारा रिपोर्ट गरिएको मौसमी खतराहरूको आवृत्ति (frequency) (परिवारको %).................... 15
तालिका १५: कृषि र पशु सेवामा संघीय बजेट (रु अरब).................... 23
तालिका १६: प्रादेशिक बजेट र कृषि क्षेत्रमा व्यय (रु अरब).................... 24
तालिका १७: १५ औं आवधिक योजनामा कुल गार्हस्थ उत्पादन र क्षेत्रगत मूल्य अभिवृद्धिको लक्ष्य.................... 38
तालिका १८: PADS प्रभावहरूका सूचकहरू.................... 44
तालिका १९: PADS दुरदृष्टिका प्राथमिक लक्ष्य र सूचकहरू.................... 46
तालिका २०: बजार केन्द्रका लागि सम्भाव्य स्थानहरु.................... 62
तालिका २१: योजना चरण र कार्यहरु.................... 68
तालिका २२: जम्मा वित्तिय आवश्यकता.................... 74
तालिका २३: पहिलो पाँच वर्षको वित्तिय आवश्यकता (दश लाख).................... 74
तालिका २४: अर्को दश वर्षको वित्तिय आवश्यकता (२०८५/८६ देखि २०९३/९४).................... 76
तालिका २५: PADS कार्यान्वयनमा मुख्य सरोकारवालाहरु र तिनीहरूको भूमिका.................... 79
तालिका २६: परिणाम १ को प्रतिफल सूचकहरू - मागमा आधारित कृषि प्रविधिहरू उत्पादन र प्रसार.................... 88
तालिका २७: परिणाम २ को प्रतिफल सुचकहरु - उत्पादकत्व वृद्धि तथा उत्पादन, बजार र व्यापारमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि.................... 90
तालिका २८: परिणाम ३ को प्रतिफल सुचकहरु - खाद्य र पोषण सुरक्षामा सुधार.................... 92

तालिका २९: परिणाम ३ को प्रतिफल सूचकहरू - सुदृढ संस्थाहरू र सुशासनमा सुधार..................... 93
तालिका ३०: विस्तृत बजेट, परिणाम १ - मागमा आधारित कृषि प्रविधि विकास र प्रसार (बजेट रु दश लाखमा)........................................................................................................................................ 95
तालिका ३१: विस्तृत बजेट, परिणाम २ - उत्पादकत्व वृद्धि र उत्पादन, बजार र व्यापारमा प्रतिस्पर्धात्मकता वृद्धि (बजेट रु दश लाखमा)........................................................................................ 99
तालिका ३२: विस्तृत बजेट, परिणाम ३ — खाद्य र पोषण सुरक्षामा सुधार (बजेट रु दश लाखमा).... 102
तालिका ३३: विस्तृत बजेट, परिणाम ४ - सुदृढ संस्थाहरू र सुशासनमा सुधार (बजेट रु दश लाखमा)........................................................................................................................................ 104
तालिका ३४: PADS को लागि वित्तिय स्रोतहरु (बजेट रु दश लाखमा)................................................. 106

# चित्रहरुको सुची


चित्र १. प्रादेशिक कृषि विकास रणनीतिको ढाँचा........ xiii
चित्र २. जलवायुबाट सिर्जित खतराहरुको संवेदनशिलता (MoFE, २०१७)........ 14
चित्र ३. विभिन्न जिल्लाहरूमा कृषि क्षेत्रको संवेदनशीलता (MoFE, २०१७)........ 15
चित्र ४. विभिन्न जिल्लाहरूमा कृषि क्षेत्रको exposure (MoFE, २०१७)........ 16
चित्र ५. कृषि क्षेत्रको अनुकूलन क्षमता (MoFE, २०१७)........ 17
चित्र ६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा मानव स्रोत (MoLMAC, २०२१)........ 31
चित्र ७. कृषि निर्देशनालय, कृषि ज्ञान केन्द्र, र स्रोत केन्द्रहरुमा कृषिको दरबन्दि (MoLMAC, २०२१)........ 32
चित्र ८. पशु तथा मत्स्य निर्देशनालय, VHLESCs, र स्रोत केन्द्रहरुमा दरबन्दि स्थिति (MoLMAC २०२१)........ 32
चित्र ९. PADS का अपेक्षाहरु........ 41
चित्र १०. PADS को ढाँचा........ 41
चित्र ११. पहिलो पाँच वर्षको लागि लगानी स्रोतहरू........ 75
चित्र १२. अर्को दश वर्षको लागि लगानी स्रोतहरू........ 76
चित्र १३. संस्थागत एवं समन्वय संयन्त्र........ 79

# सुदुरपश्चिम प्रदेशको नक्सा




Source: Survey Department, 2021

# कार्यकारी सारांश

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण योगदान रहि आएको छ । दिर्घकालिन कृषि योजना (APP) र कृषि विकास रणनीति (ADS) लगायत दर्जनौं कृषि विकास नीति तथा योजनाहरू दशकौं देखि तर्जुमा र कार्यान्वयन भए पनि हालको संयन्त्रबाट कृषि क्षेत्रमा अपेक्षाकृत सुधार हुन सकेको छैन । यो क्षेत्रमा संलग्न अधिकाँश कृषकहरुले अझै पनि परम्परागतरुपमा कृषिकर्म गरी राखेका कारण उत्पादकत्व बृद्धि हुन नसकेको र कृषि पेशा श्रम प्रधान रहेको हुँदा प्रतिस्पर्धि हुन सकेको छैन । कृषि क्षेत्रको केही उपक्षेत्रहरुमा व्यवसायिकरणका केही संकेतहरू देखिएका छन् ।

सुदूरपश्चिम प्रदेशको झण्डै २७ लाख जनसंख्यामध्ये करिब ८० प्रतिशतको मुख्य पेशा कृषि रहेको छ । समग्र आर्थिक विकास, रोजगारी सृजना र गरिबी न्यूनीकरणमा कृषि क्षेत्रको महत्वपूर्ण स्थान रहेको छ । राष्ट्रिय कृषि कूल गार्हस्थ्य उत्पादन (AGDP) मा यस प्रदेशमा कृषि क्षेत्रको योगदान ६.९ प्रतिशत रहेको छ । प्रदेशको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको हिस्सा ३६.१ प्रतिशत रहेको छ भने सेवा र उद्योग क्षेत्रको अंश क्रमशः ५०.७ प्रतिशत र १३.२ प्रतिशत रहेको छ । आर्थिक, जनसांख्यिकीय, भौगोलिक, जलवायु र सम्वद्ध कृषि वस्तुस्थितिका हिसाबले प्रदेशहरूमा विभिन्नता रहेको छ । यो अवस्थालाई दृष्टिगत गरी सुदूरपश्चिम प्रदेशको लागि प्रादेशिक कृषि विकास रणनीति तर्जुमा गरिएको छ जसको ढाँचा (Framework) चित्र १ मा दिईएको छ ।




**चित्र १. प्रादेशिक कृषि विकास रणनीतिको ढाँचा**

कृषि विकास रणनिती (ADS सन २०१५-२०३५) नेपालको कृषि विकासको एक प्रमुख रणनीति हो र यसले आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी र समावेशी कृषि क्षेत्रको परिकल्पना गरेको छ । जसले गर्दा आर्थिक वृद्धि हुनगई जीविकोपार्जनमा सुधार र खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याउँदै खाद्य सम्प्रभुता तर्फ अग्रसर बनाउंदछ । प्रादेशिक सम्भाव्यतालाई समेटेर ADS को जगमा रही सुदूरपश्चिम प्रदेश सरकारले बि.सं. २०७९/८० देखि २०९३/९४ सम्म कार्यान्वयन गर्ने १५ वर्षे प्रादेशिक कृषि विकास रणनीति (PADS) तर्जुमा गरिएको छ ।

सुदूरपश्चिम प्रदेशमा गरिबीको रेखामुनि रहेका एक तिहाइ जनतालाई माथि उठाउन र बहुक्षेत्रमा आधारीत कृषि विकासलाई गति दिनका लागि 'आत्मनिर्भर, समावेशी, प्रतिस्पर्धात्मक तथा समानुकुलित कृषि क्षेत्र को दृष्टिकोण प्राप्तीका गर्न सुसंगत (Coherent) कार्यक्रमहरु र कार्यहरू डिजाइन गर्न सहज बनाउने गरी PADS ले ढाँचा तयार गरेको छ ।

मागमा आधारित कृषि प्रविधिहरुको विकास तथा विस्तार; उत्पादकत्व बृद्धि तथा बजार एवं व्यापारमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि; खाद्य र पोषण सुरक्षामा सुधार; र सुशासन तथा संस्थागत सुदृढिकरण गर्ने चार स्तम्भ (परिणामहरू) मा आधारित रहि PADS ढाँचा चित्र १ अनुसार तयार गरीएको छ ।

PADS कार्यान्वयन गर्न लगभग रु १.७६ खरब वित्तीय आवश्यकता पर्दछ । चार वटा परिमाणहरु (Outcome) र ४९ वटा प्रतिफलहरु (Outputs) लाई समुहगत रुपमा राखी कृयाकलापहरु प्रस्ताव गरिएको र सोहि आधारमा लागत अनुमान गरिएको छ । PADS को लागि तयार गरिएका लागतहरू प्रचलित मूल्य अनुमानमा आधारित छन् । यसमा प्रसतावित लागत प्रायः तलबाट माथि (Buttom-Up) योजना पद्दती र प्रचलित अभ्यासहरूलाई दृष्टिगत गरी अनुमान गरिएको छ ।

कुल वित्तीय आवश्यकताको ३३.७% संघीय सरकारले र ४७.४% प्रदेश सरकारले खर्च गर्न प्रक्षेपण गरिएको छ भने निजी क्षेत्र (८.८%) र स्थानीय तह (५.४%) ले खर्च गर्ने प्रक्षेपण छ । PADS कार्यान्वयनको लागि कुल लागतको ३.०% किसान समुदायले र १.८% सहकारी संस्थाहरुले ब्यहोर्ने छन् । लागत अनुमानको सारांश तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १. PADS कार्यान्वयनको लागि लागत अनुमानको सारांश**

| वित्तीय श्रोतहहरु | प्रतिफलः १ | प्रतिफलः २ | प्रतिफलः ३ | प्रतिफलः ४ | जम्मा बजेट (रु दश लाख) |
|---|---|---|---|---|---|
| | मागमा आधारित कृषि प्रविधिहरुको विकास र प्रवाह | उत्पादकत्व अभिवृद्धि र बजार र व्यापारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि | खाद्य र पोषण सुरक्षा अभिवृद्धि | संस्थागत सुदृढिकरण र सुशासन सुधार | |
| संघिय सरकार | १,०४७.४६ | ६१३४७.०८ | १३२६.९३ | ० | ६३,७२१.४८ |
| **प्रदेश सरकार** | १२८१९.६४ | ५४०३०.५२ | ६२८७.३६६ | १२५०५.६ | ८५,६४३.१२ |
| निजी | ३,०९८.८ | ९,९१२.२ | १,४०२.१ | | १४,४१३.२ |

| वित्तीय श्रोतहरु | प्रतिफलः १ | प्रतिफलः २ | प्रतिफलः ३ | प्रतिफलः ४ | जम्मा बजेट (रु दश लाख) |
|---|---|---|---|---|---|
| | मागमा आधारित कृषि प्रविधिहरुको विकास र प्रवाह | उत्पादकत्व अभिवृद्धि र बजार र व्यापारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि | खाद्य र पोषण सुरक्षा अभिवृद्धि | संस्थागत सुदृढिकरण र सुशासन सुधार | |
| सहकारी | ५६१.७ | ७९३.० | ११५.५ | ४९९.८ | १,९७०.० |
| स्थानिय सरकार | १,३५५.७ | २,६४३.२ | ७५३.८ | १,६८९.८ | ६,४४२.५ |
| कृषक समुदाय | ४८४.२ | ३,४३६.२ | २३८.१ | | ४,१५८.५ |
| जम्मा | १९,३६७.५ | १३२,१६२.२ | १०,१२३.९ | १४,६९५.३ | १७६,३४८.९ |
| **विभिन्न सहकर्मि बीच लागतको हिस्सा (%)** | | | | | |
| **संघिय सरकार** | ५.३ | ४४.१ | १३.१ | | ३३.७ |
| प्रदेश सरकार | ६५.१ | ३८.९ | ६२.१ | ९२.३ | ४७.४ |
| निजी क्षेत्र | १८.१ | ७.९ | १४.० | | ८.८ |
| सहकारी क्षेत्र | ३.२ | १.४ | १.१ | १.७ | १.८ |
| स्थानिय तह | ६.६ | ४.३ | ७.४ | ६.० | ५.४ |
| कृषक समुदाय | १.७ | ३.४ | २.३ | | ३.० |

PADS सफलताको लागि सम्बद्ध धेरै निकाय एवं सरोकारवालाहरुको प्रतिवद्धताको साथै तलका सर्तहरू पुरा हुनुपर्नेछ :

क. प्रदेश सरकारको प्रतिवद्धता
ख. स्थानीय सरकारको प्रतिवद्धता
ग. PADS कार्यान्वयनका लागि नीति र नियमहरू तर्जुमा
घ. प्रमुख सरोकारवालाहरुबीच सार्थक समन्वय र सहमति
ङ. विकास साझेदारहरूको सहयोग

नियमित रूपमा व्यावसायिक र सहभागितामूलक नतिजामा आधारित अनुगमन प्रणालीलाई PADS ले अवलम्बन गर्नेछ । अनुगमन तथा मुल्यांकन का लागि PADS कार्यान्वयन सहयोग इकाई (PADSISU) ले MoLMAC, निर्देशनालय, जिल्ला र स्थानीय तहलाई सहयोग गर्नुका साथै क्षमता अभिवृद्धि गर्न सहयोग गर्नेछ । PADSISU द्वारा प्रादेशिक मन्त्रालय स्तरमा अनुगमन संयन्त्रको विकास र नियमन गरिनेछ र वार्षिक कार्यसम्पादन अनुगमन PADSCC मा समीक्षा गरिनेछ। वार्षिक अनुगमन प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र PPPC समक्ष पेश गरिनेछ । सरकार र विकास साझेदारहरू मार्फत कार्यान्वयन हुने कृषि क्षेत्र कार्यक्रममा वार्षिक रूपमा संयुक्त क्षेत्र समीक्षा (JSR) संयन्त्र अवलम्बन गरिनेछ।

PADS लाई PADSISU अन्तर्गत PADS योजना र अनुगमन एकाइले यसको कार्यान्वयनको सुनिश्चित गर्न नियमित नीति अनुगमनको आवश्यकता पर्दछ। PADSISU अन्तर्गत PADS योजना र अनुगमन ईकाइले

PADS सम्बन्धी नितीहरु अपेक्षा गरे अनुसार कार्यान्वयन भए नभएको बारेमा नियमित अनुगमन गर्नेछ । PADS कार्यक्रमको लक्ष्य र अनुगमन ढाँचाको डिजाइन अनुसार नतिजा र प्रभावहरू, साथै लगानी र प्रतिफलहरूको सन्दर्भमा PADS को अनुगमन र मूल्याङ्कन गरिनेछ। अनुगमन प्रतिवेदनहरू जनतालाई उपलब्ध गराइनेछ र प्रादेशिक, जिल्ला र स्थानीय तहमा समीक्षा गरिनेछ।

# १ प्रदेशको पृष्ठभूमी

## १.१ भौतिक अवस्था र प्राकृतिक स्रोतहरु (जमिन, जंगल र जलस्रोत)

१. नेपालको संविधान (२०७२) बमोजिम नेपालका सात प्रदेशहरु मध्ये सुदूरपश्चिम प्रदेश एक महत्वपूर्ण प्रदेश हो । यसको उत्तरमा चीनको तिब्बत स्वायत्त क्षेत्र, पूर्वमा कर्णाली प्रदेश र लुम्बिनी प्रदेश, पश्चिममा भारतको उत्तराखण्ड र दक्षिणमा भारतको उत्तर प्रदेशको सिमाना रहेको छ। यस प्रदेश ले १९,५१५.५२ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ र देशको कुल क्षेत्रफलको १३.२२% प्रतिनिधित्व गर्दछ। यस प्रदेशमा बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा, कैलाली र कञ्चनपुर गरी नौ जिल्ला छन् ।यसलाई एक उपमहानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका मिलेर ८८ स्थानीय तह राजनीतिक निकायमा विभाजन गरिएको छ । यो प्रदेश २८º २२' N देखि ३०º ०९' N को अक्षांश र ८०º ०३' E देखि ८१º २५' E को देशान्तरमा अवस्थित छ। यस प्रदेशको उचाइ न्यूनतम १०९ मिटर देखि अधिकतम ७१३२ मिटर सम्म रहेको छ भने जलवायु स्थान अनुसार फरक फरक रहेको छ

२. यस प्रदेशमा १०,८३,७६९ हेक्टर वन क्षेत्र रहेको छ जुन सुदूरपश्चिम प्रदेशको कुल क्षेत्रफलको ५७% र नेपालको (कुल वन क्षेत्र ६६,१०,००० हेक्टर) कुल क्षेत्रफलको १७% हुन आउँछ (DFRS, २०१८) । नेपाल सरकारले वन व्यवस्थापनका लागि विभिन्न पद्दति अपनाएको छ । नेपालमा वन व्यवस्थापनका प्रमुख पद्दतिहरू तपशिल बमोजिम रहेका छन् ।

(क) सामुदायिक वन,
(ख) कबुलियती वन,
(ग) सहकारी वन,
(घ) सरकारद्वारा व्यवस्थित वन,
(ङ) धार्मिक वन, र संरक्षित वन

नेपालले सन् १९९० को दशकदेखि सामुदायिक वनलाई वन व्यवस्थापनको मुख्य पद्दतिको रूपमा अपनाउंदै आएको छ । आर्थिक वर्ष २०७६/७७ सम्म यस प्रदेशमा ३२०४ सामुदायिक वन उपभोक्ता समूह, १०२३ कबुलियत वन समूह, २ सहकारी वन उपभोक्ता समूह, ३६ धार्मिक वन समूह गठन भएका छन् भने २ वटा संरक्षित वन रहेका छन् । यस प्रदेशका जिल्लाहरू मध्ये डडेल्धुरामा सबैभन्दा बढी (७४.४%) वन क्षेत्र रहेको छ भने त्यस पछी डोटी (७२.५%), अछाम (६२.९%), बैतडी (६२%) रहेको छ । कञ्चनपुर जिल्लामा सबैभन्दा कम क्षेत्रफल (४१.६%) वन रहेको छ (DFRS, २०१८) ।

३. सुदूरपश्चिम प्रदेश जलस्रोतमा धनी छ । सेती र महाकाली यस प्रदेशका प्रमुख नदी हुन् । चमेलिया, बूढीगंगा, दर गंगा, सुर्नया, ढिकगढ, होपरीगाढ, रंगुन, डोटेलीगाढ, स्पलगाढ, मोहना लगायतका नदीहरू यस प्रदेशका विभिन्न जिल्ला भएर बग्दछन् । ताल र पोखरीले पनि प्रदेश धनी छ । कैलाली जिल्लाको घोडाघोडी ताल, कञ्चनपुर जिल्लाको झिलमिला र वेदकोट ताल, डडेल्धुराको आलिताल, डोटी जिल्लाको छतिवन ताल र खप्तड ताल प्रदेशका प्रमुख ताल हुन् ।

## १.२ जनसंख्या, जिविकोपर्जन, पेशा र रोजगारी

४. यस प्रदेशको जनसंख्या २५५२५१७ रहेको छ जुन नेपालको कूल जनसंख्या को ९.६३% हो । जनघनत्व १३० व्यक्ति प्रति वर्गकिलोमिटर र वृद्धि दर १.५३% प्रति वर्ष रहेको छ । पुरुष र महिलाको अनुपात ९१२:१००० रहि १२१७८८७ जना पुरुष र १३३४६३० जना महिलाको जनसंख्या छ । यस प्रदेशको शहरी जनसंख्या १,५०४,२७९ (५८.९%) र ग्रामिण जनसंख्या १,०४८,२३८ (४१.१%) रहेको छ (CBS, २०११) ।

५. यस प्रदेशमा १५ वर्ष भन्दा माथिका कृयाशिल जनसंख्या १,८८३,००० जना रहेका छन् भने यहाँको बेरोजगार ११.५% छ जुन राष्ट्रिय औषत (११.४%) बराबर नै छ । उमेर समुह अनुसार बेरोजगारी हेर्दा सबभन्दा बढी १५ देखि २४ उमेर समुहको छ (२८.२%) । प्रति महिना प्रति व्यक्ति आय (median earning) रु १३,६६८ रहेको र यो आय ग्रामिण तथा शहरी र पुरुष तथा महिलाको बीच भिन्नता छ । शहरमा बस्नेहरुको प्रति व्यक्ति आय रु १४,००० छ भने गाउँमा बस्नेको रु १३,६८८ मात्र छ । त्यसैगरि पुरुषको रु १५,२०८ र महिलाको रु १२,००० रहेको छ । त्यस्तै तल्लो ५% जनसंख्याको प्रति व्यक्ति आय रु ६,००० छ भने माथिल्लो ५% को रु ३१,९३८ छ जुन ५ गुणाभन्दा बढी हुन आउंछ ।

६. प्रदेशको कृषि क्षेत्रमा हुने धेरैजसो रोजगारी अनौपचारिक क्षेत्रमा रहेको छ भने औपचारिक क्षेत्रमा न्यून रोजगारी रहेको छन् । प्रदेशको कूल जनसंख्या मध्ये एक तिहाई (३३.८%) बसाई सराई गरि धेरै लामो समयदेखि बसोबास गर्दै आएका छन् । यी व्यक्तिहरु अर्को नगरपालिका क्षेत्रबाट वा अन्य देशबाट बसाई सराई गरेर आएका हुन् ।

## १.३ आय, गरिबी र खाद्य सुरक्षा स्थिति

७. कुल गार्हस्थ उत्पादनमा सुदूरपश्चिम प्रदेशको योगदान (उत्पादक मूल्यमा) आ.व. २०७६/७७ मा ४.१% र आ.व. २०७७/७८ मा ४% रहेको छ । कुल गार्हस्थ उत्पादनको वृद्धिदर आ.व. २०७५/७६ मा ६.५% रहेकोमा यो वृद्धि आ.व. २०७६/७७ मा ०.४४% मा मात्र सीमिति रहेको छ । तर आ.व. २०७७/७८ मा केहि सुधार भई वृद्धिदर ३.५६% भएको देखिन्छ । यस प्रदेशमा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३६.१% छ भने सेवा क्षेत्र र औद्योगिक क्षेत्रको योगदान क्रमसः ५०.७% र १३.२% रहेको छ । कृषि क्षेत्र सुदूरपश्चिमको अर्थतन्त्रको मेरुदण्ड कै रुपमा

रहेको छ, तथापि ७०% उत्पादन अझै पनि निर्वाहमुखी छ । करिब ८०% जनसंख्याको मुख्य पेशा कृषि क्षेत्र नै हो ।

८. प्रदेश सरकारले खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न र गरिबी घटाउन कृषि क्षेत्रको समावेशी वृद्धि र विकासलाई जोड दिएको छ । प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रदेशका धेरै चुनौतीहरुका बाबजुद वैज्ञानिक भू-उपयोग र सामाजिक न्यायमा आधारित रही उपलब्ध स्रोतहरुको प्रभावकारी परिचालन गर्दै आत्मनिर्भर उत्पादनका साथै कृषिजन्य उत्पादनको आयात प्रतिस्थापन गर्ने एवं निर्यात बढाउने ध्येय राखेको छ । यस प्रदेशका बिध्यमान धेरै चुनौतीहरु मध्ये लैङ्गिक एवं जातपात र सो सँग सम्बन्धित परम्परागत विश्वास (traditional belief) पनि एक हो ।

९. प्रदेशमा देखिएका अन्य चुनौतीहरुमा रोजगारी उपलब्ध नभई ठूलो मात्रामा भारतमा हुने मौसमी आप्रवासन (high seasonal migration), आप्रवासीहरुमा धेरै मात्रामा देखिने एच्.आई.भि र एड्स् रोगहरु, बाल श्रमिक, उच्च कुपोषण र आधारभुत स्वास्थ्य सेवाको अभावमा हुने बच्चा र आमाहरुको उच्च मृत्यदर हुन । न्यून साक्षरता दर र गुणस्तरिय प्राविधिक शिक्षामा सिमित पहुँच, कृषि क्षेत्रको न्यून उत्पादकत्व र उत्पादन, सडक, सिँचाई प्रणाली र भण्डारण जस्ता पुर्वाधारहरुको कमी, चरम (extreme) र विविध खालको जलवायु अवस्था, असुविधाजनक भूगोल (topography) को कारणले हुने बाढी, पहिरो र जंगलमा हुने आगजनी लगायतका चुनौतिहरु पनि बिध्यमान रहेका छन् ।

१०. यस प्रदेशमा गरिबीको स्तर निकै धेरै छ । निरपेक्ष गरिबीको रेखामुनि ३३.९% जनसंख्या रहेका छन् जुन राष्ट्रिय औषत (१८.७%) भन्दा निकै माथि छ (NPC, 2018)। साथै औषत आयु ६६.३ वर्ष रहेको छ जुन राष्ट्रिय औषत आयु (६९.७ वर्ष) भन्दा कम छ भने मानव विकास सूचकांक (HDI) ०.५४७ छ। यो पनि राष्ट्रिय औसत (०.५८७) भन्दा कम छ (NPC & UNDP, २०२०) । नेपालको बहुआयामिक गरिबीको सूचाङ्कलाई हेर्दा यस प्रदेशको तेस्रो उच्च स्थान (०.१४६) छ जुन राष्ट्रिय सूचाङ्क (०.१२७) भन्दा माथि रहेको छ । बहुआयामिक रुपबाट गरीबी भन्नाले धेरै प्रकारका सुविधाहरुबाट बञ्चित हुनु भन्ने बुझिन्छ । यस प्रदेशमा कुल जनसंख्याको ३३.६% जनसंख्या बहुआयामिक रुपमा गरिब छन् । यो बहुआयामिक गरिबीको स्तर राष्ट्रिय स्तर (२८.६%) भन्दा बढी छ ।

११. सन् २०११ देखि २०१४ को बीचमा अन्य प्रदेशको तुलनामा यस प्रदेशमा गरिबी उल्लेखनिय रुपमा घटेको छ । नीतिहरुको कार्यान्वयन सफल रुपमा भएको हुनाले पनि गरिबी घट्न गएको हो भन्न सकिने अवस्था देखिन्छ । साथै अन्य प्रदेशको तुलनामा यस प्रदेशमा पर्याप्त सरसफाईको कमी हुने अवस्था सबभन्दा धेरै (३०%) घटेको छ । यद्यपि, यस प्रदेशका धैरै गरिब परिवारहरुमा पर्याप्त पोषणको अभाव, पकाउने ईन्धन र आवासको कमीले बच्चाहरुको मृत्यू हुने गरेको छ । यसबाट नीति निर्माताहरुले भविष्यका नीतिहरु तर्जुमा गरी गरिबी घटाउने कार्यक्रम कार्यान्वयन गर्दा यस्ता क्षेत्रमा ध्यान केन्द्रित गर्नु जरुरी छ ।

१२. यस प्रदेशको ५ वर्ष मुनिका बच्चाहरुको पोषणको अवस्था हेर्ने हो भने ३३.३% कम वजन भएका, ४०.९% पुड्का (stunting), १४.१% ख्याउटे (wasting) र १.३% बढी तौल (overweight) भएका छन् । खाद्य सुरक्षाको दृष्टिकोणबाट हेर्दा ३७.७% घर परिवार खाद्य सुरक्षित, १८% हल्का (mildly) खाद्य असुरक्षित, ३१.२% मध्यम रुपमा खाद्य असुरक्षित र १३% गम्भिर रुपमा खाद्य असुरक्षित छन् । न्यूनतम् आहारा विविधता (minimum dietary diversity) अर्थात ६-२३ महिनाका बच्चाहरु जसले ५ वा सो भन्दा बढी खाद्य समुह उपभोग गर्दछन् सो ४४.५% मात्र छ (NPC and UNICEF, २०१९) ।

## १.४ प्रदेशको भू-स्वामित्वको अवस्था

१३. भू-स्वामित्वलाई खाद्य सुरक्षा र घरायसी आम्दानीको महत्वपूर्ण सूचकको रुपमा लिईन्छ । यस प्रदेशमा प्रति परिवार ०.७ हेक्टर जग्गा उपलब्ध छ जुन छरिएर रही सरदर ३.३ कित्ता पर्दछ । करिब ५२% घरपरिवारले केबल १५% मात्र जग्गा प्राप्त गरेका छन् भने माथिल्लो दोस्रो ठूला ५% ले करिब ३३% जग्गाको स्वामित्व ग्रहण गरेका छन् (तालिका २)। करिब ७५% कृषि परिवारको १ हेक्टर भन्दा कम जग्गा रहेको छ । कृषि श्रमिकको उत्पादकत्व र सघनताको स्तरको तुलनामा श्रमिक र खेती गरिएको जग्गाको अनुपात धेरै छ । यस प्रदेशको १५-४९ वर्ष उमेर समुहका महिला मध्ये ३.१% महिलासँग एकल रुपमा जमिनको स्वामित्व छ भने ०.२% महिलासँग संयुक्त रुपमा जग्गाको स्वामित्व छ । साना फार्महरु र तिनीहरुको कम उत्पादकत्वका कारणले कृषिमा आधारित जिविकोपार्जन धेरै कठिन रुपमा रहेको छ । खासगरी यस्ता कृषि फार्मबाट आवश्यक खाद्य पदार्थ उत्पादन नहुने र पर्याप्त आय समेत प्राप्त नभई जिविकोपार्जन सहज हुन सकेको छैन । हालसालैका केही सुधारहरुका बाबजुद सुदूरपश्चिम प्रदेशको ५५% ग्रामिण घरपरिवारहरु खासगरी उच्च पहाडी जिल्लाका घरपरिवारहरु खाद्य असुरक्षित छन् । यस भेगको दुर्गम अवस्था तथा बिकट भुगोल (rugged terrain), अविकसित यातायात तथा बजार पुर्वाधारका कारणले उच्च पहाडी जिल्लाहरुको सम्वृद्धि हुन सकेको छैन ।

**तालिका २. जग्गाको आकार र वितरण**

| जग्गाको आकार | घरपरिवार | | जग्गाको क्षेत्रफल | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | क्षेत्रफल (हे.) | प्रतिशत |
| < ०.५ हे | २४३,८४५ | ५२.१० | ५०,५४९ | १५.९० |
| ०.५ देखि < १ हे | १२०,७५९ | २५.८० | १०२,४९७ | ३२.२४ |
| १ देखि < ५ हे | ८८,०९४ | १८.८१ | १०२,८४६ | ३२.३५ |
| >= ५ हे | १,५२८ | ३.२६ | ६२,०२५ | १९.५१ |
| भुमिहिन | १४,००० | ०.०३ | - | - |
| **जम्मा** | ४६८,२२६ | १०० | ३१७,९१६ | १०० |

Source: CBS, 2011

# २ अवस्थाको विश्लेषण

## २.१ प्राथमिक उप-क्षेत्रहरु को प्रवृति/अवस्था विश्लेषण

१४. कृषि क्षेत्र बाली, बागवानी, पशु, मत्स्य र वन उप-क्षेत्रहरुबाट बनेको हुन्छ । यस प्रदेशले नेपालको कुल कृषि गार्हस्थ उत्पादनमा ६.९% योगदान गरेको छ ।

१५. मुख्य खाधान्न बालीहरु र आलुले यस प्रदेशको कुल क्षेत्रफल र उत्पादनमा ठूलो हिस्सा ओगटेको छ । सन् २००३ मा धान बालीको क्षेत्रफल, उत्पादन र उत्पादकत्व क्रमसः १३९,८५० हे., ३६२,७३४ मे.टन र २.५९ मे.ट. प्रति हेक्टर थियो । १६ वर्षको अवधिमा अर्थात सन २०१८ मा यो स्तर वृद्धि भई १६७,०५३ हे. क्षेत्रफल, ६०५,६२६ मे.ट. उत्पादन र ३.६३ मे.ट. प्रति हेक्टर उत्पादकत्व रहन पुग्यो ।

१६. गहुँ बालीको हकमा सन् २००३ मा क्षेत्रफल, उत्पादन र उत्पादकत्व क्रमसः ८९,०६९ हे., १५४,१२५ मे.टन र १.७३ मे.ट. प्रति हेक्टर थियो । सन् २०१८ मा अर्थात १६ वर्ष पछि यो स्तर वृद्धि भई १४७,५४२ हे. क्षेत्रफल, ३२०,१६९ मे.ट. उत्पादन र प्रति हेक्टर उत्पादकत्व २.१७ मे.ट. रहेको थियो ।

१७. सन् २००३ मा मकै बालीको क्षेत्रफल, उत्पादन र उत्पादकत्व क्रमसः ४९,११७ हे., ७५,६४८ मे.टन र १.५४ मे.ट. प्रति हेक्टर थियो । सन् २०१८ मा अर्थात १६ वर्ष पछि यी सूचकहरु वृद्धि भई ४९,८७८ हे. क्षेत्रफल, ११२,२२५ मे.ट. उत्पादन र २.२५ मे.ट. प्रति हेक्टर उत्पादकत्व रहन पुग्यो ।

१८. मुख्य खाद्यान्न बालीहरुको सन् २००३-२०१८ को अवधिको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको वार्षिक चक्रवृद्धि वृद्धिदर (annual compound growth) तालिका ३ मा दिईएको छ । सो अवधिमा दिईएका बालीहरुमध्ये मकैको उत्पादकत्वमा सबैभन्दा धेरै सुधार भएको देखिन्छ । त्यसपछि धान, र गहुँको उत्पादकत्वमा सुधार आएको छ । कोदो र जौ को कुल उत्पादन क्षेत्रफलमा आएको वृद्धिबाट भएको देखिन्छ ।

**तालिका ३. प्रमुख खाद्यान्न बालीको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको वार्षिक वृद्धि दर (%) (२००३-२०१८)**

| बाली | क्षेत्रफल | उत्पादन | उत्पादकत्व |
|---|---|---|---|
| धान | १.९२ | ४.१ | २.१८ |
| मकै | -१.१९ | ०.८५ | २.०४ |
| गहुँ | ४.३९ | ५.५१ | १.१२ |
| कोदो | २.३७ | २.५७ | ०.२० |
| जौ | ४.१३ | ३.५५ | -०.५८ |

१९. विगत १६ वर्षमा तेलहन बालीको क्षेत्रफल सन् २००३ मा ३२,२८९ हेक्टरबाट बढेर सन २०१८ मा ३४,९१७ हेक्टर पुगेको थियो। उखुको क्षेत्रफल सन २००३ मा ६३४६ हेक्टर थियो जुन घटेर गएको थियो भने पुनः सन २०१८ मा ८,३४७ हेक्टर पुगेको छ । आलु बालीको क्षेत्रफल सबैभन्दा बढी वृद्धि भएको अर्थात ८,७३९ हेक्टर बाट १४,३७५ हेक्टर पुगेको छ । त्यस्तै, दाल बालीको क्षेत्रफल सन् २००३ को ३५,६३५ हेक्टरबाट बढेर सन् २०१८ मा ४६,२७० हेक्टर पुगेको छ ।

२०. प्रमुख नगदे बालीहरु र दालबालीको सन् २००३-२०१८ को अवधिमा क्षेत्रफल, उत्पादन र उत्पादकत्वको वार्षिक चक्रवृद्धि तालिका ४ मा प्रस्तुत गरिएको छ। यसले प्रस्तुत गरिएका बालीहरूमा दालको उत्पादकत्वमा उल्लेखनीय सुधार भएको देखाउँछ भने त्यसपछि आलु र तेलहनको रहेको छ । आलुको हकमा उत्पादकत्व वृद्धिले कुल उत्पादनमा करिब एक तिहाई योगदान पुऱ्याएको छ भने दालको हकमा ८५.५ प्रतिशत रहेको छ ।

**तालिका ४. प्रमुख नगदेबाली र दालबालीको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको वार्षिक वृद्धि दर (%) (२००३-२०१८)**

| बालीहरु | क्षेत्रफल | उत्पादन | उत्पादकत्व |
|---|---|---|---|
| तेलबाली | ०.२४ | ३.७१ | ३.४७ |
| उखु | -०.१८ | ०.२५ | ०.४३ |
| आलु | ४.२८ | ६.७ | २.३२ |
| दालबाली | ०.८० | ५.५ | ४.७ |

२१. सन् २००३ देखि २०१८ सम्मको अवधिलाई हेर्दा सुन्तला जात फलफूलको उत्पादनशिल क्षेत्रफल १,१०२ हे. बाट १,९६४ हे. पुगेको छ । यद्यपि, उत्पादनको वृद्धि उत्पादनशिल क्षेत्रफल भन्दा कम छ । समग्रमा सुन्तलाजात फलफूलको उत्पादकत्व यस अवधिमा ९.५० मे.ट. बाट घट्न गई ८.९४ मे.ट. प्रति हेक्टर पुगेको छ । आँपको हकमा यस अवधिमा उत्पादनशिल क्षेत्रफल ६९४ हे. बाट १,११३ हे. पुगेको छ भने उत्पादन ४,५८४ मे.ट. बाट दोब्बर भई ९,७६२ मे.ट. पुगेको देखिन्छ । साथै आँपको उत्पादकत्व ६.६१ मे.ट. बाट ८.७७ मे.ट. प्रति हे. पुगेको छ । त्यस्तै गरि केराको क्षेत्रफल २२१ हे. बाट बढी ११८५ हे. र उत्पादन ३,०३९ हे. बाट १८,९६० मे.ट. पुगेको छ । स्याउको उत्पादनशिल क्षेत्रफल समग्रमा स्थिर (४८९-५०६ हे.) रह्यो भने उत्पादकत्व भने ज्यादै नै घट्यो (९.७६  बाट ५.०७ मे. ट. प्रति हे.) । यसै  अवधिमा ओखरको उत्पादनशिल क्षेत्रफल र उत्पादन उल्लेखनिय रुपमा बढ्यो भने उत्पादकत्व सो अनुरुप बढ्न सकेको देखिएन । तरकारीको हकमा क्षेत्रफल ८,२५५ हे. बाट २६,०९० हे. पुग्दा उत्पादकत्व भने १०.३२ बाट १३.४७ मे. ट. प्रति हे. रहेको देखिन्छ । यसरी बढ्नुमा सरकारी सहयोग, गै.स.श. र समुदायमा आधारित संस्थाहरु लगायत विकास साझेदारहरुको सहयोगका कारण रहेको भन्न सकिन्छ ।

२२. फलफूल र तरकारीको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको वार्षिक वृद्धिदर (सन २००३-२०१८) तालिका ५ मा प्रस्तुत गरिएको छ । सुन्तलाजात र स्याउको उत्पादकत्व घटेको छ भने कुल उत्पादन

वृद्धि क्षेत्रफल बढेको कारणले भएको देखिन्छ । यहि अवधिमा आँप, केरा र ओखर र तरकारीको उत्पादकत्व वृद्धि भएको छ । तर तरकारीको उत्पादन वृद्धिमा क्षेत्रफल वृद्धिको ठूलो योगदान रहेको छ । त्यस्तै स्याउको हकमा क्षेत्रफल र उत्पादकत्व वृद्धि नकारात्मक रहेको देखिन्छ ।

**तालिका ५. फलफूल र तरकारीको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको वार्षिक वृद्धि दर (%) (२००३-२०१८)**

| बाली/वस्तु | क्षेत्रफल | उत्पादन | उत्पादकत्व |
|---|---|---|---|
| सुन्तलाजात | २.७८ | १.८१ | -०.९७ |
| आँप | ४.६२ | ५.६६ | १.०४ |
| केरा | ११.९५ | १३.०६ | १.११ |
| स्याउ | -०.५६ | -४.३९ | -३.८३ |
| ओखर | ७.२५ | ८.६९ | १.४४ |
| तरकारी | ९.०५ | १०.४ | १.३५ |

२३. सन् २००९ देखि २०१८ को अवधिमा मसला बालीहरुको पनि क्षेत्रफल, उत्पादन र उत्पादकत्वमा परिवर्तन आएको छ । तथ्यांङ्कले देखाउंछ कि अलैंचीको क्षेत्रफल, उत्पादन र उत्पादकत्व सबै घटेको छ । यस अवधिमा उत्पादनशिल क्षेत्रफल १२.५ हे. बाट १० हे., उत्पादन ९.२५ मे.ट. बाट ५ मे.ट. र उत्पादकत्व ०.७४ मे.ट. प्रति हे. बाट ०.५० मे.ट. प्रति हे. पुगेको छ । अदुवाको सबै मापदण्ड (parameter) हरु बढ्न गई क्षेत्रफल १,५४४ हे. बाट १,६२९ हे., र उत्पादकत्व १२.९८ मे.ट. बाट १६.६६ मे.ट. पुगी कुल उत्पादन बढेको छ । त्यसैगरी हलेदोको क्षेत्रफल ५५२ हे. बाट १,३९१ हे., उत्पादन ५२१९ मे.ट. बाट १६,८९९ मे.ट. र उत्पादकत्व ९.४५ मे.ट. बाट १२.१५ मे.ट. प्रति हे. पुगेको छ । लसुनको हकमा सबै मापदण्डहरुमा बढोत्तरी भएको छ भने खुर्सानीको हकमा सबै घटेको छ ।

२४. मसला बालीहरुको सन् २००३-२०१८ को अवधिमा क्षेत्रफल, उत्पादन र उत्पादकत्वको वार्षिक वृद्धि दर तालिका ६ मा देखाईएको छ । तालिकाले अलैंची र खुर्सानीको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको वृद्धि दर घटेको देखाएको छ भने हलेदो र लसुनको बढेको देखाएको छ । तर लसुन र हलेदोको क्षेत्रफलमा भएको वृद्धि दरले कुल उत्पादनमा धेरै योगदान गरेको छ भने अदुवाको कुल उत्पादनमा उत्पादकत्वमा भएको वृद्धि दरले धेरै योगदान पुर्याएको छ ।

**तालिका ६. मसला बालीको क्षेत्रफल, उत्पादन र उत्पादकत्व वृद्धि दर (%) (२००३-२०१८)**

| बाली | क्षेत्रफल | उत्पादन | उत्पादकत्व |
|---|---|---|---|
| अलैची | -७.४७ | -१२.५८ | -५.१२ |
| अदुवा | -०.०६ | ४.२६ | ४.३२ |
| लसुन | १७.६४ | २१.८५ | ४.२१ |
| हलेदो | १६.७७ | २०.९४ | ४.१७ |
| खुर्सानी | -३.८७ | -५.९७ | -२.१ |

२५. पशुजन्य उत्पादनलाई कृषि र खाद्य उत्पादन क्षेत्रको महत्वपूर्ण अबयव (component) को रुपमा लिईन्छ । केहि वस्तुको उत्पादन बाहेक यस प्रदेशमा सबै पशुजन्य वस्तुको उत्पादन सन्तोषजनक छ । सन् २००३-२०१८ को अवधिमा माछाको उत्पादन ज्यादै राम्रो रहेको छ भने तत्पश्चात दुध र मासुको उत्पादनको स्तर राम्रो रहेको छ । भैंसी / राँगाको मासु र बाख्राको मासुले कूल मासु उत्पादनमा सबभन्दा धेरै योगदान गरेको देखिन्छ । यस प्रदेशमा गाईको संख्या १,००६,०००; भैंसिको ५,१५,०००; बाख्राको १,०७७,०००; सुंगरको ५७६,०००; कुखुराको २,९८३,०००; हांसको १२८,००० र घोडा / खच्चडको ५,५०० रहेको छ ।

२६. सन् २००३ देखि २०१८ को अवधिमा माछा उत्पादनको लागि पोखरीको क्षेत्रफल १५० हे. बाट ३४२ हे., उत्पादन ४५६ मे.ट. बाट १,५११ मे.ट. र उत्पादकत्व ३.०४ बाट ४.४२ मे.ट. प्रति हे. रहेको देखिएता पनि अन्य तराईका जिल्लाहरुको तुलनामा उत्पादकत्व कम नै रहेको छ । दुधको उत्पादन १३५८२५ लिटर बाट २४५२८१ र कुल मासु उत्पादन २०५१४ मे.ट. बाट ३१९१५ मे.ट. पुगेको देखिन्छ ।

२७. सन् २००३ देखि २०१८ को अवधिमा दुध र मासुको उत्पादनको वार्षिक वृद्धिदर तालिका ७ मा दिईएको छ । यस अवधिमा कुखुराको मासुको वार्षिक वृद्धिदर १६.९७% छ भने भेडाको मासुको वृद्धि दर ऋणात्मक रहेको छ । अण्डा र माछाको वार्षिक वृद्धिदर क्रमसः ७.५२% र ७.८०% भएको देखिन्छ । माछाको हकमा उत्पादकत्व वृद्धिदरले भन्दा पोखरीको क्षेत्रफलमा भएको वृद्धिदरले कुल उत्पादनमा धेरै योगदान पुर्याएको देखिन्छ ।

**तालिका ७. मत्स्य र पशु उत्पादनको वार्षिक वृद्धि दर (२००३-२०१८)**

| वस्तु | वृद्धि (%) |
|---|---|
| दुध | ३.४६ |
| **मासु** | |
| भैंसी /राँ गाको मासु (Buff) | ०.९९ |
| भेडाको मासु (Mutton) | -०.०४ |
| बाख्राको मासु (Chevon) | ४.२७ |
| सुंगरको मासु (Pork) | ३.५३ |
| कुखुराको मासु (Chicken) | १६.९७ |
| **कुल मासु** | **२.५७** |
| अण्डा | ७.५२ |
| माछा* | ७.८० |

* प्रति वर्ष पोखरीको वृद्धि दर ५.३९% र उत्पादकत्व वृद्धि दर २.३९%

२८. यस प्रदेशमा ६२,९६८ उद्योगहरु दर्ता भएका छन्, ती मध्ये ५०% भन्दा बढी कैलाली र कंचनपुर जिल्लाहरुमा केन्द्रित छन् । यी उद्योगहरु मध्ये थोक तथा खुद्रा व्यापारसँग सम्बन्धित ५३% छन् भने

दर्ता भएका कृषि उद्यमहरु जम्मा ३.०५% मात्र छन् । यी सबै खालका उद्योगहरुले १८५,२०० जनालाई रोजगारी उपलब्ध गराएका छन् (तालिका ८) ।

**तालिका ८. सुदुरपश्चिम प्रदेशमा उद्योग / प्रतिष्ठानको संख्या**

| जिल्ला | कृबम[1] | उमु[2] | खाबिपानि[3] | थोखुब्या[4] | याभसुसं[5] | जम्मा | कृबम मा संलग्न व्यक्ति | जम्मा संलग्न व्यक्ति |
|---|---|---|---|---|---|---|---|---|
| बाजुरा | १८४ | ७२७ | २४ | १,८९८ | २० | ३,८९१ | ४१९ | ८,८५९ |
| बझाङ | २६६ | १,११३ | ७३ | २,८९९ | ३२ | ६,२१९ | ७६७ | १५,४४६ |
| दार्चुला | १८२ | ५१९ | ३९ | १,५८९ | ५५ | ३,४१३ | ६८९ | १०,८३७ |
| बैतडी | २७२ | ३६९ | १५ | २,०४९ | ३६ | ४,३९५ | ६४८ | १२,२६८ |
| डडेल्धुरा | ३६३ | ७१० | ४३ | १,८०४ | ३५ | ४,०५४ | १,१३० | ११,४६९ |
| डोटी | १४३ | ३२४ | ८४ | १,८५६ | २९ | ३,६६७ | २५३ | ९,८२६ |
| अछाम | १३५ | ३३३ | ३० | २,२८३ | ४१ | ४,२८४ | २१७ | १३,६८० |
| कैलाली | २४९ | २,३०८ | ८४ | १२,४४० | ८४ | २१,५४४ | १,००८ | ६६,७५३ |
| कंचनपुर | १२७ | १,३४० | १५२ | ६,५८० | ५१ | ११,५०१ | ४४५ | ३६,०६२ |
| **जम्मा** | **१,९२१** | **७,७४३** | **५४४** | **३३,३९८** | **३८३** | **६२,९६८** | **५,५७६** | **१८५,२००** |
| उप-महानगरपालिका | २७ | ६५० | २५ | ३,५७९ | ३४ | ६,०८९ | १५९ | २२,९०९ |
| नगरपालिका | ९५३ | ४,३५८ | ३४४ | १९,९१४ | २३१ | ३६,९४८ | २९०१ | ११०,२८९ |
| गाउँपालिका | ९४१ | २,७३५ | १७५ | ९,९०५ | ११८ | १९,९३१ | २५१६ | ५२,००२ |

कृबम[1]: कृषि, वन र मत्स्य; उमु[2]: उत्पादनमुलक; खाबिपानि[3]= खानी, बिध्युत, खानेपानी, निर्माण

थोखुब्या[4]: थोक तथा खुद्रा व्यापार; याभसुसं[5]: यातायात, भण्डारण, सूचना तथा संचार

स्रोत: CBS, 2020

२९. नेपालको खाद्य तथा पेय पदार्थ उद्योगको क्षेत्रमा मिलबाट अनाज उत्पादन, स्टार्च र स्टार्च उत्पादन सबैभन्दा बढी (७१.८%) रहेको छ। ठूलो संख्यामा स्थापित भएका अन्य खाद्यान्न उत्पादनहरू र दुग्धजन्य उत्पादनहरूको उत्पादन समावेश छ। पेय पदार्थ उत्पादनमा संलग्न उध्योगहरूमध्ये करिब ५३% सफ्ट ड्रिंक - खनिज पानी र अन्य बोतलबंद पानीको उत्पादनमा संलग्न छन् ।

३०. खाद्य मिलबाट हुने उत्पादनमा स्टार्च र स्टार्च उत्पादनको अनुपात सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी (९०.६%) रहेको छ । यी प्रायः साना उद्योग हुन् किनभने ती मध्ये लगभग ७७.५% ले १-२ जनालाई मात्र रोजगारी प्रदान गरिरहेका छन् । खाद्य तथा पेय पदार्थ उद्योग मा दर्ता भएका प्रतिष्ठानको अनुपात ४४.९% छ ।

**तालिका ९. प्रदेशगत खाद्य तथा पेय पदार्थ उद्योगको संख्या र हिस्सा**

| प्रदेशहरु | खाद्य पदार्थको उत्पादन | | ेय पदार्थको उत्पादन | | जम्मा (खाद्य तथा पेय पदार्थ) | |
|---|---|---|---|---|---|---|
| | संख्या | हिस्सा (%) | ख्या | हिस्सा (%) | संख्या | हिस्सा (%) |
| प्रदेश १ | ५,३५९ | २१.५ | २६ | २२.५ | ५,४८५ | २१.५ |
| प्रदेश २ | ३,५५७ | १४.३ | ६ | १०.० | ३,५१३ | १४.2 |
| बागमती प्रदेश | ५,७६९ | २३.१ | ९३ | ३४.५ | ५,९६२ | २३.४ |
| गण्डकी प्रदेश | २,५९४ | १०.४ | ५ | ६.३ | २,६२९ | १०.३ |
| लुम्बिनी प्रदेश | ३,७८४ | १५.२ | ९ | १५.९ | ३,८७३ | १५.२ |
| कर्णाली प्रदेश | १,४८६ | ६.० | ४ | ७.९ | १,५३० | ६.० |
| सुदुरपश्चिम प्रदेश | २,३९० | ९.६ | ७ | ३.० | २,४०७ | ९.४ |
| **जम्मा** | २४,९३९ | १००.० | ६० | १००.० | २५,४९९ | १००.० |

स्रोत: CBS, 2021

३१. प्रदेशका कृषिजन्य उद्योगहरुमध्ये तराईमा धान मिलहरुको बाहुल्यता रहेको छ । प्राथमिक कृषि उत्पादन जस्तै आलु, फलफूल, मसला र जडिबुटीको मुल्य अभिवृद्धि गर्ने प्रशोधन उद्योगहरु ज्यादै सीमित रही केही लघु एवं साना तथा मझौला उद्यमीहरुको हातमा रहेको छ । सुदूरपश्चिम सरकारले घरेलु तथा कृषि उद्योगहरुलाई प्राथमिकतामा राखी आ.व. २०७७/७८ मा रु ३३ अरब ३८ करोड बजेट समेत बिनियोजन गरेको छ । यसको मुख्य उद्देश्य लघु उद्यम, घरेलु उद्योग, कृषि उद्योग र जडिबुटीको प्रवर्द्धन गर्नु हो । कुल बजेटमध्ये रु १२ करोड जडिबुटी विकास कम्पनी र निजी क्षेत्रसँगको सहकार्यमा जडिबुटी प्रशोधनशाला स्थापनाको लागि व्यवस्था गरिएको छ । फलफुल, जडिबुटीका बिरुवा र अन्य कृषि उत्पादन सामाग्रीका लागि रु १ अरब ८६ करोड व्यवस्था गरिएको छ ।

३२. प्रदेश सरकारले "एक स्थानिय तह, एक औद्योगिक ग्राम" अन्तर्गत रु ५ करोड बिनियोजन गरेको छ । त्यसैगरी प्रत्येक निर्वाचन क्षेत्रमा दुईवटा नयाँ उद्योग स्थापना गर्न ३ करोड २० लाख बिनियोजन समेत गरेको छ । कोभिड-१९ को कारणले लघु उद्यम र घरेलु उद्योगमा परेको प्रभावलाई संबोधन गर्न रु ९ करोड १५ लाख अनुदानको व्यवस्था गरेको छ । साथै स्थानिय विकासको लागि युवालाई परिचालन गर्न युवा उद्यमशिल कार्यक्रमका लागि १ करोड ६० लाख बिनियोजन गरेको छ । बेरोजगार जनसमुदायलाई कृषि उत्पादकत्व वृद्धिमा सहभागी गराउन रु ६ करोड व्यवस्था गरेको छ । प्रदेश सरकारले कृषि उद्यम प्रवर्द्धन गर्ने दृष्टिले "एक स्थानिय तह, एक कृषि उपज" लक्षित कार्यक्रम समेत प्रस्ताव गरेको छ ।

३३. यस प्रदेशको समग्र विकासका लागि कृषि पर्यटनको प्रचुर सम्भावना रहेको छ । तर, प्रदेशमा कृषि प्रणाली र त्यससँग सम्बन्धित कार्य र अभ्यासलाई पर्यटनसँग जोड्न सकिएको छैन। कृषिलाई पर्यटनसँग जोड्दा रोजगारीका अवसरहरू सृजना हुनुका साथै स्थानीय उत्पादनका लागि नयाँ बजारको विकास, उत्पादकत्व वृद्धि; कृषिमा आधारित उद्योगहरूको प्रवर्द्धन; शहरी र ग्रामीण क्षेत्रहरू बीच सम्बन्ध स्थापना;

र स्थानीय समुदायको जीविकोपार्जनमा सुधार आउने देखिन्छ। प्रदेशको कृषि बजार र बजारीकरण प्रणाली सहरी क्षेत्रमा असंगठित छ भने ग्रामीण क्षेत्रमा विकास हुन सकेको छैन।यसले उत्पादन सामाग्री आपूर्तिका साथै कृषि उत्पादनको बजारीकरणमा बाधा पुर्याएको छ । उत्पादन सामग्री आपूर्ती र उत्पादित वस्तुको बिक्रि वितरण मुख्यतया बिचौलियाहरु द्वारा नियन्त्रण भएको कारण कृषकहरुले उचित प्रतिफल प्राप्त गर्न नसक्नुका साथै उपभोक्ताहरुले समेत सस्तो मुल्यमा कृषि उपजहरु प्राप्त गर्न सकेका छैनन् । यातायात सुविधाको अपर्याप्तता, महँगो र मौसमी भएका कारण किसानहरु बजार र व्यापारीसँग जोडिनबाट वञ्चित भएका छन्। मौसमी मूल्य, माग र आपुर्ति र बजार संयन्त्र बारेको ज्ञानको अभाव, स्थानिय तहले लगाउने अतिरिक्त कर, न्यूनतम् समर्थन मूल्यको अभाव, भण्डारण पुर्वाधारको अभाव, र नाप तौलको उचित प्रबन्ध नभएका जस्ता कारणले प्रदेशको कृषि बजार प्रणाली प्रभावित भएको छ । कैलाली र कंचनपुर जिल्लामा एक एक वटा मात्र थोक बजार रहेको छ भने अन्य जिल्लाहरुमा संकलन केन्द्रहरु निर्माण भएका छन् । बझाङ र डडेल्धुरा जिल्लामा करिब एक दर्जन संकलन केन्द्र छन् भने बाजुरा जिल्लामा एक वटा र कंचनपुर जिल्लामा कुनै पनि संकलन केन्द्र छैनन् ।कैलाली, कंचनपुर र अछाम जिल्लाको केही स्थानहरुमा ग्रामिण बजारहरु (हाटबजार) संचालित छन भने अन्य जिल्लाहरुमा हाटबजार शुन्य प्रायः छन (तालिका १०)।

३४. यस प्रदेशमा बजार प्रणाली विकास भएको छैन । शहरी क्षेत्रमा कृषि बजारहरु अव्यवस्थित छन् भने ग्रामिण क्षेत्रमा विकास नै भएका छैनन् । यसले उत्पादन सामाग्री आपूर्तिका साथै कृषि उत्पादनको बजारीकरणमा बाधा पुर्याएको छ । बिचौलियाहरुले पूर्णरुपमा बजार नियन्त्रण गरेका छन् । तिनीहरुले उपजहरुको मूल्य निर्धारण गर्ने देखि कृषि उपजहरुको किनबेच समेत गर्दछन् । यसले गर्दा कृषकहरुले उपजहरुको उचित मूल्य प्राप्त गर्न सकेका छैनन भने उपभोक्ताहरुले पनि सस्तो मुल्यमा कृषि उपजहरु प्राप्त गर्न सकेका छैनन् । यसरी हेर्दा कृषि बजार संवेदनशिल रुपमा बिचौलियाहरुको नियन्त्रणमा परेको छ । यातायातको सुविधा अपुग, महँगो र मौसमी भई कृषकहरु बजार र व्यापारीहरुसँग आवद्धित हुन सकेका छैनन । मौसमी मूल्य, माग र आपुर्ति र बजार संयन्त्र बारेको ज्ञानको अभाव, स्थानिय तहले लगाउने अतिरिक्त कर, न्यूनतम् समर्थन मूल्यको अभाव, भण्डारण पुर्वाधारको अभाव, र नाप तौलको उचित प्रबन्ध नभएका जस्ता कारणले प्रदेशको कृषि बजार प्रणाली प्रभावित भएको छ । कैलाली र कंचनपुर जिल्लामा एक एक वटा मात्र थोक बजार रहेको छ भने अन्य जिल्लाहरुमा संकलन केन्द्रहरु निर्माण भएका छन् । बझाङ र डडेल्धुरा जिल्लामा करिब एक दर्जन संकलन केन्द्र छन् भने बाजुरा जिल्लामा एक वटा र कंचनपुर जिल्लामा कुनै पनि संकलन केन्द्र छैनन् । कैलाली, कंचनपुर र अछाम जिल्लामा ग्रामिण बजारहरु राम्रोसँग संचालित छन भने अन्य जिल्लाहरुमा हाटबजार शुन्य (हाटबजार) (१०तालिका ) प्रायः छन।

३५. एग्रोभेटहरुले कृषि उत्पादकहरुलाई उत्पादन सामाग्री आपूर्ति गर्नुका साथै प्राविधिक ज्ञान प्रदान गर्ने कार्य गरी रहेका छन् । तिनीहरूको उपस्थिति अन्य क्षेत्रहरूको तुलनामा व्यावसायिक उत्पादन स्थल र पहुँचयोग्य क्षेत्रमा बढी छ। कैलाली पछि कञ्चनपुर, डडेल्धुरा र अछाम जिल्लामा यिनीहरुको उपस्थिति बढी रहेको छ भने बझाङ, बाजुरा र दार्चुला जिल्लामा न्यून संख्यामा एग्रोभेटहरु रहेका छन् ।

**तालिका १०.** कृषि बजार र एग्रोभेटको संख्या

| जिल्ला | थोक बजार | ग्रामिण बजार | संकलन केन्द्र | हाटबजार | एग्रोभेट |
|---|---|---|---|---|---|
| बाजुरा | | | १ | | ७ |
| बझाङ | | | १२ | | ४ |
| दार्चुला | | | ३ | | ८ |
| बैतडी | | | ६ | | १२ |
| डडेल्धुरा | | | १३ | | ३१ |
| डोटी | | | ६ | | ११ |
| अछाम | | ५ | ६ | ३ | १५ |
| कैलाली | १ | ९ | ५ | ९ | २०६ |
| कंचनपुर | १ | ९ | | ९ | ५८ |
| **जम्मा** | २ | २३ | ५२ | २१ | ३५२ |

स्रोत: ADD, 2019

३६. सहकारीहरू कृषि उत्पादकहरूलाई उत्पादन सामग्री आपूर्ति, उत्पादित वस्तुको बजारीकरण र कृषि ऋण पहुँचमा सहयोग गर्न र आफ्ना सदस्यहरूलाई सान्दर्भिक सेवाहरू प्रदान गर्न स्थापना गरिएका छन्। यस प्रदेशमा २०६० वटा सहकारी गठन भै करिब ५ लाख सदस्य रहेका छन् जसमध्ये ६०% महिला सदस्यहरु छन । यी सहकारीमध्ये करिब ५०% कृषि र पशु विकाससँग सम्बन्धित रहेका छन् भने केहि मात्र जडिबुटीका र अन्य बचत, ऋण र उपभोक्ता सहकारी रहेका छन् । यी सहकारीहरूले रु १० अरब ४४ करोड ३५ लाख बचत संकलन गरी २८१५ जनालाई प्रत्यक्ष रोजगारी समेत प्रदान गरेका छन् (तालिका ११) ।

**तालिका ११. सुदुरपश्चिम प्रदेशमा** सहकारीको अवस्था

| जिल्ला | सहकारी संख्या | जम्मा सदस्य | | | आव २०७६/७७ सम्मको वित्तिय अवस्था | | प्रत्यक्ष रोजगारी |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | शेयर पुंजी (रु) | बचत संकलन (रु) | |
| बाजुरा | ११९ | ६,७४९ | ६,४२० | १३,१६९ | १९,७३८,३३० | ८२,९९०,००७ | ७२ |
| बझांङ | ८५ | १६,३४९ | ७,०७४ | २३,४२३ | ३३,९३१,८३५ | १३०,११३,०२७ | १३५ |
| दार्चुला | ९१ | ७,२९४ | ३,१०४ | १०,३९८ | १६,३१६,७१५ | १,२२०,९४८,१८६ | ३२ |
| बैतडी | १८२ | ६,८६५ | ६,८६७ | १३,७३२ | १३,८९५,८०० | ९१५,०००,०६१ | ४६ |
| डडेल्धुरा | १७४ | ११,६५३ | ७,०६४ | १८,७१७ | २९,७६०,३६० | १२५,७६०,४४० | ४८ |
| डोटी | १२५ | १३,६०० | ७,१७५ | २०,७७५ | २७०४९५६२ | १५५,४३५,०९१ | ७० |
| अछाम | १४० | १४,२०३ | ८,१३० | २२,३३३ | ४९,४१९,१८८ | १८५,४३७,३३६ | १०७ |
| कैलाली | ५०८ | ६८,६७० | ५७,९९५ | १२६,६६५ | ६००,४८८,८३१ | २,१३९,०७६,०४६ | ९६३ |
| कंचनपुर | ३०७ | ४५६९४ | ४९७७८ | ९५४७२ | ५६३३८२३६९ | २,४४६,८६१,९८१ | ५८२ |
| स्थानिय तहमा जम्मा | १,७३१ | १९१,०७७ | १५३,६०७ | ३४४,६८४ | १,३५३,९८२,९९० | ६,५७८,१२२,१७५ | २,०५५ |
| प्रदेशमा | ३२९ | १२८०,२३ | ७०,२८२ | १९८,३०५ | ६६१,१०४,८०७ | ३,८६५,३७४,७६६ | ७६० |
| **जम्मा** | २,०६० | ३१९,१०० | २२३,८८९ | ५४२,९८९ | २,०१५,०८७,७९७ | १०,४४३,४९६,९४१ | २,८१५ |

स्रोत: DOC, 2020

३७. यस प्रदेश र अन्य प्रदेशका भन्सार नाकाबाट कृषिजन्य वस्तुको आयात निर्यात तथ्यांक हेर्दा अधिकांश प्राथमिक उत्पादन (धान गहुँ मकै आदी) को व्यापार हुने गरेको देखाउँछ । उपलब्ध व्यापार तथ्याङ्क हेर्दा निर्यातको तुलनामा आयातको मात्रा र मूल्य निकै बढी छ । भारतबाट आयात हुने वस्तुहरूमा धान, चामल, कनिका, गहुँ, मकै (पशु दानाका लागि), ठूलो परिमाणमा ताजा तरकारी, आलु र प्याज, फलफूल, दाल, तेलहन, तरकारी तथा फलफूलका बीउ पर्दछन् । आयात भएका वस्तुहरूको संख्या र परिमाण (अनुसुची ७) र निर्यात भएका वस्तुहरूको संख्या र परिमाण (अनुसुची ८) मा दिईएको छ । अधिकतम रुपमा NTFPs/MAPs, मसला र पिना जस्ता अन्य उप-उत्पादनहरू समेत समावेश छन् ।

३८. बाली तथा वस्तुहरुको उत्पादकत्व अभिवृद्धि गर्न सिँचाई एक महत्वपूर्ण उत्पादन साधन हो । प्रदेशको कुल खेती गरिएको जग्गामध्ये ५३.९% क्षेत्रफलमा सिँचाई सुविधा उपलब्ध छ, तर २८.८% क्षेत्रफलमा मात्र वर्षैभरि सिँचाई उपलब्ध भएको छ । यसबाट प्रष्ट हुन्छ कि २५.१% क्षेत्रफल मौसमी सिँचाईमा निर्भर छ भने ४६.१% क्षेत्रफल सिँचाईको लागि आकाशे पानीमा भर पर्नु पर्ने अवस्था छ । जिल्लाहरुमध्ये कैलाली जिल्लामा सबैभन्दा धेरै क्षेत्रफल (८१.६%) सिँचित छ । त्यसपछि क्रमसः कंचनपुर (७०.१%), डडेल्धुरा (४७.४%), र बैतडी (४०.९%) रहेका छन् । अछाम जिल्ला सबैभन्दा कम सिँचित क्षेत्रफल हुने जिल्ला हो (तालिका १२) ।

**तालिका १२. सुदुरपश्चिम प्रदेशमा सिँचाईको अवस्था**

| जिल्ला | खेती गरिएको क्षेत्रफल (हे.) | जम्मा सिँचित क्षेत्रफल (हे.) | वर्षभरि सिँचाई हुने क्षेत्रफल (%) | मौसमी रुपमा सिँचाई हुने क्षेत्रफल (%) |
|---|---|---|---|---|
| बाजुरा | २०,१५५ | १०,१८५ | ११.७ | ३८.९ |
| बझांङ | २८,२१४ | ९,९५५ | २६.२ | ९.१ |
| दार्चुला | २२,२१४ | ४,६९५ | १५.७ | ५.४ |
| बैतडी | २५,७०० | १०,५२० | ११.२ | २९.७ |
| डडेल्धुरा | १०,६६८ | ५,०५४ | ३० | १७.४ |
| डोटी | २५,५०० | ९,३८६ | १९.३ | १७.५ |
| अछाम | ४२,४१३ | १०,१६४ | ८.७ | १५.३ |
| कैलाली | ८६,४५० | ७०,५०० | ४९.४ | ३२.२ |
| कंचनपुर | ५६,६०२ | ३९,६८५ | २८ | ४२.१ |
| **जम्मा** | **३१७,९१६** | **१७०,१४४** | **२८.८** | **२५.१** |

स्रोत: ADD, 2019

३९. नेपालमा रासायनिक मलको अभाव सधैंभरिको एक समस्या हो । सुदूरपश्चिम लगायत अन्य प्रदेशहरूमा समेत रासायनिक मलको आपूर्ति आवश्यकता भन्दा निकै न्यून हुने गरेको छ । नेपालमा रासायनिक मलको वार्षिक अनुमानित माग ६ लाख देखि १० लाख मेट्रिक टनसम्म रहेको छ तर करिब ४ लाख मेट्रिक टन मात्र आपुर्ति हुने गरेको छ । सुदूरपश्चिम प्रदेश ले भने नेपालले आपुर्ति गरेको रासायनिक मलको केवल ७ देखि ९ प्रतिशतसम्म मात्र प्राप्त गर्ने गरेको छ (तालिका १३)। यस प्रदेशले माग

गरेको परिमाणको ५० प्रतिशत भन्दा कम परिमाणमा सङ्घीय सरकारबाट रासायनिक मल प्राप्त हुने गरेको छ । सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०७८/८९ देखि रासायनिक मलमा अनुदान दिने व्यवस्था गरे अनुरुप आ.व. २०७८/८९ मा ७० लाख रुपैयाँ विनियोजन गरेको थियो ।

**तालिका १३. प्रदेशमा रासायनिक मलको बिक्री स्थिति (मे.टन.)**

| जिल्लाहरु | २०७१-७२ | २०७२-७३ | २०७३-७४ | २०७४-७५ | २०७५-७६ | २०७६-७७ |
|---|---|---|---|---|---|---|
| बाजुरा | १५४ | १४२ | १४२ | १०२ | १८० | २६४ |
| बझांङ | १४७ | १५२ | १५२ | ८९ | ८३ | १४६ |
| दार्चुला | १६ | २० | २० | २७ | २४ | २० |
| बैतडी | १०९ | १५७ | १५७ | १४३ | १२७ | १३५ |
| डडेल्धुरा | १८ | २३ | २३ | ३१ | ३० | ३७ |
| डोटी | ३४८ | २३५ | २३५ | ४०२ | ४०२ | ३८८ |
| अछाम | ७६ | ७५ | ७५ | ७४ | ४८ | ११८ |
| कैलाली | १७,४५४ | १३,१५२ | १३,१५२ | १८,४८६ | १६,३९५ | २१,७५३ |
| कंचनपुर | ७,६०७ | ६,७९० | ६,७९० | ९,०५६ | ५८,३५ | ७,९२७ |
| **सुदुरपश्चिम** | **२५,९२९** | **२०,७४६** | **२०,७४६** | **२८,४१०** | **२३,१२४** | **३०,७८८** |
| **नेपाल** | **२९८,६७७** | **२५९,०६१** | **२५९,०६१** | **३६४,०२०** | **३४४,००४** | **३९४,५९५** |

स्रोतः कृषि तथा पशुपंक्षी विकास मन्त्रालय (विभिन्न वर्षहरु)

४०. यो प्रदेश जलवायुबाट सिर्जित खतराहरु (hazards) का कारण संकटासन्न अवस्थामा (vulnerable) रहेको छ । यस प्रदेशका पहाडी तथा उच्च पहाडी जिल्लाहरु जलवायु परिवर्तनको प्रभावका दृष्टिले उच्च देखि ज्यादै उच्च रुपमा संवेदनशिल छन् । यी जिल्लाहरुमध्ये बाजुरा र बझाङ जिल्लाहरु ज्यादै उच्च रुपमा संवेदनशिल छन् भने बैतडी, दार्चुला, र कैलाली जिल्लाहरु संवेदनशिल छन् । जलवायु परिवर्तनको दृष्टिले डोटी र अछाम जिल्लाहरु मध्यम रुपमा संवेदनशिल छन् भने कंचनपुर र डडेल्धुरा जिल्लाहरु कम संवेदनशिल वर्गमा पर्दछन् (चित्र २) ।




**चित्र २. जलवायुबाट सिर्जित खतराहरुको संवेदनशिलता (MoFE, २०१७)**

४१. यस प्रदेशका जिल्लाहरूमा कृषि क्षेत्रको लागि जलवायु परिवर्तनको संवेदनशीलताको स्तर फरक फरक छ। संवेदनशीलताले जलवायु परिवर्तन वा अन्य परिवर्तनबाट प्रतिकूल वा सकारात्मक रूपमा प्रणाली वा बाली प्रभावित भएको स्तरलाई जनाउँछ। संवेदनशीलता सूचकहरू प्रायः कृषिमा आश्रित जनसंख्याको अवस्था, बाली, पशुपालन र मत्स्य पालनको अवस्था तथा स्थिति, र सामाजिक-आर्थिक अवस्था सँग सम्बन्धित छन् । बझाङ, अछाम र डोटी जिल्लामा जलवायु परिवर्तनको संवेदनशीलता उच्च छ भने डडेल्धुरा, बैतडी, दार्चुला र बाजुरा जिल्लाहरु मध्यम छन् । त्यस्तै कैलालीमा न्यून र कञ्चनपुरमा अति न्यून संवेदनशीलता रहेको छ (चित्र ३) ।




**चित्र ३. विभिन्न जिल्लाहरूमा कृषि क्षेत्रको जलवायु संवेदनशीलता (MOFE, २०१७)**

४२. सुदूरपश्चिम प्रदेशका विभिन्न भागहरूमा सन् २०१५ र सन २०१८ को बीचमा विभिन्न जलवायुजन्य जोखिमहरूको आवृत्ति/पुनरावृति (frequency) भएको दखिन्छ । बाढी र पहिरो, खडेरी, आगलागि, असिना र चटयाङ, रोगकिरा र बाली कटानी पश्चातको नोक्सानी जस्ता जोखिम को पुनराबृति भइरहन्छ । बिभिन्न प्रकारका जोखिमहरु मध्ये कम्तिमा एउटा जोखिम सामना गरेका परिवारहरूको प्रतिशत विवरण तालिका १४ मा प्रस्तुत गरिएको छ ।

**तालिका १४. घर परिवारद्वारा रिपोर्ट गरिएको मौसमी खतराहरूको आवृत्ति (frequency) (परिवारको %)**

| खतराहरु | सुदुरपश्चिम पहाड | | | सुदुरपश्चिम तराई | | | |
|---|---|---|---|---|---|---|---|
| | २०१६ | २०१७ | २०१८ | २०१५ | २०१६ | २०१७ | २०१८ |
| बाढी र पहिरो | ०.४ | - | ०.४ | २.६ | १.९ | १.१ | ०.४ |
| खडेरी | ३५.६ | १८.५ | १.८ | ०.४ | १७.८ | - | - |
| आगलागि, असिना र चटयाङ | ०.७ | ३६.९ | १०.७ | ०.४ | ५.६ | - | १.५ |
| कीराहरू, रोगहरू र उत्पादनोपरान्त हानि | ०.७ | २.६ | ३.७ | १.९ | ६.७ | ०.४ | १.८ |

स्रोत: Walker et al., 2019 ४२.

४३. सुदूरपश्चिम प्रदेशका जिल्लाहरू जलवायुजन्य प्रकोपको बिभिन्न जोखिम श्रेणीमा पर्दछन् । चित्र ४ मा देखाईए अनुसार Exposure को दृष्टिले कैलाली जिल्ला अति उच्च जोखिमको श्रेणीमा परेको छ भने कञ्चनपुर मध्यम श्रणिमा रहेको छ । अछाम, बझाङ, दार्चुला, डोटी, बैतडी, डडेल्धुरा निम्न वर्गमा र बाजुरा अति निम्न वर्गमा पर्दछ (MOFE, २०२१) ।




**चित्र ४. विभिन्न जिल्लाहरूमा कृषि क्षेत्रको exposure (MOFE, २०१७)**

४४. प्रदेशका जिल्लाहरूमा अनुकूलन (adaptive) क्षमताको स्तर पनि फरक-फरक छ । बाजुरा, बझाङ, अछाम, डोटी, बैतडी, डडेल्धुरा जस्ता जिल्लाहरुमा अनुकूलन (adaptive) क्षमता न्यून छ भने दार्चुलामा यस्तो क्षमता कम रहेको छ (चित्र ५) । यो विशेष गरी गरिबी र खाद्य असुरक्षाको उच्च घटनाहरू, न्यून मानव विकास सुचाङ्क, स्यालो र डिप ट्युबवेलहरूमा कम पहुँच, रेडियो र टेलिभिजनमा कमजोर पहुँच, र आधुनिक तथा कुशल कृषि औजार तथा उपकरणहरूको कम प्रयोगको कारणले गर्दा भएको हो । अर्कोतर्फ, कैलाली र कञ्चनपुर जिल्लामा उच्च अनुकूलन क्षमता (MOFE, 2021) रहेको छ ।




**चित्र ५. कृषि क्षेत्रको अनुकूलन क्षमता (MoFE, २०१७)**

### २.१.१ कृषि प्रविधि प्रणाली

४५. कृषिको व्यवसायिकरण प्रविधिमा (technology-driven) आधारीत छ । यस प्रदेशले कृषि व्यवसायिकीकरण सम्न्धमा सामना गरी राखेका चुनौतीहरु निम्न बमोजम रहेका छन् ।

(क) गुणस्तरीय बीउ र नस्लहरुको पर्याप्त आपूर्ति नहुनु ।

(ख) कृषि अनुसन्धान बाट विकास गरिएका प्रविधिहरुले सबै पारिस्थितिकिय क्षेत्रहरु एवं खेती प्रणाली र किसानहरुको आवश्यकताको प्रतिनिधित्व गर्नु नसक्नु।

(ग) विविध पारिस्थितिकीय प्रणाली, बाली तथा वस्तुहरुको आवश्यकता र जलवायु सिर्जित प्रकोपहरुसँग अनुकूलन हुनको लागि अति सीमित मात्रामा जलवायु समानुकुलन प्रविधिहरु हुनु ।

(घ) जैविक विविधता (बाली र नस्ल) को संरक्षण र दिगो उपयोगको अभ्यास न्यून मात्रामा गरीनु ।

(ङ) जडिबुटी र सुगन्धित औषधीजन्य बिरुवाको दिगो उपयोग र कृषि-वनको प्रवर्द्धनका लागि प्रविधि विकास नगरीनु ।

(च) जीवन्त प्रविधि प्रणालीको विकासको लागि किसानहरु, उद्यमीहरु र वैज्ञानिकहरुको सीप र ज्ञानको अभिवृद्धि गर्नुका साथै थप अभिमुख गराउन आवश्यक कार्य अत्यधिक न्यून मात्रामा गरीनु ।

(छ) गैर परम्परागत सिँचाइ लगायत सिँचाई प्रणालीको अपर्याप्तता हुनु ।

(ज) उपयुक्त मेसिनरी र उपकरणहरुको उपलब्धता न्यून मात्रामा हुनु ।

(झ) खासगरी भारतबाट आयातित तरकारी र फलफूलहरुमा विषादीको उच्च स्तर लगायतका थप मुद्दाहरु संबोधनका लागि कानूनी तथा अन्य कार्य नगरीनु ।

(ञ) अनुसन्धानको हकमा सरकारी, निजी र शैक्षिक संस्थाहरुबीच कमजोर सम्बन्ध हुनु ।

४६. जमीन र श्रमको उत्पादकत्वमा सुधार ल्याउनका निम्ति उपयुक्त प्रविधिको विकास र प्रसार गर्न कृषि प्रविधि प्रणाली एक महत्वपूर्ण अवयव (Component) हो । कृषिको उत्पादकत्व वृद्धि गर्नका लागि उपयुक्त प्रविधिहरुको विकास र अवलम्बन गर्नुका साथै दक्षता बढाउन र कृषि उत्पादनलाई बजार मागका आधारमा दिगो बनाउन ज्ञानको समेत आवश्यकता पर्दछ । कृषि उत्पादकत्व बढाउने सँग सम्बन्धित उपायहरु निम्न बमोजिम छन् ।

(क) प्रभावकारी कृषि अनुसन्धान र प्रसार ।

(ख) कृषि उत्पादन सामाग्रीहरुको कुशल प्रयोग ।

(ग) प्रभावकारी र दिगो अभ्यासहरू र सुधारिएको अन्तरसम्बन्धका साथै प्राकृतिक स्रोतहरूको उपयोग (जमिन, पानी, माटो, र वन) ।

(घ) जलवायु परिवर्तन र प्रकोपहरुका सन्दर्भमा समानुकुलन ।

सार्वजनिक क्षेत्रको प्रविधि विकास र विस्तारमा नेतृत्वदायी भूमिका रहनुका साथै निजी क्षेत्र, गैरसरकारी संस्थाहरु र अगुवा कृषकहरुको समेत सहभागी रहेको छ। तथापि, सार्वजनिक क्षेत्रको अन्य क्षेत्र तथा निकायले गरेका कृषि प्रविधि विकास तथा बिस्तारका लागि गरेका प्रयासलाई समन्वय गर्ने, नीति र योजनाहरूको कार्यान्वयनलाई सहज बनाउने, कार्यसम्पादनको अनुगमन गर्ने र नियमन गर्ने प्रमुख भूमिका रहेको छ । यसका साथै अनुसन्धान र प्रसार प्रणालीले हाल प्रचलित माथि-तल (top-down)

दृष्टिकोणमा परिवर्तन ल्याउनु जरुरी छ जसले गर्दा अनुसन्धान र प्रसार प्रणाली ले किसानहरु, व्यापारी तथा सरोकारवालाहरुको माग अनुरुप कार्य गरी राखेको छ भन्ने सुनिश्चितता गर्न सकिन्छ ।

४७. कृषि क्षेत्रको उत्पादनमा बृद्धि गर्नुका साथै खडेरी तथा बाढी जस्ता जलवायु परिवर्तनका कारण सृजित जोखिमहरूको न्यूनीकरण गर्नका लागि उपयुक्त प्रविधि को आवश्यकता रहेको छ । मानव श्रम न्यूनिकरण गर्न र कार्य कुशलता बृद्धी गर्नका लागि यस प्रदेशको भौगोलिक अवस्था सुहाउदो कृषि यान्त्रीकरण बिकास र बिस्तार गर्नु आवश्यक छ । यसका साथै कृषि प्रणाली व्यवस्थापन अभ्यास तथा स्रोतको उपयोगमा सुधार गर्नु पर्ने हुन्छ। कृषिमा सबैभन्दा ठूलो प्राविधिक चुनौतीको रुपमा जैविक विविधताको ह्रास, हरितगृह उत्सर्जनका असर का साथै जमीनको उर्वराशक्ति ह्रासका लाई महत्व नदिई बाली सघनता मार्फत उत्पादकत्व वृद्धि गर्नेतर्फ ध्यान दिने गरेको छ (FAO, 2016; Matson et al., 1997; Pretty et al., 2011) । बहुसंख्यक साना र सीमान्त किसानहरु उत्पादनमा संलग्न भएको सन्दर्भमा आय वृद्धि, गरीबी न्यूनीकरण, खाद्य सुरक्षामा सुधार, लैङ्गिक सशक्तिकरण र वातावरणीय दिगोपनाका लागि प्रविधिमा उनीहरुको पहुँच हुनु अति आवश्यक छ (Byerlee, de Janvry, & Sadoulet, 2009; Pingali, 2010) । जलवायु जोखिमहरू व्यवस्थापन गर्न साना किसानहरूको सीमित क्षमता भएका कारण उनीहरू दीर्घकालीन गरिबीमा फस्न सक्छ (Carter & Barrett, 2006; Fafchamps, 2003; Kebede, 1992) । यसैले प्रविधिको सन्दर्भमा तीनवटा पक्षहरुमा ध्यान केन्द्रित गर्नु आवश्यक छ ।

(क) प्रविधिमा गरीब, साना तथा सीमान्त उत्पादकहरुको पहुँच हुनु पर्दछ ।

(ख) जल र जमीनको सिमित उपलब्धतालाई ध्यानमा राखी बढ्दो जनसंख्याको आवश्यकता पुरा गर्ने गरी उत्पादन बढाउनु पर्दछ ।

(ग) प्रविधिले स्रोतहरुको उपयोगका लागि राम्रोसँग व्यवस्थापन गर्नुका साथै कृषि उत्पादन कार्यका कारण हुने जलवायु परिवर्तन रोक्नलाई सक्षम पार्नु पर्दछ ।

### २.१.२ कृषि व्यवसायिकरण

#### *२.१.२.१ कृषि उत्पादन साधन र सेवाहरु*

४८. यस प्रदेशमा कृषि उत्पादन साधन र सेवाहरुलाई असर गर्ने तथा प्रभाव पार्ने असंख्य मुद्दाहरु छन् । ती मध्ये एक महत्वपूर्ण मुद्दाको रुपमा कृषक समुदायबीच रहेको थोरै जमीन हुनु र भएको जमीनको पनि खण्डिकरण हुनु रहेको छ । चाहिएको समय र परिमाणमा गुणस्तरयुक्त बिउ र मलखादको अनुपलब्धता, औजार तथा उपकरणहरुको मर्मत एवं सम्भारको सीमित क्षमता, कृषकको नियन्त्रणमा रहि वर्षभरि सिँचाई गर्न सकिने अपुग सिचाई पुर्वाधार, स्थानिय बाली तथा वस्तुहरुको मुल्य अभिवृद्धि गर्ने सम्बन्धि सम्भावनाको खोजबिन नभएको, जङ्गली जनावर (बांदर, दुम्सी, बंदेल) ले कृषकले लगाएको बालीमा क्षति पुर्याएको, र असँगठित रुपमा स्थानिय स्तरमा उपलब्ध जडिबुटी तथा औषधीजन्य बिरुवाको संकलन एवं व्यापारका मुद्दाहरु यस प्रदेशमा रहेका छन् । त्यस्तैगरी प्रदेशका थप मुद्दाहरुमा बाली तथा वस्तुहरुको बिमा र कृषि ऋणको पहुँचमा बाधा ब्यबधान, अपर्याप्त बाली संरक्षण सेवा र विषादीहरुको जथाभावी प्रयोग, माटोको नक्साङ्कन (Soil mapping) को अभाव (पोषण तत्व, उब्जायोग्य अबस्था, माटो बर्गिकरण), जलवायु सिर्जित संकट तथा बिपदहरु र जलवायु परिवर्तनको प्रभाव रहेका

छन् । श्रमशक्तिको बसाईं सराई (आप्रावासन) ले मानव स्रोतको तिब्र अभाव र बिध्यमान मानव स्रोत कम रहेको साथै तिनीहरुको सेवा दिने क्षमता कमजोर रहेको अवस्था पनि समस्याको रुपमा रहेको छ । साथै प्रदेशमा भुमिहिन, मुक्त कमैया, हलिया, हरुवा चरुवा र कम्लरी जस्ता कमजोर समुदाय केन्द्रित कृषि व्यवसाय कार्यक्रमहरु ज्यादै सीमित रुपमा कार्यान्वयनमा रहेका छन् ।

*२.१.२.२ पशु एवं मत्स्य उत्पादन साधन र सेवाहरु*

४९. गाई (जर्सी, होल्स्टिन फ्रिजियन), भैंसी, भेडा र बाख्रा यस प्रदेशका प्रमुख पाल्तु जनावरहरु हुन् । यस सम्बन्धी धेरै समस्याहरु मध्ये आनुबंसिक सुधार गरिएका पशुहरुको अभाव हुनुका साथै जात सुधारको लागि आनुबंसिक स्रोत तथा सामाग्रि (genetic materials) को अभाव रहनु मुख्य हुन । त्यस्तैगरी प्रदेशमा स्थानिय पशुका जातहरुको सुधारका लागि सीमित कृयाकलापहरु संचालित छन् । यसर्थ यस प्रदेशमा स्थानिय पशुका जातहरुको आनुबंसिक सम्भावना र उत्पादकत्वमा सुधार ल्याउन क्रस-प्रजनन (cross-breeding) कार्यक्रमलाई सुदृढ गर्नु जरुरी छ । स्थानिय गाई भैंसीको क्रस-प्रजननका लागि आवश्यक कृत्रिम गर्भाधान सेवा संचालनार्थ सरकारी तथा निजी क्षेत्रको क्षमता अपुग छ । गाई भैंसीको उत्पादकत्व बढाउन गरिने क्रस-प्रजननका लागि तरल नाईट्रोजन र बिर्यको आपुर्ति गर्नु प्रदेशका लागि अति आवश्यक छ ।

५०. यस प्रदेशमा पशुको संख्या (herd population size) र उत्पादनबीच बेमेल भएको देखिन्छ । यसो हुनुमा निसन्देह ब्यापक रुपमा देखापर्ने संक्रामक र परजीवी रोगहरु हुन जसका कारण जनावरको रुग्णता (morbidity), मृत्यु, र ढिलो वृद्धि हुनुका साथै न्यून प्रजनन क्षमता समेत देखा परेको छ । अधिकांश पशु रोगहरुबाट वयस्क जनावरहरुमा अधिक विनाशकारी प्रभाव परेको देखिन्छ । पशुपंक्षी रोगबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष क्षतिले आर्थिक, खाद्य सुरक्षा र पशुपालकको जीविकोपार्जन र प्रदेशको अर्थतन्त्रमा ठूलो प्रभाव पर्दछ ।

५१. यस प्रदेशमा गुणस्तरीय पशुदानाको उच्च मूल्य र न्यून उपलब्धता पशुपंक्षीको उत्पादकत्व वृद्धिको लागि अर्को प्रमुख बाधक रहेको छ । चाहिने भन्दा कम खुवाउने र कुपोषणले जन्मदाको तौल र वृद्धिदर, दुग्ध उत्पादन, मृत्युदर, र प्रजनन सम्पादन जस्ता जनावरको आनुवंशिक क्षमतालाई मापन गरिने सूचकहरुलाई सीमित गर्दछ ।

५२. यस प्रदेशमा पछिल्ला दिनहरुमा मत्स्य उत्पादनको प्रवृत्ति (trend) बढ्दो क्रममा देखिन्छ । तथापि प्रजनन प्रविधिमा सुधार, रोग व्यवस्थापन, उचित दाना र पोषण, र कम लागतको उत्पादन प्रणाली जस्ता पक्षमा अझै सीमितता रहेको छ । विशेष गरी गरीब किसानहरुको लागि वित्त र प्रविधिमा सहज पहुँच गर्ने कुरालाई उच्च प्राथमिकता दिनु पर्दछ । माछापाली संस्कृति (polyculture) र समुदायमा आधारित मत्स्यपालनको माध्यमबाट पोखरी र बाढीको मैदान (flood plains) मा माछापालनको संस्कृति विकास भईरहेको देखिन्छ ।

*२.१.२.३ उत्पादनोपरान्त (post-harvest) साधन (factors) र सेवाहरु*

५३. उत्पादन पछिका गतिविधिहरू जस्तै बाली कटानी र प्रशोधन विधिहरूले कृषि उत्पादनको फाइदाहरू अभिबृध्दि गर्न महत्त्वपूर्ण भूमिका खेल्दछन जसका लागि पर्याप्त सुविधा र प्रविधि को आवश्यक पर्दछ । यस प्रदेशमा बाली कटानी तथा प्रशोधनका सुबिधा र प्रविधिको अवस्था कमजोर छ । भण्डारण, शित भण्डार र कोल्ड चेनका सुविधाहरुको कमी, धेरै स्थानिय उपजहरुले आयातित उपजहरुसँग प्रतिस्पर्धा गर्ने अवस्था नहुनु, मुख्य सिजनमा दुधको मुल्य अभिवृद्धि गर्ने पुर्वाधारको कमी, न्युनतम् समर्थन मूल्यको कमजोर कार्यान्वयन अवस्था, र मौसमी तथा दुरावस्थाका सडकका कारण उत्पादन पकेट र बजार केन्द्रहरु बीचको कमजोर सम्बन्ध जस्ता उत्पादनोपरान्त संग सम्बन्धित मुद्दाहरु यस प्रदेशमा रहेका छन् । त्यस्तैगरी छरिएर रहेका उत्पादन पकेट र भौगोलिक अवस्थाले उपजहरु एकत्रित गर्न कठिन; उत्पादन पकेट, परिमाण, बजार र मूल्यका बारेमा उत्पादक र मूल्य अभिवृद्धि सरोकारबालाहरु बीच नियमित सूचनाको अभाव; महिला-मैत्री प्रविधि र अवसरहरुको अपर्याप्तता जस्ता पक्षहरुले यस प्रदेशको उत्पादनोपरान्त साधन र सेवाहरुलाई प्रभाव पारिरहेका छन ।

### २.१.३ खाद्य तथा पोषण सुरक्षा

५४. नेपालको खाद्य नीति मुख्यतः क्यालोरीको सुरक्षा वा खाद्यान्न सुरक्षासँग सरोकार राख्ने सन्दर्भमा केन्द्रित छ जसको उद्देश्य मानिसहरुका लागि पर्याप्त क्यालोरीको सुनिश्चितता गर्नु रहेको छ । प्रविधि, बजार, समर्थन मूल्य र प्रोत्साहनहरू मुख्यतया खाध्यान्नमा केन्द्रित छन् जसले खाध्यान्न-आधारित रूपान्तरणमा नेतृत्व गरेका छन् । प्रसस्त शुक्ष्मपोषकतत्वयुक्त अपहेलित बालीहरु (underutilized crops) को बिकास तथा उपयोगमा प्रोत्साहन नगरीदा तिनीहरुको खेती अति न्यून मात्रामा गर्न थालेपछी शुक्ष्म पोषकतत्वयुक्त खाद्य पदार्थहरुको उपलब्धतामा प्रभाव पर्न गएको छ ।

५५. खाद्य तथा पोषण सुरक्षामा खाद्य उपलब्धता, खाद्यमा पहुँच, खाद्यको उपयोग र स्थायित्व जस्ता स्तम्भहरू समाहित हुन्छन् । यी पक्षहरू गरिबी, पोषण सम्बन्धि ज्ञान र सीप, उत्पादन विविधीकरण र मूल्य अभिवृद्धि जस्ता विभिन्न कारकहरूबाट प्रभावित हुन्छन्। यद्यपि, पछिल्लो चरणमा खाद्यान्न उपभोगमा तुलनात्मक रूपमा राम्रो प्रगति भएको छ, अधिकांश जनसंख्यामा अझै पनि पौष्टिक खाद्यान्न उपभोग गर्ने बानी नरहेको कारण प्रदेशमा पुड्कोपना (Stunting), कुपोषण र रक्तअल्पताको उच्च प्रकोप बढेको छ । अपर्याप्त खाद्य उत्पादन र उपभोग, गरिबी, बितरणको भौतिक समस्या, फार्म भित्र र फार्म बाहिरका रोजगारीका अवसरहरुको अभाव, स्थानिय एवं परम्पारागत बालीहरु (local and indigenous crops) को उत्पादन विविधिकरण र मुल्य अभिवृद्धिबारे ज्ञान तथा शिपको अभाव र गरिबीका कारण रोजगारीका लागि ग्रामिण क्षेत्रबाट हुने बसाई सराई जस्ता मुद्दाहरु यस प्रदेशका प्रमुख सवालहरु (Critical Issues) हुन ।

५६. यस प्रदेशका किसानहरूलाई उन्नत बीउ, आधुनिक प्रविधिहरू र बजार अवसरहरू एबं सूचनाहरूमा सीमित पहुँच छ। कृषि उत्पादनमा गिरावटका कारणले गर्दा ग्रामिण अर्थतन्त्र उदास बनेको छ भने ब्यापक रुपमा भोकमरी र आप्राबासनमा वृद्धि भएको छ । कम शक्तिबर्धक खाना उपभोगका कारण यस प्रदेशका १४.१% बच्चाहरुमा ख्याउटेपन देखिएको छ जुन नेपालका प्रदेशहरुमध्ये यो प्रदेश

ख्याउटेपनमा दोस्रो स्थानमा रहेको छ । धेरै मानिसहरु प्रायजसो प्रत्येक दिन एकै खालको खाना खाने गर्दछन् । पहाड र उच्च पहाडका स्थानिय बासिन्दाहरु दिनमा दुई छाक खानाको व्यवस्थापनका लागि संघर्ष गर्नु पर्ने अवस्था छ । कृषि उत्पादकत्वमा वृद्धि, खाद्य उपभोगमा विविधता र अधिक पोषणयुक्त खानाको उपभोग यस प्रदेशमा चुनौतीको रुपमा रहेका छन ।

### २.१.४. संस्थागत विकास र सुशासन

#### २.१.४.१ सार्वजनिक संस्थाहरू (राष्ट्रिय, प्रादेशिक र स्थानिय)

५७. संविधानतः कृषि तथा पशुपंक्षी बिकासको कार्य स्थानिय तथा प्रादेशिक सरकारहरुको अधिकार क्षेत्र भित्र पर्दछ । कृषि तथा पशुपन्छी विकास मन्त्रालय को वर्तमान संरचना अनुसार कृषि ज्ञान केन्द्र (AKC) र भेटेरिनरी अस्पताल र पशु सेवा विशेषज्ञ केन्द्रहरू (VHLSECs) को TOR लाई पूर्ण रूपमा कार्यान्वयन गर्न सीमित गरेको छ किनभने AKC, VHLSECs, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र स्थानीय तहका कृषि तथा पशुसेवा इकाईहरुबीच जिम्मेवारी, जवाफदेहिता, र प्रतिक्रिया संयन्त्रमा कुनै स्पष्टता छैन। त्यस्तैगरी कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा बिज्ञहरुको अपर्याप्तता र पदहरु समेत पुर्ति नभई खाली रहेका छन् ।

५८. लक्षित लाभार्थी, व्यवसाय र स्थानीय सन्दर्भहरू परिभाषित र वर्गीकरण नगरी अनुदान र सेवाहरू व्यवस्थापन गर्ने दृष्टिकोण (Blanket approach) प्रदेशको अर्को मुद्दा को रुपमा रहेको छ । स्रोत बाँडफाँट, कार्यक्रम कार्यान्वयन, अनुदान व्यवस्थापन/वितरण र तल्लो तहमा कार्यक्रम कार्यान्वयनको सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहबीचको कमजोर तालमेल, स्रोत बाँडफाँटमा दोहोरोपनले सेवा सुविधा प्रवाहमा एकरुपता/ सामञ्जस्यता कायम गर्ने (harmonization) प्रक्रियालाई थप खण्डित बनाएको छ । यस प्रदेशमा नियमनकारी व्यवस्था लागु गर्ने तथा अनुगमन गर्ने कार्य कमजोर छ भने शैक्षिक संस्थाहरु र नेपाल कृषि अनुसन्धान परिषदबीचको समन्वय कमजोर एवं अपर्याप्त छ ।

#### *२.१.४.२ निजी सेवा प्रदायकहरु*

५९. यस प्रदेशको दुर्गम क्षेत्रहरूमा रहेका प्रायजसो किसानहरू समक्ष सरकारी प्रसार सेवाहरू पुग्न सकेका छैनन् । प्रायजसो दुर्गम क्षेत्रका किसानहरु जिल्लामा सञ्चालित सीमित एग्रोभेटहरूबाट उपलब्ध गराइने प्राविधिक सल्लाह तथा सेवामा भर पर्दछन् । प्रदेशमा सञ्चालित ३५२ एग्रोभेटहरू मध्ये २६४ (७५%) कैलाली र कञ्चनपुर जिल्लामा केन्द्रित रहेका छन् । यद्यपि, एग्रो-भेटहरूसँग समेत सीमित प्राविधिक ज्ञान रहेको हुँदा किसानहरूले यथेष्ट प्राविधिक सेवाहरू प्राप्त गर्न सकेका छैनन् ।

६०. यस प्रदेशमा उन्नत बीउको सीमित पहुँच पनि कृषि उत्पादन बृद्धि हुन नसक्नुको एक महत्त्वपूर्ण कारक हो । प्रदेशभर बीउ उत्पादन र वितरणमा सीमित संख्यामा बीउ कम्पनीहरू संलग्न छन् । केही नर्सरी उत्पादकहरूले फलफूलका बिरुवा, डाले घाँस र वनका बिरुवाहरू उत्पादन गरि बिक्री गरीराखेका छन् । धान र गहुँको मूल्य अभिबृद्धी गर्नका लागि तराईका जिल्लामा र केही पहाडका

जिल्लाहरुमा धान कुट्ने र गहुँ पिस्ने मिलहरु संचालनमा छन् । पछिल्लो चरणमा, केही निजी फार्महरूले प्रदेशमा गाई भैसी, तरकारी, कुखुरा, बाख्रा, माछा र सुँगुरको व्यावसायिक उत्पादन गर्दै आएका छन्। यस प्रदेशमा एग्रोभेट, निजी फर्म, नेपाल उद्योग वाणिज्य महासंघ र जिल्ला उद्योग वाणिज्य संघ जस्ता निजी क्षेत्रहरुको संलग्नता एकदम सीमित छ । निजी क्षेत्र कृषि व्यवसायमा लगानी गर्न उदाशिन रहेका कारण यस प्रदेशमा कृषि व्यवसायमा आधारित मुल्य श्रृङ्खलाको विकास सीमित भएको छ । जबसम्म निजी क्षेत्रले सहयोगी सेवा र नियम मार्फत अनुकूल व्यवसाय वातावरण प्राप्त गर्दैनन, तवसम्म कृषि क्षेत्रमा संलग्न हुने उत्प्रेरणा हुंदैन ।

*२.१.४.३ सहकारी र कृषक समूह, गैर सरकारी संस्था/सामुदायिक संस्था, बैंकिङ तथा वित्तिय संस्थाहरु*

६१. प्रदेशका सहकारीहरुको संकलित बचत धेरै भएता पनि केही सीमित सहकारीहरु मात्र कृषि व्यवसायमा संलग्न रहेका छन् । एकातिर अधिकांस सहकारीहरुलाई कृषि व्यवसाय संचालनका लागि ज्ञान तथा शिप प्रदान गर्नु पर्नेछ भने अर्कोतिर बैंक तथा वित्तिय संस्थाहरु कृषि क्षेत्रमा लगानी गर्न अनिच्छुक रहेका छन् भने बिमा कम्पनीहरु ले बिमा कम्नीहरुले कृषि व्यवसायका लागि बीमा गर्न रुची देखाएका छैनन् । अझ भन्ने हो भने ऋण लिदा तथा बिमा गर्दाको लामो र झंझटिलो प्रकृया तथा अव्यवहारिक मापदण्डका कारण कृषकहरुको पहुँच सीमित भएको छ । विकास साझेदार र गैर सरकारी संस्थाहरुको लागि एकद्वार प्रणालीको अभावको अवस्था पनि यस प्रदेशमा ठूलो सवालको रुपमा रहेको छ ।

# ३ बजेट प्रवृति र व्यय स्थिति

## ३.१ संघीय स्तर

६२. नेपाल सरकारले आर्थिक वर्ष २०७८/७९ मा कृषि क्षेत्रको लागि रु ४५.०९ अर्ब (सशर्त र पूरक बजेट दुवै) विनियोजन गरेको थियो । कुल ४५ अर्ब ९ करोड मध्ये १२ अर्ब रुपैयाँ रासायनिक मल आपूर्ति व्यवस्थापनमा खर्च हुने प्रक्षेपण छ । PMAMP, NARC र प्रदेश सरकार र स्थानीय तहमा आधारित कार्यक्रमहरूलाई प्राथमिकता दिइएको छ । संरक्षित कृषि, गोदाम र शीत भण्डार जस्ता पूर्वाधार निर्माण र कच्चा पदार्थको आयातमा कर छुट दिइएको छ ।

६३. कुल लगानी बजेट २४ अर्ब ७७ करोड मध्ये  सुदूरपश्चिम प्रदेश सरकारको हिस्सा ३ अर्ब २ करोड रहेको छ । त्यसैगरी प्रदेशका स्थानीय तहका लागि ६ अर्ब १३ करोड रुपैयाँ विनियोजन गरिएको छ । प्रदेश सरकार र स्थानीय तह गरि दुवैको शेयर ९ अर्ब १५ करोड रुपैयाँ अनुमान गरिएको छ, जुन आर्थिक वर्ष २०७८/७९ को कुल लगानी बजेटको १० दशमलव ४१ प्रतिशत हो ।

६४. विगत आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेशका लागि विनियोजन गरिएको संघीय बजेट पनि कुल लगानी बजेटको प्रतिशतको हिसाबले झन्डै समान देखिन्छ । तलको तालिका १५ मा देखाइए अनुसार सुदूरपश्चिम प्रदेशको हिस्सा आर्थिक वर्ष २०७६/७७ मा ९.८५% र आर्थिक वर्ष २०७७/७८ मा १०.६४% रहेको छ ।

**तालिका १५. कृषि र पशु सेवामा संघीय बजेट (रु अरब)**

| सरकार | आ.व. ०७६/७७ | | आ.व. ०७७/७८ | | आ.व. ०७८/७९ | |
|---|---|---|---|---|---|---|
| | कुल बजेट | सुदुरपश्चिम प्रदेश | कुल बजेट | सुदुरपश्चिम प्रदेश | कुल बजेट | सुदुरपश्चिम प्रदेश |
| प्रदेश सरकार | ५०.५२ | ५.१५ | २६.२५ | २.९३ | २४.७७ | ३.०२ |
| स्थानीय सरकार | १६.८७ | १.४९ | ५४.५० | ५.६६ | ६३.०९ | ६.१३ |
| **जम्मा बजेट** | ६७.३९ | ६.६४ | ८०.७४ | ८.५९ | ८७.८५ | ९.१५ |
| **सुदुरपश्चिमको हिस्सा(%)** | | ९.८५ | | १०.६४ | | १०.४१ |

स्रोत: Ministry of Finance (Various Years)

## ३.२ प्रादेशिक स्तर

६५. सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ मा पूँजी लगानी क्षेत्रमा १७ अर्ब ६५ करोड रुपैयाँ विनियोजन गरेको छ, जुन कुल बजेटको ५८.२० प्रतिशत हो । कृषि क्षेत्र को ९.३५% हिस्सा छ जुन संघीय प्राथमिकता अनुरूप देखिन्छ । बजेटले प्रदेशको कृषि विकास क्षेत्रको व्यवसायिकरणसँगै ग्रामीण सडक निर्माण तथा पुनःस्थापना, गोदाम, शीतभण्डार, सिँचाइ, ग्रामीण विद्युतीकरण र कृषिमा प्रविधि हस्तान्तरणमा योगदान पुर्याउने लक्ष्य राखेको छ ।

६६. विगत तीन वर्षको तुलनामा प्रदेशमा कृषि विकास बजेट बढ्दै गएको देखिन्छ । आर्थिक वर्ष २०७५/७६ मा कृषि क्षेत्रमा विनियोजन गरिएको कुल बजेट १ अर्ब ४१ करोड मध्ये ७१ प्रतिशत मात्रै खर्च भएको थियो भने आर्थिक वर्ष २०७६/७७ मा ६९ प्रतिशत (२ अर्ब ८१ करोड) र आर्थिक वर्ष २०७७/७८ मा ७९ प्रतिशत (३ अर्ब ३६ करोड) खर्च भएको थियो । लगानी बजेटको सन्दर्भमा आर्थिक वर्ष २०७५/७६ मा ७५ प्रतिशत, आर्थिक वर्ष २०७६/७७ मा ६५ प्रतिशत र आर्थिक वर्ष २०७७/७८ मा ६४ प्रतिशत खर्च भएको थियो । यस प्रदेशमा गत तीन आर्थिक वर्षमा समग्र पुँजीगत खर्च ६६% मात्र रहेको छ (तालिका १६) ।

**तालिका १६. प्रादेशिक बजेट र कृषि क्षेत्रमा व्यय (रु अरब)**

| आर्थिक वर्ष | चालु | | पुंजीगत | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च |
| आ व २०७५/७६ | १.२६ | ७१% | ०.१५ | ७५% | १.४१ | ७१% |
| आ व २०७६/७७ | २.४६ | ६९% | ०.३५ | ६५% | २.८१ | ६९% |
| आ व २०७७/७८ | २.८८ | ८१% | ०.४८ | ६४% | ३.३६ | ७९% |
| औषत | ६.६० | ७५% | ०.९८ | ६६% | ७.५८ | ७३% |

स्रोत: Ministry of Economic Affairs & Planning (Various years)

### ३.३ पालिका स्तर

६७. सुदूरपश्चिम प्रदेशका प्रायः सबै नगरपालिका र गाउँपालिकाको बजेटमा कृषि विकास क्षेत्रलाई प्राथमिकतामा राखीएको छैन । विनियोजनको दायरा (प्रतिशतमा) नगरपालिका र गाउँपालिकाहरू बीच भिन्नता छ; उदाहरणका लागि भीमदत्त नगरपालिका कञ्चनपुरले आर्थिक वर्ष २०७७/७८ मा कृषि क्षेत्रमा जम्मा बजेटको ०.८४% विनियोजन गरेको छ भने कैलालीको चुरे गाउँपालिकाले सोही आर्थिक वर्षमा ३% बजेट विनियोजन गरेको छ । त्यस्तै सिलगढी दिपायल नगरपालिका डोटी, जयपृथ्वी नगरपालिका बझाङ र लम्कीचुहा नगरपालिका कैलालीले कुल बजेटको क्रमशः ५.२ प्रतिशत, ४.७ प्रतिशत र ३.५ प्रतिशत विनियोजन गरेका छन् । सडक र सार्वजनिक पूर्वाधार निर्माण जस्ता अन्य क्षेत्रप्राथमिकताका परेका कारण कृषि क्षेत्रमा न्यून बजेट बिनियोजन भएको देखिन्छ ।

# ४ नीति र शासन ढाँचा

## ४.१ राष्ट्रिय नीतिहरु र कानूनी खाका

६८. कृषि क्षेत्रका नवीनतम राष्ट्रिय नीतिहरू नेपालको संविधानमा आधारित छन् । नेपालको संविधान र कृषि सम्बन्धित नीतिहरु ले तपशिलका मुद्धाहरु सम्बोधन गर्ने गरी उल्लेख गरीएको छ ।

(क) किसानको हितको लागि जग्गाको दोहोरो स्वामित्वको अन्त्य गरी वैज्ञानिक भूमि सुधारको थालनी गर्ने ।

(ख) भूमि एकीकरण मार्फत र अनुपस्थित भूमि स्वामित्वलाई निरुत्साहित गरेर उत्पादन र उत्पादकत्व वृद्धि ।

(ग) किसानको हक हितको संरक्षण र प्रवर्द्धन गर्ने, कृषिको उत्पादन र उत्पादकत्व बढाउने र कृषिको व्यावसायीकरण, औद्योगीकरण, विविधीकरण तथा आधुनिकीकरणका लागि भू-उपयोग नीतिको उपयोग गर्ने ।

(घ) भूमि सम्बन्धी नियमावली तर्जुमा गरी जमिनको उत्पादकत्व र प्रकृतिको आधारमा वातावरणीय सन्तुलन कायम गर्दै जमिनको उचित उपयोग र व्यवस्थापन गर्ने ।

(ङ) कृषकलाई आवश्यक औजारहरुको व्यवस्था गर्ने र उत्पादनको उचित मूल्य सहित बजार पहुँच बढाउने ।

६९. नेपाल सरकारले कृषि क्षेत्रको उत्पादकत्व वृद्धिमा सुधार ल्याउन एवं व्यवसायिकरण तथा विविधिकरण गर्न बहुसंख्यक नीतिहरु र योजनाहरु तर्जुमा गरेको छ । राष्ट्रिय स्तरमा लोकतान्त्रिक शासनको पुनर्स्थापना भएपछि विभिन्न नीतिगत उद्देश्यहरु हासिल गर्न सरकारले विभिन्न लगानी नीतिहरु, कार्यक्रमहरु, रणनीतिहरु र योजनाहरु तर्जुमा गरी कार्यान्वयन गरेको छ । सरकारले आर्थिक विकास, वातावरण संरक्षण, र गरिबी निवारणका उद्देश्य प्राप्त गर्न कृषि, वन, जलवायु परिवर्तन, भू-उपयोग, गरिबी निवारण, सिँचाई लगायतका दर्जन बढी नीतिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

७०. कृषि विकासको लागि तर्जुमा गरिएको अग्रणी रणनीति कृषि विकास रणनीति (सन् २०१५-२०३५) हो । यसले आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी र समावेशी कृषि क्षेत्रको विकास गर्ने परिकल्पना गरेको छ जसले

आर्थिक वृद्धिका साथै जीविकोपार्जनमा सुधार ल्याई खाद्य र पोषण सुरक्षामा योगदान पुऱ्याउँदै खाद्य सम्प्रभुत्ता (food sovereignty) हासिल गर्नमा योगदान पुर्याउंदछ ।

७१. यस बाहेक नेपाल सरकारले आफ्नो एकीकृत दृष्टिकोण र कसैलाई पछाडि नछोड्ने (Leaving no one behind) को सिध्दान्त अनुरुप देशको रुपान्तरणको माध्यमको रूपमा बलियो राष्ट्रिय प्रतिवद्धताका साथ दिगो विकास सन २०३० को एजेन्डा अगाडि बढाएको छ। तदनुसार सन् २०३० का लक्ष्यहरू सन् २०१६ मा तय गरिएको र यसको राष्ट्रिय समीक्षा समेत सन् २०२० मा भैसकेको छ ।

७२. पन्ध्रौं आवधिक योजना (बि.सं.२०७६/७७-२०८०/८१) ले १०.५ प्रतिशतको आर्थिक वृद्धि दर हासिल गर्ने र सन् २१०० सम्ममा निरपेक्ष गरिबी शून्य प्रतिशतमा झार्ने लक्ष्य राख्दै देशको सुशासन, विकास र समृद्धि प्रवर्द्धन गर्ने सोच लिएको छ । योजनाले प्रति व्यक्ति राष्ट्रिय उत्पादन (GNP per capita) सन् २०१९/२० (बि.सं.२०७६/७७) मा १०४७ अमेरिकी डलरबाट सन् २०२३/२४ मा १५९५ अमेरिकी डलर पुर्याउने लक्ष्य राखेको छ । आधार वर्ष (२०१९/२०) को ११.४% बेरोजगारी घटेर ६% पुग्ने प्रक्षेपण गरिएको छ । यस योजनाले कृषि क्षेत्रको नाफा वृद्धि गर्ने एवं सो को विस्तार र व्यवसायिकरण गर्ने, पर्यटन, उद्योग तथा व्यवसाय क्षेत्रको विकास गर्ने र प्राकृतिक स्रोत र वातावरणको संरक्षण गर्नमा जोड दिएको छ ।

७३. बि.स.२०६१ सालमा तर्जुमा गरिएको राष्ट्रिय कृषि नीतिलाई महत्वपूर्ण छाता नीतिको रुपमा लिईन्छ । यसको तर्जुमा दिर्घकालिन कृषि योजना कार्यान्वयनमा सहयोग पुर्याउनु रहेको र यो नीति कृषिबाट ग्रामिण विकासको नेतृत्व लिन सहज वातावरण सृजना गर्नमा केन्द्रित रहेको छ । साथै यसले गरिबी निवारण र खाद्य सुरक्षामा योगदान गर्ने गरी कृषि उत्पादन प्रणालीको व्यवसायिकरणवाट उच्च र दिगो आर्थिक वृद्धि प्राप्त गर्ने लक्ष्य लिएको छ । यो नीतिले उत्पादकत्व बढाउने र कृषकको हितमा प्राकृतिक स्रोतहरुको उपयोग गर्ने उद्देश्य समेत लिएको छ । अन्य नीतिहरु विभिन्न बाली तथा वस्तु, मलखाद, कृषि व्यवसाय प्रवर्द्धन, कृषि जैविक विविधता संरक्षण, यान्त्रिकिकरण, खर्क व्यवस्थापन आदि क्षेत्रमा केन्द्रित छन् ।

७४. विभिन्न बालीहरुको लागि आवश्यक पर्ने गुणस्तरयुक्त बिउको कुशल तरिकाले आपुर्ति सुनिश्चित गर्ने; गुणस्तरयुक्त बिउको उत्पादन गरी निर्यात बढाउने; बिध्यमान बिश्व व्यापार, नेपालको स्थानिय/स्वदेशी विशेषता भएका बिउको आनुबंशिक स्रोतको संरक्षण एवं आनुबंशिक स्रोत माथिको अधिकार संरक्षण गर्न विभिन्न संस्थाहरुलाई समन्वय गर्ने पक्षलाई दृष्टिगत गर्दै बिउ व्यवसायलाई प्रभावकारी बनाउने उद्देश्य राखी राष्ट्रिय बउ विजन नीति (२०५६) तर्जुमा गरिएको हो । यस्तैगरी बाली/वस्तुसँग सम्बन्धित नीतिहरुमा राष्ट्रिय चिया नीति (२०५७), राष्ट्रिय कफि नीति (२०६०), राष्ट्रिय मल नीति (२०५८), पुष्प प्रवर्द्धन नीति (२०६९), राष्ट्रिय दुग्ध विकास नीति (२०७८) रहेका छन् । यी बाली/वस्तुविशेष नीतिहरु उत्पादन र स्वदेशी एवं बाह्य बजारहरु प्रवर्द्धन गर्नमा केन्द्रित छन् ।

७५. अन्य विभिन्न पक्षहरुसँग सम्बन्धित नीतिहरु (cross cutting policies) मा कृषि व्यवसाय प्रवर्द्धन नीति (२०६३), खर्क नीति (२०६८), राष्ट्रिय सहकारी नीति (२०६९), सिँचाई नीति (२०७०), कृषि जैविक विविधता नीति (२०६३), कृषि यान्त्रिकिकरण प्रवर्द्धन नीति (२०७०), वन नीति (२०७५), राष्ट्रिय भू-उपयोग नीति (२०७२), वाणिज्य नीति (२०७२), जलवायु परिबर्तन नीति (२०७६), राष्ट्रिय कृषि-वन नीति (२०७६), गरिबी निवारण नीति (२०७६), राष्ट्रिय बिज्ञान तथा प्रविधि नीति (२०७६) आदि रहेका छन् ।

७६. कृषि व्यवसाय प्रवर्द्धन नीति (२०६३) ले विविधिकरण, व्यवसायिकरण र निजी क्षेत्रको संलग्नतामा व्यवसायिक कृषि उत्पादन र प्रवर्द्धन बारे प्रकाश पारेको छ । जबसम्म कृषि क्षेत्र निर्वाहमुखिबाट व्यवसायिक हुदैन तबसम्म कृषकहरुको जीवनस्तरमा सुधार हुदैन भन्ने कुरामा यस नीतिले जोड दिएको छ । यस नीतिले बजारमुखी र प्रतिस्पर्धि कृषि उपजहरुको उत्पादन अभिवृद्धि गरी गरिबी निवारण गर्ने उद्देश्य लिएको छ । साथै यस नीतिले आन्तरिक र बाह्य बजारहरु प्रवर्द्धनको आवश्यकता समेत महसुस गरेको छ ।

७७. कृषि जैविक विविधता नीति (२०६३) कृषि जैविक विविधता को संरक्षण, प्रवर्द्धन र उपयोग गर्ने राष्ट्रिय कृषि नीति (२०६१) को उद्देश्य पूर्ति गर्न तर्जुमा गरिएको हो । यसले कृषि जैविक विविधताहरुको संरक्षणबाट दिगो विकास र पारिस्थितिकिय सन्तुलन कायम गर्न सकिने कुरामा जोड दिएको छ । साथै यस नीतिले आनुबंसिक स्रोतहरुको संरक्षण एवं उपयोगबाट खाद्य सुरक्षा र गरिबी निवारणमा समेत टेवा पुर्याउने सोच राखेको छ ।

७८. खर्क नीति (२०६८) ले बिध्यमान मुख्य मुद्दाहरु र खर्कहरुको महत्वमाथि प्रकाश पारेको छ । त्यस्तै यस नीतिले विभिन्न सरोकारवालाहरुको दृष्टिकोणबाट खर्कहरुको सर्वाङ्गीण (Holistic) व्यवस्थापन गर्ने गरी विश्लेषण गरेको छ । साथै खर्कहरुले क्रमिक रुपमा चुनौतीहरुको सामना गरिरहेकोले तत्काल ध्यान केन्द्रित गर्नुपर्ने, प्राकृतिक खर्कहरुको विकास र दिगो उपयोग गरी स्थानिय समुदाको जिविकोपार्जनमा सुधार गर्ने र खर्कहरुको व्यवस्थापन गरी दिगो रुपमा आहारा (दाना) आपुर्ति र चरण व्यवस्थापन सुधार गर्ने पक्षहरुलाई समेत यस नीतिले ध्यान दिएको छ ।

७९. राष्ट्रिय सहकारी नीति (२०६९) ले कृषिसँग सम्बन्धित नाफारहित सहकारीहरुको प्रवर्द्धन गर्ने, नाफामुखि बचत तथा ऋण र बहुउद्देशिय सहकारीहरुलाई नियन्त्रण गर्ने लक्ष्य लिएको छ । यस नीतिले नाफारहित रुपमा काम गर्ने सहकारीहरुका लागि धेरै सुबिधाहरु उपलब्ध गराउने कुरा उल्लेख गर्नुका साथै नाफामुलक सहकारीहरुका लागि विभिन्न नियमनका उपायहरु उल्लेख गरेको छ ।

८०. सिँचाई नीति (२०७०) ले कृषि उत्पादकत्व वृद्धिमा टेवा पुर्याउन कृषि भुमिमा वर्षैभरि दिगो र भरपर्दो सिँचाई सुबिधा उपलब्ध गराउने परिकल्पना गरेको छ । त्यस्तै यस नीतिले बिध्यमान जलस्रोतको प्रभावकारी व्यवस्थापन मार्फत वर्षैभरि सिँचाई सुबिधा उपलब्ध गराउने, बिध्यमान प्रणालीहरुको दिगो

व्यवस्थापन गर्न जल उपभोक्ताहरुको संस्थागत क्षमता विकास गर्ने, र सिँचाई विकाससँग सम्बन्धित प्राविधिक जनशक्ति, जल उपभोक्ता र गैर सरकारी संस्थाहरुको ज्ञान, शिप र संस्थागत कर्य क्षमता अभिवृद्धि गर्ने उद्देश्य समेत लिएको छ ।

८१. कृषि यान्त्रिकिकरण प्रवर्द्धन नीति (२०७०) ग्रामिण क्षेत्रबाट युवा कृषकहरुको आप्रावसनका कारण कृषिकर्ममा देखिएको श्रमिकहरुको अभावलाई दृष्टिगत गरि तर्जुमा गरिएको हो । यस नीतिले समयमा नै खेतवारीका कृषिकर्महरु गर्न, उत्पादकत्व वृद्धि गर्न तथा उत्पादन लागत घटाउन र कृषि कार्यमा हुने कार्यबोझलाई घटाउन सहयोग पुर्याउने छ । साथै यसले फार्मसँग सम्बन्धित कार्यहरुलाई मर्यादित बनाई शिक्षित ग्रामिण युवाहरुलाई कृषिमा आकर्षित समेत गर्ने सोच राखेको छ ।

८२. राष्ट्रिय वन नीति (२०७५) ले व्यवस्थित वन क्षेत्र र सन्तुलित पर्यावरण मार्फत नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक सम्वृद्धिमा योगदान पुर्याउने परिकल्पना गरेको छ । वन, संरक्षित क्षेत्र, जलाधार, जैविक विविधता, वन्यजन्तु र वनस्पतिको दिगो र सहभागितामूलक व्यवस्थापनबाट वनजन्य वस्तु तथा सेवाको उत्पादन एवं मूल्य अभिवृद्धि र तिनको न्यायोचित वितरण गर्ने लक्ष्य लिएको छ । साथै फलफूल लगायतका कृषि-वनको विकास र संरक्षण गरी वन क्षेत्रलाई आर्थिक उपार्जनको माध्यमको रुपमा विकास गर्ने नीति समेत लिएको छ ।

८३. राष्ट्रिय भू-उपयोग नीति (२०७२) उब्जायोग्य जमिनको बढ्दो खण्डिकरण र अव्यवस्थित शहरिकरणको मुद्दालाई दृष्टिगत गरी तर्जुमा गरिएको हो । यो नीतिले जमिनको खण्डिकरण नियन्त्रण र यसको महत्तम उपयोग सुनिश्चित गर्ने र कृषि क्षेत्रलाई उद्योग क्षेत्रसँग आवद्ध गर्ने उद्देश्य लिएको छ । जमिनलाई उपयुक्तताको आधारमा ११ तहमा बर्गिकरण गरेको छ भने जमिनको चक्लाबन्दि र व्यवसायिक खेतीलाई प्राथमिकतामा राखी कृषि भूमिको संरक्षण गर्न संघिय भू-उपयोग योजना बनाउने नीति लिएको छ ।

८४. वाणिज्य नीति (२०७२) ले निकासी प्रवर्द्धन मार्फत राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाई आर्थिक सम्वृद्धि हासिल गर्ने दूरदृष्टि राखेको छ । यस नीतिले निकासी प्रवर्द्धन गरी समावेशी र दिगो आर्थिक वृद्धि हासिल गर्ने, आपूर्तिजन्य क्षमताको सुदृढीकरण गर्ने र विश्व बजारमा मूल्य अभिवृद्धियुक्त प्रतिस्पर्धी वस्तु तथा सेवाको निकासी बढाई व्यापार घाटा कम गर्ने र क्षेत्रीय तथा विश्व बजारमा वस्तु, सेवा र बौध्दिक सम्पत्तिको पहुँच वृद्धि गर्ने लक्ष्य लिएको छ ।

८५. राष्ट्रिय जलवायु परिवर्तन नीति (२०७६) ले जलवायु समानुकुलन समाजको विकास गरि राष्ट्रको सामाजिक-आर्थिक सम्वृद्धिमा योगदान पुर्याउने परिकल्पना गरेको छ । साथै संकटासन्न र जोखिमपूर्ण अवस्थामा रहेका व्यक्ति, परिवार, समुह र समुदायको जलवायु अनुकुलन क्षमता अभिवृद्धि गर्ने, जलवायु परिवर्तनका प्रतिकूल असर तथा प्रभावको जोखिममा रहेका पारिस्थितिकिय प्रणालीहरुको समानुकुलनता (resilience) विकास गर्ने, न्यून कार्वन उत्सर्जन विकासको अवधारणा अवलम्बन गर्दै हरित अर्थतन्त्रको

प्रवर्द्धन गर्ने, जलवायु परिवर्तन न्यूनिकरण र अनुकुलनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तिय स्रोतहरुको न्यायोचित परिचालन गर्ने आदि उद्देश्य यस नीतिले लिएको छ ।

८६. राष्ट्रिय कृषि-वन नीति (२०७६) ले भूमिको उत्पादकत्व वृद्धि र बहुगुणात्मक उपयोग गरी कृषि, पशु वनजन्य पैदावारहरुको उत्पादन बढाउने; वन माथिको चाप कम गरी वातावरण तथा जैविक विविधता संरक्षण गर्ने; माटोको गुणस्तरीयता कायम र जलवायु समानुकुल पयार्वरण प्रणाली विकास गर्ने; कृषि-वनको सघन रुपमा प्रवर्द्धन गरी स्थानीय समुदायको खाद्य सुरक्षाका साथै जीविकोपार्जन, रोजगारी र आयआर्जनका अवसरहरु सिर्जना गर्ने; कृषि-वनमा लगानीका अवसरहरु जुटाई व्यावसायिकरण माफर्त अर्थतन्त्रमा योगदान पुर्याउने; र कृषि-वन विषयमा अध्ययन, अनुसन्धान र क्षमता अभिवृद्धि गर्ने लक्ष्य लिएको छ ।

८७. गरिबी निवारण नीति (२०७६) ले गरिबी मुक्त र समानतायुक्त समाजको परिकल्पना गरेको छ । यस नीतिले आर्थिक असमानता न्यूनिकरण गर्ने एवं गरिबीको रेखामुनी रहेको जनसंख्या बि.सं. २०८७ सम्म ५ प्रतिशतमा र वि.सं. २१०० सम्म शुन्यमा झार्ने लक्ष्य लिएको छ । गरिव व्यक्ति तथा परिवारका लागि मुलुकमा उत्पादनशिल रोजगारी एवं स्वरोजगारी सृजना गर्ने; उपलब्ध प्राकृतिक स्रोत साधनको उपयोगमा गरिव तथा बिपन्न वर्गको न्यायपूर्ण पहुँच तथा सहभागिता सुनिश्चित गर्ने; गरिबी निवारण प्रयासहरुमा गरिब एवं बिपन्न वर्गको सहभागित स्थापित गर्ने आदि लक्ष्य लिएको छ ।

८८. राष्ट्रिय बिज्ञान प्रविधि तथा नव प्रवर्द्धन नीति (२०७६) ले दिगो विकास र सम्वृद्धिका लागि बिज्ञान प्रविधि तथा नवप्रवर्तनको आवश्यकता परिकल्पना गरेको छ । यस नीतिले बिज्ञान प्रविधिको विकास, नवप्रवर्तनको उपयोग र वैज्ञानिक संस्कृतिको प्रवर्द्धनबाट उत्पादन र उत्पादकत्व वृद्धि गरी नागरिकको गुणस्तरीय जीवनयापनमा सहयोग गर्दै सम्वृद्ध नेपाल निर्माणमा योगदान गर्ने लक्ष्य लिएको छ ।

८९. कृषि उत्पादन सामाग्री र उत्पादित वस्तुहरुको बिक्री तथा व्यापार र त्यस्ता वस्तुहरूको स्वच्छतालाई नियमन गर्न एक दर्जनभन्दा बढी ऐन र नियमहरू बिध्यमान छन् । कृषि संस्था र तिनका सेवाहरू सञ्चालन गर्न समेत ऐन र नियमावलीहरू तर्जुमा गरिएका छन्। खाद्यसम्बन्धि ऐन र नियमावलीहरूमा खाद्य ऐन (२०२३), खाद्य नियमावली (२०२७), दानासँग सम्बन्धित दाना ऐन (१९७६) र दाना नियमावली (२०४१), विषादीसँग सम्बन्धित विषादी ऐन (२०४८) र विषादी नियमावली (२०५०) हुन् । पशु तथा जलचरसँग सम्बन्धित पशु स्वास्थ्य तथा पशुसेवा ऐन (२०५५), नेपाल पशु चिकित्सा परिषद ऐन (२०५५), जलचर संरक्षण ऐन (२०१७), पशु बधशाला तथा मासु जांच ऐन (२०५५), पशु स्वास्थ्य तथा पशु सेवा नियमावली (२०५६), नेपाल पशु चिकित्सा परिषद नियमावली (२०५७), राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन (२०४८), र रासायनिक मल (नियन्त्रण) आदेश (२०५५ रहेका छन ।संघ, प्रदेश र स्थानीय तहबीच समन्वय, आपसी सहयोग, सहअस्तित्व र अन्तरसम्बन्धको आवश्यकता र प्रवर्द्धनलाई मध्येनजर गर्दै संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन २०७७ व्यवस्थापिका संसदले जारि गरेको छ ।

९०. राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन (२०५४), बीउबिजन ऐन (२०४५), बीउ बिजन नियमावली (२०६९), कृषि अनुसन्धानका लागि नेपाल कृषि अनुसन्धान परिषद् ऐन (२०४८), नेपाल कृषि अनुसन्धान परिषद् (कार्यविधि) नियमावली (२०४९) रहेका छन । त्यस्तै कृषि र पशुपालन क्षेत्रको कामलाई नियमन र नियन्त्रण गर्ने ऐनहरूमा वातावरण संरक्षण ऐन (२०७६), भूमि ऐन (२०२१), औद्योगिकव्यवसाय ऐन (२०७३), विदेशी लगानी र प्रविधि हस्तानतरण ऐन (२०७५), निकासी पैठारी नियन्त्रण ऐन,२०१३ आदि रहेका छन ।

९१. प्रादेशिक नीति र योजनाहरू मुख्यतया राज्य संरचनाको सङ्क्रमणकालीन अवधिसँग सम्बन्धित राष्ट्रिय नीति संरचनामा आधारित छन् । तसर्थ, सुदूरपश्चिम प्रदेशका अधिकांश कृषि कार्यक्रमहरू राष्ट्रिय कृषि नीति (२०६१), कृषि विकास रणनीति (२०१५) र दिगो विकास लक्ष्यहरुमा आधारित छन्। प्रदेश सरकारले कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन ऐन (२०७५) तर्जुमा गरी कार्यान्वयनमासमेत ल्याएको छ । प्रदेशका अन्य नीति र निर्देशिकाहरुमा सहकारीलाई आय आर्जन र उत्पादनमुखी कार्यमा अनुदान (२०७५), स्वरोजगार उन्मुख तालिम सञ्चालन तथा व्यवस्थापन (२०७५), सहकारीका लागि अनुदान (२०७६), शित भण्डार, शित च्याम्बर र राईपनिङ चेम्बर स्थापना (२०७६), कृषिमा आधारित उद्योग स्थापना कार्यक्रम (२०७६), व्यावसायिक केरा खेती कार्यक्रम (२०७६), व्यावसायिक प्याज उत्पादन कार्यक्रम (२०७६), सुदूरपश्चिम प्रदेशको कृषि विकास कार्यक्रम (२०७६) र मुख्मन्त्री एकिकृत कृषि र पशु विकास कार्यक्रम (२०७६) रहेका छन् ।त्यसैगरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले हालै कृषि तथा पशु व्यवसाय अनुदान परिचालन निर्देशिका २०७८ लाई अनुमोदन गरेको छ। प्रादेशिक कृषि नीति, कृषि तथा पशुव्यवसाय प्रवर्द्धन नियमावली, प्रादेशिक कृषि प्रसार रणनीति, र साना सिँचाइ निर्देशिका तर्जुमा भै रहेका छन भने अन्य ऐन, नीति, र कार्यक्रम कार्यान्वयन कार्यविधिहरु तयारी चरणमा रहेका छन्।हालसालै, प्रदेशको प्रदेश सभाले ले सुदूरपश्चिम प्रदेशको पशु विकास तथा पशु स्वास्थ्य सेवा ऐन,२०७८ लाई सर्वसम्मतिले पारित गरेको छ ।

९२. क्षेत्र र उपक्षेत्रीय नीति तथा रणनीतिहरू बीच केहि अन्तर र विसँगतिहरू छन् । हालका नीति र रणनीतिहरूको कार्यान्वयन र व्यवस्थापन पक्षहरू कृषि विकासको लागि एकीकृत दृष्टिकोणलाई सम्बोधन गर्न अझै सुसँगत (coherent) हुन सकेका छैनन भने यस क्षेत्रलाई व्यवसायिकरणतर्फ रूपान्तरण गर्ने कार्यलाई सही रूपमा कार्यान्वयन गर्न असमर्थ समेत भएका छन् ।

### ४.२ प्रादेशिक संस्थागत क्षमता विश्लेषण

९३. यस प्रदेशको कृषि विकास क्षेत्रमा संस्थागत क्षमता र जनशक्तिको क्षमता दुवैको चरम अभाव छ । क्षमताको अभावले प्रदेशको नीति विश्लेषण, योजना, सेवा प्रवाह र कार्यान्वयन सीमित भएको छ । यसका कारण विशेषगरी कृषि क्षेत्रको रूपान्तरणका लागि प्रदेशले तर्जुमा गरेका केही आशावादी नीति तथा निर्देशिकाहरुको पनि उचित कार्यान्वयन हुन सकेको छैन । मन्त्रालयले कार्यक्रमको आवश्यकता अनुसार अनुगमन र मूल्याङ्कन गर्न सक्ने अवस्था समेत छैन । मन्त्रालय स्तरमा सीमित जनशक्तिको कारण धेरै संस्थाहरू बीच समन्वय र सहजीकरण गर्न नसकिएको अवस्था छ । यसैगरि ठूलो कृषि

जनसङ्ख्या र अपर्याप्त रूपमा प्रशिक्षित सेवा प्रदायकहरुलाई प्रवाह गरिने सेवाको गुणस्तर कमजोर हुनुका साथै कृषकहरुको ठूलो हिस्सा सम्भावित कृषि व्यवसाय तथा उद्यमहरूको सेवाको माग पूरा गर्न समेत मन्त्रालय असमर्थ भएको छ । मन्त्रालयमा कूल स्वीकृत दरबन्दिमध्ये ९—१० श्रेणीका अधिकृतको ६६ प्रतिशत र ७—८ श्रेणीका अधिकृतको ७१ प्रतिशत पद रिक्त छन् । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा मानवस्रोतको वर्तमान परिदृश्य चित्र ६ मा दिइएको छ ।




**चित्र ६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा मानवस्रोत (MoLMAC २०२१)**

९४. सुदूरपश्चिम प्रदेशले अनुसन्धान र प्रसारमा समस्या भोगिरहेको छ भने निर्देशनालयहरु र कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुले अपर्याप्त कर्मचारी र क्षमताको सामना गरिरहेका छन् । प्रदेशमा एउटा कृषि विकास निर्देशनालय रहेको छ जसले ९ वटा कृषि ज्ञान केन्द्रहरुको नियमन र समन्वय गर्नु पर्दछ । कृषि व्यवसाय विकास एवं प्रवर्द्धन गर्न र कर्मचारी एवं कृषकको क्षमता विकास गर्न यस प्रदेशको कञ्चनपुरमा एउटा कृषि व्यवसाय सहयोग तथा तालिम केन्द्र (ABSTC) रहेको छ ।

९५. माथिका प्रावधानहरुको बावजुद एकातिर केही पदहरू (विशेषज्ञ देखि सामान्य प्राविधिक) निर्देशनालय र त्यस अनतर्गतका जिल्लास्तरका कार्यालयहरूमा अझै पनि रिक्त छन् भने अर्कोतर्फ उपलब्ध कर्मचारीहरूका लागि बढ्दो माग र जलवायु परिवर्तनको प्रभावहरूको सामना गर्ने खालका कृषि व्यवसाय, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण, स्मार्ट प्रविधिको विकास, उत्पादनोपरान्त प्रविधि र प्रशोधन, एवं बजारीकरण जस्ता प्रसार तथा प्रविधि हस्तान्तरणमा थप दक्षता चाहिने देखिएको छ ।

९६. प्रदेश सरकारको कार्यक्षेत्रमा रहेका बाली संरक्षण प्रयोगशाला, सुन्दरपुर कञ्चनपुर, माटो तथा मलखाद परीक्षण प्रयोगशाला सुन्दरपुर, बीउबिजन प्रयोगशाला सुन्दरपुर, सुख्खा फलफूल विकास केन्द्र, सतबांझ बैतडी, तरकारी जर्मप्लाज्म संवर्धन तथा बीउ विकास केन्द्र डडेल्धुराले पनि मानवस्रोतको चरम अभावको सामना गरिरहेका छन् ।

९७. चित्र ७ मा देखाइए अनुसार निर्देशनालय, कृषि ज्ञान केन्द्र, प्रयोगशाला, फार्म र तालिम केन्द्रहरू सहित कृषि क्षेत्रमा ९-१० औं तहका अधिकृतहरूको लगभग ८३% र ७-८ औं तहका अधिकृतहरूको लगभग ६४% स्वीकृत पदहरू रिक्त छन् । यस तथ्यले प्रदेशमा कृषिलाई रूपान्तरण गर्ने सेवा प्रदान गर्नमा कमजोरी रहेको प्रष्ट देखाउँछ ।




**चित्र ७. कृषि निर्देशनालय, कृषि ज्ञान केन्द्र, र स्रोत केन्द्रहरुमा कृषिको दरबन्दि (MoLMAC, २०२१)**

९८. मानव संसाधनको हिसाबले पशुपालन उपक्षेत्र कृषि उपक्षेत्र भन्दा फरक छैन । पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयको एउटा इकाई दिपायलमा स्थापना गरिएको छ जस अन्तरगत प्रत्येक जिल्लामा एक एक गरी नौ वटा VHLSECs रहेका छन् । धनगढीमा एउटा पशु सेवा तालिम केन्द्र र गेटा कैलालीमा एउटा मत्स्य विकास केन्द्रले सेवा प्रदान गरिरहेका छन् । समग्रमा मानव संसाधनको अवस्था चिन्ताजनक छ । कुल स्वीकृत पदहरूमध्ये ९-१० औं तहका अधिकृतहरूको लगभग ५५% र ७-८ औं तहका अधिकृतहरूको लगभग ४४% पद रिक्त छन् (चित्र ८) । स्थानीय तहमा कर्मचारीहरूको रिक्त पद र संख्या तुलनात्मक रूपमा कम (२१%) छ जसको अर्थ पशुपालन र मत्स्यपालन क्षेत्रको रूपान्तरण धेरै हदसम्म प्रदेशका कर्मचारीहरूमा निर्भर रहेको छ ।




**चित्र ८. पशु तथा मत्स्य निर्देशनालय, VHLESCs, र स्रोत केन्द्रहरुमा दरबन्दि स्थिति (MoLMAC २०२१)**

९९. NARC को भागेतडा डोटीस्थित क्षेत्रीय कृषि अनुसन्धान केन्द्रमा दरबन्दिको तुलनामा अपर्याप्त कर्मचारी रहेका छन् । प्रदेशका विभिन्न क्षेत्रहरुको मागलाई यस केन्द्रले सम्बोधन गर्न सकेको छैन । यसले अन्य पाररिस्थितिकिय क्षेत्रहरुमा थप अनुसन्धान केन्द्रहरूको आवश्यकतालाई स्पष्ट रूपमा दर्शाउंछ ।

१००. प्रदेशको अर्को डरलाग्दो मुद्दा भनेको कृषि नीति र कार्यविधिहरूमा एकरुपता नहुनु हो जसको परिणाम स्वरूप प्रदेश भित्रका सँगठनहरू बीचको समन्वयमा बाधा पुग्नुका साथै दोहोरोपन र उपलब्ध स्रोतहरुको असन्तुलित प्रयोग भएको छ । नेपाल राष्ट्र बैंक र नेपाल बीमा समितिको निर्देशन अनुसार उद्यमीहरूलाई कृषि कर्जा र बीमा सहुलियत दिन बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीहरूले आनाकानी गरिरहेका छन् । न त प्रदेशले बैंक तथा वित्तीय संस्थाहरुलाई उद्यमीहरुको पक्षमा नियमन गर्न नै सकेको छ ।

१०१. प्रदेशमा निजी क्षेत्रको संलग्नता र योगदान अनुसन्धान र प्रसार क्षेत्रमा उत्कृष्ट हुन सक्छ । सुदृढ नीति र संयन्त्रको अभावका कारण प्रदेशमा कृषि व्यवसायका क्षेत्रमा सार्वजनिक—निजी साझेदारी (PPP) प्रवर्द्धन को पहल अपर्याप्त रहेको छ ।

### ४.३ पालिका स्तरको क्षमता विश्लेषण

१०२. संविधानले कृषि र पशुपन्छी विकास क्षेत्र लगायतका विकासको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयले २०७५ सालमा कृषि तथा पशु क्षेत्रको लागि स्थानीय तहका लागि आवश्यक पर्ने दरबन्दी र प्राविधिक जनशक्तिको आवश्यकता सम्बन्धमा सँगठन तथा व्यवस्था पन सर्भेक्षण गरी सोही अनुसार दरबन्दिको व्यवस्था गरेको थियो । प्रत्येक स्थानीय तहमा ७/८ तहका अधिकृतको नेतृत्वमा कृषि क्षेत्रमा चार प्राविधिक कर्मचारी र पशु सेवा क्षेत्रमा पाँचदेखि नौ जना प्राविधिक कर्मचारी रहने व्यवस्था छ । पुनर्संरचनाको प्रारम्भिक चरणमा यो व्यवस्था सन्तोषजनक देखिन्छ । तथापि प्रायः सबै स्थानीय तह अन्तरगतका ईकाइहरूमा प्रस्तावित विशेषज्ञ/कर्मचारीको उपलब्धता चुनौतीपूर्ण छ किन भने एकातिर अधिकांश पदहरू रिक्त छन् भने अर्कोतिर वरिष्ठ कर्मचारी/विज्ञहरू ग्रामीण समुदायमा गै काम गर्न समेत अनिच्छुक देखिन्छन् ।

१०३. जनशक्तिको तीव्र अभावलाई पूर्ति गर्न अधिकांश स्थानीय तहले अस्थायी कर्मचारी नियुक्त गर्ने व्यवस्था गरी थोरै तलब तथा सुबिधामा तल्लो तहका प्राविधिक कर्मचारीहरु नियुक्त गरेका छन् । एक गाउँ एक प्राविधिक (OVOT) र स्थानीय श्रोत व्यक्ति (LRP) को प्रावधान आंशिक रूपमा स्वीकार गरिएको छ, तर अझै स्थानीय स्तरमा यसलाई सुदृढ र संस्थागत गर्न बाँकी नै छ । प्राविधिक र स्थानीय श्रोत व्यक्तिहरूको क्षमता विकास गर्ने व्यवस्था कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र र जिल्लामा आधारित कार्यालयहरूको क्षमतामा निर्भर रहन्छ । स्थानीय तहमा

कृषि सामाग्री, प्राविधिक जनशक्ति र बजारीकरणका लागि उपलब्ध कृषि सहकारीहरू पनि उनीहरूमार्फत सेवा प्रवाह गर्ने नगरपालिका प्रक्रियासँग जोडिएका छैनन् ।

### ४.४ कृषि रूपान्तरणको कारकहरु (Drivers of Agricultural Transformation)

१०४. प्रदेशको कृषि रुपान्तरणको प्रक्रियामा आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक र प्राविधिक कारणले सकारात्मक र नकारात्मक परिचालकको रुपमा काम गरिरहेका छन । सामान्यतया निम्न कारकहरूलाई रूपान्तरणको द्रुतदरमा योगदान पुर्याउने सकारात्मक कारकहरूको रूपमा लिन सकिन्छ ।

क) भौतिक एवं सूचना प्रविधि दुवैको आवद्धतामा सुधार ।
ख) उपभोगमा विविधतासँगै मागको संरचनामा परिवर्तनका कारण कृषि उत्पादनको माग बढ्दो ।
ग) बाह्य संसारसँग प्राविधिक एकीकरण ।
घ) उपभोक्ताको बढ्दो क्रयशक्ति ।
ङ) खेतीका लागि जग्गाको उपलब्धता ।
च) कृषि क्षेत्रमा शिक्षित युवाहरुको बढ्दो सहभागिता ।
छ) कृषि मूल्य श्रृंखलामा निजी क्षेत्रको लगानी ।
ज) कृषि उत्पादन मुल्य अभिवृद्धि (प्रशोधन लगायत) गर्ने उद्योग हरुको क्रमिक विकास ।

१०५. प्रदेशमा कृषि रूपान्तरणको प्रक्रियालाई बाधा पुर्‍याउने नकारात्मक कारकहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

क) खेतीयोग्य जमीन बांझो रहनु ।
ख) बढ्दो श्रम लागत र कृषि श्रमको अभाव ।
ग) कृषि क्षेत्रमा घट्दो नाफा ।
घ) आयातित उत्पादनहरूसँग बढ्दो प्रतिस्पर्धा ।
ङ) जलवायु परिवर्तनको प्रभाव र बढ्दो पानीको अभाव ।
च) बढ्दो मानव-वन्यजन्तु द्वन्द ।
छ) घट्दो माटोको उर्वरताशक्ति ।
ज) कृषि र गैह्र कृषि क्षेत्रबीच श्रमिक उत्पादकत्वमा बढ्दो असमानता ।

## ५. ADS ढाँचा

### ५.१ राष्ट्रिय विकास सन्दर्भ

१०६. योजनावद्ध विकासको छ दशकको अवधिमा नेपालमा नौ पञ्चवर्षीय र पाँच त्रिवर्षीय योजनाहरू लागू भएका छन् । देशमा विभिन्न रुपान्तरण भए पनि आर्थिक, सामाजिक र पूर्वाधार विकासका क्षेत्रमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । यस अवधिमा शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक सुरक्षा लगायतका क्षेत्रमा महत्वपूर्ण उपलब्धि समेत हासिल भएका छन् । तर कृषिसँग सम्बन्धित

पूर्वाधारहरू जस्तै, कृषि सडक, विद्युतीकरण, बजार पूर्वाधार, भण्डारण गृह, कोल्ड स्टोर र कोल्ड चेन, कृषि अनुसन्धानमा आधारित पूर्वाधार लगायतका क्षेत्रमा थप प्रयासको आवश्यकता छ ।

१०७. निरपेक्ष र बहुआयामिक गरिबीमा उल्लेख्य कमी आए पनि जनसंख्याको ठूलो हिस्सा गरिबीको रेखामुनि रहेको छ । स्वदेशमै रोजगारीको अवसर नहुँदा युवा श्रमशक्ति रोजगारीका लागि विदेश जाने प्रवृत्तिमा अझै परिवर्तन हुन सकेको छैन । अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान को घटेको छ भने व्यापार घाटा उच्च रहेको छ । सामाजिक सुरक्षा लगायत सामाजिक—आर्थिक विकासका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएका छन् । आर्थिक वृद्धि, उत्पादन र उत्पादकत्व, औध्योगीकरण, गुणस्तरीय शिक्षा र स्वास्थ्य, स्वच्छ र प्रदुषणमुक्त वातावरण, सुशासन लगायतका क्षेत्रमा योजनाले तोकेका लक्ष्यहरू अपेक्षित रूपमा हासिल हुन सकेका छैनन ।

१०८। नेपालको अर्थतन्त्र दक्षिण एसियाली छिमेकीहरूको तुलनामा सुस्त गतिमा बढेको छ । जनताको जीवनस्तरमा सुधार गर्दै आएको सन्दर्भमा सन् २०१६ मा प्रति व्यक्ति आय ७५७ अमेरिकी डलर, सन् २०१९ मा १०९० अमेरिकी डलर सहित निम्न मध्येम आयको स्थितिमा पुगेको छ। देशको गरिबीको लामो इतिहास, लोकतन्त्रका लागि दशकौं लामो संघर्ष र सन् २०१५ को विनाशकारी भूकम्प पछि को कठिन अवस्थाबाट मुक्ती पश्चात नेपालले हालका वर्षहरूमा हासिल गरेको बढ्दो आर्थिक बृद्धि दरलाई महत्त्वपूर्ण मान्न सकिन्छ । नेपालीहरुको आम्दानी बृद्धिमा योगदान पुर्याउने चारवटा कारक तत्वहरुमा ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा जनसंख्या बसाई सर्ने, शिक्षाको स्तरमा वृद्धि, ज्यालादारी जागिरबाट बौद्धिक पेसातर्फ लाग्नु, र विदेशमा काम गर्ने नेपालीको बिप्रेषणमा आएको वृद्धि पर्दछन् ।

१०९. कोभिड-१९ ले अर्थतन्त्रलाई पुर्याएको नकारात्मक असरका कारण देशको समग्र विकासमा चुनौती थपेको छ । घट्दै गएको कुल गार्हस्थ उत्पादन वृद्धिले पिछडिएको जनसङ्ख्या झन गरिबीको स्तरमा झर्ने ठूलो जोखिम रहेको छ ।सरकारको बहुआयामिक गरिबी सूचकाङ्क - जसले स्वास्थ्य, पोषण, शैक्षिक अवसर र जीवनस्तरमा विशुद्ध आम्दानीको तथ्याङ्कसँगै कमजोरीहरूलाई समेत हेर्दछ - ले सन् २०१८ मा गरिबी दर २८.६% रहेको देखाएको छ (NPC,2018)।

## ५.२ प्रादेशिक योजनाहरू

११०। सुदूरपश्चिम प्रदेशले सन् २०२०/२१ मा कृषि गुरुयोजना (ब्ए), पशुपंक्षी गुरुयोजना (ाःए), र कृषि पर्यटन सम्भाव्यता तथा लगानी योजना (ब्ँक्षए) को मस्यौदा तर्जुमा गरेको छ । सबै योजना र रणनीतिहरू ब्क्क को जग र प्रदेश सरकारका अन्य रणनीतिहरूमा खडा भएका छन् । ब्ए ले सुदूरपश्चिम प्रदेशमा दिगो कृषि प्रवर्द्धन र पारिवारिक आय वृद्धि गरी जीविकोपार्जन सुधार गर्ने लक्ष्य हासिल गर्न सुसँगत कार्यक्रमहरू र कार्यहरूलाई सहजीकरण गर्न एक ढाँचा तयार गरेको छ । योजनाको प्राथमिक उद्देश्य सन् २०२१-२०३२ को अवधिमा लागू हुने प्रदेश सरकारको कृषि विकास प्राथमिकताहरूलाई निजी क्षेत्र र विकास साझेदारहरूसँग मिलि सहयोग गर्ने र खाद्य र पोषण सुरक्षा, समृद्धि, रोजगारी सिर्जना र समानुकुलनता निर्माण गर्ने सन्दर्भमा कृषि क्षेत्रका सम्भावनाहरुबाट

फाइदा लिनु रहेको छ । योजनाको सफल कार्यान्वयनले वैज्ञानिक भूउपयोग व्यवस्थापन र सामाजिक न्याय र समृद्ध, स्वाधीन र समाजवाद उन्मुख राष्ट्रिय लक्ष्य पुरा गर्न र आत्मनिर्भर उत्पादनको प्रादेशिक हैसियत हासिल गर्नका साथै कृषिजन्य वस्तुको निर्यातमा टेवा पुग्ने छ । सुखी, स्वस्थ र शिक्षित नागरिकहरूले समान अवसर, मर्यादा र उच्च जीवनस्तरको उपभोग गर्ने गरी दिगो विकास लक्ष्य समेत प्राप्त गर्नमा सहयोग पुग्ने छ । ङ्ए अनुसार खाद्य र पोषण सुरक्षा, तुलनात्मक मूल्य श्रृंखला विकास र बजार, आर्थिक वृद्धि र जीविकोपार्जन सुधार, दिगो उत्पादन र प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन र संस्थागत विकास मुख्य कार्यक्षेत्रमा रहेका छन् (:यी:ब्क्ष्, द्ण्द्द्गब०।

१११. LMP को मुख्य उद्देश्य प्रदेशका जनताको जीविकोपार्जनलाई सहयोग गर्नु, तिनीहरूको खाद्य र पोषण सुरक्षा अभिवृद्धि गर्नु र सँगठित पशुपंक्षी लगानी योजना र रणनीतिहरू मार्फत आय वृद्धि गर्नु हो । LMP ले विश्लेषणका साथ वर्तमान अवस्थालाई प्रतिविम्बित गर्दै, दीर्घकालीन रणनीतिहरू एवं कार्य योजनाहरू तर्जुमा गर्न एवं आवश्यक भविष्यवाणी गर्न समेत क्षेत्र विश्लेषणको आवश्यक प्रमाण प्रदान गरेको छ । LMP ले प्रदेशको लागि पशुपंक्षी कार्यक्रम पहिचान गर्न र उत्पादन प्रणाली विकास गर्न रणनीति विकास गरेको छ । LMP ले राष्ट्रिय तथा दिगो विकास लक्ष्य सन २०३० अनुसार तराई, पहाड र हिमालका लागि पशुपालन र मत्स्यपालन विकासको रणनीतिको परिकल्पना गरेको छ । रोग निदान, पशु प्रजनन, पशुपंक्षी विस्तार, भेटेरिनरी क्लिनिकल सेवा, पशु व्यवसाय योजना र बजार उन्मुख उत्पादन योजनाहरू जस्ता विभिन्न विषयहरूबाट विशेषज्ञहरूको सेवाहरूको प्रयोगमा आधारित विकास दृष्टिकोण लिएको छ । यस योजनाको उद्देश्य पशुधन बजारीकरण, पशु पोषण, पशु प्रजनन, पशु स्वास्थ्य र अनुसन्धान र विकास योजनालाई प्रवर्द्धन र सुधार गर्ने रहेको छ (MoLMAC, 2021b)। अछाम, डोटी र कैलाली जिल्लामा केन्द्रित कृषि-पर्यटन सम्भाब्यता र लगानी योजना (ATFIP) ले उपयुक्त, मनमोहक र जीवन्त कृषि पर्यटनको स्थापना गर्ने दश वर्षे दृष्टिकोण प्रस्ताव गरेको छ । ATFIP को मुख्य उद्देश्य प्रदेशमा अद्वितीय र प्रतिस्पर्धी कृषि उत्पादनको विकास मार्फत कृषि क्षेत्रलाई पर्यटनसँग एकीकृत गरी मौलिक गन्तव्यहरू स्थापना गर्नु रहेको छ । ATFIP को रणनीतिक मार्गचित्रमा प्रस्तावित जिल्लाहरूमा बलियो संस्थागत ढाँचा मार्फत सामाजिक-आर्थिक वातावरण र कृषि-जैविक विविधताको संरक्षण गर्ने सांस्कृतिक, ऐतिहासिक, धार्मिक र बहु-क्षेत्रीय छवि अनुकूल पूर्वाधारहरू स्थापना गर्नु रहेको छ । यस योजनाले अछाम जिल्लाको रामरोशन, खप्तड-नैनी, र अछाम जिल्लाको वैद्यनाथधाम, डोटीको झिगराना, कैलालीको टीकापुर, घोडाघोडी र बेहदबाबा लगायतका पर्यटकीय गन्तव्य र वरपर नमूना फार्म, स्रोत केन्द्र र कृषि व्यवसायिक संस्थाको विकास गर्ने लक्ष्य राखेको छ (MoLMAC, 2021c)।

११२. आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा सुदूरपश्चिम प्रदेशलाई उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषिमा आत्मनिर्भर बनाउन औद्योगिक विकासका लागि उद्योग गुरुयोजना र कृषि विकास नीति तर्जुमा गर्न प्रस्ताव गरिएको छ । प्रदेश सरकारले विगत आर्थिक वर्षमा १ सय १६ गाउँमा कृषि तथा पशुपन्छी विकास, १ सय ३४ स्थानमा ब्लक कार्यक्रम र ७ पहाडी तथा हिमाली जिल्लामा सघन

खाद्यान्न उत्पादन कार्यक्रम सञ्चालन गरी आफैंले नमूना गाउँ विकास गरौं कार्यक्रम अघि सारेको छ । प्रदेश सरकारले नेपालको संविधान, पन्ध्रौं योजना, दिगो विकास लक्ष्य र योजनाका प्रावधानलाई ध्यानमा राखी स्वास्थ्य, कृषि, पर्यटन, उद्योग, जलस्रोत र पूर्वाधार क्षेत्रलाई प्राथमिकतामा राखेको छ ।

## ५.३ ADS दुरदृष्टि

११३. ADS ले "आर्थिक वृद्धि मार्फत खाद्य तथा पोषण सुरक्षामा योगदान पर्याउन र जीविकोपार्जनमा सुधार गर्दै खाद्य सम्प्रभुता तर्फ डोर्याउनका लागि आत्मनिर्भर, दिगो, प्रतिस्पर्धात्मक र समावेशी कृषि क्षेत्र" को परिकल्पना गरेको छ । ADS ले खाद्य तथा पोषण सुरक्षा, गरिबी न्यूनीकरण, प्रतिस्पर्धात्मकता, ग्रामीण घरपरिवारको उच्च र अधिक समतामूलक आम्दानीका लागि चार स्तम्भमा आधारित रही किसानको अधिकारलाई सुदृढ गर्ने लक्ष्य राखेको छ । ती स्तम्भहरुमा सुशासन, उत्पादकत्व, नाफामूलक व्यवसायीकरण र सुशासन हुन ।

११४. ADS का सबै परिणाम, प्रतिफल र गतिविधिहरूबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खाद्य र पोषण सुरक्षामा सुधार गर्ने र प्राकृतिक स्रोतहरूको दिगो उपयोग मार्फत खाद्य उत्पादन र उत्पादकत्व बढाएर राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्‍याउने रहेको छ । खाद्य उत्पादन र उत्पादकत्व बृद्धिका लागि प्राकृतिक स्रोतहरूको दिगो उपयोग; सुधारिएको खाद्यान्न/दाना/बीउ भण्डारहरू, आपतकालिन अवस्थाका लागि तयारी तथा सुधार, जलवायु स्मार्ट कृषि अभ्यासहरू मार्फत किसानहरूको जोखिम कम गर्ने; किसानको आय वृद्धि; बजार पहुँचमा सुधार; उत्पादनोपरान्त क्षति कम गर्दै खाद्य सुरक्षा सुधार; अधिक विविध आहारको लागि व्यापार विविधीकरण; महिला, युवा, पिछडिएका समूह र पिछडिएका क्षेत्रहरूमा आधारित व्यक्तिहरूको नेतृत्वमा रहेका सूक्ष्म, साना र मझौला कृषि उद्यमहरूको विकासलाई तीव्रता दिने अपेक्षा गरिएको छ ।

### ५.४ विकास उद्देश्यहरू

११५. पन्ध्रौ आवधिक योजना (२०७६/७७-२०८०/८१) र ADS (२०१५-३५) नेपालको पछिल्लो विकास योजना हुन । पन्ध्रौ आवधिक योजनाको उद्देश्यमा यस प्रकार रहेका छन् ।

(क) सुलभ आधुनिक पूर्वाधार र सघन आवद्धता ।

(ख) जनशक्तिको क्षमता विकास तथा पूर्ण उपयोग ।

(ग) उच्च तथा दिगो उत्पादन र उत्पादकत्व ।

(घ) उच्च र समतामूलक राष्ट्रिय आय ।

(ङ) सुस्वास्थ्य र सभ्य जीवन ।

(च) सुरक्षित, सभ्य र निष्पक्ष समाज ।

(छ) स्वस्थ र सन्तुलित वातावरण र सुशासन ।

(ज) व्यापक लोकतन्त्र, राष्ट्रिय एकता, सुरक्षा र मर्यादा प्रवर्द्धन ।

योजनाले आधारभूत तथा समष्टिगत पूर्वाधार विकास, स्वच्छ ऊर्जाको उत्पादन र उपयोग, व्यावसायिक कृषि प्रवर्द्धन, उत्पादनशील उद्योग, पर्यटन विकास र सार्वजनिक क्षेत्रको प्रभावकारिता अभिवृद्धि गरी

व्यापार विस्तार गरी द्रुत, दिगो र रोजगारीमा आधारित आर्थिक वृद्धि, निजी, सहकारी र सामुदायिक क्षेत्रको व्यापक परिचालन र सुदृढीकरण, क्षेत्रीय तथा स्थानीय अर्थतन्त्रको विकास र आयोजना सुशासनमा सुधारको परिकल्पना गरेको छ ।

११६. सिँचाइ सुविधाको द्रुत र सघन विस्तार, भूउपयोग नीतिको प्रभावकारी कार्यान्वयन, उन्नत बीउ, मल र आधुनिक प्रविधिको अवलम्बन, यान्त्रिकीकरण, आधुनिकीकरण र कम आयतन भएका उच्च मूल्यको जैविक कृषि उत्पादन र प्रशोधनमा जोड दिई कृषिको व्यवसायिकरण गर्ने परिकल्पना १५ औं आवधिक योजनाले गरेको छ । त्यसैगरी योजनाले कृषि अनुसन्धान तथा प्रविधि विकास र प्रसार, सहुलियतपूर्ण कृषि कर्जा, कृषि बीमा, मल र बीउको उपलब्धता सुनिश्चित गर्ने, कृषिको प्रवर्द्धन र स्थानीय तथा प्रदेश तहमा बजार विकास र व्यवस्थापनका लागि लगानी लगायतका थप रणनीतिहरू समेत प्रस्ताव गरेको छ । योजनाले मत्स्यपालन र पशुपंक्षी उत्पादनमा आत्मनिर्भरता हासिल गर्नका साथै प्रमुख बालीहरूमा रणनीतिक हस्तक्षेप गर्ने सोच राखेको छ । यो योजनाले बाली रोप्ने समय अगावै प्रमुख कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण गरी कार्यान्वयन गर्ने लक्ष्य समेत राखेको छ ।

**तालिका १७.** पन्ध्रौ **आवधिक योजनामा कुल गार्हस्थ उत्पादन र क्षेत्रगत मूल्य अभिवृद्धिको लक्ष्य**

| सि.नं. | क्षेत्रहरु | आधार वर्ष २०७५/७६ | पन्ध्रौं योजना (रु करोड) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | औषत वृद्धि | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| १. | कृषि क्षेत्रको गार्हस्थ उत्पादन (रु करोड) | ८२,६०१ | ५.४ | ८६,४८७ | ९०,८५६ | ९६,००९ | १०१,५७१ | १०७,४३६ |
| १.१ | कृषि र वन | ८१,१३५ | ५.२ | ८५,८६७ | ८९,०२५ | ९३,९२२ | ९९,१८१ | १०४,७३६ |
| १.२ | मत्स्य | १,४६६ | १२.९ | १,६२० | १,८३१ | २,०८७ | २,३८९ | २,७०० |
| २. | गैह्र कृषि क्षेत्रको गार्हस्थ उत्पादन | २२३,५२२ | ११.० | २४५,६२१ | २७२,९२८ | ३०३,५४७ | ३३६,००३ | ३७४,८४९ |
| २.१ | उद्योग | ४६,५५८ | १४.६ | ५३,२७५ | ६१,३९९ | ७०,३५२ | ७९,४३४ | ९०,९४५ |
| २.२ | सेवा | १७६,९६४ | ९.९ | १९२,३४६ | २११,५२९ | २३३,१९६ | २५६,५७० | २८३,९०४ |

स्रोत: NPC, 2020

११७. सरकारको प्रमुख कृषि विकास कार्यक्रम मध्ये प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (PMAMP) पनि एक हो । PMAMP अन्तरगत भौगोलिक सम्भाव्यता र स्थानीय आवश्यकताको आधारमा १५,००० पकेट, १५०० ब्लक, ३०० जोन र २१ सुपरजोन स्थापना गरी ८४२,००० हेक्टर जमिनमा खेती गर्ने र २०८०/८१ सम्ममा कम्तीमा ६६ लाख मेट्रिक टन अतिरिक्त कृषि उत्पादन गरी खाद्य र पोषणको सुधार, कृषिमा आधारित उद्योग हरूको विस्तार, आयात प्रतिस्थापन एवं निर्यात

प्रवर्द्धन र रोजगारी सृजना तथा गरिबी निवारण जस्ता प्रभाव र परिणामहरू हासिल गर्ने लक्ष्य रहेको छ ।

११८. सरकारद्वारा तयार गरिएको कृषि विकास रणनीति (२०१५-२०३५) देशको राष्ट्रिय क्षेत्रगत रणनीति हो। यसको समग्र उद्देश्यमा खाद्य र पोषण सुरक्षा, गरिबी न्यूनीकरण, प्रतिस्पर्धात्मक क्षमता वृद्धि, ग्रामीण घरपरिवारको उच्च र समतामूलक आम्दानी र किसानको अधिकारलाई सुदृढ गर्ने पाँचवटा आयामहरू समावेश छन् । ADS ले उच्च आम्दानी, जीविकोपार्जनमा सुधार र खाद्य तथा पोषण सुरक्षा मार्फत किसान र कृषि उद्यमीहरूको समृद्धि बढाउने लक्ष्य राखेको छ । ADS ले वञ्चित समूह र क्षेत्रहरूको समावेशीकरण र गरिबहरूको लागि बजारमा आधारित मूल्य श्रृंखला विकासको दृष्टिकोणलाई बढावा एवं मूल्य श्रृंखलासँगै समान लाभ वितरणको आवश्यकतालाई जोड दिएको छ । साथै यसले परम्परागत रूपमा बहिष्कृत समूहहरू जस्तै महिला, युवा र अन्य पिछडिएका समूहहरूको नेतृत्वमा कृषि उद्यमहरूको प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ ।

११९. दुरदृष्टि हासिल गर्न ADS ले सुशासन, उत्पादकत्व, नाफामूलक व्यवसायिकरण र प्रतिस्पर्धात्मकता लगायतका चार रणनीतिक अवयबहरू मार्फत कृषि क्षेत्रको वृद्धि लाई गति दिनेछ । यसका लागि समावेशीता (सामाजिक र भौगोलिक दुवै), दिगोपना (प्राकृतिक स्रोत र आर्थिक दुवै), निजी क्षेत्र र सहकारी क्षेत्रको विकास, र बजार पूर्वाधार (जस्तै, कृषि सडक, सङ्कलन केन्द्र, प्याकिङ हाउस, बजार केन्द्र), सूचना पूर्वाधार- सूचना र सञ्चार प्रविधि (ICT), र ऊर्जा पूर्वाधार (जस्तै, ग्रामीण विद्युतीकरण, नवीकरणीय र वैकल्पिक ऊर्जा स्रोतहरू) प्रवर्द्धन गर्ने सोच लिएको छ ।

१२०. ADS का विशिष्ट प्रतिफलहरूमा किसानहरू र कृषि उद्यमहरूको आवश्यकताहरू प्रति उत्तरदायी विकेन्द्रीकृत कृषि अनुसन्धान र प्रसार प्रणालीहरू समावेश छन् । रणनीतिले सुदृढ कृषि शिक्षा प्रणाली, दक्ष र दिगो भूमि प्रयोग र समतामूलक, सम्भाब्य (feasible) र प्रभावकारी सिँचाइ प्रणाली सहितको कृषि संस्कृति हासिल गर्ने लक्ष्य राखेको छ । त्यसैगरी ADS ले किफायती मूल्यमा उच्च गुणस्तरीय कृषि सामाग्रीहरू समयमै पहुँचको परिकल्पना गर्नुका साथै स्रोत र क्षमता विकासमा पर्याप्त लगानी मार्फत बीउ विजनको दीर्घकालिन सोच (सन २०१३-२०२५) जस्ता बिध्यमान बीउ नीतिहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ । थप रणनीतिहरूमा मल आपूर्ति (अल्पकालिन, मध्यम र दीर्घकालीन) को व्यावहारिक समाधान समावेश गरि उत्पादकत्व र उत्पादनमा सुधार गर्ने लक्ष्य राखीएको छ जसमा नेपाली खेती प्रणालीका लागि उपयुक्त विभिन्न उन्नत पशु नस्लहरू समेत समावेश छन् । त्यसै गरी ADS ले निजी क्षेत्र मार्फत कृषकहरूलाई पहुँचयोग्य यान्त्रिकीकरणको विकल्पहरू उपलब्ध गराउने र जलवायु परिवर्तन, विपद्, मूल्य अस्थिरता र अन्य झट्काहरू (shocks) द्वारा सृजित समस्याहरुको सामना गर्न सक्ने क्षमता को विकास गर्ने उद्देश्य समेत राखेको छ । ADS का अन्य महत्त्वपूर्ण पक्षहरूमा दिगो खेती, असल कृषि अभ्यास, असल पशु चिकित्सा तथा पशुपालन सेवाहरू, निर्वाहमुखि उत्पादनमा आधारित वन र कृषि मैत्री वन व्यवस्थापन, प्राकृतिक स्रोत व्यवस्थापन र जीविकोपार्जन सुधारका लागि समग्र र समुदायमा आधारित दृष्टिकोण समावेश छन् ।

१२१. जलवायु परिवर्तनको क्षेत्रमा दस्तावेजले स्थानीय अनुकूलन कार्य योजना (LAPA) लाई जलवायु परिवर्तनको लागि राष्ट्रिय अनुकूलन कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा सहयोग गर्ने योजना बनाएको छ र अनुकूलन र न्यूनीकरणका लागि वन क्षेत्रका घटकहरूको भूमिकालाई जोड दिएको छ । साथै नीतिगत निर्णयको विकास गर्ने, कार्बन शोषण (sequestration) लगायत वातावरणीय सेवाहरूको लागि भुक्तानी सम्बन्धि योजनाहरू कार्यान्वयन र मापन गर्ने र स्थानीय वन उपभोक्ता समूहहरू बीच वैकल्पिक/नवीकरणीय ऊर्जा र ऊर्जा बचत योजनाहरूको प्रयोगलाई प्रवर्द्धन गर्न जोड दिएको छ । प्रकोपहरूको लागि ADS ले प्रारम्भिक चेतावनी प्रणाली (early warning system) स्थापना गर्न प्रस्ताव गर्नुका साथै कृषि बीमा प्रवर्द्धन, खाद्य भण्डारण प्रणाली सुदृढीकरण, बीउ र दाना / आहारा सुरक्षित प्रणाली सुदृढ गर्दै खडेरी, बाढी, महामारी र ग्रामीण क्षेत्रहरूलाई असर गर्ने आपतकालिन र कृषि बीमामा नसमेटिएका किसानहरूलाई पूर्वतयारी र प्रतिक्रिया (response) को लागि कोष स्थापना गर्ने सोच राखेको छ ।

१२२. सुदूरपश्चिम प्रदेशको लागि शुरु गरिएको मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम (CMALDP) ले सबै स्थानीय तहमा छनौट गरीएको बाली/वस्तुमा केन्द्रित एकीकृत कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य राखेको छ । साथै २५०० मेट्रिक टन क्षमताको शीत भण्डार, १८५० मे. टन क्षमताको तरकारी र ६५० मे. टन क्षमताको फलफूल भण्डारण कक्षहरु निर्माण गर्ने लक्ष्य लिएको छ। कार्यक्रमले निर्वाहमुखी कृषि, पशुपालन र मत्स्यपालनलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने र प्रदेशमा १०,००० मे. टन क्षमताको दाना उद्योग तथा गोदाम र प्रशोधन केन्द्र स्थापना गर्ने लक्ष्य राखेको छ ।

# ६ PADS ढाँचा

१२३. गरिबीको रेखामुनि रहेका करिब एक तिहाई सुदूरपश्चिम प्रदेशका जनतामा रहेको गरिबी निवारण गर्न द्रुततर कृषि वृद्धि (accelerated agricultural growth) लाई प्रमुख विधिको रुपमा लिईएको छ । अन्य आर्थिक क्षेत्रबाट आएको समान स्तरको वृद्धि भन्दा कृषिमा आधारित वृद्धि गरिबी न्यूनीकरणमा २ देखि ३ गुणा बढी प्रभावकारी हुन्छ भन्ने प्रमाणित भएको छ (विश्व बैंक, २००८) । एसियाली अर्थतन्त्रहरूको अनुभवले देखाएको छ कि कृषि क्षेत्रको वृद्धिलाई उत्प्रेरित गर्ने सबैभन्दा सफल तरिका भनेको कृषि उद्यमीहरूका लागि लगानीको वातावरण सिर्जना गर्नु हो भने उत्पादकत्वको उच्च स्तर हासिल गर्न आवश्यक महत्वपूर्ण ज्ञान र उत्पादन साधनहरुमा बढी पहुँच सिर्जना गर्नु हो ।

१२४. ADS को दुरदृष्टिको भावनाले किसान, राज्य र बजारको अपेक्षा पूरा गर्ने लक्ष्य राख्दछ । यसरी, PADS तीन प्रमुख पक्षहरूमा खडा छ । PADS को सम्पूर्ण रूपरेखा चित्र ९ मा उल्लेख गरिए अनुसारको अपेक्षा हासिल गर्नमा केन्द्रित हुनेछ :




**चित्र ९. PADS का अपेक्षाहरु**

१२५. माथिका अपेक्षा पुरा गर्न PADS ले कृषि प्रविधि प्रणाली, कृषि व्यवसायीकरण, खाद्य तथा पोषण, र संस्थागत एवं सुशासनको चार रणनीतिक परिणामहरू मार्फत कृषि क्षेत्रको वृद्धिलाई गति दिनेछ । चार परिणामहरूले सामाजिक र पारिस्थितिकिय समावेशीता, दिगोपन (आर्थिक, वातावरण र सामाजिक) र जलवायु परिवर्तन समानुकुलन, पारदर्शिता एवं जवाफदेहिता, कुल उत्पादन साधनहरुको उत्पादकत्व (TFP) वृद्धि, वैज्ञानिक नवप्रवर्तन र बलियो ज्ञानको आधार र सक्षम वातावरण अभिवृद्धि गर्ने लक्ष्य राखेका छन् । रणनीतिक परिणामहरू सार्वजनिक, निजी र सहकारी क्षेत्रहरू बीचको सहकार्य र साझेदारीको बलियो आधारशिलामा आधारित छन् । तलको चित्र १० ले PADS को रणनीतिक रूपरेखाको दृष्टान्त प्रदान गर्दछ ।




**चित्र १०. PADS को ढाँचा**

१२६. सार्वजनिक र निजी क्षेत्रको भूमिकाको स्पष्ट चित्रण सहितको समावेशी, दिगो, बहुक्षेत्रीय र समानुकुलित बृद्धि (resilient growth) ले खाद्य र पोषण सुरक्षा सुदृढ, ग्रामीण गरिबी न्यूनीकरण, ग्रामीण आयमा बृद्धि, प्रतिस्पर्धात्मक क्षमतामा सुधार, ब्यापारमा बृद्धि, संगठन सुदृढीकरण र सुशासन हुने अपेक्षा गरीएको छ ।

१२७. PADS आगामी १५ वर्षमा प्रादेशिक कृषि क्षेत्रलाई मार्गदर्शन गर्न तथा नीतिहरु कार्यान्वयनको लागि तयार गरीएको दीर्घकालीन रणनीति हो । यस अवधिमा सबै पहिचान गरिएका विषयगत क्षेत्रहरूको वृद्धिले प्रचलित खाद्य र पोषण सुरक्षा, परम्परागत कृषि प्रविधि र कृषि व्यवसायलाई सुधार गर्दै समग्रमा बलियो र सन्तुलित अर्थतन्त्रको विकासका लागि सार्वजनिक, सहकारी र निजी क्षेत्र एवं अन्य विकास साझेदारहरू बीचको सद्भावलाई सुव्यवस्थित गर्ने अपेक्षा गरिएको छ । PADS जलवायु समानुकुलित कृषि, कुल उत्पादन साधनहरुको उत्पादकत्व वृद्धि (TFP); पारदर्शिता, जवाफदेहिता र सहभागिता (TAP); समावेशीता र दिगोपन; नीति तथा कानूनी वातावरण; र वैज्ञानिक आविष्कार र ज्ञानमा आधारित कार्यहरु जस्ता प्रमुख सिद्धान्तहरूद्वारा निर्देशित हुनेछ ।

१२८. PADS लाई कृषि क्षेत्रको वृद्धि मार्फत खाद्य सुरक्षा प्रवर्द्धन, जीविकोपार्जनमा सुधार र सामाजिक-पारिस्थितिकिय सन्तुलन कायम गर्न र सुदूरपश्चिम प्रदेशको समग्र आर्थिक वृद्धिमा योगदान पुर्याउनको लागि प्रेरक शक्ति र आधारशिला मानिएको छ । अर्थतन्त्र मध्यम आयको स्थितिमा पुग्दा ग्रामीण र

शहरी क्षेत्र बीचको खाडललाई कम गर्न ग्रामीण गैर-कृषि क्षेत्रको विकास महत्त्वपूर्ण हुन्छ । यसर्थ, PADS का सिद्धान्तहरूले सबै सरोकारवालाहरू (सरकार, किसान, सहकारी, निजी क्षेत्र, आदि) को पूर्ण र प्रभावकारी सहभागितामा जोड दिनुको साथै तिनीहरू बीचको खाडललाई कम गर्न र कृषि विकासको दिगोपन सुनिश्चित गर्न तथा अपेक्षित परिणामहरू प्राप्त गर्न उनीहरू बीचको सहकार्य र साझेदारीलाई जोड दिएको छ । PADS ले प्रदेशको कृषि वृद्धिको प्रमुख स्रोतको रूपमा कुल उत्पादन साधनहरुको उत्पादकत्व (TFP) वृद्धिलाई अवलम्बन गर्नेछ । वैज्ञानिक आविष्कार र आदिवासी र स्थानीय समुदायको ज्ञान र अभ्यासले कृषि क्षेत्रको विकासमा ठूलो भूमिका समेत खेल्ने कुरालाई आत्मसात गरेको छ । प्रकृति मैत्री उत्पादन प्रणालीको अवलम्बन र जोखिम र झट्का (shocks) को व्यवस्थापनले लचिलो नीति र कानुनी वातावरणको माध्यमबाट कृषि उत्पादन प्रणालीको अनुकूलता निर्माण गर्न मद्दत पुग्न गई लक्ष्य हासिल समेत हुनेछ बिश्वास लिएको छ ।

१२९. PADS को रणनीतिक दृष्टिकोणले बहु-क्षेत्रीय पक्षहरू समावेश गर्दै बिध्यमान कृषि प्रणालीलाई अझ सुरक्षित र प्रतिस्पर्धात्मक वातावरणमा रूपान्तरण गर्ने लक्ष्य राखेको छ । विगतका सफल प्रयास र उपलब्धिहरूलाई सुदृढ गर्दै खेती एवं कार्यक्रममा आधारित, अनुकूलित र बहुपक्षीय दृष्टिकोणको अवलम्बन समेत गर्नेछ । अन्य सम्बन्धित क्षेत्रगत नीति, योजना र कार्यक्रमहरूमा PADS लाई मूलप्रवाहिकरण गर्दै सरोकारवालाहरू बीच समन्वय, सहकार्य, साझेदारी र सहयोग प्रवर्द्धन गर्नेछ । उत्पादक किसान र उद्यमीहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिमा मद्दत गर्ने उद्देश्यले प्रोत्साहन र सुविधा उपलब्ध गराउन उपयुक्त संयन्त्र/उपायहरू विकास र कार्यान्वयन गर्न नीति तथा निर्देशिकाहरू तर्जुमा गरी सक्षम वातावरण सिर्जना गर्नेछ ।

१३०. PADS ले वैज्ञानिक अनुसन्धान र नवीनतम आविष्कारहरू मा जोखिम, विपत र प्रतिकुल अवस्थालाई सम्बोधन गर्ने उपायहरु समावेश गरी दिगो कृषि उत्पादन प्रणालीको ज्ञानको आधारलाई सुदृढ गर्नेछ । स्थानीय सरकार, नागरिक समाज, सहकारी र निजी क्षेत्रको प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सार्थक सहभागितामा बिध्यमान संयन्त्र, संस्था र सुशासनलाई सुधार गरी सुदृढ मूल्य शृङ्खला, बजार र सेवाहरू स्थापना गर्नु PADS को दृष्टिकोणहरू मध्ये एक मुख्य दृष्टिकोण रहेको छ । PADS कार्यान्वयनका लागि थप सुलभ, लागत प्रभावकारी र दिगो वित्तीय तथा बीमा संयन्त्रको स्थापना गरिनेछ ।

## ६.१ दूरदृष्टि, ध्येय र उद्देश्य

१३१. PADS को दूरदृष्टि, ध्येय र उद्देश्य निम्नानुसार रहेका छन् ।

### दूरदृष्टि

सुदूरपश्चिम प्रदेशको सम्वृद्धिको लागि आत्मनिर्भर, समाबेशी, प्रतिस्पर्धि र जलवायुमैत्री/समानुकुलित (Resilient) कृषि क्षेत्रको बृद्धि।

**PADS ध्येय (Mission)**

प्रभावकारी, प्रतिस्पर्धि र दिगो कृषि क्षेत्र प्रवर्द्धन गरी आयस्तर वृद्धि र खाद्य एवं पोषण सुरक्षा सुनिश्चित गर्ने ।

**PADS उद्देश्यः**

PADS का उद्धेश्यहरु तपशिल बमोजिम रहेका छन् ।

- कृषि पेशालाई मर्यादित बनाउने ।
- कृषि क्षेत्रको प्रतिस्पर्धि क्षमता वृद्धि गर्ने ।
- कृषि उत्पादनमा आत्मनिर्भरता अभिबृध्दि गर्ने ।
- जिविकोपार्जन सुधार र खाद्य एवं पोषण सुरक्षा सुनिश्चित गर्ने ।

## ६.२ PADS को प्रभाव, परिणाम र लक्ष्यहरू

### ६.२.१ प्रभावहरू

१३२. PADS को समग्र प्रभावहरू पाँच आयामहरूबाट बनेका छन्: क) खाद्य र पोषण सुरक्षामा सुधार; ख) आय वृद्धि र गरिबी न्यूनिकरण; ग) कृषि व्यापारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि; घ) सुदृढ संस्थाहरू एबं सुशासन; र ङ) उत्पादन तथा बजार प्रणालीको समानुकुलता (Resiliency) विकास (तालिका १८) ।

**तालिका १८. PADS प्रभावहरूका सूचकहरू**

| प्रभावहरू (Impacts) | सूचकहरू (Indicators) |
|---|---|
| खाद्य र पोषण सुरक्षामा सुधार | • खाद्य सुरक्षित घरपरिवार (%)<br>• ५ वर्षभन्दा कम उमेरका बालबालीकामा पुड्कोपन (stunting), कम तौल (underweight) र ख्याउटेपन (wasting) (%)<br>• दूध, अण्डा, मासु र फलफूलको उपलब्धता (प्रति व्यक्ति) |
| आय वृद्धि र गरिबी न्युनिकरण | • प्रति व्यक्ति आय (रू)<br>• गरिबी दर (%) |
| कृषि व्यापारको प्रतिस्पर्धात्मक क्षमता वृद्धि | • बजारीकरण गरिएका कृषि वस्तुहरू (बजारयोग्य बचतको %)<br>• मूल्य शृङ्खला प्रवर्द्धन (संख्या)<br>• निर्यात प्रवर्द्धन (निर्यात गरिएको मूल्य/मात्रा) |
| सुदृढ संस्थाहरू र सुशासनमा सुधार | • कृषिमा आधारित उद्योग स्थापना (संख्या)<br>• सहकारी र निजी क्षेत्रको संलग्नता (खरिद बिक्रि मात्रा)<br>• कृषि उत्पादन साधन, वित्त, र बीमामा पहुँच (परिमाण र मूल्य)<br>• गुनासो सम्बोधन गर्ने संयन्त्र (समस्याहरू समाधान गर्न) |
| उत्पादन तथा बजार प्रणालीको समानुकुलता विकास | • जलवायु परिवर्तन अनुकूलन प्रविधिहरू (प्रविधिहरूको सङ्ख्या)<br>• खाद्य आपूर्ति र भण्डारण, बीउ बैंक, खाद्य बैंक (संख्या र मात्रा) |

### *६.२.१.१ खाद्य तथा पोषण सुरक्षामा सुधार*

१३३. PADS का सबै नतिजा, प्रतिफल र कार्यहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खाद्य तथा पोषण सुरक्षामा योगदान पुर्याउन मद्दत गर्नेछन । सबैभन्दा जोखिममा रहेका ग्रामीण समुदाय विशेषगरी सुत्केरी र गर्भवती महिलाहरू, दलित र जनजातिहरूको यस प्रदेशमा पोषण सुधारको बिशेष आबश्यकता रहेको छ जुन PADS मार्फत पूरा हुनेछन् । PADS को माध्यमबाट घरपरिवारमा खाद्य सुरक्षा, पाँच वर्ष मुनिका बच्चाहरुको पुड्कोपन, ख्याउटेपन र कम वजनमा सुधार, र तीनीहरुको पोषण सुधारका लागि दूध, अण्डा, मासु र फलफूल को उपलब्धतामा सुधार जस्ता पक्षहरु प्रतिविम्बित हुनेछन् ।

### *६.२.१.२ आय वृद्धि र गरिबी न्यूनिकरण*

१३४. PADS ले आयमा सुधार र गरिबी घटाएर किसान र कृषि उद्यमीहरूको समृद्धि गर्न प्रयास गर्दछ । यसको मुख्य फाइदाहरूका लागि PADS ले सीमान्तकृत किसानहरू, निजी क्षेत्रहरू, संस्थाहरू र ग्रामीण समुदायहरूमा ध्यान केन्द्रित गर्दछ । साथै यसको कार्यान्वयन मार्फत समान आयका अवसरहरू प्रवर्द्धन गर्दै बिध्यमान गरिबीलाई न्यूनिकरण गर्नेछ । PADS ले कम सेवा पुगेका समूह र क्षेत्रहरूको सहभागितालाई प्रोत्साहन गर्दछ । साथै गरिबहरूको लागि बजारमा आधारित मूल्य श्रृंखला विकास दृष्टिकोण अपनाई यसबाट थप न्यायोचित लाभ वितरणको आवश्यकतालाई जोड दिएको छ । त्यसैगरी PADS ले महिला र युवा लगायत परम्परागत रूपमा सीमान्तकृत समूहहरूको नेतृत्वमा कृषि व्यवसायको विकासलाई प्रोत्साहन गर्दछ । PADS को लैङ्गिक र समावेशी दृष्टिकोणले प्रतिव्यक्ति आय वृद्धि र प्रदेशमा गरिबी दर घटाउने दिशामा प्रभाव पार्नेछ ।

### *६.२.१.३ कृषि व्यापारको प्रतिस्पर्धात्मक क्षमता वृद्धि*

१३५. **PADS** ले एक सक्षम, कडा परिश्रमी र दक्ष कार्यशक्ति स्थापना गरी प्रतिस्पर्धात्मक दृष्टिकोण मार्फत प्रदेशमा द्रुत कृषि वृद्धि गर्ने लक्ष्य राखेको छ । प्रदेशलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा के ले बिशिष्टिकृत बनाउँछ भन्ने स्पष्ट बुझाइ; दृढ संकल्पित र उद्यमशील कृषि उध्यमीहरुले प्रदेशको प्राकृतिक उपहारहरूमा आधारित नयाँ उत्पादनहरू र प्रक्रियाहरू मा नयाँपन ल्याई उत्पादकत्व बृद्धी गर्ने छन् । त्यसैगरी PADS ले कृषि व्यापारमा प्रतिस्पर्धात्मकतालाई सशक्त बनाउन कृषि क्षेत्रमा निजी क्षेत्रको संलग्नतालाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । सार्वजनिक र निजी क्षेत्रहरू बीचको कार्यशक्ति, नवप्रवर्तन र दृढ संकल्पको बलियो संयोजनले बजार पूर्वाधार, कृषि मूल्य श्रृंखला, सुरक्षित र गुणस्तरीय खाद्य उत्पादन र निर्यात प्रवर्द्धनमा ठूलो प्रभाव पार्नेछ ।

### *६.२.१.४ सुदृढ संस्थाहरू र सुशासनमा सुधार*

१३६. ADS कार्यान्वयनका लागि बलियो संस्थागत र सुशासन संयन्त्रको आवश्यकता छ । संस्थागत संयन्त्रले प्राविधिक विशेषज्ञता भएको जनशक्ति, वित्तीय स्रोत, कृषि पूर्वाधार, बलियो कृषि व्यवसाय संरचना र नीतिगत वातावरणमा एकरूपता जस्ता आवश्यक स्रोतसाधनको उपलब्धता सुनिश्चित गर्नेछ भने सुशासनले सबै तहका प्रमुख सरोकारवालाहरूको पारदर्शिता, जवाफदेहिता र सहभागिता सुनिश्चित

गर्नेछ । यस सूचकको प्रभावको रुपमा दक्ष जनशक्ति, प्रादेशिक र स्थानीय तहको प्राथमिकतामा कृषि क्षेत्रको विकासको लागि बजेटको व्यवस्था, उत्पादनको बजारीकरण, कार्यात्मक मूल्य शृङ्खला, सहकारी व्यवस्थित कृषि व्यवसाय, सार्वजनिक निजी साझेदारी (PPP), PADS कार्यान्वयन सम्बन्धि निर्णयहरूमा महिला र सीमान्त समुदायको सहभागिता, कृषि अनुदान, उत्पादन सामाग्री, वित्त र बिमाको पहुँचमा नीतिगत सुसँगतता (policy coherence) रहेका छन् ।

६.२.१.५ उत्पादन प्रणालीको समानुकुलित विकास

१३७. कृषि उत्पादन प्रणालीहरू अनियमित मौसम र जलवायु अवस्थाका साथै अन्य वातावरणीय र सामाजिक-आर्थिक प्रतिकूल अवस्था प्रति संवेदनशील हुन्छन्। त्यस्ता प्रणालीहरूको समानुकुलताको पर्याप्त विश्लेषणले खाद्य सुरक्षा र जलवायु चरम प्रभावहरूको सामना गर्न मानिसहरूको क्षमताको मूल्याङ्कन समेत गर्न मद्दत गर्दछ । PADS ले मौसम पूर्वानुमान प्रणाली, परम्परागत र गैर-परम्परागत सिँचाइ प्रणालीको सुदृढीकरण र विस्तार, स्थानिय बाली तथा प्रविधिको संरक्षण र प्रवर्द्धन, गोदामहरू, बीउ बैंक, खाद्य बैंक तथा प्रदेशभरका विभिन्न सरोकारवालाहरूको क्षमता अभिवृद्धिसँगै खाद्य आपूर्ति प्रणालीलाई निरन्तरता दिनेछ । यी माथि उल्लेखित प्रविधि र सेवाहरूको स्थापना र कार्य ले उत्पादन प्रणाली संग सम्बन्धित प्रभावहरु देखिनेछ ।

### ६.२.२ PADS परिणामहरू (Outcomes)

१३८. PADS निम्न चार परिणामहरूमा आधारित छ ।

परिणाम १: मागमा आधारित कृषि प्रविधि विकास र प्रसार ।

परिणाम २: उत्पादकत्व वृद्धि र उत्पादन, बजार एवं व्यापारमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि ।

परिणाम ३: खाद्य र पोषण सुरक्षामा सुधार ।

परिणाम ४: संस्थागत सुदृढिकरण र सुशासनमा सुधार ।

१३९. नतिजाहरूमा पुग्न प्रतिफल सूचकहरूलाई प्राथमिकता कार्यक्रमहरू अन्तर्गत वर्णन गरिएको छ।

### ६.२.३ लक्ष्य र सूचकहरू

१४०. प्रस्तुत लक्ष्यहरू (targets) ले PADS कार्यान्वयनको परिणाम स्वरूप हासिल गर्न सकिने उद्देश्यको प्रतिनिधित्व गर्दछन । आर्थिक वर्ष २०७८/७९ देखि लागू हुने छोटो अवधि (५ वर्ष) र आर्थिक वर्ष २०९३/९४ सम्म दीर्घकालीन (१० वर्ष) का लागि लक्ष्यहरू सूचीबद्ध गरीको छ । PADS कार्यान्वयनका लागि प्रस्तावित मार्गचित्रबाट सबै लक्ष्यहरू प्राप्त हुनेछन् । लक्ष्य र सूचकहरू तलको तालिका १९ मा उल्लेख गरिएको छ ।

### तालिका १९. PADS दुरदृष्टिका प्राथमिक लक्ष्य र सूचकहरू

| परिणामहरु (Outcomes) | सूचकहरु (Indicators) | लक्ष्यहरु (Targets) | | | कैफियत |
|---|---|---|---|---|---|
| | | आधार वर्ष २०७८/७९ | २०८३/८४ | २०९३/९४ सम्म | |
| मागमा आधारित कृषि प्रविधि विकास र प्रसार | NARC केन्द्रहरूको स्थापना (संख्या) | १ | २ | ३ | तिन भौगोलिक क्षेत्रहरुको लागि |
| | बाह्य फार्महरु (outreach farms) को स्थापना (संख्या) | ५ | ३ | ८ | सरकारी-निजी-सहकारी साझेदारीमा |
| | कृषकको खेतबारी परिक्षण (FFT) स्थान (site) स्थापना (संख्या) | ० | ५ | १५ | सरकारी-निजी साझेदारीमा |
| | कृषि विकास स्रोत केन्द्र स्थापना (संख्या) | ३५ (बिउ) | १५ | ८० | मुख्यतया निजी क्षेत्रबाट |
| | पशुपंक्षी तथा मत्स्य विकास स्रोत केन्द्र स्थापना (संख्या) | ४ | ७ | २० | मुख्यतया निजी क्षेत्रबाट |
| | शैक्षिक-प्रसार-अनुसन्धान नमुना स्थान स्थापना (संख्या) | ० | ६ | १८ | कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसँगको सहकार्यमा |
| उत्पादकत्व वृद्धि र उत्पादन, बजार एवं व्यापारमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि | जमिनको उत्पादकत्व (कृषि कुल गार्हस्थ उत्पादन/हे.) अमेरिकि डलर | २,३७३ | २,९३८ | ४,७८७ | ADS को निर्धारित लक्ष्य अनुरुप |
| | श्रमिकको उत्पादकत्व (कृषि कुल गार्हस्थ उत्पादन/श्रमिक) अमेरिकी डलर | ३५० | ५०० | १,००० | |
| | हैसियत बिग्रिएको जग्गा न्युनिकरण (हे.) | ८,३१० | ७,५०० | ५,००० | CBS २०११ अनुसार |
| | ५ प्रमुख बालीहरूको भारित औसत उत्पादकत्व (मे.ट./हे.) | २.६७ | ३.०७ | ३.७ | धान, मकै, गहुँ, कोदो र जौ |
| | वर्षभरि सिँचाई हुने क्षेत्रफल (%) | २८ | ३३ | ४७ | |
| | विकास, सुदृढीकरण र संचालन गरिएका बजार केन्द्रहरू (संख्या) | ५४ | ६४ | ८४ | |
| | एग्रोभेटको संख्या | ३५२ | ४५० | ६५० | |
| खाद्य र पोषण सुरक्षामा सुधार | गरिबीको स्तर (%) | ३३.९ | २७ | १५ | |
| | खाद्य असुरक्षित परिवारहरूको प्रतिशत (मध्येम र गम्भीर) | ४४ | ३५ | २० | |
| | बालबच्चाको कुपोषण (५ वर्ष | ४०.९ | ३२ | २० | NDHS/FNG को |

| परिणामहरु | सूचकहरु (Indicators) | लक्ष्यहरु (Targets) | | | कैफियत |
|---|---|---|---|---|---|
| | मुनि)- पुड्कोपन | | | | आधार |
| | बालबच्चाको कुपोषण (५ वर्ष मुनि)- कम तौल | ३३.३ | २७ | १५ | „ |
| | बालबच्चाको कुपोषण (५ वर्ष मुनि)- ख्याउटेपन | १४.१ | १० | ५ | „ |
| | प्रति व्यक्ति उपलब्धता/वर्ष: दुध(लि.) | ८१ | ९४ | ११४ | |
| | प्रति व्यक्ति उपलब्धता/वर्ष: मासु (कि.ग्रा.) | ११.५ | १३ | १७ | |
| | प्रति व्यक्ति उपलब्धता/वर्ष:: अण्डा (संख्या) | १८ | २७ | ४९ | |
| | प्रति व्यक्ति उपलब्धता/वर्ष: फलफूल (कि.ग्रा.) | २० | २३ | २९ | |
| | प्रति व्यक्ति उपलब्धता/वर्ष: तरकारी (कि.ग्रा.) | ११७ | १२६ | १३९ | |
| सुदृढ संस्थाहरू र सुशासनमा सुधार | प्रतिवर्ष कुल कृषि गार्हस्थ (AGDP) वृद्धि (%) | २.७५ | ३.१५ | ४.० | |
| | क्वारिन्टिन कार्यालय/प्रयोगशाला स्थापना | ५ | ९ | १३ | |
| | रजिष्टर्ड कृषिमा आधारित व्यवसाय (संख्या) | १,९२१ | २,६०० | ४,००० | |
| | कृषि सहकारीहरुको स्थापना र संचालन (संख्या) operated | ८६१ | ९०० | १,००० | |
| | दुध सहकारीहरुको स्थापना र संचालन (संख्या) | ३६ | ५० | ७५ | |
| | जडिबुटी सहकारीहरुको स्थापना र संचालन (संख्या) | ५ | १० | २० | |

## ६.३ प्राथमिकता प्राप्त कार्यक्रमहरु (Priority Programs)

### ६.३.१ परिणाम १ः मागमा आधारित कृषि प्रविधि विकास र प्रसार

१४१. **PADS मा कृषि प्रविधि प्रणालीको परिणाम (Outcome):** कृषक र उद्यमीको मागमा आधारित कृषि प्रविधिहरू विकास र प्रसार ।

प्रविधि विकास प्रणाली अन्तरगत प्रविधि विकास, परीक्षण, एकीकृत ( integration), प्रवाह तथा प्रसार, र अबलम्वन पर्दछन् । उत्पादकत्व बढाउन र उच्च वृद्धि तथा प्रतिफल प्राप्त गर्न कृषि क्षेत्रमा उपयुक्त प्रविधिको विकास गर्नु आवश्यक हुन्छ । यसले थप लगानी गर्न आकर्षित र प्रोत्साहित

गर्नुका साथै अनुसन्धान र प्रसार प्रणालीहरूको क्षमता समेत विकास गर्नेछ । तर नेपालमा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न अनुसन्धान सापेक्षिकरुपमा असफल रहेको छ । यसका केही कारणहरूमा किसानहरूको प्राथमिक आवश्यकता अनुरूपका समस्याहरूलाई सम्बोधन गर्न कम ध्यान दिनु र अनुसन्धान केन्द्रहरुमा विकास गरिएका ज्ञान र प्रविधिहरू उत्पादकहरू र मूल्य श्रृंखलामा संलग्न सरोकारहरुलाई प्रभावकारी रूपमा हस्तान्तरण र प्रसार नगरिनु रहेका छन् । प्रविधि हस्तान्तरण (Transfer of Technology) गर्ने सस्थाहरु (अनुसन्धान, प्रसार) प्रति ध्यान केन्द्रित भएको देखिएता पनि अनुसन्धान र प्रसार संस्थाहरू बीचको कमजोर सम्बन्ध नै माथीका दुवै समस्याको प्रमुख कारण हुन । अनुसन्धान र प्रसार बीचको यो कमजोर र अप्रभावकारी सम्बन्धले "सानो स्तर, स्रोत-विपन्न किसानहरू र विशेष गरी अपेक्षाकृत कम सम्भावित, विषम कृषि-पारिस्थितिकिय क्षेत्रहरूमा संलग्न महिलाहरूका लागि उपयुक्त प्रविधिको विकास र प्रवाहमा बाधा पुर्याएको छ ।

१४२. राष्ट्रिय स्तरमा कृषि अनुसन्धान प्रणालीमा कम लगानी रहेको र यस प्रदेशमा रहेको अनुसन्धान केन्द्रहरूको संख्या र विभिन्न सरोकारवालाहरूले माग गरेका प्रविधि विकास गर्न अनुसन्धानको लागि प्राथमिकता निर्धारणमा समेत प्रतिविम्बित भएको छ । उन्नत र वर्णशंकर बीउ, वर्णशंकर चल्ला, पशुका नयाँ नस्ल, फलफूल र तरकारी, गैर-काष्ठ वन उत्पादनहरू र जलवायु स्मार्ट उत्पादन र व्यवस्थापन प्रविधिहरू र सेवाहरू जस्ता गुणस्तरीय र प्रतिस्पर्धी उत्पादन र सेवाहरू आवश्यक पर्ने किसानहरू, उद्यमीहरू र उद्योगहरूको वर्तमान प्राविधिक आवश्यकताहरू सम्बोधन गर्न बिध्यमान अनुसन्धान क्षमता अपर्याप्त छ । कृषि पशुपालन क्षेत्र र ग्राहकहरूको आवश्कतानुसार स्थान बिशेष प्रविधिहरू विकास र प्रसार गर्न वर्तरमान संरचना र जनशक्ति पर्याप्त छैन।

१४३. PADS ले कृषि प्रसारमा धेरै सरोकारवाला संलग्न रहेको र समयसँगै तिनीहरूको उपस्थिति अझ महत्त्वपूर्ण हुने कुरालाई हृदयङ्गम गरेको छ । प्रारम्भिक चरणमा PADS ले आवश्यक प्राविधिक जनशक्तिको संख्या बढाउने र बिध्यमान जनशक्तिको क्षमता अभिवृद्धि गर्ने योजना बनाएको छ । सार्वजनिक प्रसार सेवामा व्यापक जनशक्ति वृद्धिको वकालत गर्नुको सट्टा बिध्यमान सरकारी जनशक्तिको भूमिकालाई कृषि प्रसार सेवाको समग्र सहजिकरण को भूमिकालाई फराकिलो बनाइने छ । यो भूमिका परिवर्तनको साथसाथै स्थानीय स्तरमा सेवा प्रवाहमा बढी जोड दिइनेछ । यसका लागि कृषि, पशुपालन र कृषि व्यवसाय प्रवर्द्धनमा सहयोग गर्न स्थानीय स्रोत व्यक्ति (LRP) को विकास गरिनेछ । साथै व्यवसायिक शिक्षा तथा तालिम परिषद (CTEVT) बाट स्थानीय तह (पालिका) सम्म रोजगार प्रशिक्षण (OJT) र विश्वविद्यालयका कृषि र पशुपालनका स्नातक विद्यार्थीहरू AKC र VHLESC मा "सिक्ने र कमाउने योजना" अन्तर्गत काम गर्नेछन । निजी क्षेत्र (उदाहरणका लागि, एग्रोभेट, धान मिल, कृषि बजार) र सहकारीहरूको क्षमता अभिवृद्धि गरी प्रसार सेवाहरू प्रदान गर्न प्रोत्साहित गरिनेछ ।

१४४. कृषि प्रविधि प्रणालीको समग्र परिणाम १२ वटा प्रतिफलहरू मार्फत प्राप्त हुनेछ :

**मुख्य प्रतिफल (outputs) हरुः**

### १.१ किसान र कृषि उद्यमहरूको आवश्यकतालाई सम्बोधन गर्ने विकेन्द्रीकृत अनुसन्धान प्रणाली विकास

१४५. यो प्रतिफल सबै पारिस्थितिकिय क्षेत्रहरूको प्रतिनिधित्व गर्ने अनुसन्धान केन्द्रहरुको विस्तार, सार्वजनिक-निजी-सामुदायिक साझेदारी (PPCP) मा बाह्य फार्महरूको स्थापना, शैक्षिक संस्थासँग शिक्षा-अनुसन्धान-प्रसार नमूना स्थानहरूको विकास र विभिन्न जात/नस्ल र अन्य प्रविधिहरूको परीक्षण र स्वीकार्यता सुनिश्चित गर्नका लागि किसानहरूको खेतबारीमा परीक्षण स्थानहरूको प्रवर्द्धन बाट प्राप्त हुनेछ । प्रदेशको बिध्यमान अवस्था र विभिन्न सेवाग्राहीबाट सेवाको मागको सम्भाव्यतालाई ध्यानमा राखी यी कृयाकलापहरुको योजना बनाइएको हो । यससँगै २ वटा थप सार्वजनिक अनुसन्धान केन्द्र स्थापना, ८ वटा बाह्य फार्म (माछा र तरकारीको प्रत्येकका लागि १, १ वटा, फलफूल, पशुपन्छी तथा बालीका लागि २, २ वटा) को विकास गरिनेछ । शैक्षिक (विश्वविद्यालय), प्रसार र अनुसन्धानको सहकार्य एवं सम्बन्धलाई सुदृढ गर्न १८ नमूना स्थानको विकास गरिनेछ । कृषि/पशुपालन कलेज र कृषि तथा पशुपालन ट्रेड स्कूलहरूलाई सामग्री र प्राविधिक सीप एवं आर्थिक सहयोग प्रदान गरिनेछ ।

### १.२ बीउ/बिरुवा, नस्ल, दाना र माछाको भुराहरूका लागि पारिस्थितिकिय क्षेत्र अनुरुप स्रोत केन्द्रहरू निजी क्षेत्र, सहकारी र कृषि व्यवसायीहरूको संलग्नतामा स्थापना ।

१४६. निजी क्षेत्र, सहकारी, एग्रोभेट तथा कृषि व्यवसायीलाई संलग्न गराएर विभिन्न बाली तथा तरकारीहरुको गुणस्तरीय बीउ (प्रजनन देखि प्रमाणित बीउ), विभिन्न फलफूलका बिरुवाको गुणस्तरीय बेर्ना आपूर्ति गर्न स्रोत केन्द्रको थप विकासले यो प्रतिफल हासिल हुनेछ । यी स्रोत केन्द्रहरु निजी तथा सहकारीद्वारा व्यवस्थित हुनेछन् र स्थानीय एवं जिल्ला भित्र तथा जिल्ला बाहिरको समेत माग अनुरुप गुणस्तरीय उत्पादन सामग्री आपूर्ति गर्नेछन् । स्रोत केन्द्रहरू स्थापना गर्न सरकारले बीउ पुंजी वा सहुलियत पूर्ण ऋण उपलब्ध गराउनुका साथै उनीहरूको प्राविधिक सीप तथा क्षमता समेत अभिवृद्धि गर्नेछ। बाली तथा तरकारी, फलफूल, गैर-काष्ठ वन पैदावार, माछा, बाखा, भेडा, गाई र भैंसी, दाना, सामुदायिक बीउ बैंक र परम्परागत अनुबांसिकि स्रोतहरुको संरक्षणका लागि स्रोत केन्द्रहरू स्थापना गर्ने योजना रहेको छ ।

१४७. स्रोत केन्द्र विकास निर्देशिका तर्जुमा गरी प्रदेश सरकारद्धारा अनुमोदन गरीनेछ जसले स्थापित स्रोत केन्द्रहरूलाई नियमित सहयोग, मार्गदर्शन र प्राविधिक सहयोग PPP/PPCP मोडल अन्तर्गत सुनिश्चित गर्ने छ प्रविधि र सूचनाको आदान-प्रदान गर्न स्रोत केन्द्रहरूको संघ गठन गरी स्रोत केन्द्रहरुको सञ्जालको विकास गरिनेछ ।

### १.३ सहभागितामूलक प्रविधि विकास र विस्तार

१४८. यो प्रतिफल प्रविधि विकास, प्रमाणीकरण र अवलम्बनमा निरन्तरता दिन व्यवस्था गरिएको छ । यी सहभागीतामूलक विधिहरूको मुख्य ध्येय भनेको कृषक समुदायका समस्या र आवश्यकताहरू

विश्लेषण गर्ने रहेको छ किनभने तिनीहरू ले सूचना उपलब्ध गराउन र सामुहिकरुपमा समस्या समाधानका उपायहरु पत्ता लगाउन महत्वपूर्ण भूमिका खेल्दछन् । यस दृष्टिकोणले उत्पादन र आयमा सुधार हुने तथा वातावरणीय, सामाजिक र आर्थिक रूपमा दिगो हुने गरी बाधा/व्यवधानरू पहिचान गरेर उपयुक्त व्यवस्थापन रणनीतिहरू तयार गर्न मद्दत गर्दछ । सार्वजनिक, निजी र सहकारी क्षेत्रहरू मार्फत तालिम र अनुकूलन (adaptive) अनुसन्धान तथा प्रदर्शनहरू सचालन गर्न एक संयुक्त संयन्त्र/विधिको विकास गर्न सकिनेछ । यो नतिजा हासिल गर्न अनुसन्धान प्रक्रियामा सरकारी तथा निजी क्षेत्र, किसान, कृषि प्रसारकर्ता एवं कृषि शिक्षण संस्थाको सहभागिता सुनिश्चित गरिनेछ । यो परिणाम प्राप्तिका लागि प्रजनन बीउ उत्पादन गर्न प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने, सामुदायिक बीउ बैंक स्थापना गर्न घुम्ती कोषको व्यवस्था गर्नेऽ र सहकारी तथा कृषक समूह मार्फत कार्यान्वयन गरिने जिल्ला बीउ आत्मनिर्भरता कार्यक्रमका लागि प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराइनेछ। प्रविधि र सो सम्बन्धि ज्ञान सीप प्रदान गर्न र प्रविधिलाई कृषक समक्ष पुर्याउन स्थलगत तालिम/कृषक पाठशालाको आयोजना समेत गरिनेछ । सहभागीमूलक परीक्षण , प्रदर्शन र प्रमाणीकरण लागि कृषक, प्रसारकर्ता र अनुसन्धानले संयुक्त रूपमा एक म्यानुअल/निर्देशिका तयार गर्नेछन। प्रविधि विकास र विस्तारका लागि CGIAR जस्ता विश्वव्यापी विकास साझेदारहरू लगायत अन्य बहुपक्षीय र द्विपक्षीय संस्हथारूको सहकार्यमा सहकार्यात्मक अनुसन्धान दृष्टिकोण (collaborative research approach) अपनाइनेछ ।

## १.४ संघिय बीउ नीतिको प्रभावकारी कार्यान्वयन र प्रदेश बीउ नीति तर्जुमा तथा कार्यान्वयन

१४९. नेपालमा बीजविजन ऐन/नियमावली र राष्टिय बिउविजन दृष्टिकोण (२०१३-२०२५) विध्यमान छन । यीनीहरुको प्रभावकारी कार्यान्वयनका लागि दक्ष जनशक्ति र सक्षम संगठन/सस्था का साथै पूर्वाधार विकास र क्षमता विकासको लागि पर्याप्त स्रोतहरूको आवश्यकता पर्दछ । यो उपलब्धि हासिल गर्न क्वारेन्टाइन प्रणालीलाई सुदृढ गर्दै नियामक प्रावधानलाई कडाइका साथ अवलम्बन गर्नु, नीति कार्यान्वयनका लागि पूर्वाधारमा लगानी वृद्धि र क्षमता अभिवृद्धि गर्नु र गुणस्तरीय बीउ उत्पादन गर्न निजी क्षेत्रलाई आवश्यक सहयोग तथा प्रोत्साहन गर्नु आवश्यक छ । निजी बीउ उद्यमी र किसानहरूलाई दिइने सहयोग र प्रोत्साहनले प्रमुख अन्न बालीको बीउ प्रतिस्थापन दर बढाउन योगदान गर्नेछ (हालको २४-२६% को स्तरबाट दोब्बर गरिनेछ)। विदेशबाट हुने कृषि उपजको अवैध आयातलाई नियन्त्रण गर्न र उपजको गुणस्तर कायम गर्न क्वारेन्टाइन प्रणाली (आन्तरिक तथा बाह्य दुवै) र प्रयोगशाला जस्ता नियामक सेवाहरूलाई आवश्यक पर्ने पूर्वाधार (जस्तै, प्रयोगशाला र परीक्षण सुविधा) स्थापना गरी सुदृढ गर्न आवश्यक छ । प्रदेशमा स्वस्थ वनस्पति र पशुजन्य सामग्रीको प्रवेश सुनिश्चित गर्नका लागि छिमेकी मुकुकसंग सिमा जोडिएका स्थान (जस्तै टीकापुर) र केही आन्तरिक प्रवेश बिन्दुहरू (जस्तै, चिसापानी) मा क्वारेन्टाइन चेक पोष्ट स्थापना गरिनेछ । छिमेकी मुलुकसँग सीमा जोडिएका पशु क्वारेन्टाइन चेकपोष्टमा अवस्थित पूर्वाधारको सुधार र सुदृढीकरण गर्नुका साथै जनशक्तिको क्षमता विकास गर्नु पनि उत्तिकै महत्त्वपूर्ण छ ।

१५०. PADS ले PPCP अवधारणालाई प्रवर्द्धन गर्न प्रादेशिक बीउ प्रणाली स्थापना गर्नमा ध्यान केन्द्रित गर्नेछ जहाँ सार्वजनिक क्षेत्रको मुख्य भूमिका गुणस्तर सुनिश्चितता र प्राविधिक सहयोगमा केन्द्रित हुनेछ ।

निजी क्षेत्रका बीउ व्यवसायीहरूलाई सशक्त बनाउन बीउ निरीक्षकहरूलाई तालिम प्रदान गरि परिचालन समेत गरिनेछ। बीउ व्यवसायीहरूलाई नियमन गर्नका लागि अनुगमन गर्ने र सोको प्रतिवेदन नियमनकारी निकायमा पेश गर्ने विधितयार गरिनेछ ।

## १.५ किसानमैत्री कृषि मेसिनरी तथा औजार उपकरणको विकास र उपलब्धता सुनिश्चितता

१५१. यस प्रदेशमा कृषिमा यान्त्रिकीकरण निकै कम छ । कृषि वस्तु उत्पादन पूर्व र उत्पादनोपरान्तका विभिन्न गतिविधिहरूमा श्रमको अभाव (सक्रिय श्रमशक्ति अन्यत्र जानुको कारण) लाई ध्यानमा राखी, कृषि कार्यमा महिला कार्यबोझ घटाउन भूगोल र लैंगिक अवस्थानुसार संचालन गर्न सकिने कृषि मेसिनरी/यन्त्र/उपकरणहरु को आवश्यकता छ । कार्यबोझ तथा उत्पादन लागत घटाउन कृषि यान्त्रीकरणका बारेमा चेतनामूलक कार्यक्रम संचालन गरी माग बृद्धि गर्नुका साथै अनुदान उपलब्ध गराउइने छ । संघ, प्रदेश र स्थानीय तहबाट प्रदान गरिने अनुदानहरूमा एकरुपता ल्याईने छ । सहुलियतपूर्ण ऋण/वित्त उपलब्ध गराउने प्रक्रिया निर्धारण गरिनेछ र वित्तीय संस्थाहरूलाई वित्तीय पहुँचको प्रक्रियालाई थप सहज वा सरल बनाउन जिम्मेवार बनाइनेछ । स्थानिय लोहार को क्षमता अभिवृद्धि गरी परम्परागत/स्थानीय औजारहरुको सुधार गर्न पनि सहयोग उपलब्ध गराइनेछ । प्राविधिक तथा उद्यमीहरुको क्षमता अभिवृद्धि गरी स्थानीय तहमा कस्टम हायरिङ सेन्टर (निजी तथा सहकारी संस्थाबाट) स्थापना गरिनेछ । यस्ता प्रविधिहरुको व्यापक प्रयोगलाई प्रोत्साहन गर्न किसान र कृषि उद्यमीहरूको पक्षमा कर, शुल्क र दस्तुरमा लचिलो नीति अवलम्बन गरिनेछ । सक्षम प्रणालीको विकास गरी नीतिगत प्रावधानहरू प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको बारे आवधिक रुपमा अनुगमन उसमेत गरिनेछ ।

## १.६ गैर-परम्परागत सिँचाइ प्रविधिहरूको मूल्याङ्कन, प्रमाणिकरण र विस्तार

१५२. गैर-परम्परागत सिँचाइ प्रविधिहरू (जस्तै, ड्रिप, स्प्रिंकलर र लिफ्ट) को प्रभावकारितालाई खेतमा पानीको उपयोग दक्षताका आधारमा अनुसन्धान गतिविधिहरू सञ्चालन गरी मूल्याङ्कन गरिनेछ । यी परिक्षणहरु रानी जमरा कुलरिया सिँचाई योजना लगायत विभिन्न क्षेत्रका बाली र स्थानहरूमा गरिनेछ । त्यसैगरी यस प्रदेशमा यस्ता सिचाई प्रविधिहरुको बढावाको औचित्य पुष्टि गर्नको लागि आर्थिक/वित्तीय विश्लेषण समेत गरिनेछ । गैर-परम्परागत सिँचाइ प्रविधिका लागि बजार र सेवा प्रदायकहरुको प्रवर्द्धन गर्नुका साथै कृषकहरू समक्ष सफल प्रविधिहरू प्रसारित गरिनेछ । वास्तवमा यी गैर-परम्परागत प्रविधिहरूले व्याबसायिक कृषिमा जल उपयोगको दक्षता बढाउन र उत्पादन बढाउन योगदान गर्दछन र अन्ततः उत्पादन पकेट/क्लस्टर क्षेत्रमा बसोवास गर्ने र गरीब घरपरिवार लाई फाइदा पुर्‍याउँदछ । थोपा, स्प्रिंकलर र सौर्य लिफ्ट सिँचाइ जस्ता गैर-परम्परागत सिँचाइ प्रविधिहरू व्यापक रूपमा अपनाउनका लागि पर्याप्त सहयोगको व्यवस्था गरिनेछ । त्यसैगरी बालीको माग अनुसार पानीको उपलब्धता सुनिश्चित गर्न पुरानो सिँचाइ प्रणालीको पुनर्स्थापना वा नयाँ परम्परागत सिँचाइ प्रणाली विस्तार गर्ने प्रयास गरिनेछ । साथै सम्भावित क्षेत्र (पानी अभाव क्षेत्र) मा स्थानीय तहहरुसँगको सहकार्यमा पानी रिचार्जिङ पोखरी (रेन वाटर हार्वेस्टिङ) को संरक्षण र विस्तार गर्न प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

## १.७ विभिन्न सरोकारवालाहरुबीच सहकार्य र साझेदारी प्रवर्द्धन

१५३. बिध्यमान संस्थागत सञ्जाल निर्धारित संघिय, प्रादेशिक तथा स्थानीय तहका साथै सेवाग्राहीको आवश्यकतालाई उचित रूपमा प्रतिनिधित्व गर्न पर्याप्त छैन । प्रत्येक तहमा प्राथमिकता निर्धारण र योजना तर्जुमा गर्दा विविध क्षेत्रका सरोकारवालाहरुको अर्थपूर्ण प्रतिनिधित्व चाहिन्छ । तसर्थ, कृषि तथा पशुपन्छी अनुसन्धान तथा विकास कार्यक्रममा साझेदारी र सहकार्यमा आधारित मोडललाई प्रवर्द्धन गर्नु आवश्यक छ । यस सम्बन्धमा निर्देशिका तयार गरी सूचना आदान प्रदान गर्ने विधि स्थापित गरीनेछ, साथै क्षमता अभिवृद्धिका गतिविधिहरू सञ्चालन गर्ने र प्रतिक्रिया लिनेदिने विधि/प्रकिया पनि स्थापित गरिनेछ । यस बाहेक संघीय, प्रादेशिक-जिल्ला-AKC/VHLSEC, र स्थानीय तहहरूसँग जोडिएको जटिल प्रकृतिको कृषि क्षेत्रको सहज योजना निर्माण, कार्यान्वयन र लक्षित प्रतिफलहरु हासिल गर्न अत्यन्तै चुनौतीपूर्ण छ । मानव श्रोत, संस्था, श्रोत र बजेटको व्यवस्थापन र परिचालन कसरी हुन्छ भन्ने कुराले पनि समग्र प्रभावमा असर पार्दछ । AKC/VHLSEC र स्थानीय सरकारहरू बीच, प्रदेश र स्थानिय तह बीच स्पष्ट TOR र बजेट अख्तियार सम्बन्धमा समन्वय र पृष्ठपोषण दिने प्रकिया विधि तयार गर्न जोड दिइनेछ जसमा जवाफदेहिता, अधिकार र रिपोर्टिङको प्रक्रिया उल्लेख गरीएको हुनेछ । प्रदेश सरकार र स्थानीय तहहरुले योजना निर्माण, कार्यान्वयन र अनुगमनका लागि मुख्य सरोकारवालाहरुलाई साथमा लिने सहभागितामूलक विधि अपनाउनका लागि प्रमुख भूमिका लिनेछन् । संघीय सरकारसँगको समन्वयमा संयुक्त राष्ट्रसंघका निकायहरू, विश्व बैंक समूह (WBG), एसियाली विकास बैंक (ADB), अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (USAID) र विभिन्न बहुपक्षीय र द्विपक्षीय विकास साझेदारहरुबाट उपलब्ध हुने स्रोतहरू प्रादेशिक कृषि अनुसन्धान र विकासमा उपयोग गरिनेछ ।

१५४. सह-अस्तित्व, समन्वय र सहकार्यको संवैधानिक भावनाका साथ कृषि प्रसार सेवा र नियामक सेवाको प्रवर्द्धनमा प्रादेशिक सरकार (MoLMAC) को पुलको भूमिकालाई थप प्रभावकारी बनाइनेछ । प्रदेश कृषि विकास समिति, जिल्लास्तरीय कृषि विकास समिति र स्थानीय तहको कृषि विकास समितिको संयन्त्र गठन गरी प्रभावकारी रूपमा परिचालन गरिनेछ ।

## १.८ अनुसन्धान र प्रसारमा प्राविधिक क्षमता अभिवृद्धि

१५५. हाल अनुसन्धान र प्रसारको कमजोर संस्थागत क्षमता र कर्मचारी अभाव (AKC/VHLSEC र स्थानीय स्तरमा समेत) का कारण कृषि व्यवसाय, जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण, स्मार्ट प्रविधिको विकास, उत्पादनोपरान्त कार्य एवं प्रशोधन र बजारिकरणमा यथोचित सहयोग पुग्न सकेको छैन । बलियो नीति र संयन्त्रको अभावमा PPP लाई प्रवर्द्धन गर्न पर्याप्त पहलहरू भएका छैनन । यहि कारणले उच्च शिक्षा, प्राविधिक र व्यवस्थापकीय तालिमहरू र प्राविधिक क्षेत्रमा पुनर्ताजगी तालिमहरू मार्फत AKC/VHLSECs कर्मचारी एवं स्थानीय स्तरका प्राविधिकहरूको क्षमता वृद्धि गर्ने कार्यक्रमहरू आयोजना गर्नु आवश्यक छ । त्यसैगरी उनीहरुलाई बढुवाको अवसर समेत दिईनुपर्दछ । एक गाउँ एक प्राविधिक (OVOT) र स्थानिय स्रोत व्यक्ति (LRPs) को क्षमता अभिमुखीकरण एवं तालिम मार्फत बढाउनुपर्ने र तिनीहरूको सेवाहरूको अनुगमन समेत गरिनुपर्दछ

। महिला स्वास्थ्य स्वयंसेविकाहरू जस्तै महिलाहरूलाई पनि LRP को रुपमा विकास गर्न प्राथमिकता दिइनेछ र उनीहरूले व्यवसाय सुरु गर्न बीउ पुंजी समेत उपलब्ध गराइनेछ । OVOT र LRP को क्षमतालाई सहजकर्ता र प्रशिक्षकको रूपमा प्रयोग गरिनेछ । विश्वविद्यालयका विद्यार्थीहरूलाई प्रादेशिक अनुसन्धान क्षेत्र/समस्या रहेका बिषयगत क्षेत्रहरूमा अनुसन्धान गर्न आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

## १.९ प्रविधि प्रसार तथा अवलम्वन प्रवर्द्धन

१५६. अनुसन्धानबाट विकसित नयाँ प्रविधिहरूलाई व्यापक रूपमा अपनाउनका लागि सो को विस्तार गर्नु आवश्यक छ । प्रविधि बृहत क्षेत्रमा अवलम्वन होस भन्नका लागि व्यक्ति/कृषक समूह/सहकारी समेटिने गरी अपनाईनेछ । प्रसारको लागि वडा स्तरमा नमूना फार्म र सिकाइ केन्द्रहरूको स्थापना गरीनेछ र मूल्य अभिवृद्धिका लागि उद्योगहरूसँग जोड्न पकेट र ब्लक विकास जस्ता कार्यहरु समेत समावेश हुनेछ । प्रविध ग्रहण (adoption) अभिवृद्धि गर्नका लागि तपशिलका कार्यहरु गरीनेछन् ।

(क) स्थानिय तहको सहकार्यमा LRP मार्फत कृषकहरूलाई किट (कृषि तथा पशुपालन) उपलब्ध गराउने ।

(ख) प्रदर्शन गतिविधिहरू संचालन गर्न र अनुगमन गर्न OVOT लाई परिचालन गरिने ।

(ग) बाली संरक्षण र पशु स्वास्थ्य सेवा र प्रकोप पश्चात राहतका लागि आपतकालीन कोषको व्यवस्था गरिने ।

(घ) माटो परीक्षण तथा सुधार अभियान सञ्चालन गरीने छ र प्राङ्गारिक मल उत्पादन गर्ने प्रविधिको प्रवर्द्धन गरिनेछ ।

(ङ) सेवा प्रदान गर्न सामुदायिक कृषि प्रसार सेवा केन्द्र (CASEC) को पनि स्थापना गरिनेछ ।

(च) प्रविधिको प्रचार प्रसारका लागि आमसञ्चार माध्यम जस्तै टेलिभिजन कार्यक्रम, सामाजिक संजाल, याप, कल सेन्टर आदीको उपयोग गरिनेछ ।

(छ) प्रविधि प्रसार गर्न र कृषकहरुलाई बाली/वस्तु उत्पादनमा विज्ञ बनाउन कृषक पाठशालालाई सशक्त कृषि प्रसारको माध्यामकोरुपमा अवलम्वन गरीनेछ ।

## १.१० स्रोत संरक्षण प्रविधि (RCT) को प्रवर्द्धन

१५७. भूमि, श्रम, र पूंजी जस्ता मुख्य स्रोतहरू को दक्षता बढाएर तिनीहरूको संरक्षण र अधिकतम (optimum) उपयोगलाई प्रवर्द्धन गर्नु आवश्यक छ। उत्पादन लागत घटाउने कृषि यन्त्र/उपकरणहरु (पावर टिलर, थ्रेसर, कल्टिभेटर्स, सिडिङ मेसिन, जिरो टिलेज, हार्भेष्टर आदी) प्रयोगका लागि अनुदान दिईनेछ भने त्यस्ता यन्त्र/उपकरणहरु मर्मत सम्भार र परिचालनका लागि प्राविधिक सीप प्रदान गरीनेछ । त्यसैगरी, रासायनिक मल र प्राङ्गारिक मलको सन्तुलित प्रयोगबारे कृषक र फिल्डस्तरका प्राविधिकहरूलाई व्यावहारिक तालिम दिइनेछ । साथै शुन्य/न्यूनतम खनजोत, जैविक विविधता सरक्षण, परम्परागत ज्ञान, सीप र प्रविधिको संग्रह तथा उपयोग, एकीकृत बाली व्यवस्थापन (ICM), एकीकृत बिरुवा पोषण प्रणाली (IPNS), एकीकृत कीट व्यवस्थापन (IPM), असल कृषि अभ्यास (GAP), असल पशुपालन अभ्यास (GHP) जस्ता पद्दतिहरूलाई कृषक

पाठशालाहरु मार्फत अपनाउन प्रवर्द्धन गरिनेछ । स्थानीय रूपमा उपयुक्त स्रोत संरक्षण प्रविधिको विकास गर्न र सभावित क्षेत्रहरूमा प्राङ्गारिक खेती अभ्यासहरू सहित तिनको प्रचार प्रसार गर्न प्राथमिकता दिइनेछ। त्यस्तैगरी असल कृषि अभ्यास (GAP) र असल पशुपालन अभ्यास (GHP) सम्बन्धि निर्देशिकाहरु तयार गरिनेछ ।

## १.११ NTFPs र कृषि वनको लागि उपयुक्त प्रविधिको विकास र वढावा (scale up)

१५८. जडिबुटी र सुगन्धित बनस्पती (NTFPs र MAPs) को उत्पादन प्रविधिहरू हालसम्म विकसित भएका छैनन् भने यिनीहरु प्राकृतिक स्रोतहरूबाट मात्र संकलन गर्ने गरिएको छ । यद्यपि यी उत्पादनहरूले सीमित सफलता हासिल गरेको भएता पनि अहिले यी उत्पादनहरूका लागि उद्यमिहरूको धेरै जागरूकता, चासो र तल्लो तहको अनुभव समेत रहेको र धेरै ग्रामीण समुदाय र घर परिवारहरू कुनै न कुनै रूपमा यसमा संलग्न समेत छन् । यो प्रदेशको प्रमुख उपक्षेत्र भएकोले निकासीबाट ठूलो मात्रामा आम्दानी समेत गर्न सकिन्छ । यद्यपि, यस उपक्षेत्रको अन्तर्राष्ट्रिय व्यापारलाई समर्थन गर्ने अपर्याप्त फाइटोसेनेटरी (Phytosanitory) र परीक्षण सुविधाहरू हुनाको साथै असहयोगी र प्रतिबन्धात्मक नियमहरू, करहरू र प्रक्रियाहरूद्वारा त्यस्ता उद्यमहरूको स्थापना र व्यवस्थापनमा प्रतिकूल असर गरेको छ। NTFPs/MAPs मा आधारित उद्यमहरू साना र कमजोर रहनुले केवल सीमित निजी लगानी र केही उत्पादनहरू मात्र अन्तर्राष्ट्रिय बजारमा पुग्ने गरेका छन । हाल यस्ता वस्तुको मुख्य लाभग्राही ग्रामीण घरपरिवारभन्दा पनि मध्यमवर्ग र व्यापारी बनेका छन् । सम्बध्द कृयाकलापहरुमा उच्च मूल्यको MAPs र अन्य NTFPs को खेतबारी (इन सीटु) र खेतबारी बाहिर (एक्स-सिटू) खेती प्रविधिको विकास, प्रदर्शन र विस्तारमा केन्द्रित हुनु जरुरी छ । यस सम्बन्धमा निजी जग्गा, संस्थागत भाडा (लीज होल्ड) को जग्गा र लीज होल्ड वनमा यसको खेतीलाई सहयोग गर्नको लागि बिरुवा आपूर्ति बढाउन उच्च मूल्यको NTFPs/MAPs नर्सरीहरू मार्फत बिरुवा उत्पादनको लागि खेती अभ्यासको प्याकेज (Package of Practices) विकास गर्नु आवश्यक छ। त्यसैगरी स्थानीय तह, उद्योग , पर्यटन, वन तथा वातावरण मन्त्रालय र उद्यमीहरूसँगको सहकार्यमा पर्यावरणीय अवस्था र उद्यमी र किसानको प्राथमिकतालाई ध्यानमा राखी उपयुक्त कृषि-वन र कृषि-पर्यटन मोडलहरू विकास गर्नु पर्दछ । नेपालमा उपयुक्त स्थानहरूमा कृषि-वन अभ्यासहरू लागू गर्न सामुदायिक वन व्यवस्थापन पद्दति महत्त्वपूर्ण घटक हुनेछ । यसका लागि उपयुक्त अनुसन्धान र यसको प्रसार प्रस्तावित परिणाम हासिल गर्न धेरै महत्त्वपूर्ण रहेको छ ।

## १.१२ जलवायु अनुकूलन/समानुकुलन प्रविधिहरू विकास र अबलम्वन

१५९. जलवायु परिवर्तनले प्रदेशको कृषि तथा पशुपन्छी उत्पादनमा प्रत्यक्ष असर गरेको छ । धेरै जलवायु-सृजित प्रकोपहरूले पनि कृषि उत्पादन प्रणालीमा प्रभाव पारेका छन् । यी प्रकोपहरु बारम्बार खडेरी, बाढी, रोग तथा किराको प्रकोप जस्ता रुपमा देखा पर्दछन । यस्ता घटनाहरु घट्ने र त्यसले कृषकहरुको जीविकोपार्जनमा पर्ने सम्भावित असरहरु बारे सचेतना जगाउनु आवश्यक छ । साथै अनुसन्धान संस्थाहरूले खडेरी, बाढी र कीरा र रोगहरू सहन र परिवर्तनशील

मौसमको अनुकूलन गर्ने प्रविधिहरू विकासमा ध्यान केन्द्रित गर्नु पर्दछ । यस सम्बन्धमा पूर्व चेतावनी प्रणाली स्थापना गरी विपद् पूर्वतयारी प्रणालीलाई सुदृढ गरि सम्वृद्ध बनाउनुपर्छ । प्रादेशिक सरकारले प्रारम्भिक रूपमा स्थानीय तहहरूद्वारा व्यवस्थित मौसम पूर्वानुमान प्रणाली मार्फत वास्तविक मौसम डाटा (real time data) प्राप्ति स्टेशनहरू र मौसम पूर्वानुमान प्रणाली स्थापना गर्न सहयोग गर्नु पनि उत्तिकै महत्त्वपूर्ण छ । उपयुक्त खनजोत विधिहरू, पानी व्यवस्थापन र सिँचाइ दक्षतामा सुधार, बृक्षारोपण र कृषि वन, विविध नस्लहरू, कृषि-चरन अभ्यासहरू, आदि मार्फत माटोको चिस्यान संरक्षण सहितका प्रविधिहरुको विकास र प्रवर्द्धन गरिने छ।

### ६.३.२ परिणाम २. उत्पादकत्व वृद्धि तथा बजार र व्यापारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि

१६०. बढ्दो भूमि र श्रम उत्पादकत्वलाई आधार लिई PADS तर्जुमा गरिएको हो । बजारको मागलाई ध्यान दिदै कृषि उत्पादनको दक्षता र दिगोपनलाई अधिकतम बनाउन सान्दर्भिक प्रविधि र ज्ञानको आवश्यकता पर्दछ । प्रभावकारी कृषि अनुसन्धान र प्रसार; कृषि सामग्रीको कुशल उपयोग; प्रभावकारी र दिगो अभ्यासहरू र प्राकृतिक स्रोतहरूको प्रयोग (जमिन, पानी, माटो, र जंगल); र जलवायु परिवर्तन र प्रकोपहरु को समानुकुलन कृषि उत्पादकत्व बढाउने उपायहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

१६१. PADS मा उद्यमीहरू, सहकारीहरू, समुदायमा आधारित संस्थाहरु (CBOs), विकास साझेदारहरू, र किसान समूहहरूसँगै प्रविधिको उत्पादन र प्रसारमा (संघीय अनुसन्धान संस्थासँगको सहकार्यमा) संलग्न प्रमुख सरोकारवालाहरु मध्ये प्रादेशिक सरकारी क्षेत्र एक रहनेछ । PADS लाई अन्य सरोकारवालाहरूसँग समन्वय गर्ने, नीति र योजना कार्यान्वयनलाई सक्षम बनाउने, कार्यसम्पादन मूल्याङ्कन अनुगमन गर्ने र नियमहरू लागू गर्ने जिम्मेवारी प्रदेश सरकारको रहेको छ । PADS ले धेरै सरोकारवालाहरु (जस्तै, दातृ समुदाय तथा बिकास साझेदार, गैरसरकारी संस्थाहरू, FNCCIs/DCCIs, र अन्य निजी क्षेत्र) कृषि विस्तारमा संलग्न छन् र समयसँगै तिनीहरूको उपस्थिति अझ महत्त्वपूर्ण हुँदै जाने कुरा आत्मसात गरेको छ । PADS ले बिध्यमान सरकारी जनशक्तिको क्षमता अभिवृद्धि र तिनीहरूको प्रसार कौशललाई कृषि प्रसार सेवाहरूको समग्र सहजकर्ताका रुपमा रूपान्तरण गर्न प्रवर्द्धन को कार्य गर्दछ ।

१६२. कुल उत्पादन साधनहरुको उत्पादकत्व वृद्धि (TFP) हासिल गर्न PADS ले उन्नत प्रविधिको पहुँच र प्रयोग, साथै प्राकृतिक स्रोत र अन्य उत्पादन साधनहरुको प्रभावकारी व्यवस्थापन कृषि उत्पादन र प्रतिस्पर्धात्मकताको लागि दीर्घकालीन रूपमा महत्त्वपूर्ण छ भन्ने विश्वास गरेको छ । गुणस्तर सुनिश्चित गर्ने संयन्त्र, कार्यान्वयन संस्थाहरु र उच्च-गुणस्तरको उत्पादन सामाग्रीको समयमै उपलब्धता सुनिश्चित गरि वितरण गर्न निजी क्षेत्रलाई सहयोग आवश्यक छ । यी कार्यहरु प्रभावकारी प्रसार कार्य र उच्च-गुणस्तरयुक्त उत्पादन सामाग्रीहरू प्रयोग गरि फार्म प्रदर्शनहरूमा गरिने उत्कृष्ट अभ्यासहरूमा निर्भर रहन्छन् ।

१६३. जल तथा माटो व्यवस्थापनमा समेत सुधारको खाँचो रहेको छ । यस प्रदेशमा सिँचाइ प्रणालीमा उल्लेख्य लगानीहरू धेरैजसो पहुँचयोग्य क्षेत्रमा गरिएका छन् तर जीर्ण अवस्थाका कारण तिनीहरूको प्रभाव र प्रभावकारिता सीमित भएको छ । यस चरणमा सिँचाइ प्रयोगकर्ताहरू र तिनको महत्त्वलाई जोड दिइएको छ । PADS ले सिँचाइ उपभोक्ताहरुको सशक्तिकरणको वकालत समेत गर्दछ । साथै सुधारिएको र सहभागितामूलक जलवायु समानुकुलन डिजाइन, कार्यसम्पादन अनुगमन र मूल्याङ्कन, जल उपयोग दक्षता अनुसन्धान र मापन, दुवै परम्परागत र गैर-परम्परागत (सतह, भूमिगत थोपा, स्प्रिंकलर, पोखरी, आदि) वैकल्पिक सिँचाइ प्रणालीको प्रयोग र वैकल्पिक जल उपयोग व्यवस्थापन प्रणालीमा केन्द्रित रहेको छ ।

१६४. दक्ष परिश्रमी र प्रभावकारी जनशक्ति भएमा मात्र प्रतिस्पर्धात्मक क्षमता बृद्धि हुन्छ भन्ने कुरा PADS ले हृदयागम गरेको छ । यस प्रदेशको प्राकृतिक स्रोतहरूमा आधारित नयाँ उत्पादन र प्रशोधन प्रक्रियाहरू अपनाई उत्पादकत्व बृद्धि गर्ने दृढसंकल्प तथा व्यवसायिकता ले सुदूरपश्चिमलाई राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी बजारमा पहिचान दिनेछ । प्रतिस्पर्धिताको लक्ष्य भनेको ग्राहकहरूलाई महत्व दिँदै बजार हिस्सा हासिल गर्नु हो । प्रदेशको कृषि क्षेत्र धेरै वस्तुहरूको तुलनात्मक लाभमा अगाडि हुन सक्छ, तर प्रतिस्पर्धात्मकता (competitiveness) हासिल गर्न, मूल्य श्रृंखलाको प्रत्येक नोडका साथै वस्तु उत्पादनमा लागत कटौती एवं नवप्रवर्तन मार्फत समग्र मूल्य श्रृंखलामा सुधार गर्नुपर्छ । यसबाट उपभोक्ताहरूलाई नयाँ वांछनीय सुविधाहरू (जस्तै, खाद्य सुरक्षा, सुधारिएको प्याकेजिङ्ग, तयारी, स्वाद, र भण्डारण) प्रदान समेत गर्न सकिनेछ ।

१६५. कृषक, निजी क्षेत्र र मुल्य श्रृङ्खला कर्ताहरुको उत्साह एवं नवप्रवर्तन प्रतिस्पर्धात्मकता सुधार गर्न महत्वपूर्ण रहन्छन् । कृषि प्रवर्द्धन र प्रतिस्पर्धात्मकताका लागि रणनीति आवश्यक छ जसले निजी क्षेत्र र कृषक समूहहरूको महत्त्वपूर्ण भूमिकालाई मान्यता दिएको छ । PADS मा सार्वजनिक-निजी साझेदारीको उद्देश्य निजी क्षेत्र र किसानहरूको स्रोत र नवीनतालाई कृषि क्षेत्रमा प्रतिस्पर्धात्मकता बढाउन सार्वजनिक सहयोगसँग संयोजन गर्नु हो । PADS ले निजी क्षेत्रलाई व्यवसायमा संलग्न गराउन र प्रतिस्पर्धात्मक क्षमता बढाउन आकर्षक प्रोत्साहन प्याकेजहरू सिर्जना गर्नेछ । साथै मसिनो धान/चामल, औद्योगिक मकै, मह, र औषधीजन्य तथा गैरकाष्ठ वन पैदावर उत्पादनहरू जस्ता प्रमुख प्राथमिकता प्राप्त वस्तुहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिष्पर्धा बढाई व्यापार अभिवृद्धि गर्न एवं माग अनुरूप आपूर्ति बढाउन लागत घटाउने, उत्पादनको मूल्य घटाउने, र गुणस्तर सुधार गर्नमा केन्द्रित रहनेछ ।

१६६. उत्पादकत्व वृद्धि र व्यापार एवं बजारीकरणमा बढेको प्रतिस्पर्धात्मकताको समग्र परिणाम १७ वटा प्रतिफलहरू मार्फत प्राप्त गरिनेछ जसलाई तल उल्लेख गरिएको छ ।

मुख्य प्रतिफल (Outputs) हरु:

## २.१ प्राथमिकताका वस्तुहरुको पहिचान र बजारमुखी उत्पादन योजना तर्जुमा तथा कार्यान्वयन

१६७. यो प्रतिफल उपयुक्त/प्राथमिकताका बाली, वस्तु र नस्लहरू पहिचान गरी जोनिङका आधारमा तिनीहरूको खेती/व्यवसाय गरेर हासिल गरिनेछ । बजारमुखी उत्पादन योजना तयार गरी कृषक समुदायमाझ प्रचारप्रसार गरिनेछ । क्लस्टर/जोन अनुसार वस्तुहरू पहिचान गरी नीति तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ । प्राथमिकता प्राप्त वस्तुहरू पहिचान गर्न र उत्पादन योजनाहरू विकास गर्न क्लस्टर/पकेटहरूमा अन्तरक्रिया बैठकहरू आयोजना गर्नुको साथै प्राथमिकताका आधारमा वस्तुमा आधारित नीति/मार्गनिर्देशन र कार्यक्रमहरूको विकास र कार्यान्वयन गरिनेछ । जिल्लाहरुमा पहिचान गरिएका प्राथमिकता प्राप्त बाली तथा वस्तुहरू अनुसुची ९ मा दिइएको छ ।

१६८. सडक आसपास (करिडोर) केन्द्रित प्राथमिकता प्राप्त बाली तथा वस्तुहरु छनौट गरी उनीहरुको तुलनात्मकएवं प्रतिस्पर्धात्मक लाभलाई ध्यानमा राखी प्रवर्द्धन गरिनेछ । भारतीय कृषि उत्पादनहरूसँग गैर-प्रतिस्पर्धी हुने बाली/वस्तुहरूमा केन्द्रित गरिनेछ । निर्यातयोग्य बाली/वस्तुलाई निर्यात बजारलाई दृष्टिगत गरी प्रवर्द्धन गरिनेछ । कृषक सहकारी मार्फत यस्ता बस्तुहरुको करार उत्पादन र बजारीकरण प्रणालीको विकास गरिनेछ ।

## २.२ उपयुक्त भूमि एकीकरण दृष्टिकोण अवलम्बन

१६९. जग्गाको एकीकरण र उपलब्ध प्रविधिको प्रयोगलाई अझ प्रभावकारी बनाई जमिन खण्डीकरणको समस्या समाधान हुन सक्दछ । यो प्रतिफल जग्गा पुलिङ कार्यान्वयन र जग्गा एकिकरण प्रणाली अवलम्बन गर्न प्रोत्साहनका उपायहरू सहित नीतिहरू वा आवश्यक निर्देशिकाहरू/कार्यविधिहरू तर्जुमा गरी लागू गरेर हासिल गरिनेछ । PADS ले उद्यमीहरू विशेष गरी प्रदेशका युवा उद्यमीहरूका लागि जग्गा भाडामा दिने प्रणालीको दायरालाई उपयुक्त सहयोग (अनुदान सहित अन्य र नगदे बालीको एकीकृत खेतीका लागि प्रोत्साहन प्याकेज सहित) गरि फराकिलो बनाउनेछ । यस्तो कार्य प्रारम्भिक वर्षहरूमा बाली एकीकरणबाट सुरु भई उत्पादन दक्षता हासिल गर्ने सन्दर्भमा बाली र भूमि एकीकरण दुवै मिश्रित दृष्टकोणको रुपमा परिणत हुनेछ ।

## २.३ कृषि व्यवसायीकरणका लागि सुधारिएको लगानी वातावरण

१७०. प्रदेश सरकारले विशेष गरी MoLMAC ले पारदर्शी कृषि सहयोग प्रणाली स्थापना गरि सम्पूर्ण कृषि उत्पादनको मूल्य शृङ्खलामा निजी क्षेत्रलाई आकर्षित गर्न अनुकूल व्यापार र लगानीको वातावरण सिर्जना गर्नेछ । यो प्रतिफल हासिल गर्न मन्त्रालयले समयमै गुणस्तरीय बीउ र बिरुवा आपूर्ति प्रणाली सुनिश्चित गर्नेछ । बाली संरक्षण र माटो परिक्षणका साथै तरल नाइट्रोजन प्लान्ट (कृत्रिम गर्भाधानका लागि) का लागि सुसज्जित (well-equipped) प्रयोगशाला स्थापना गरिनेछ। तरल नाइट्रोजन प्लान्टको प्रयोगलाई अन्य प्रदेशसँग समेत समन्वय गरिनेछ । कृषि कर्जा, बीमा र अन्य स्रोतहरूमा सहज पहुँच सुनिश्चित गर्दै निजी क्षेत्रको संलग्नता बढाइनेछ । उपकरणको उपलब्धता सहितको बीउ, बिरुवा र नस्लको वासलात (Balance sheet) तयार गरिनेछ। निजी क्षेत्रबाट श्रोत

केन्द्रहरू विकास गर्न सहयोग उपलब्ध गराइने छ र उनीहरूको सीपमा पनि सुधार गरी कृषिको औध्योगिकरण गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरीने छ । निजी क्षेत्रसँगको सहकार्यमा ठोस नीति (Robust policy) तर्जुमा गरिनेछ ।

### २.४ व्यवसायिक कृषि बिकासका लागि करार खेती

१७१. स्पष्ट कार्यविधि, दिशानिर्देश, आवश्यक सहयोग (प्राविधिक, वित्तीय र बीमा), जमिन, गुणस्तरीय बीउ, बिरुवा, नस्ल, बजारीकरण, प्रशोधन र भण्डारण एवं अनुदान संयन्त्र सहितको व्यावसायिक किसानहरूका लागि करार खेती प्रणालीको विकास गरि यो प्रतिफल हासिल गरिनेछ । यसले बिदेशबाट फर्केका ब्यक्ति (Returnee migrants) र बेरोजगार युवाहरू तर्फ पनि ध्यान केन्द्रित गर्नेछ । प्रदेशभरका उद्यमीहरूलाई भरपर्दो प्रोत्साहन प्याकेज सहित आकर्षण गर्न जग्गा भाडा प्रणाली (Land leasing system) लाई समेत प्रवर्द्धन गरिनेछ ।

### २.५ सिँचाइ क्षेत्र विस्तार र वर्षभरि सिँचाइ उपलब्धता सुनिश्चितता

१७२. हालको नहर सिँचाइ प्रणालीमा सुधार र विस्तार गरी सोलार लिफ्ट, थोपा र स्प्रिंकलर जस्ता गैर-परम्परागत सिँचाइ प्रणालीलाई तीव्र उपयोगमा ल्याएर यो प्रतिफल हासिल गरिनेछ । खडेरीले अति प्रभावित र उत्पादन बढाउन सिँचाइ सेवा आवश्यक पर्ने स्थानहरूमा पोखरी र रिचार्ज बेसिनहरू निर्माण गरी जलस्रोतको बहुउपयोग र वर्षाको पानीको रिचार्ज, रिटेन्सन र पुनःप्रयोग प्रणालीलाई प्रवर्द्धन गरिनेछ । संभावित उपजहरूको बजारलाई ध्यानमा राखी उपयुक्त बाली ढाँचा विकास गरिनेछ । PADS ले कृषक समुदायमा जलको उपयोग दक्षतामा बृद्धि गर्न केन्द्रित हुनेछ । खानेपानी र सिँचाइका लागि प्रयोग गर्न सकिने पानीका स्रोतहरूको पनि संरक्षण गरिनेछ । गैरपरम्परागत सिँचाइ प्रविधिको प्रयोगमा आवश्यक सहयोग र अनुदान उपलब्ध गराइनेछ ।

### २.६ कृषि बजार सूचना तथा सूचना प्रविधि सेवा (ICT) प्रवर्द्धन

१७३. निजी क्षेत्रको सहभागितामा डिजिटाइज्ड कृषि बजार सूचना प्रणाली लागू गरेर यो प्रतिफल हासिल गरिनेछ । विभिन्न सूचना तथा प्रविधिहरु जस्तै सफ्टवेयर प्रयोगहरू, वेबमा आधारित सूचना र प्रयोगहरू, मोबाइल एपहरू, एसएमएस, जिंगलहरू आदि प्रविधि प्रसार र बजार बुद्धिमत्ता (market intelligence) को प्रवर्द्धनका लागि प्रयोग गरिनेछ । प्रमुख वस्तुहरूको बजार सूचनाको प्रसारका लागि एफएम रेडियो र स्थानीय टिभीहरूसँग संस्थागत सहकार्य प्रणाली स्थापना गरिनेछ ।

### २.७ सक्रिय श्रमशक्तिको लागि अनुकूल वातावरण सिर्जना

१७४. यो प्रतिफल युवा किसान मैत्री कृषि व्यावसाय प्याकेजहरु विकास गरी उनीहरुको विदेश पलायन घटाउने र ग्रामीण पुनरुत्थानमा वृद्धि ल्याउएर प्राप्त गर्न सकिन्छ । प्रदेशमा कृषिमा आधारित उद्यम र उद्योगलाई प्रवर्द्धन गर्न संघीय नीतिसँग नबाझिने गरी प्रादेशिक कृषि नीति र क्षेत्रगत नीति निर्माण गरिनेछ । PADS ले प्रविधि र बजारीकरणमा सहयोगको साथै कृषि, पशुपालन र माछापालनमा उद्यमशीलता विकासको लागि सीप प्रदान गर्नमा ध्यान केन्द्रित गर्नेछ । प्रदेशमा

कृषि कार्यमा सक्रिय श्रमशक्ति कायम गर्न वित्त र बीमामा सहज पहुँच सुनिश्चित गर्नुका साथै सम्भावित क्लस्टर र मूल्य श्रृंखला प्रवर्द्धनका लागि छनौट गरिनेछ ।

## २.८ स्थानीय तथा परम्परागत बाली वस्तुको मूल्य अभिबृद्धि

१७५. मूल्य अभिवृद्धिको सम्भाव्यता अध्ययन गरी यो प्रतिफल हासिल गरिनेछ; उदाहरणका लागि PADS ले पारिस्थितिकिय क्षेत्र र जलवायु परिस्थितिमा आधारित विभिन्न स्थानहरूमा बाली बीउ बैंक र पशुधन आनुवंशिक स्रोत केन्द्रहरू स्थापना गर्नेछ । स्थानीय बाली प्रवर्द्धन र नस्ल सुधार गर्न बृहत् कार्यक्रमको विकास तथा कार्यान्वयन गरिनेछ । प्रदेश भित्रै स्थानीय तथा परम्परागत बाली बीउ बैंक स्थापना गरी कृषि पर्यटन प्याकेजमा जोडिनेछ । छनौट गरिएका स्थानीय/परम्परागत बालीहरू (जस्तै आलु, सिमि, सिलाम, लट्टे) को प्राङ्गारिक उत्पादन र तिनको मूल्य अभिवृद्धिलाई प्रवर्द्धन गरिनेछ ।

## २.९ विशिष्ट वस्तुहरूका लागि प्रतिस्पर्धात्मक कृषि मूल्य श्रृंखलाहरू स्थापना

१७६. प्रमुख निर्यातयोग्य वस्तुहरू सहित किसान समर्थक (pro-farmer) र दिगो मूल्य श्रृङ्खलाहरूको प्राथमिकता समूहको विकास गरी यो प्रतिफल हासिल गरिनेछ। प्रतिस्पर्धात्मक कृषि मूल्य शृङ्खलाका लागि PADS को मुख्य कार्यमा किसान, एग्रोभेट, व्यापारी, प्रशोधनकर्ता, कृषि सहकारी, र FNCCI/DCCI जस्ता मूल्य श्रृंखला सरोकारहरूको क्षमता अभिवृद्धि, प्राविधिक सल्लाह र किसान-२ द्वारा परिक्षण (pilot) गरिएको धान मिल मोडेल (Rice Mill Model) जस्ता स्रोतहरूको सुदृढ गर्नु हुनेछ । PADS ले यी सबै मूल्य श्रृङ्खला सरोकारहरू बीच बलियो संजाल स्थापना गर्नेछ र ती संजाल र सम्बन्धहरू प्रवर्द्धन गर्दै खाद्य सुरक्षा र गुणस्तर क्षमता अभिवृद्धि गरि सम्भाव्य (viable) बजारहरूमा पहुँच सहज बनाउन फार्म बाट बजार जडान सुधार (improvement in farm to market connectivity) का साथै नियमित अन्तरक्रिया कार्यक्रमहरुलाई निरन्तरता दिनेछ। यसका अतिरिक्त महिला र साना किसानहरूका लागि स्थानीय उत्पादन क्षमता र बजार अवसरहरूमा आधारित मूल्य श्रृंखलामा समावेश गर्न प्रस्ताव गरिएको छ । उदाहरणको लागि उद्योग को लागि हिउंदे (winter) तथा बर्षे मकै र मसुरोको खेती प्रवर्द्धन गर्नुको साथै True Potato Seeds (TPS)/Pre Basic Seeds (PBS) को प्रयोग गरी आलुको व्यावसायिक उत्पादन प्रवर्द्धन गरिनेछ ।वार्षिक रुपमा मूल्य श्रृंखला मेलाहरू, प्रदर्शनीहरू, सेमिनारहरू, कार्यशालाहरू/ सम्मेलनहरू आयोजना गरिनेछ र कृषि उद्यम नव-प्रवर्तन प्रवर्द्धन गर्न मिल्दो अनुदान (matching grant) स्थापना गरिनेछ ।साथै कृषि उत्पादनलाई कृषिमा आधारीत उध्योगहरुका लागि आवश्यक पर्ने कच्चा पदार्थ उत्पादनलाई प्रोत्साहन गरी कृषि उध्योगहरु स्थापना मार्फत युवा जनशक्तिलाई रोजगारी प्रदान गर्दै कृषि क्षेत्रको औध्योगिकरण गर्न प्राथमिकता दिईने छ ।

## २.१० कृषि सडक र विद्युतीकरण सञ्जाल विस्तार

१७७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय (MoPIT) र नेपाल विद्युत प्राधिकरण (NEA) सँगको सहकार्यमा वर्षभरि सडकको पहुँच विस्तार गर्न र सम्भावित पकेटहरूमा विद्युतीकरण गर्नमा यो

प्रतिफल केन्द्रित रहेको छ । प्रदेश सरकारले सम्भावित उत्पादन पकेट र बजारका आधारमा सडक निर्माणलाई प्राथमिकता दिन स्थानीय सरकारसँग समेत समन्वय गर्नेछ ।

## २.११ माटोको उर्वरता नक्साहरू (soil fertility maps) प्रयोग र क्रप जोनिङ कार्य

१७८. बाली तथा वस्तु योजनाको लागि भौगोलिक अवस्था र माटोको विविधताको साथै माटोको उर्वरता नक्सा (MoALD द्वारा तयार गरिएको तथा अध्याबधिक गरिएको) को उपयोग मार्फत यो प्रतिफल हासिल गरिनेछ । नक्साको आधारमा आकार (size) र उत्पादनको मात्राका आधारमा बाली तथा वस्तु क्षेत्रहरू विकास गरिनेछ । आवश्यक सहयोगि सेवाहरू जस्तै उत्पादन सामाग्री, बजार र प्राविधिक सेवाहरू प्रदान गरि अर्थतन्त्रको स्तर (Economies of scale) हासिल गरिनेछ ।

१७९. निजी माटो परीक्षण प्रयोगशाला र कृषि पशु चिकित्सक/कृषि क्लिनिकहरूलाई माटो परीक्षण गर्न प्रोत्साहन गरिनेछ। व्यावसायिक नगदे बाली उत्पादकहरूलाई आवधिक आधारमा माटो स्वास्थ्य कार्डको व्यवस्था गरिनेछ ।

## २.१२ स्थानीय रूपमा उपलब्ध दाना सामग्री, डालेघाँस र घांसेवाली प्रवर्द्धन

१८०. डालेघाँस र चरणबाट राम्रो गुणस्तरको पशु दानाको न्यून उपलब्धता हुनु पशुपालन क्षेत्रको उत्पादकत्व बढाउने प्रमुख बाधकहरू मध्ये एक रहेको छ । कम खुवाउने र कुपोषणले पशुपंक्षीको आनुवंशिक क्षमतालाई समेत सीमित गर्दछ । यसलाई जन्म तौल र वृद्धि दर, दूध उत्पादन, मृत्यु दर र प्रजनन कार्यसम्पादन जस्ता सूचकहरू मार्फत मापन गर्न सकिन्छ । तसर्थ PADS ले स्थानीय रूपमा उपलब्ध पोषक तत्वयुक्त खाद्य सामग्रीहरूको पहिचान, विस्तार र उपयोगमा ध्यान केन्द्रित गर्नेछ। स्थानीय रूपमा उपलब्ध पौष्टिक तत्वले भरिपूर्ण डाले घाँस र घाँसे बालीको नक्साङ्कन गरि खेतबारी र वन क्षेत्रमा खेती गरी उपयुक्त क्षेत्रमा विकास र प्रवर्द्धन गरिनेछ। स्थानीय कच्चा पदार्थको उत्पादन लगायत विशिष्ट बजारका लागि साना दाना उद्योग हरूलाई प्रवर्द्धन गरिनेछ । डाले घाँस र घाँसे बालीको खेती विस्तार गर्ने प्रयोजनका लागि प्रदेशभरका सामुदायिक वन उपभोक्ता समूह (CFUGs) सँग समन्वय अभिवृद्धि गरिनेछ। PADS ले पशुपालकहरुका लागि खर्कहरुमा पहुँच उपलब्ध गराउनसहजिकरण गर्नेछ ।

## २.१३ जुनोटिक एवं अन्य आर्थिक रुपमा महत्वपूर्ण रोगहरूको रोकथाम र नियन्त्रणका उपायहरू अवलम्वन

१८१. Peste des petits ruminants (PPR) र खोरेत (FMD) जस्ता रोगहरूले पशुपालन क्षेत्रमा ठूलो नोक्सान पुर्याएको छ । त्यसैगरी कतिपय जुनोटिक रोगहरूले पनि आजकल जनस्वास्थ्यमा चिन्ता थपिरहेको छ । यो प्रतिफल पशु स्वास्थ्य सेवाहरूको लागि जुनोटिक र अन्य रोग अनुसन्धान केन्द्र स्थापना गरी रोग निदान सहित गुणस्तरीय पशु स्वास्थ्य सेवाहरूको लागि सुसज्जित प्रयोगशालाहरू स्थापना गरेर हासिल गरिनेछ । एक स्वास्थ्य दृष्टिकोण (One-health approach) अपनाउनका साथै पशु स्वास्थ्य निगरानी, निदान र प्रतिक्रिया क्षमता सुदृढ गरिनेछ । गुणस्तर सुनिश्चित गर्न मासु

परीक्षण, दूध परीक्षण र रक्त परीक्षण प्रयोगशाला स्थापना गरिनेछ । पशु क्वारेन्टाइन प्रणालीलाई सुदृढ गर्दै माछामा लाग्ने रोग निदानका लागि समेत प्रयोगशाला स्थापना गरिनेछ ।

## २.१४ बजार पूर्वाधार, भण्डारण सुविधा र बजार संजाल विकास

१८२. प्रतिफलमा आधारीत अनुदान योजनाहरूको प्रावधान सहित PPP अवधारणा अनुरुप उपयुक्त केन्द्रहरूमा कोल्ड स्टोर र कोल्ड चेन सहितको भण्डारण (warehouse) सुविधाहरू स्थापना गरि यो प्रतिफल हासिल गरिनेछ । PADS ले उत्पादनलाई बजार पहुँच बढाउन स्थानीय तहहरू, निजी क्षेत्रहरू र प्रादेशिक पहिचान सहितको समुदायको सहभागितामा थोक बजार, खुद्रा बजार, बिक्री केन्द्रहरू, सङ्कलन केन्द्रहरू जस्ता बजार पूर्वाधारहरूको विकासमा ध्यान केन्द्रित गर्नेछ । बजार पूर्वाधार र भण्डारण सुविधा सञ्चालनमा सहकारीहरूलाई बृहत्तर रुपमा परिचालन गरिनेछ । कैलाली र कञ्चनपुरको सीमावर्ती क्षेत्र र ग्रामीण क्षेत्र (दार्चुला) मा हाटबजारको प्रवर्द्धन र सडक आसपास (करिडोर) मा संकलन केन्द्रको विकास/सुदृढीकरण गरिनेछ । धान (मसिनो धानसहित), मकै, गहुँ लगायत अन्य प्रमुख बालीका लागि कार्यात्मक न्यूनतम समर्थन मूल्य (functional MSP) प्रणाली सुरु गरि संस्थागत गरिनेछ । मुख्य उत्पादन समय (Flush season) मा दुधको सदुपयोग गर्न उपयुक्त स्थानमा दूध प्रशोधन केन्द्र स्थापना गर्न सहयोग उपलब्ध गराइनेछ । बजारहरूको अवस्था अद्यावधिक गर्नका लागि बजार सूचना प्रणाली ज्यादै महत्वपूर्ण भएकोले उत्पादकहरू र मूल्य श्रृंखला सरोकारहरुलाई सहयोग गर्ने गरि PADS को मुख्य घटकको रूपमा यो स्थापित हुनेछ । सँगठित संस्थागत व्यवस्थासँगै थोक बजार, खुद्रा बजार, सङ्कलनकर्ता, व्यापारी, सहकारी र उत्पादकहरू बीच बजार संजाल स्थापना गरिनेछ । स्थानीय उत्पादकहरूको कम लगानी क्षमता र बाह्य लगानीकर्ताहरू यस्ता पुर्वाधार सञ्चालन गर्न कम प्रोत्साहन भएको महसुस गर्ने ठाउँमा प्रमुख मूल्य श्रृंखला पूर्वाधारहरूको लागि निर्माण, सञ्चालन र व्यवस्थापन हस्तानतरण मोडेल प्रयोग गरिनेछ ।

१८३. मुख्य बजार केन्द्रहरूको लागि सिफारिस गरिएका स्थानहरू तालिका २० मा प्रस्तुत गरिएका छन्।

**तालिका २०. बजार केन्द्रका लागि सम्भाव्य स्थानहरु**

| जिल्ला | बजारका स्थानहरु |
|---|---|
| बाजुरा | मार्तडी, कोल्टी |
| बझाङ | चैनपुर, देउरा झोता |
| दार्चुला | खलङ्गा, गोकुलेश्वर, मार्मा |
| बैतडी | गोठालापानी, पाटन, खोड्पे |
| डडेल्धुरा | डडेल्धुरा बजार, आलीताल, जोगबुढा |
| डोटि | दिपायल, सिलगढी बुडर |
| अछाम | मंगलसेन, सांफेबगर |
| कैलाली | सहजपुर, अतरिया, धनगढी, टिकापुर, लम्की |
| कञ्चनपुर | महेन्द्रनगर, झलारी, पुनर्बास, बेलौरी |

### २.१५ खाद्य पदार्थको स्वच्छता र गुणस्तर सुनिश्चिता

१८४. गुणस्तरीय मापदण्ड अनुरूपका कार्य गर्न यस प्रदेशमा धेरै नियामक, संस्थागत र क्षमता विकासका उपायहरू आवश्यक छन् । खानाको सुरक्षा र गुणस्तर सुनिश्चित गर्ने सन्दर्भमा PADS को प्रमुख रणनीति भनेको पशु बधशाला तथा मासु जाँच ऐन २०५५ जस्ता ऐनको प्रदेशमा कडाइका साथ कार्यान्वयन गर्नु हो । यस प्रदेशमा व्यवस्थित बधशालाको अभाव भएकाले PADS ले केही शहरी स्थानहरूमा शीत भण्डारण सुविधा सहितको आधुनिक बधशाला स्थापना गर्न र माछा तथा मासु बजार सञ्चालन गर्न सहयोग गर्नेछ । कीरा र रोगको संक्रमण रोक्न क्वारेन्टाइन (बिरुवा र जनावर) उपायहरू अपनाइनेछ र निगरानी राखिनेछ । प्रदेशभित्र प्रभावकारी नियम कानून सहित खाद्य स्वच्छताका प्रावधान र गुणस्तरीय मापदण्ड अनुगमन र कार्यान्वयन गर्ने संस्था स्थापना गरिनेछ ।

### २.१६ हैसियत बिग्रिएको जग्गाको पुनर्स्थापना तथा सुधार गरी कृषि वनको लागि उपयोग

१८५. प्रदेश भित्रका हैसियत बिग्रिएका जग्गा (degraded land) को उपयोग गर्न भूक्षय नियन्त्रण र तटबन्ध निर्माण गरी पुनःस्थापना र सुधार गरिनेछ । स्थानीय तहसँगको सहकार्यमा समग्र हैसियत बिग्रिएको (degraded) भूमिको रेखाङ्कन गरी उपयुक्त कार्ययोजना तयार गरिनेछ । यस्ता जग्गाहरु कृषि-वन गतिविधि र बगर खेतीको लागि प्रयोग गरीनेछ । गरीब र जोखिममा परेका समुदाय (कमैया, हलिया, कमलरी) लाई उत्पादन सामाग्री आपूर्ति र उत्पादन बजारीकरण, प्रविधि र क्षमता निर्माणमा सहयोग गरी प्रयोग गर्न दिइनेछ ।

### २.१७ MAPs/NTFPs खेती, प्रशोधन र व्यापार एवं संस्थागत सुधार

१८६. यो प्रतिफल सहकारी, किसान समूह र निजी क्षेत्रमा आधारित MAPs/NTFPs खेती अभ्यास प्रवर्द्धन गरि हासिल गरिनेछ । सम्भावित सहकारी, समूह र निजी क्षेत्रहरूलाई छनोट गरी NTFPs खेती, उत्पादन र प्रशोधन गर्न तालिम दिइनेछ । PADS ले उपयुक्त स्थानहरूमा स्थानीय प्रशोधन केन्द्रहरू र मूल्य अभिवृद्धि ईकाइहरू स्थापना गर्न सहयोग गर्नेछ । कृषक, सङ्कलनकर्ता, प्रशोधनकर्ता र व्यापारीबीच बजार प्रवर्द्धन सञ्जालको विकास गरिनेछ । MAPS/NTFPs हकमा माथिका गतिविधिहरू प्रवर्द्धन गर्न समन्वयको लागि बहु-क्षेत्रीय तहको संयन्त्रहरू बिध्यमान समेत रहेका छन् ।

### ६.३.३ परिणाम ३ः खाद्य र पोषण सुरक्षामा सुधार

१८७. खाद्य र पोषण सुरक्षा तब प्राप्त हुन्छ जब सबै व्यक्तिहरूले स्वस्थ जीवन जिउनको लागि पर्याप्त मात्रामा किफायती एवं पौष्टिक खानामा भरपर्दो पहुँच रहन्छ । खाद्य र पोषण सुरक्षाका चार आयामहरू छन् जसले दीर्घकालीन र अस्थायी अवस्था दुवैलाई समेट्दछन । यी आयामहरूमा उपलब्धता, पहुँच, उपयोग र स्थिरता हुन् । नेपालमा भोकमरी, गरिबी र कुपोषणका आधारभूत कारणहरू आर्थिक, संस्थागत र सांस्कृतिक पक्ष रहेको हुंदा यिनीहरुले सुरक्षित खाना र जीविकोपार्जनका अवसरहरूको पहुँच र उपयोगलाई सीमित गर्दछन् । जीविकोपार्जनका

अवसरहरूको पहुँचले घरपरिवारलाई असामान्य अवस्था (shocks) को सामना गर्न दिगो र पर्याप्त आय समेत प्रदान गर्दछ । सुदूरपश्चिमको विविध भूगोल, जातीय संरचना र सामाजिक अभ्यासहरूले प्रदेशभरका विभिन्न जातजाति र जनजातिहरूबीच स्वास्थ्य र पोषण सूचकहरूमा भिन्नता बढाउँछ । कम कृषि उत्पादकत्व र कमजोर बजारले किसानको आम्दानीको सम्भावना, निजी क्षेत्रबाट लगानी, र विविध र पौष्टिक खाद्यान्नमा पहुँचलाई सीमित गर्दछ ।

१८८. कृषि क्षेत्र मात्र खाद्य सुरक्षाको निर्णायक क्षेत्र होइन, तर यो एक प्रमुख क्षेत्र भने हो । नेपालको कृषि क्षेत्रको दूरदृष्टि आयमामात्र थप वृद्धि गर्नु नभई विशेष गरी हाल खाद्यान्न असुरक्षामा परेकाहरूका लागि थप पोषणयुक्त खाद्यान्नको उपलब्धता, पहुँच र उपयोगमा समेत प्रतिविम्बित हुन्छ । खाद्य र पोषण सुरक्षाले पशु र बागवानी उत्पादनहरूको ठूलो भूमिकाको साथै अझ विविध कृषि उत्पादन प्रणाली समावेश गर्न सघाउंदछ । ADS दूरदृष्टि बहु-क्षेत्रीय पोषण योजना (MSNP) र खाद्य तथा पोषण सुरक्षा योजना (FNSP) सँग सम्बद्ध छ । MoAD द्वारा अनुमोदित FNSP लाई खाद्य तथा पोषण सुरक्षा कार्यक्रमहरू कार्यान्वयन गर्न ADS को अभिन्न अंगको रुपमा लिईने र MSNP पनि यसको पूरक हुनेछ ।

१८९. यस अन्तर्गतको मुख्य परिणाम भनेको सुरक्षित र पौष्टिक खाद्यमा पहुँच बढाई जनताको खाद्य र पोषण सुरक्षामा सुधार गर्दै खाद्य अधिकार र खाद्य सम्प्रभुता ऐन र नियमको कार्यान्वयन सुनिश्चित गर्नु नै हो । यो उत्पादकत्व वृद्धि र कृषि उत्पादनको व्यापार र बजारीकरणमा प्रतिस्पर्धात्मकता बढाउन र PPP/PPCP मोडेल अबलम्बन गरि रणनीतिक स्थानमा खाद्य भण्डारहरूको स्थापना र स्थानीय खाद्य प्रणालीको प्रवर्द्धन बाट हासिल गर्न सकिन्छ । यो नतिजा प्राप्त गर्नको लागि, निम्न प्रतिफलहरु परिकल्पना गरिएको छ ।

**मुख्य प्रतिफल (Output) हरुः**

### ३.१ उत्पादन बढाएर खाद्यान्नमा भौतिक पहुँच सुधार

१९०. खाद्यमा पहुँच सुधार र उपलब्धता सुनिश्चित गर्नु खाद्य र पोषण सुरक्षाको एक आयाम हो । यसले खाद्यान्नमा भौतिक पहुँच सुधार गर्ने र कृषि उत्पादन बढाउने लक्ष्य राखेको छ । परिकल्पना गरिएका कृयाकलापहरुले खाद्य उत्पादकत्व वृद्धि मार्फत उत्पादनको स्तर बढाई खाद्यान्न उपलब्धता बढाउने सोच राखेको छ । गुणस्तरीय सामग्रीको आपूर्ति, बाली तथा पशुपंक्षी ऋणको व्यवस्था, बजार र मूल्य सुनिश्चितता एवं नवप्रवर्तनको माध्यमबाट जलवायु अनुकुलन प्रविधि अपनाई उत्पादन बढाउन सकिने दृष्टिकोण लिएको छ । स्थानीय स्तरमा खाद्यान्नमा आत्मनिर्भरता हासिल गर्न स्थानीय बाली/वस्तु उत्पादन र मासु तथा दूध उत्पादनलाई प्रोत्साहन गरिनेछ । नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) लाई निरन्तरता दिंदै लागू गरिनेछ। साथै सडक र भण्डारण सुविधाहरू जस्ता अतिरिक्त भौतिक पूर्वाधारहरूको विकास एवं बिध्यमान पुर्वाधारहरुको सुधार गरि भौतिक पहुँच सुदृढ गरिनेछ ।

### ३.२ पौष्टिक विविधतायुक्त खाद्य उपभोग प्रवर्द्धन

१९१. यस अन्तर्गतका केही कार्यक्रमहरूमा पशु-स्रोत खाना, फलफूल, तरकारी र सिमी/दाल लगायत विविध पौष्टिक खाद्य पदार्थको खपत बढाएर घरायसी स्तरमा खाद्य उपभोगमा परिवर्तन ल्याउन सकिन्छ । ऊर्जायुक्त (energy rich) खानेकुराको तुलनामा पौष्टिक खानाहरू निकै महँगो हुने हुँदा गरिब र सीमान्तकृत मानिसहरूले उपभोग गर्न सक्दैनन् । यस सन्दर्भमा मूल्य अभिवृद्धि गतिविधिहरू (जस्तै, प्रशोधन) मार्फत आन्तरीक र बाहिरी रोजगारी सिर्जना गर्न, जोखिममा परेका मानिसहरू र समुदायहरूलाई सामाजिक सुरक्षा योजनाहरू कार्यान्वयन गर्ने र घर बगैंचा (home gardens) को प्रवर्द्धन मार्फत कम लागतमा विविध पौष्टिक पदार्थहरूको उपलब्धता बढाउनु आवश्यक छ ।

१९२. यसका अलावा, घरेलु पोषणको लागि विविधता सहितको घर बगैंचाको प्रवर्द्धन मार्फत यो प्रतिफल हासिल गरिनेछ । जोखिममा परेका समुदायहरूका लागि नियमित आहार विविधता अनुगमन संयन्त्र स्थापना गरिनेछ । साथै विद्यालयमा खुवाउने कार्यक्रम का साथै सरकारी कार्यक्रमहरुमा समेत स्थानीय स्तरमा उत्पादित खाध्य वस्तुहरु प्रयोग गरी तयार गरी एक परिकार उपभोग गर्न प्रवर्द्धन गरिनेछ ।

### ३.३ आकस्मिक अवस्थाको लागि बीउ तथा खाद्यान्नको मौज्दात (Buffer Stock) व्यवस्थापन

१९३. यस प्रदेशका पहाडी तथा हिमाली जिल्लाहरू बाढी, खडेरी र रोग कीराको प्रकोप जस्ता जलवायुजन्य जोखिमका कारण खाद्य असुरक्षित छन् । संकटको समयमा मानिसहरूलाई सहयोग गर्न खाद्यान्न र बीउको मौज्दात राख्न भण्डारण सुविधाहरूको पर्याप्त विकास गर्नु जरुरी छ । प्रदेश सरकार र स्थानीय तहले स्थानीय रूपमा उपलब्ध बाली/वस्तुको उत्पादनलाई प्रोत्साहन गरी उत्पादकहरूबाट सीधै खरिद गर्नु पर्दछ । स्थानीय उत्पादनको आवश्यकता र उपलब्धता बारे वासलात तयार गर्नुपर्छ । साथै स्थानीय उत्पादनको बजार/बिक्री गर्न प्रत्येक जिल्लामा कोसेली घर (उपहार पसल) स्थापना गर्न सहयोग गर्नाको साथै आवश्यकताको निश्चित प्रतिशत मौज्दात (बफर स्टक) को रूपमा राख्ने व्यवस्था गरिनेछ । साथै यी आपतकालीन कार्यहरू सम्पादन गर्न संस्थागत क्षमतालाई सुदृढ गर्नुका अतिरिक्त आपतकालीन समयमा काम गर्न स्थानीय तहहरूसँग समन्वय/सहयोग संयन्त्रको विकास गरिनेछ ।

### ३.४ विविधतायुक्त खानाको पौष्टिक महत्व बारे सचेतना सिर्जना

१९४. यस प्रदेशका जनतामा स्थानीय स्तरमा उपलब्ध पौष्टिक खाद्य वस्तुलाई कम ध्यान दिई शक्ति वर्धक खाद्यपदार्थ बढी उपभोग गर्ने प्रचलन छ । तसर्थ, स्थानीय समूहहरूलाई परिचालन गरी पोषण सचेतना अभियानहरू आयोजना गर्ने, विद्यालय शिक्षामा पोषण पाठ्यक्रम समाबेश गर्ने, जनचेतना अभिवृद्धिका लागि आमसञ्चार माध्यमको प्रयोग गर्ने, विविध स्थानीय खाद्य पदार्थहरूको पोषण सम्भावना आंकलन गर्ने र तिनको प्रशोधन र मूल्य अभिवृद्धि जस्ता कृयाकलापहरु संचालन गरिनेछ ।

### ३.५ स्थानीय वस्तुहरूको मूल्य अभिवृद्धिको लागि महिलामैत्री खाद्य प्रशोधन मेसिनरी र उपकरणहरूमा पहुँच सुनिश्चितता

१९५. नेपालको सन्दर्भमा महिलाहरू प्रायः खाना बनाउने र परिवारका अन्य सदस्यहरूलाई खुवाउने काममा संलग्न हुन्छन् । केही जातजाति र जातीय समुदायहरू बाहेक महिलाहरु बाली योजना, उत्पादन सामाग्री खरिद तथा उत्पादनको बजारिकरणमा प्रमुख निर्णयकर्ता होईनन् । ज्ञान र प्रविधिहरूमा महिलाहरुको सीमित पहुँच छ। कृषिसँग सम्बन्धित निर्णय र घर परिवारमा खाना र पोषण सुधारको सन्दर्भमा महिला सशक्तिकरण एक पूर्व आवश्यकता हो । यसर्थ, यो प्रतिफल हासिल गर्ने कृयाकलापहरुमा स्थानीय उत्पादनहरूको मूल्य अभिवृद्धि (प्रशिक्षण र ज्ञान बाँडफाँड मार्फत) का लागि महिलाको क्षमता अभिवृद्धि, घरायसी स्तर, सामुदायिक र स्थानीय तहमा खाद्य प्रशोधनका लागि महिलामैत्री मेसिनरी र औजारहरूको पहुँच सुनिश्चित गर्ने र उपकरण र मेसिनरीको लागतमा अनुदान र आवश्यक सेवाहरू प्रदान गर्नु रहेको छ ।

### ३.६ खाद्य स्वच्छता र गुणस्तर प्रवर्द्धनका उपायहरू अवलम्वन

१९६. खाद्य सुरक्षा ती सबै खतराहरूसँग सम्बन्धित छ जुन खानाले उपभोक्ताको स्वास्थ्यलाई हानिकारक बनाउन सक्छ । यस अन्तर्गत नकारात्मक विशेषताहरू अन्तरगत बिग्रने, फोहोरसँग दूषित हुने, बिकृत, दुर्गन्ध पर्दछन् भने सकारात्मक विशेषताहरूमा खानाको उत्पत्ति, रंग, स्वाद, बनावट र प्रशोधन विधि समावेश हुन्छन । गुणस्तर र स्वच्छता सुनिश्चित गर्नका लागि कार्यान्वयन गरिने कृयाकलापहरुमा नियमहरू र खाद्य सुरक्षा मापदण्डहरूको तयारी र कार्यान्वयन एवं नियमित अनुगमन र मूल्याङ्कन समावेश गरिएको छ । प्रदेशमा खाद्य गुणस्तर र स्वच्छता मापदण्ड लागू गर्ने र अनुगमन गर्ने संस्था (खाद्यको अधिकार र खाद्य सम्प्रभुता सहित) को क्षमताको अभाव/अपर्याप्तता रहेकोले यसलाई सुदृढ गर्दै लगिने छ ।

### ६.३.४ परिणाम ४ः संस्थागत सुदृढिकरण र सुशासनमा सुधार

१९७. रूपान्तरण सम्बन्धी एजेन्डालाई सहजीकरण गर्ने र अघि बढाउनका लागि सस्थाहरुको मुख्य भूमिका हुन्छ । तिनीहरूको कार्यमा कृषिलाई आधुनिकीकरण गर्न र उत्पादन रूपान्तरणका लागि मुख्य उत्पादन सामाग्रीहरू, स्रोतहरू र सेवाहरूको वितरण सुनिश्चित गर्ने पर्दछन् । साथै सरोकारवालाहरुका भिन्न समूहहरू बीच अत्युत्तम र वांछनीय वितरण परिणाम सुनिश्चित गर्नु पनि आवश्यक छ जसबाट वृद्धि (growth) का कारण हुने फाइदाहरू पनि समान रूपमा बितरण गर्न सकियोस । संस्थाहरूको सुदृढिकरणको प्रश्न भनेको कृषि आधुनिकीकरणलाई सम्बोधन गर्ने, प्रदेशका कमजोर मूल्य-श्रृङ्खलाहरूलाई बढावा दिने र चरम गरिबीको 'प्रादेशिक विरोधाभास (provincial paradox) लाई समाधान गर्ने नै हो । PADS भित्र कृषि रूपान्तरणका लागि संस्थाहरुको सुदृढिकरण भनेको सार्वजनिक संस्थाहरू-राष्ट्रिय, प्रादेशिक र स्थानिय, निजी क्षेत्रका सेवा प्रदायकहरू र सहकारीहरू, कृषक समूह, NGO/CBOs, बैंक तथा वित्तिय संस्थाहरुको नयाँ संस्थागत ढाँचाका साथै तिनीहरुको क्षमता सुदृढ गर्नु नै हो ।

१९८. PADS मा संस्थागत विकासले विस्तारित योजना, वितरण, र सम्पत्ति मर्मत (asset maintenance) क्षमताहरू मार्फत दिगो रूपमा परिणामहरू प्रदान गर्न क्षेत्रीय संस्थाहरूको क्षमतालाई सुदृढ गर्नका लागि गरिएका गतिविधिहरूलाई जनाउँछ । जबकि शासन भन्नाले "नीति तर्जुमा र कार्यान्वयन गर्ने र कार्यसम्पादन गर्ने सरकारको क्षमता" लाई जनाउँदछ। यस्तो क्षमताले PADS सफलतापूर्वक कार्यान्वयनको सुनिश्चितता गर्नेछ। सुशासनका मुख्य तत्वहरूमा पारदर्शिता, जवाफदेहिता र सहभागिता (TAP) समावेश हुन्छन् ।

१९९. कार्यक्रमको तर्जुमा र कार्यान्वयनका लागि कार्यगत सर्तहरू (ToR), सान्दर्भिक क्षमता र सरोकारवालाहरू बीच समन्वयको आवश्यकता पर्दछ । यसरी PADS ले सरकारको तीन तहको स्पष्ट TOR सहितको संयन्त्र कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तर्गत स्थापना गर्नेछ । साथै PADS ले AKCs, VHLSECs, PMAMP को TOR दायराको सीमितता हटाउनका लागि कृषि तथा पशुपालन संस्थाहरूको स्पष्ट भूमिका, उत्तरदायित्व, जवाफदेहिता उल्लेख गर्ने र पृष्ठपोषण संयन्त्र समेत विकास गर्नेछ ।

२००. किसानको प्रकार, व्यवसाय र स्थानीय सन्दर्भहरू परिभाषित नगरी अनुदान र सेवाहरू प्रबन्ध गर्ने दृष्टिकोण (Blanket approach) समेत यस प्रदेशको अर्को समस्या हो । स्रोत बाँडफाँट, अनुदान प्रशासन र कार्यक्रम कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहबीचको कमजोर तालमेल, स्रोत बाँडफाँटमा दोहोरोपन जस्ता कार्यले तालमेललाई थप खण्डित गरेको छ । नियामक प्रावधानहरूको कार्यान्वयन र उचित अनुगमन एवं शैक्षिक संस्थाहरू र NARC बीचको कमजोर समन्वय प्रदेशमा कृषि विकासका थप ब्यबधानहरू हुन् । यसरी PADS ले विभिन्न निकायहरू, विभिन्न तहहरू (संघ, प्रदेश र स्थानीय) र विभिन्न सरोकारवालाहरू (सरकार, नागरिक समाज, विकास साझेदारहरू) बीच समन्वय र प्रभावकारी योजनाका लागि आवश्यक पर्ने कृषि क्षेत्रको जटिलतालाई पहिचान गर्नेछ। प्रभावकारी समन्वय र योजनाले सुशासन हासिल गर्न आवश्यक प्रमुख प्रतिफलहरू सुनिश्चित गर्नेछ । साथै PADS को समावेशी पक्षहरू (लैंगिक, पिछडिएको समूह, भौगोलिक रूपमा विपन्न) लाई उपयुक्त संयन्त्र मार्फत दृष्टिगत गरिनेछ जसले PADS को योजना, कार्यान्वयन र अनुगमनमा पारदर्शिता, जवाफदेहिता र सहभागिता सुनिश्चित गरर्नेछ । सरकार र नागरिक समाजका छनौट गरिएका संस्थाहरू (जस्तै, कृषक सँगठन र सहकारी संस्थाहरू) भित्र रहेको जनशक्तिको क्षमताले PADS को संस्थागत सुशासनको समग्र सुदृढीकरणमा योगदान पुर्याउनेछ ।

२०१. सुदृढ संस्था र सुशासनको समग्र परिणाम १४ प्रतिफलहरू मार्फत हासिल गरिनेछ जसलाई तल उल्लेख गरिएको छः

<u>मुख्य प्रतिफल (**output**) हरुः</u>

### ४.१ तीन तहका सरकारहरूको स्पष्ट TOR सहितको संयन्त्र स्थापना

२०२. कसले के गर्छ भन्ने स्पष्ट अधिकार समेटेर निर्देशनालय, AKCs/ VHLSEC र स्थानीय तहका अन्य कार्यालयहरूको भूमिका र जिम्मेवारी सहितको TOR सहित प्रदेश देखि स्थानीय तहसम्मको वर्तमान कृषि र पशुपालन संस्थागत संरचनाको पुनर्संरचना गरी यो प्रतिफल हासिल गरिनेछ । कृषि विकासको सन्दर्भमा प्रदेश र स्थानीय तहका लागि स्पष्ट कार्यक्रमगत क्षेत्र परिभाषित गरिनेछ। कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमनका क्रममा स्रोतको दोहोरोपन र निर्दिष्ट विधिको अबज्ञा नहुने गरी तीनवटा सरकारी तह र सम्बन्धित निकायहरू बीच समन्वय संयन्त्रको विकास गरिनेछ । स्थानीय तहमा कृषि क्षेत्रका लागि बजेट विनियोजन एकदमै नगण्य मात्रामा रहेको छ । PADS ले प्रत्येक नगरपालिका र गाउँपालिकासंग समन्वय गरि कुल बजेटको १५-२०% कृषि क्षेत्रमा विनियोजन गर्ने अभिप्रेरित गर्नेछ ।

### ४.२ विभिन्न तहमा कृषि क्षेत्रमा काम गर्ने सार्वजनिक संस्थाहरू बीचको तालमेल वृद्धि

२०३. नियमित सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कनका लागि प्रभावकारी योजना र संयन्त्रको विकास गर्न सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी निकायहरूबीच सामञ्जस्य अभिवृद्धि गरी यो प्रतिफल हासिल गरिनेछ । PADS ले प्रदेशका सबै कृषि विकास कार्यक्रमहरूलाई MoLMAC, AKC/VHLSEC, निर्देशनालयहरू, कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, फलफूल विकास फार्म, तरकारी विकास फार्म, माटो विश्लेषण प्रयोगशाला, बीउ र बाली संरक्षण प्रयोगशालाहरूमा पर्याप्त बजेट बिनियोजन गर्न एवं सुसँगता (harmonize) कायम गर्न सहजिकरण गर्नेछ । हालका नीति र अभ्यासहरू, मूल्य निर्धारण, उत्पादन सामाग्रीमा अनुदान र सेवाहरूको पुनर्संरचनाको सन्दर्भमा सुसँगताको पक्ष PADS को केन्द्रमा रहनेछ ।

### ४.३ विभिन्न तहका संस्थाहरूबीचको समन्वयमा एकीकृत कृषि विकास योजना तर्जुमा

२०४. PADS को यस प्रतिफलले बहु-क्षेत्रीय योजना र नीतिहरूको कार्यान्वयनको निरीक्षण गर्न स्थानीय तहहरूको आवश्यकता र क्षमता अनुरूप एकीकृत योजना प्रक्रियालाई सुसँगत गराउनेछ । बहु-मन्त्रालयका योजनाहरू जस्तै MoLMAC र भौतिक पूर्वाधार विकास मन्त्रालय (MoPID), AKC र VHLSEC कार्यक्रमहरू र स्थानीय स्तरका कार्यक्रमहरू योजना तर्जुमाको क्रममा नै एकीकृत गरिनेछन् । आगामी आर्थिक वर्ष वा अवधिका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रदेशमा संयुक्त योजना तर्जुमा गरी दुर्लभ स्रोत साधनको प्रभावकारी उपयोग गर्न र कार्यक्रम तथा गतिविधिमा हुने दोहोरोपनलाई हटाउने गरी योजना निर्माण गरिनेछ । तीन तहका सरकारहरूद्वारा एउटै पालिका र जिल्लामा बिध्यमान कार्यक्रमहरू दोहोरिन नदिन स्रोत योजना र नक्साङ्कन (जस्तै, बीउ, नस्ल, प्राङ्गारिक मल, औजार आदि) गरिनेछ । PADS ले सबै दीर्घकालीन कृषि योजनाहरू र बजेटहरूसँग संयोजन/मिलान गर्ने उद्देश्य समेतराखेको छ ।

२०५. ठोस वा बलियो तालमेलको लागि तलको तालिका २१ मा उल्लेख गरिए अनुसार दश चरणको सहभागितामूलक योजनाको दृष्टिकोण अपनाउनु उपयुक्त रहन्छ ।

**तालिका २१. योजना चरण र कार्यहरु**

| चरण | चरणहरुको बर्णन | समय | जिम्मेवारी |
|---|---|---|---|
| चरण -१ | कृषक, कृषक समूह, कृषि सहकारी तथा निजी फर्महरूबाट आगामी आर्थिक वर्षको लागि कृषि विकास कार्यक्रमको लागि माग गर्न सूचना प्रकाशन गर्ने समय अवधि: ४५ दिन | आश्विन १० | पालिकाको कृषि/पशु विकास शाखा |
| चरण -२ | प्राप्त मागहरुको सूची तयार गरी सम्भावित लगानी, प्राविधिक सम्भाव्यता, वर्तमान नीति, प्राथमिकता का आधारमा वडा स्तरमा कार्यक्रम तथा योजनाहरुको प्राथमिकिकरण गर्ने | मार्ग १५ | पालिकाको कृषि/पशु विकास शाखा |
| चरण -३ | पालिकास्तरमा योजनाहरुको वर्गिकरण र प्राथमिकीकरण गर्ने । पालिकाले सम्पन्न गर्ने योजना बाहेकका योजनाहरुलाई जिल्ला समन्वय समितीमा पठाउने | पुप १५ | पालिका |
| चरण -४ | पालिकाबाट प्राप्त योजनाहरुको प्रमाणिकरण, प्राविधिक सम्भाव्यता र अनुमानित लगानी सम्पन्न गर्ने । | माघ १५ | AKC/VHLSEC को सहयोगमा जि स स |
| चरण -५ | कार्यक्रम लागत र समय सीमाको अन्तिम सूची तयार गर्ने<br>- सालबसाली र बहुवर्षिय योजनाहरुको वर्गीकरण गर्ने<br>- स्थानीय तहले सम्पादन गर्ने कार्यक्रम सम्बन्धित स्थानिय तहलाई सिफारिस गर्ने ।<br>- बाँकी कार्यक्रमहरू प्रदेशको सम्बन्धित मन्त्रालयमा सिफारीस सहित पठाउने । | फाल्गुन ३० | AKC/VHLSEC को सहयोगमा जि. स. स. |
| चरण -६ | - MoLMAC मार्फत उप-परियोजनाहरू (सशर्त अनुदान वा संघीय कार्यान्वयनको लागि) संघीय स्तरमा अनुरोध गर्ने ।<br>- प्रदेशले संचालन गर्न सकिने कार्यक्रमहरुको सूची तयार गर्ने। | चैत्र १५ | MOLMAC |
| चरण -७ | - MoLMAC द्वारा अन्तिम सूची बनाउने (नीति, प्राथमिकता, लगानी, लागत लाभ र अन्य मापदण्डहरू) ।<br>- सरोकारवालाहरूबाट प्रतिक्रिया संकलन गर्ने । | बैसाख १५ | MOLMAC |
| चरण -८ | परियोजनाहरूको सूचीलाई अन्तिम रूप दिने (आउँदो आर्थिक वर्षको नीति र कार्यक्रम ढाँचासहित) | बैशाख ३० | MOLMAC |
| चरण -९ | सम्बन्धित कार्यालयहरूद्वारा PLMBIS प्रविष्ट गर्ने | जेष्ठ २० | MOLMAC |

२०६. सुदृढ र एकीकृत योजनाका लागि सार्वजनिक क्षेत्र, विकास साझेदार, निजी क्षेत्र र स्थानीय स्तरका सरोकारवालाहरूलाई समावेश गरी स्पष्ट समयसिमा सहितको तल्लो तहको सहभागितामूलक योजना

मार्गनिर्देशनहरू विकास गरिनेछ । स्पष्ट आधार (थ्रेसहोल्ड) को साथ परियोजना मूल्याङ्कन प्रणाली स्थापित गरी मार्गनिर्देशिकाहरूको पालना सुनिश्चित गरिनेछ ।

## ४.४ लक्षित अनुदान/सहयोग योजना लागू गरी पारदर्शी अनुदान वितरण संयन्त्रको विकास

२०७. यो प्रतिफल पारदर्शी तरिकाले अनुदान वितरण विधि पालन गराउने कुराको सुनिश्चितता गर्न केन्द्रित रहने छ। किसान र तिनका संस्थाहरूलाई उत्प्रेरित गर्न कृषि सहायता प्रणाली सुदृढ हुनु जरुरी छ । उत्पादन सामग्री, मेसिनरी, पूर्वाधार स्थापना, सिँचाइ र प्रविधिहरूमा अनुदान उपलब्ध गराइने भएकाले कृषि क्षेत्रमा अनुदानको व्यवस्था एक प्रमुख सहयोगीको रुपमा रहेको छ । सुदूरपश्चिम प्रदेश सरकारले "कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" तर्जुमा गरेको छ जसमा अनुदानको बारेमा व्याख्या गरिएको छ । यसमा मल, बीउ, बिरुवा र बिरुवाको मूल्य, ढुवानी, लक्षित समूहका कार्यक्रमहरू (तालिम, कार्यशाला, अवलोकन भ्रमण/भ्रमण) लगायत अन्य कार्यक्रम (सफ्टवेयर) मा शतप्रतिशत अनुदान दिने व्यवस्था रहेको उल्लेख छ । त्यस्तैगरि साना सिँचाइ पूर्वाधार निर्माण, प्लाष्टिक घर, नेट हाउस, टनेल, शेड हाउस, साना उपकरण, कृषि बजार संरचना निर्माणमा ८५% अनुदान छ भने कार्यक्रमको लक्ष्य अनुसार स्रोत बीउ, मेसिनरी उपकरण, मौरी/उपकरण, शित भण्डार स्थापनामा ५० प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्था छ । यस बाहेक सहुलियत ऋण र बाली बीमा प्रिमियम मा ७५% अनुदानको व्यवस्था छ ।

२०८. यसका साथै पशुपालन एवं मत्स्यपालन र कृषि बजार, सङ्कलन केन्द्र, शीत भण्डार, र रष्टिक/सेलार स्टोर जस्ता पूर्वाधार संरचनाको लागि अनुदानको प्राव्धान राखिएको छ । उद्यमीहरूको आवश्यकता अनुसार अनुदान उपलब्ध गराउनको लागि PADS ले योजना, स्रोत बाँडफाँड र कार्यक्रम कार्यान्वयनको शुरु देखि नै दोहोरोपन नहोस् भन्नका लागि सरकारका तीन क्षेत्रहरू बीचको अनुदान मोडालिटी/ढाँचाको समीक्षा गर्नेछ र कार्यान्वयन गर्न स्पष्ट निर्देशिका तयार गर्नेछ । कृषक दर्ता र वर्गीकरण तीन वर्षभित्र सम्पन्न गरिनेछ । कृषकको बारेमा स्पष्ट र भरपर्दो तथ्यांक आधार (database) पूरा भएपछि प्रदेशभित्र उत्पादनमा आधारित अनुदान संयन्त्र स्थापना गरिनेछ ।

## ४.५ निजी क्षेत्रको सक्रिय सहभागिता सुनिश्चितता

२०९. यस प्रतिफलले प्रविधिको प्रवर्द्धन र प्रसार, क्षमता अभिवृद्धि, आयातित उपकरणको भन्सार शुल्क, कृषि व्यवसाय केन्द्रको स्थापना एवं मुल्य श्रृङ्खला अभिवृद्धि, स्रोत केन्द्र र मूल्य लगायतका विभिन्न प्रकारका प्रोत्साहनको बलियो प्रावधान सहित निजी क्षेत्रहरूलाई कृषि व्यवसाय तर्फ उत्प्रेरित र आकर्षित गर्ने रणनीति विकास गर्नेछ । PADS ले एग्रोभेट्स, धान मिल, प्रशोधनकर्ता, निजी फार्महरू, बीउ कम्पनीहरू, निजी प्रयोगशालाहरू, बजार एजेन्ट, वस्तुगत संघ, FNCCIs/DCCIs र अन्य उद्यमीहरूको संलग्नता सुनिश्चित गर्न सुदृढ समन्वय संयन्त्र स्थापना गर्नेछ। प्रदेश सरकारले निजी क्षेत्रका सफल व्यवसायिक मोडलहरू अवलम्बन गर्ने र त्यस्ता मोडलहरू अपनाउन पालिकाहरुसँग समन्वय गर्नेछ ।

२१०. निजी क्षेत्रको संलग्नता "कृषि व्यवसायमा निजी क्षेत्र संलग्नता निर्देशिका सन् २०२१ (Private Sector Engagement Guideline in Agribusiness, 2021)"[1] मा आधारित हुनेछ। निजी क्षेत्रको संलग्नताको क्षेत्र निम्नानुसार हुनेछ (क) भूमि उपयोग र व्यवस्थापन (भाडामा, करार खेती र भूमि बैंक) (ख) बीउ उत्पादन, वितरण र बजार (ग) नस्ल सुधार र कृत्रिम गर्भाधान सेवा (घ) मल आपूर्ति प्रणाली - मल बिक्री वितरण गर्न तथा ब्लेन्डेड (blended) मल व्यवस्थापनका लागि निजी क्षेत्रको प्रवर्द्धन (ङ) कृषि यान्त्रीकरण (छ) प्रविधि विकास (ज) प्रविधि हस्तान्तरण (झ) कृषि वित्तिय व्यवस्था (ञ) कृषि प्रशोधन र मूल्य अभिवृद्धि र (ट) कृषि बजार, कृषि बजार पूर्वाधार र सहयोग प्रणाली । यस व्यवस्थाले कृषि उत्पादनको माग र आपूर्तिलाई सम्बोधन गर्दै प्राविधिक सामग्री र अन्य सेवाहरूमा सहजीकरण गर्नेछ । कृषि व्यवसाय प्रवर्द्धनमा निजी क्षेत्रलाई सहभागी गराउन प्रदेश सरकारले "कृषि व्यवसाय प्रवर्द्धनका लागि निजी क्षेत्रको सहभागिता नीति" तर्जुमा गर्नेछ । बाली र क्षेत्र अनुसार सन्तुलित मलको प्रयोग एवं मलको उच्चतम उपयोगका लागि प्रदेश सरकारले "ब्लेन्डेड (Blended) मल व्यवस्थापन कार्यविधि" तयार गर्ने छ ।

## ४.६ सजिलैसँग पहुँचयोग्य र लागत-प्रभावी कृषि सामग्री र सेवाहरूको सुनिश्चितता/उपलब्धता

२११. PADS को यो प्रतिफल अन्तर्गत निजी क्षेत्रका लागि अनुदान, बीमा कभरेज र तीनीहरुको कार्यान्वयन व्यवस्थापन गर्न भरपर्दो र पारदर्शी विधि/संयन्त्रको स्थापना गरिनेछ । MoLMAC ले अनुदान र अन्य कृषि सामग्री र सेवाहरू र यसको कार्यान्वयन विधिका बारेमा संचार माध्यम/वेबसाइट मार्फत द्रुत सञ्चारको लागि मन्त्रालय, निर्देशनालय, AKC र VHLSEC मा सूचना डेस्क समेत स्थापना गर्नेछ ।

२१२. प्रत्येक वडास्तरमा कृषि सामाग्री डिपो/एग्रो-भेटहरू स्थापना गरि प्रतिफल हासिल गरिनेछ । इजाजतपत्र प्राप्त निजी सेवा प्रदायकहरूको प्रवर्द्धन, सहकारी तथा बैंक तथा वित्तीय संस्थाहरू मार्फत ऋण सुविधा, LRP परिचालन र किसानमैत्री सूचना प्रविधिको स्थापना गरिनेछ ।

## ४.७ सहकारीलाई सुदृढिकरण गरी सक्षम बनाउने

२१३. PADS मा यो प्रतिफल ले संस्थागत विकास, व्यवसायिक योजना तयारी, लेखापरीक्षण, अभिलेख राख्ने र लगानीको सम्भाव्यता सम्बन्धि कुराहरुमा सहकारीहरूको व्यवस्थापन र व्यवसाय विकास सीपहरू अभिबृद्धि गर्नेछ । सहकारीहरूलाई प्राविधिक मानव श्रोतको व्यवस्थापन, एग्रो-भेट र सूचना प्रविधि जस्ता पक्षहरुमा सशक्त बनाई कृषि उत्पादन र बजारीकरणको स्तर (Economies of scale) बढाउन कृषि मूल्य श्रृंखलाहरूमा संलग्न गराईनेछ । PADS ले सहकारी मार्फत कृषिमा लगानी तथा अनुदानलाई संस्थागत गर्नेछ ।

२१४. प्रत्येक स्थानीय तहमा एक महिलासहित कम्तीमा दुई जना सहकारी प्रशिक्षकहरू विकास गरिनेछ। MoLMAC ले प्रादेशिक स्तरमा सहकारी तालिम केन्द्र स्थापना गर्न र सहकारी सदस्यहरूलाई

[1] Private Sector Engagement Guideline in Agribusiness, 2021 (draft), MoALD, Government of Nepal

निर्धारित आधारमा तालिम दिन सहजीकरण गर्नेछ। सहकारीको पूर्वाधार विकासमा टेवा पुर्याउन बलियो संयन्त्रको विकास गरिनेछ ।

### ४.८ वित्तीय सेवामा सहज र किफायती पहुँच सुधार र सुनिश्चितता

२१५. राष्ट्र बैंकको निर्देशन कार्यान्वयन गर्न बैंक तथा वित्तीय संस्थाहरुको नियमित अनुगमनबाट यो प्रतिफल हासिल गरिनेछ । PADS ले हाल बिध्यमान वित्त र बीमाको लामो प्रक्रिया र अव्यवहारिक आवश्यकतालाई संबोधन गर्नेछ । साना किसानलाई ऋण उपलब्ध गराउन सहकारीलाई प्रोत्साहन गरिनेछ । त्यसैगरी प्रदेशमा कृषि तथा पशुपन्छी सेवाका लागि नेपाल बिमा समितिले दिएको निर्देशन अनुसार विध्यमान बीमा नीति अनिबार्य रुपमा लागू गर्न बीमा कम्पनीहरूलाई अभिमुख गरिनेछ ।

### ४.९ CBOs/NGOs, कृषक समूह, वस्तुगत संस्था र विकास साझेदारहरूको सामंजस्यपूर्ण परिचालन

२१६. प्रदेशमा कृषि क्षेत्रमा काम गर्ने CBO र गैरसरकारी संस्थाहरूबीच सुसँगता (harmonize) प्रवर्द्धन गरी यो प्रतिफल हासिल गरिनेछ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHV), सामदुयिक वन उपभोक्ता समूह (CFUG), युवा क्लब र किसान समूह र किसान सञ्जाललाई व्यवसायिक कृषि का लागि तीनीहरुको क्षमता अभिबृद्धी गरी आधारभूत सेवा प्रदान गर्न बलियो संयन्त्रको विकास गरिनेछ । PADS मा प्रदेश सरकारले विकास साझेदारहरूको लागि एक द्वार नीतिको तर्जुमा र कार्यान्वयन गर्ने परिकल्पना गरेको छ । त्यस्तै सम्बन्ध र समन्वयलाई सुदृढ गर्न प्रादेशिक अनुसन्धान र विस्तार मञ्च पनि स्थापना गरिनेछ। त्यसैगरी कृषि विकासका गतिविधिमा तालमेल मिलाउन प्रादेशिक कृषि विकास सहयोग इकाई (PADSU) गठन गरिने छ ।

### ४.१० प्रभावकारी अनुगमन, समिक्षा र मूल्याङ्कन प्रणाली अवलम्बन

२१७. कार्यक्रमको नतिजा र सूचकहरूलाई ध्यानमा राखी अनुगमन र मूल्याङ्कन प्रणाली बनाई यो प्रतिफल हासिल गरिनेछ । छोटकरीमा प्रदेशमा अनुगमन, समिक्षा र मूल्याङ्कन प्रणालीका लागि देहायका कार्यहरू गरिनेछन्:

क) प्रादेशिक, जिल्ला र स्थानीय तहमा M&E र रिपोर्टिङ प्रणालीको क्षमतालाई सुदृढ गर्ने ।

ख) अनुगमनमा नीतिगत स्थिरता र कार्यक्रमको निरन्तरताका सवालहरुलाई दृष्टिगत गर्ने ।

ग) सरकार, विकास साझेदार र दातृ समुदायद्वारा लागू गरिएको कृषि क्षेत्रका नीति र कार्यक्रम गतिविधिहरूको समीक्षा गर्न संयुक्त क्षेत्र समीक्षा (JSR) दृष्टिकोण अपनाउने ।

घ) क्लस्टर स्तरमा सहभागितामूलक अनुगमन र मूल्याङ्कन (PME) संयन्त्रको स्थापना गर्ने ।

ङ) प्रगतिको नियमित अनुगमन सुनिश्चित गर्ने ।

च) कार्यक्रम स्थलहरूमा नियमित रूपमा सार्वजनिक सुनुवाइ र सार्वजनिक लेखापरीक्षणको आयोजना गर्ने ।

### ४.११ कृषि डाटाबेस सुधार / स्थापना

२१८. कार्यक्रम योजना तर्जुमा र अनुगमन तथा मुल्यांकनका लागि प्रदेशमा कृषि तथ्यांक आधार (डाटाबेस) को स्थापना आवश्यक छ । यो प्रतिफल कृषि व्यवस्थापन सूचना प्रणाली (AMIS) को स्थापना र सुदृढीकरण गरी हासिल गरिनेछ । यसवाट उद्यम, बजार, मूल्य, पूर्वाधार, बाली, पशुपालन र मत्स्यपालन बारे विश्वसनीय डाटाबेस स्थापना हुनेछ । लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) तथा अन्य पछाडि परेका समुहमा आधारित कृषि तथ्याङ्क पनि प्रदेशमा विकास गरि अध्याबधिक गरिनेछ। डाटाबेसलाई मासिक, त्रैमासिक र वार्षिक आधारमा सङ्कलन, विश्लेषण र प्रसार गरिनेछ । प्रादेशिक सरकार (विशेष गरी MoLMAC) ले तथ्यांक सङ्कलन प्रणालीको विकास गर्ने, विभिन्न किसिमका तथ्यांक अलग (disaggregate) गर्ने एवं स्थानिय तह, PPPC र CBS सँग समन्वय गरी तथ्यांक एकीकरण समेत गर्नेछ । प्रादेशिक सरकारले केन्द्रिय तथ्यांक बिभागसंग समेत समन्वय गरि PADS कार्यान्वयनको पहिलो वर्षमा डाटाबेस कार्यदल बनाउनेछ ।

### ४.१२ कृषि विकासमा लैङ्गिक र समावेशी दृष्टिकोण अपनाउने

२१९. GESI को लागि नीति, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका लागि प्रदेश तथा स्थानीय तहमा बृहत् संयन्त्र स्थापना गरी यो प्रतिफल हासिल गरिनेछ । हलिया, मुक्त कमैया, एकल महिला र जोखिममा परेका समुदायका उत्पीडित समूहका लागि विशेष कार्यक्रमहरू विकास गरिनेछ। GESI संलग्नताका लागि निम्न पक्षहरूमा ध्यान दिईनेछः

क) प्रदेशमा PADS कार्यान्वयन समितिमा महिला र पिछडिएका समूहहरूको सहभागिता ।

ख) सामग्री, मेसिनरी, औजार र शुल्कहरूमा थप अनुदान ।

ग) उद्यमी-महिला र विपन्न वर्गको क्षमता वृद्धि ।

घ) महिलामैत्री उपकरण, मेसिनरी र उपकरणको उपलब्धता ।

ङ) सस्तो र सहुलियतपूर्ण कृषि ऋण र बीमामा सहज पहुँच ।

### ४.१३ नीतिगत प्रतिवद्धताको विश्वसनीयता कायम एवं प्रवर्द्धन

२२०. सबै स्थानीय तह र ईकाइहरूमा PADS को बारेमा सचेतना जगाउने र सो को प्रचार प्रसार गरि PADS अनुरूप स्थानीय योजना तर्जुमा गर्न लगाई यो प्रतिफल प्राप्त गरिनेछ । यसको मतलब सबै स्थानीय तहले PADS लाई आफ्नो कृषि विकास योजनाको जगको रूपमा लिने र सहयोग र सेवाको पहुँचका लागि नीतिमा परिवर्तनसँगै नीति र कार्यक्रमको एकरूपता सुनिश्चित गर्ने भन्ने हो । PADS को समन्वय र कार्यान्वयनमा संलग्न प्रमुख सरोकारवालाहरूको अभिमुखीकरण, तालिम र अन्तरक्रिया मार्फत क्षमता वृद्धि समेत गरिनेछ ।

### ४.१४ मानव संसाधनको आवश्यकताहरू मूल्याङ्कन/पुनरावलोकन

२२१. आवश्यक मानव संसाधनको उपलब्धता हुन नसक्नु प्रदेशका लागि चिन्ताको विषय हो । हालको रिक्त पदहरू पूर्ति गर्ने एवं PADS कार्यान्वयनको पहिलो वर्षमा आवश्यकता मूल्याङ्कनका आधारमा

MoLMAC, निर्देशनालय, AKC, VHLSEC, फार्म सेन्टरहरू र स्थानीय स्तरमा थप प्राविधिक विशेषज्ञहरू सिर्जना गरि विशेषज्ञता र परिमाणका आधारमा आवश्यक मानव संसाधन पूर्ति गर्न जोड दिइनेछ (जस्तै, बागवानी बिज्ञ, प्रसार विज्ञ, बाली संरक्षण विज्ञ, बजार प्रवर्द्धन बिज्ञ, भेटेरिनरी डाक्टर र पशुपंक्षी तथा दुग्ध विज्ञ, आदि) । जिल्ला र स्थानीय तहको सम्भाव्यताका आधारमा विज्ञहरुलाई कार्य क्षेत्रमा खटाईनेछ । विज्ञ/कर्मचारीहरुको पदोन्नति र सीप विकास मार्फत बृत्ति विकासका अवसरहरू समेत प्रदान गरिनेछ । महत्त्वपूर्ण पेशागत क्षेत्रहरूमा अल्पकालीन विशेषज्ञको प्रावधान राखिनेछ । विध्यमान मानव संसाधन र LRP को क्षमता आवश्यकताको आधारमा अभिवृद्धि गर्दै लगिनेछ ।

## ६.४ स्रोत आवश्यकता र लगानी योजना

२२२. PADS को लगानी योजनाले २०७९/८०-२०९३/९४ सम्मको १५ वर्षको अवधिलाई समेट्दछ । पहिलो पाँच वर्ष (२०७९/८०-२०८३/८४) र अर्को १० वर्ष (२०८४/८५-२०९३/९४) को लागि PADS कार्य योजना लागू गर्न लाग्ने लागत तालिका २२ मा प्रस्तुत गरिएको छ । सबै कार्यक्रमहरु कार्यान्वयन गर्न कुल लागत रु १ खरब ७६ अरब ३४ करोड ८९ लाख हुनेछ । प्रत्येक कार्यक्रमहरु ४९ वटा प्रतिफल अन्तर्गत समूहवद्ध गरि लागत अनुमान गरिएको छ । यस अध्यायमा उल्लेख गरिएको लागत प्रचलित मूल्यमा अनुमान गरिएको छ । लागतहरू प्रायः तलबाट माथि (Bottom-up) पद्दति अनुरुप अनुमान गरिएको छ, उदाहरणका लागिः

क) किसानको उत्पादन प्रणाली र उत्पादनहरू जस्तै, बाली लगाउने ढाँचा (cropping pattern) र उत्पादकत्वमा आधारित ।

ख) सार्वजनिक संस्थाहरूका हालका योजनाहरू (जस्तै, सतह सिँचाइ विस्तारको लागि रानी-जमरा-कुलरिया योजनाहरू) र प्रदेश मन्त्रालयहरूका उत्पादन र उत्पादनोपरान्त योजनाहरू ।

ग) सार्वजनिक संस्थाहरूको आकांक्षा (aspiration) को स्तर (जस्तै, प्रत्येक नगरपालिका/ गाउँपालिकामा कृषि प्रसार सेवाहरू) ।

घ) जनसंख्या (ग्रामीण/शहरी), महिला र पिछडिएका समूहहरूको जानकारी ।

प्रति ईकाइ लागत नेपाल भित्र प्राप्त प्रमाणलाई आधार बनाएर वा प्रमाण उपलब्ध नभएमा विदेशका उस्तै सन्दर्भलाई आधार मानेर वा विज्ञको भनाई वा अनुभवलाई आधार मानेर अनुमान गरिएको छ, उदाहरणका लागिः

- प्रचलित मूल्यहरू (जस्तै, कृषि सामग्री र कृषि औजारहरू) ।
- ऐतिहासिक लागतहरू (जस्तै, सम्पन्न वा जारी परियोजनाहरूमा सिँचाई निर्माणको लागत) ।
- सामान्य लागतहरू (जस्तै, सरकारी अधिकारीहरूको लागि मासिक तलब र कार्यक्रम लागत) ।
- विशेषज्ञ अनुमान (जस्तै, प्रजनन बीउ उत्पादन र DISPRO को लागत) ।
- सामान्य अनुमान (जस्तै, प्रशिक्षण पाठ्यक्रम वा अनुसन्धान केन्द्र स्थापना गर्ने लागत) ।

२२३. परिणाम र प्रतिफल अवयवको कार्यक्षेत्र उनीहरूको स्रोत आवश्यकताको आधारमा मूल्याङ्कन गरि सोही अवधिको लागि वित्तिय योजना प्रस्ताव गरिएको छ । PADS को अवयव (component) कार्यक्रम लागतहरूको सारांश तालिका २२ मा दिईएको छ ।

**तालिका २२. जम्मा वित्तिय आवश्यकता**

| परिणामहरु | परिणाम सूचकहरु | बजेट (रु दश लाखमा) |
|---|---|---|
| परिणाम: १ | मागमा आधारित कृषि प्रविधिहरुको विकास र प्रवाह | १९,३६७.५ |
| परिणाम: २ | उत्पादकत्व अभिवृद्धि र बजार र व्यापारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि | १३२,१६२.२ |
| परिणाम: ३ | खाद्य र पोषण सुरक्षा अभिवृद्धि | १०,१२३.९ |
| परिणाम: ४ | संस्थागत सुदृढिकरण र सुशासन सुधार | १४,६९५.३ |
| **जम्मा** | | **१७६,३४८.९** |

२२४. पहिलो पाँच वर्षका लागि कुल ४९ अबर, ३४ करोड ७९ हजार रुपैयाँ आवश्यक छ जसमा परिणाम १ (मागमा आधारित कृषि प्रविधि विकास र प्रसार) का लागि ४ अरव २५ करोड १६ लाख रुपैयाँ, परिणाम २ (उत्पादकत्व अभिवृद्धि र बजार र व्यापारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि) का लागि रु ३९ अरव ३८करोड २६ लाख, परिणाम ३ (खाद्य र पोषण सुरक्षा अभिवृद्धि) का लागि रु २ अरव ४६ करोड ६० लाख र परिणाम ४ (संस्थागत सुदृढिकरण र सुशासन सुधार) का लागि रु ३ अरव २४ करोड ६७ लाख रहेको छ जुन तालिका २३ मा दिईएको छ ।

२२५. परिणाम २ प्राप्त गर्नका लागि समग्र लागतको ठूलो हिस्सा आवश्यक पर्दछ । यस अन्तर्गत कृषि पूर्वाधारहरू जस्तै कृषि सडक निर्माण, विद्युतीकरण, बजार पूर्वाधार, गोदाम, कोल्ड चेन र सिँचाइ योजनाहरू समावेश छन् ।

**तालिका २३. पहिलो पाँच वर्षको वित्तिय आवश्यकता (दश लाख)**

| परिणाम | परिणाम सूचकांक | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | जम्मा (दश लाख) |
|---|---|---|---|---|---|---|---|
| १ | मागमा आधारित कृषि प्रविधिहरुको विकास र प्रवाह | ९७४.३ | ८७८.८ | ८८३.८ | ८०१.५ | ७१३.३ | ४,२५१.६ |
| २ | उत्पादकत्व अभिवृद्धि र बजार र व्यापारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि | ८,४६४.९ | ८,६१३.६ | ७,६७६.२ | ७,३०९.५ | ७,३१९.४ | ३९,३८३.६ |
| ३ | खाद्य र पोषण सुरक्षा अभिवृद्धि | ४३६.१ | ४८७.६ | ४८०.१ | ५३३.७ | ५२८.५ | २,४६६.० |
| ४ | संस्थागत सुदृढिकरण र | ६६१.५ | ६६३.१ | ६४५.५ | ६३१.१ | ६४५.५ | ३,२४६.७ |

| परिणाम | परिणाम सूचकांक | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | जम्मा (दश लाख) |
|---|---|---|---|---|---|---|---|
| | सुशासन सुधार | | | | | | |
| **जम्मा** | | | | | | | ४९,३४७.९ |

२२६. पहिलो पञ्चवर्षीय लगानी योजनामा सार्वजनिक क्षेत्र (संघ र प्रदेश), निजी क्षेत्र, सहकारी, स्थानीय तह र कृषक समुदायको योगदान आवश्यक हुन्छ । PADS को PPP को रणनीतिक दृष्टिकोणको आधारमा पहिलो पाँच वर्षमा सार्वजनिक क्षेत्रको लगानी जम्मा आवश्यकताको ७०% छ । लगानीमा स्थानीय तहहरूको भूमिका समेत महत्त्वपूर्ण हुन्छ । PADS कार्यान्वयनमा स्थानिय तहले कुल बजेटको १०% लगानी गर्नेछन । यो तिनीहरूको नियमित गतिविधिहरूका अतिरिक्त आवश्यकता हो । सामुदायिक योगदान ६% र सहकारीहरूले कुल वित्तीय आवश्यकताको ३% लगानी गर्ने अपेक्षा गरिएको छ ।




**चित्र ११. पहिलो पाँच वर्षको लागि लगानी स्रोतहरू**

२२७. PADS को कार्यान्वयनको लागि अर्को दश वर्षमा कुल रु १ खरब २७ अरब १० लाख आवश्यक छ । जसमा परिणाम १ को लागि रु १५ अरब ११ करोड ५९ लाख; परिणाम २ को लागि रु ९२ अरब ७७ करोड ८६ लाख; परिणाम ३ को लागि रु ७ अरब ६५ करोड ७९ लाख र परिणाम ४ को लागि रु ११ अरब ४४ अरब ८६ करोड आवश्यक छ (तालिका २४) ।

**तालिका २४. अर्को दश वर्षको वित्तिय आवश्यकता (२०८५/८६ देखि २०९३/९४)**

| परिणाम | परिणाम सुचकांक | जम्मा बजेट (रु दश लाख) |
|---|---|---|
| १ | मागमा आधारित कृषि प्रविधिहरुको विकास र प्रवाह | १५,११५.९ |
| २ | उत्पादकत्व अभिवृद्धि र बजार तथा व्यापारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि | ९२,७७८.६ |

| परिणाम | परिणाम सुचकांक | जम्मा बजेट (रु दश लाख) |
|---|---|---|
| ३ | खाद्य र पोषण सुरक्षा अभिवृद्धि | ७६५७.९ |
| ४ | संस्थागत सुदृढिकरण र सुशासन सुधार | ११,४४८.६ |
| | **जम्मा** | १२७,००१.० |

२२८. आगामी दश वर्षका लागि परिणामका आधारमा वित्तीय आवश्यकता पहिलो पाँच वर्षको आवश्यकतासँग मिल्दोजुल्दो छ । पहिलो पाँच वर्षको तुलनामा वित्तीय आवश्यकतामा सार्वजनिक र निजी क्षेत्रको हिस्सा बढेको छ । समुदाय, सहकारी र स्थानीय तहको वित्तिय आवश्यकता चित्र ८ मा देखाईए अनुसार केही घटेको छ ।




**चित्र १२. अर्को दश वर्षको लागि लगानी स्रोतहरू**

### ६.५ कार्यान्वयन संयन्त्र

२२९. PADS भनेको मागमा आधारित कृषि प्रविधिको विकास र प्रसार, उत्पादकत्व वृद्धि र व्यापार तथा बजारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, खाद्य तथा पोषण सुरक्षामा सुधार र संस्थागत सुदृढीकरण एवं सुधारिएको सुशासनसँग सम्बन्धित चारवटा परिणामहरुमा आधारित बृहत् दस्तावेज हो । PADS ले "दक्ष, प्रतिस्पर्धी र दिगो कृषि क्षेत्रको विकास गरी आयस्तर वृद्धि र खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने" लक्ष्यसहित सुदूरपश्चिम प्रदेशको समृद्धिका लागि आत्मनिर्भर, समावेशी, प्रतिस्पर्धी र समानुकुलित कृषि क्षेत्रको विकास गर्ने लक्ष्य राखेको छ ।

२३०. कृषि क्षेत्र र यसको दायरा विशिष्टकृत सँगठनहरू र विभिन्न क्षेत्रहरुमा फैलिएको छ र धेरै सरोकारवालाहरू सँग सम्बन्धित छ। तसर्थ PADS को सफल कार्यान्वयनलाई सहज बनाउन विभिन्न समूह र सरोकारवालाहरूको समन्वय र रुपान्तरणकारी विधि तथा प्रक्रियाहरू आवश्यक पर्दछ । PADS को कार्यान्वयनलाई सहज बनाउन प्रदेश सरकारले पञ्चवर्षीय कार्ययोजना तर्जुमा गरी

कार्यान्वयन गर्नेछ र ती कार्ययोजनालाई अवधिक योजनासँग आवद्ध गरिनेछ । यसैले प्रदेशमा PADS को कार्यान्वयन गर्न नवीन प्रविधिहरू र सहकार्य महत्त्वपूर्ण छ । नीति तथा कार्यक्रममा एकरूपता नहुनु, समन्वयको प्रणाली संवेदनशील हुनु, एकीकृत योजनाको अभाव, कमजोर कार्यान्वयन, अनुगमन र मूल्याङ्कन जस्ता बिध्यमान बाधाहरूलाई PADS कार्यान्वयनका लागि ज्ञानको स्रोत र मार्गनिर्देशनको रूपमा लिइनेछ ।

### ६.५.१ PADS सँगठनात्मक संरचना

२३१. PADS कार्यान्वयन गर्न संघ, प्रदेश, स्थानीय तह, निजी क्षेत्र, सहकारी, नागरिक समाज र विकास साझेदारहरूका विविध संस्थाहरूको सघन प्रयास आवश्यक छ । प्रदेश नीति तथा योजना आयोग (PPPC) ले ठोस नीति तथा योजना समन्वय सुनिश्चित गर्नेछ भने कार्यान्वयनको नेतृत्व MoLMAC ले गर्नेछ । PADS कार्यान्वयनको क्रममा सबै सम्बन्धित संस्थाहरूले सहकार्य र साझेदारी गर्नेछन् । धेरै सार्वजनिक, निजी र सहकारी संस्थाहरूले PADS को कार्यक्रमहरू कार्यान्वयन गर्नेछन् । बिध्यमान प्रादेशिक सरकारी संरचनाहरू मार्फत PADS लागू गरिनेछ । PADS कार्यान्वयनको जटिलता र बहु-एजेन्सी आवश्यकताहरू स्वीकार गर्दै योजना, समन्वय, कार्यान्वयन र अनुगमनमा सहयोग गर्न बिध्यमान निकायहरूलाई सुदृढ बनाईनेछ ।

२३२. प्रदेश, जिल्ला र स्थानीय तहमा बिध्यमान समन्वय संयन्त्रमा आधारित PADS समन्वय समिति (PADSCC) मार्फत कृषि नीति तथा कार्यक्रमहरूको समग्र समन्वय गरिनेछ । PPPC उपाध्यक्षको अध्यक्षतामा PADSCC गठन हुने र यसले PADS कार्यान्वयनको समन्वय गर्नेछ। MoALD ले केन्द्रीय स्तरबाट PADS को समन्वय र कार्यान्वयन गर्न, योजना, नीति र समन्वय संयन्त्रमा सामञ्जस्यता स्थापना गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

२३३. प्रादेशिक एडीएस कार्यान्वयन समिति (PADSIC) को निर्देशनमा कार्यक्रम र आयोजनाहरूको समग्र कार्यान्वयन गरिनेछ । PADSIC ले PADS कार्यान्वयन सहयोग इकाई (ADSISU) को लागि संचालक समितिको रूपमा काम गर्नेछ जुन MoLMAC अन्तर्गत स्थापित हुनेछ । PADS कार्यान्वयन सहयोग इकाई PADS कार्यान्वयनमा सहयोग गर्ने जिम्मेवार निकाय हुनेछ । PADSIC को अध्यक्षता MoLMAC को माननिय मन्त्रीले गर्ने छन् जसमा प्रदेशका अन्य सम्बन्धित मन्त्रालय, निजी क्षेत्र, नागरिक समाज र शैक्षिक र अनुसन्धान संस्थाहरूको समेत प्रतिनिधित्व हुनेछ । जिल्ला स्तरका संस्थाहरू, नगरपालिका/गाउँपालिका, DCCI का प्रतिनिधि, किसान सँगठनहरू, कृषि तथा पशुपंक्षीसँग सम्बन्धित शैक्षिक संस्थाहरू, परियोजनाहरू तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने विकास साझेदार र नागरिक समाज सम्मिलित गरी जिल्ला समन्वय समितिको अध्यक्षको अध्यक्षतामा जिल्लास्तरीय PADS समन्वय समिति (PADS DCC) गठन गरिने छ । PADS DCC को सदस्य सचिव AKC/VHLESC को प्रमुख हुनेछन् । नगरपालिका/गाउँपालिका स्तर कार्यान्वयन समिति (PADS M/RM IC) समेत गठन गरिनेछ जसको अध्यक्षता नगरपालिका/गाउँपालिकाको मेयर/अध्यक्ष गर्नेछन । कृषि शाखा/पशुशाखा शाखा/इकाई प्रमुखले सदस्य-सचिवको रूपमा काम गर्नेछन् । PADS

M/RM IC मा वार्ड अध्यक्ष, किसान सँगठनका प्रतिनिधि, उपभोक्ता समिति(हरू), कृषि सम्बन्धि शैक्षिक/ट्रेड स्कूलहरू, कृषि उद्यमीहरु र निजी क्षेत्र, गै.स.स. तथा समुदायमा आधारित संस्थाहरु एवं कार्यक्रम कार्यान्वयन गर्ने विकास साझेदारको प्रतिनिधित्व हुने गरि गठन हुनेछ ।

२३४. PADS को प्रभावकारी कार्यान्वयनको लागि बलियो संयन्त्र प्रस्ताव गरिएको छ । संयन्त्र बिध्यमान संस्थागत संरचनाको आधारमा संयन्त्र निर्माण गरिएको छ जसलाई आवश्यक विशेषज्ञ/विशेषज्ञताको उपलब्धता र PADS कार्यान्वयनको लागि बिध्यमान मानव संसाधनको क्षमतालाई स्तरोन्नति गर्ने सन्दर्भमा थप सुदृढ गर्नु आवश्यक छ । PPPC, MoLMAC र अन्य सम्बन्धित एजेन्सीहरूका अतिरिक्त PADS को कार्यान्वयन नयाँ सँगठनहरू, प्रदेशका कार्यक्रमहरू, र प्रमुख सरोकारवालाहरूको संयोजनमा निर्भर रहन्छ ।

२३५. निम्नानुसार प्रमुख सरोकारवालाहरूसँगको समन्वयमा विविध कार्यक्रमहरूका साथ विभिन्न संस्थाहरू मार्फत (Box १) PADS कार्यान्वयन गरिनेछः

| **Box १:** |
|---|
| **संस्थाहरु** |
| १. प्रदेश एडीएस कार्यान्वयन समिति (PADSIC) |
| २. प्रदेश एडीएस समन्वय समिति (PADSCC) |
| ३. PADS कार्यान्वयन सहयोग इकाई (PADSISU) |
| **संघिय/प्रादेशिक कार्यक्रमहरु** |
| १. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना |
| २. मुख्यमन्त्री एकिकृत कृषि तथा पशु विकास कार्यक्रम |
| ३. कृषि उस्मायन पद्धती मार्फत कृषि उध्यशिलता विकास कार्यक्रम |
| ४. एक सहकारी एक उत्पादन कार्यक्रम |
| **महत्वपूर्ण सरोकारवालाहरु** |
| १. भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| २. प्रदेश नीति तथा योजना आयोग |
| ३. अन्य सम्बन्धित मन्त्रालयहरु र सरकारी निकायहरु |
| ४. निजी क्षेत्र, कृषक सँगठनहरु, र वस्तुगत संघ तथा संस्थाहरु |
| ५. सहकारी संस्थाहरु |
| ६. शैक्षिक संस्थाहरु (विश्वविद्यालय/कलेजहरु) |
| ७. नागरिक समाज |
| ८. विकास साझेदारहरु |

**PADS संयन्त्र**




### चित्र १३. संस्थागत एवं समन्वय संयन्त्र

२३६. PADS को कार्यान्वयन तलको तालिका २५ मा उल्लेख गरिए अनुसार विभिन्न सरोकारवालाहरूको सहभागिता र तिनीहरूको प्रभावकारी भूमिकामा निर्भर गर्दछ।

### तालिका २५. PADS कार्यान्वयनमा मुख्य सरोकारवालाहरु र तिनीहरूको भूमिका

| सरोकारवालाहरु | PADS मा भुमिका | कैफियत |
|---|---|---|
| मुख्यमन्त्री | - PPC र MoLMAC बाट PADS को प्रगति बारे नियमित जानकारी प्राप्त गर्ने र उच्च स्तरको समाधान आवश्यक पर्ने कुनै पनि समस्याहरूलाई सम्बोधन गर्ने।<br>- PADS को प्रभावकारी कार्यान्वयनको लागि निर्देशन दिने । | |
| प्रदेश नीति तथा योजना आयोग | - समग्र नीति समन्वय गर्ने ।<br>- PADS को एकीकृत योजना र बजेट सुनिश्चित | नीतिहरूको कार्यान्वयन र सरोकारवालाहरूबीच समन्वय |

| सरोकारवालाहरु | PADS मा भुमिका | कैफियत |
|---|---|---|
| (PPPC) | गर्नुका साथै अनुगमन र मूल्याङ्कन गर्ने । | गर्ने । |
| PADSIC | PADS लाई निर्देशन का साथै समग्र कार्यान्वयन सुनिश्चिता गर्ने । | MoLMAC का मन्त्रीले अध्यक्षतामा गर्ने । |
| PADSCC | PADS सँग सुनिश्चितता हुने गरी निरन्तररूपमा नीति र योजनाहरूसँग सम्बन्धित एजेन्सीहरूबीच उच्चस्तरीय समन्वय गर्ने । | PPPC का उपाध्यक्षले अध्यक्षता गर्ने । |
| MoLMAC | PADS को प्रमुख कार्यान्वयन निकायको रुपमा कार्य गर्ने। मन्त्रीले PADSIC को अध्यक्षता गर्ने हुँदा PADS को वार्षिक प्रतिवेदन तयार गर्ने । | कृषि बि. निर्देशनालय, पशुपंक्षी तथा मत्स्य बि. निर्देशनालय र NARC केन्द्र कार्यान्वयनमा सहभागी हुने । |
| PADSCC उपसमितिहरु | विभिन्न उपसमितिहरू गठन गरिने र सो मार्फत PADS को समग्र समन्वय गर्ने ।<br>• कृषि व्यवसाय, निजी क्षेत्र, सहकारी<br>• अनुसन्धान, प्रसार र शिक्षा<br>• खाद्य र पोषण सुरक्षा<br>• कृषि पूर्वाधार<br>• किसान सँगठन/नागरिक समाज/ गै.स.स.हरू<br>• विकास साझेदारहरू | PADSCC मा कृषि बि. निर्देशनालय र पशुपंक्षी तथा मत्स्य बि. निर्देशनालय सदस्यको रुपमा रहनेछन । |
| PADSISU | क्षमता विकास, समन्वय, सहयोगी सेवाहरू, र अनुगमन तथा मूल्याङ्कन सहयोग मार्फत PADS को कार्यान्वयनलाई सहज बनाउने । PADSCC, अन्य समन्वय समिति, कार्यान्वयन निकायहरूलाई सहयोग प्रदान गर्ने । | PADSCC को निर्देशन अनुरुप PADS को समग्र कार्यान्वयन |
| निर्देशनालयहरु | प्रदेश स्तरमा कृषि गतिविधिहरुको समग्र समन्वय | कृषि बि. निर्देशनालय र पशुपंक्षी तथा मत्स्य बि. निर्देशनालय ले योजनाहरु र नीतिहरुको कार्यान्वयनका लागि समन्वय गर्ने |
| जिल्ला समन्वय समिति | जिल्ला स्तरमा कार्यक्रम तथा नीति कार्यान्वयनको समन्वय, कृयाकलाप/कार्यक्रमको अनुगमन गर्ने । | PADS DCC को अध्यक्षता गर्ने । |
| नगरपालिकाहरु/गाउँ पालिकाहरु | PADS सँग वार्षिक योजना/कार्यक्रमको एकीकरण गर्ने, सम्बन्धित नगरपालिका/गाउँपालिका मा PADS कार्यान्वयन समन्वय गर्ने । | नगरपालिकाहरु/गाउँपालिकाहरु को प्रादेशिक संघले PADSCC मा सदस्यको रूपमा भाग लिने ।<br>PADS M/RM IC को रूपमा काम गर्ने । |
| किसान संघ | किसानहरूको अधिकार सुनिश्चित गर्ने र अनुदान | PADSCC मा किसानहरूको |

| सरोकारवालाहरु | PADS मा भुमिका | कैफियत |
|---|---|---|
| | कार्यान्वयन गर्न मार्ग निर्देशन गर्ने । | प्रतिनिधित्व रहने । |
| कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | क्षमता आवश्यकता विश्लेषण तथा क्षमता विकास कृषि व्यवसाय प्रवर्द्धन सहयोग | PADSCC सँगको समन्वयमा कृषि व्यवसाय प्रवर्द्धन सहयोग र प्रशिक्षण प्रदान गर्ने । |
| पशुसेवा तालिम केन्द्र | क्षमता आवश्यकता विश्लेषण तथा क्षमता विकास | PADSCC सँगको समन्वयमा पशु सेवा व्यवसाय सहयोग र प्रशिक्षण प्रदान गर्ने । |
| NARC केन्द्र/निर्देशनालय | PADS लाई सहयोग गर्न अनुसन्धान योजना र कार्यक्रमहरू विकास एवं कार्यान्वयन गर्ने । | PADSCC मा प्रतिनिधित्व गर्ने । |
| कृषि ज्ञान केन्द्रहरु | सम्बन्धित जिल्ला भित्र PADS -कृषि क्षेत्रको समग्र समन्वय र DCC लाई सहयोग गर्ने । | सबै स्थानीय तहका कृषि ईकाइहरू सहभागी हुने । |
| भेटेरिनरि अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रहरु | सम्बन्धित जिल्ला भित्र PADS – पशु तथा मत्स्य क्षेत्रको समग्र समन्वय र DCC लाई सहयोग गर्ने । | सबै स्थानीय तहका पशु सेवा ईकाइहरू सहभागी हुने । |
| बाली संरक्षण प्रयोगशाला | PADS कार्यान्वयनलाई सहयोग गर्न बाली संरक्षण (गुणस्तर अनुगमन) मा प्रयोगशाला सेवाहरू प्रदान गर्ने | |
| माटो तथा मलखाद परिक्षण प्रयोगशाला | PADS कार्यान्वयनलाई सहयोग गर्न मलको गुणस्तर र माटो विश्लेषण सेवाहरू (माटोको उर्वरता अनुगमन) मा प्रयोगशाला सेवाहरू प्रदान गर्ने । | |
| बिउबिजन प्रयोगशाला | PADS कार्यान्वयनलाई सहयोग गर्न बीउ बिजन परीक्षण गुणस्तर अनुगमनमा प्रयोगशाला सेवाहरू प्रदान गर्ने । | |
| मत्स्य विकास केन्द्र गेटा, कैलाली | कृषकको माग अनुसार फ्राई, भुरा उत्पादन र प्रविधिको प्रसारमा किसानलाई सहयोग गर्ने | |
| सुख्खा फलफूल विकास केन्द्र, सतबांझ, बैतडी | सुख्खा फलफूल र अन्य समशीतोष्ण फलफूलहरुको बिरुवा उत्पादन; समशीतोष्ण फल उत्पादनको वैज्ञानिक प्रविधिको प्रदर्शन र प्रसारमा सहयोग | |
| तरकारी जर्मप्लाज्म सम्वर्धन तथा बीउ विकास केन्द्र, डडेल्धुरा | तरकारी जर्मप्लाज्म सङ्कलन, तरकारीको बीउ उत्पादन र प्रविधिको प्रदर्शनी र तरकारीको प्रचार प्रसारमा सहयोग। | |
| प्रदेश सहकारी संघ | कृषि व्यवसाय मूल्य श्रृंखलामा कृषि सहकारीहरूको परिचालन | प्रदेश अध्यक्षले सदस्यको रूपमा PADSCC मा सहभागी हुने । |
| जिल्ला उद्योग वाणिज्य संघहरु | कृषि व्यवसाय मूल्य श्रृंखला/MAPs/NTFPs मा निजी क्षेत्रको संलग्नता सुनिश्चित गर्ने । | प्रदेश अध्यक्षले सदस्यको रूपमा PADSCC मा सहभागी हुने । |
| विकास साझेदारहरु | कृषि विकास गतिविधिहरूको डिजाइन र कार्यान्वयन गर्न | |

| सरोकारवालाहरु | PADS मा भुमिका | कैफियत |
|---|---|---|
| | PADSCC सँग समन्वय गर्ने । | |

*६.५.१.१ मुख्य मन्त्री*

२३७. कृषि क्षेत्रलाई निर्वाहमुखीबाट व्यावसायिक क्षेत्रमा रुपान्तरण गरी प्रदेशको आर्थिक वृद्धि र विकासका लागि PADS महत्वपूर्ण हुने हुँदा यो मुख्यमन्त्रीको प्रमुख चासोको विषय हो । यसरी मुख्यमन्त्रीले PPPC र MoLMAC बाट PADS को कार्यान्वयनमा प्रगतिको बारेमा नियमित जानकारी प्राप्त गर्नेछन् र उच्चस्तरबाट समाधान आवश्यक पर्ने कुनै पनि समस्यालाई सम्बोधन गर्नेछन् । प्रदेशमा हुने वार्षिक PADS सम्मेलन/बैठकमा प्रमुख अतिथिको रुपमा सहभागी हुनेछन् । सुदूरपश्चिम प्रदेशमा सुरु भएको मुख्यमन्त्री कृषि तथा पशुपन्छी विकास कार्यक्रम (CMALDP) लाई पनि PADS ढाँचाभित्र एकीकृत गरी MoLMAC द्वारा कार्यान्वयन गरिने अन्य कार्यक्रमहरूमा समावेश गरिनेछ ।

*६.५.१.२ प्रदेश नीति तथा योजना आयोग (PPPC)*

२३८. PADS को समग्र नीति समन्वय र PADS सिद्धान्तहरू र दृष्टिकोणहरू अनुरूप आवधिक र वार्षिक योजनाहरूको एकीकरण र बजेटको लागि PPPC जिम्मेवार हुनेछ । PADS कार्यान्वयन सहयोग इकाईले PPPC मा प्रतिबेदन (reporting) गर्नेछ । PADS को लागि समन्वय गर्ने उच्च निकाय - PADS समन्वय समिति (PADSCC) मा PPPC को उपाध्यक्षले अध्यक्षता गर्नेछन ।

*६.५.१.३ प्रादेशिक कृषि विकास रणनीति कार्यान्वयन समिति*

२३९. PADS कार्यान्वयन समिति (PADSIC) को गठन गरिनेछ जसको अध्यक्षता MoLMAC का मन्त्रीले गर्नेछन । सह-अध्यक्षको रूपमा PPPC का उपाध्यक्ष रहनेछन । अन्य सदस्यहरुमा PPPC का कृषि क्षेत्र हेर्ने सदस्य, कृषि कलेज (हरू) का डीन, सचिवहरु-आर्थिक मामिला मन्त्रालय, भौतिक पूर्वाधार (सिँचाई), उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय, सामाजिक विकास मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय; FNCCI का प्रदेश अध्यक्ष, राष्ट्रिय किसान गठबन्धनको प्रतिनिधि रहने र सदस्य-सचिबको रुपमा MoLMAC का सचिबले कार्य गर्नेछन ।

*६.५.१.४ प्रादेशिक कृषि विकास रणनीति समन्वय समिति*

२४०. PADCC सँग PADS को समग्र समन्वय भूमिका हुनेछ। PADCC ले देहाय बमोजिम उपसमितिहरू गठन गरी सञ्चालन गर्नेछ ।

- कृषि व्यावसाय, कृषि बजार, निजी क्षेत्र, सहकारी
- अनुसन्धान, प्रसार र शिक्षा
- खाद्य र पोषण सुरक्षा
- कृषि पूर्वाधार
- कृषक अधिकार, किसान सँगठन/नागरिक समाज/ गै.स.स.हरू
- विकास साझेदारहरू ।

*६.५.१.५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय*

२४१. MoLMAC ले PADS को कार्यान्वयनको नेतृत्व गर्नेछ । PADSIC को अध्यक्षता MoLMAC का मन्त्रीले गर्नेछन् भने MoLMAC का सचिव सदस्य सचिव हुनेछन् । PADSCC र PADSIC को सदस्य सचिवको साथै MoLMAC को सचिवले PADS वार्षिक प्रतिवेदन तयार गर्न जिम्मेवार हुनेछन । MoLMAC ले सबै PADS कार्यक्रमहरूको बोर्डमा सदस्यहरू मनोनीत गर्नेछ । ADD र LFDD र NARC स्टेशनहरू PADS को प्रसार कार्यक्रमहरू र अनुसन्धान कार्यक्रमहरूको कार्यान्वयनमा संलग्न हुनेछन् । यस बाहेक MoLMAC र यसका निर्देशनालयहरूले PADS कार्यक्रमहरूको कार्यान्वयनमा अन्य निकायहरू र सरोकारवालाहरूसँग समन्वय गर्नेछन् ।

*६.५.१.६ PADS कार्यान्वयन सहयोग इकाई (PADSISU)*

२४२. PADS को कार्यान्वयनका लागि धेरै निकायहरू र सरोकारवालाहरू बीचको सहकार्य आवश्यक भएता पनि हाल नीति, कानुनी र विश्लेषणात्मक विशेषज्ञता समेत अभाव रहेको छ । कार्यान्वयनयोग्य योजना निर्माण तथा नीति तर्जुमा र अनुगमन सबै प्रभावकारी समन्वयको जगमा आधारित हुन्छन् । नीति तर्जुमा र विश्लेषणात्मक क्षमता भएको ईकाइले नीति देखि कार्यान्वयनको खाडललाई कम गर्न महत्वपूर्ण योगदान पुर्याउंदछ । उक्त ईकाइ MoLMAC मा स्थापना गरिनेछ र PADS को कार्यान्वयनका साथै PADS कार्यान्वयन र समन्वयमा संलग्न सम्बन्धित सरोकारवाला र एजेन्सीहरूको क्षमता विकासमा समेत यस ईकाइले सहयोग गर्नेछ । PADS को उचित समन्वय र कार्यान्वयन सुनिश्चित गर्न PADSISU ले PADS को उप-ईकाइहरूसँग काम गर्नेछ ।

२४३. PADS कार्यान्वयनमा संलग्न प्रदेश, जिल्ला र पालिका स्तरका संस्थाहरूलाई उनीहरूको क्षमता अभिवृद्धि गर्न PADSISU ले सहयोग जारी राख्नेछ । PADS कार्यान्वयन समितिले प्रदेशमा PADS कार्यान्वयन सहयोग परियोजना संचालन समितिको रूपमा काम गर्नेछ ।

२४४. समयको दौरानमा प्रस्तावित ईकाइ र उप-इकाईहरू MoLMAC र अन्य मन्त्रालयहरूको नियमित गतिविधिहरूका अंगको रूपमा संस्थागत हुनेछन् । PADSISU का निम्न कार्यहरू समावेश गरिएका छन्:

क) PADS को सहज कार्य सुनिश्चित गर्न PADSCC लाई सहयोग गर्ने ।

ख) प्रदेशका सम्बन्धित कार्यान्वयन निकायहरूको नीति विश्लेषण, नीति अनुगमन, र एकीकृत योजना तर्जुमाका लागि क्षमता अभिवृद्धि गर्ने ।

ग) PADS अनुगमनको लागि डाटाबेस प्रणाली व्यवस्थापन विकासको लागि सहयोग गर्ने ।

घ) PADS को कार्यान्वयनकालागि नीति नियमहरूको तर्जुमा र संशोधनमा सहयोग गर्ने ।

ङ) एकीकृत आवधिक योजनाहरू (वार्षिक र ५-वर्षीय योजनाहरू, र PADS योजनाको संशोधन/अध्याबधिक) को निर्माणमा सहयोग गर्ने ।

च) क्षमता, लजिष्टिक्स र विश्लेषणात्मक ईकाइहरूको सन्दर्भमा समन्वय संयन्त्र (PADSCC, प्रादेशिक निर्देशनालय-कृषि र पशुधन, ABSTC, LSTC) मा सहयोग गर्ने ।

छ) सम्बन्धित नीतिहरूको अनुगमन सहित PADS कार्यान्वयन र संस्थागत अनुगमनमा सहयोग गर्ने ।

ज) राष्ट्रिय तथा प्रादेशिक कार्यक्रमहरूको कार्यान्वयनमा सहजीकरण गर्ने ।

झ) PADS को लागि कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणालीको विकास र संस्थागत गर्न र PADS कार्यान्वयन संस्थाहरूको लागि कार्यसम्पादनमा आधारित प्रोत्साहनहरूलाई संस्थागत गर्न मद्दत गर्ने ।

ञ) PADS कार्यान्वयनको लागि रणनीतिक महत्वको डाटा सङ्कलन र विश्लेषण गर्ने एवं आवश्यकता अनुरुप बिध्यमान डाटा सङ्कलन प्रणालीहरूसँग तालमेल मिलाउने ।

ट) PADS ढाँचा भित्रका गतिविधिहरूलाई सुव्यवस्थित गर्न विकास साझेदारहरु बीच समन्वय गर्ने ।

*६.५.१.७ निर्देशनालय - कृषि विकास; पशुपंक्षी तथा मत्स्य विकास*

२४५. निर्देशनालयहरूको प्रमुख भूमिका सम्बन्धित जिल्ला र स्थानीय तहसँग समन्वय गरी PADS योजना र कार्यक्रमहरूमा सुसँगतता सुनिश्चित गर्नु हुनेछ । निर्देशनालयहरूले जिल्ला र स्थानीय तहबाट मागहरू सङ्कलन गर्ने र PADS ढाँचामा सबै प्रकारका योजनाहरू समावेश गर्न PADSCC लाई प्रस्ताव गर्नेछन ।

*६.५.१.८ जिल्ला समन्वय समिति (DCC)*

२४६. DCC को प्रमुख भूमिका भनेको गाउँपालिका र नगरपालिकाले सम्पन्न गर्ने काममा संघीय र प्रादेशिक सरकारसँग समन्वय गर्नु हो । यसका अलावा जिल्लाभर समानुपातिक विकासको अध्ययन र अनुसन्धानका साथै विकास र निर्माणमा प्रभावकारीता सुनिश्चित गर्न सन्तुलन कायम गर्नु हो । DCC का अध्यक्ष र उपाध्यक्षहरू प्रादेशिक समन्वय परिषद्का सदस्यहरू हुनेछन जसले प्रदेश र स्थानीय सरकारको काममा नीतिगत समन्वय, योजना व्यवस्थापन, वितरण र प्राकृतिक स्रोतको प्रयोगमा समन्वय ल्याउँदछ । PADS कार्यान्वयनमा DCC ले नीतिगत सुसँगत कार्यहरू (योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन) ल्याउन संघीय, प्रदेश र स्थानीय तहका सरकारहरूसँग समन्वय गर्नेछ ।

*६.५.१.९ नगरपालिका/गाउँपालिकाहरु*

२४७. स्थानीय सरकार स्तरमा PADS को कार्यान्वयन धेरै हदसम्म नगरपालिका र गाउँपालिका (M/RMs) को प्रतिवद्धतामा निर्भर गर्दछ। सामान्यतया, M/RMs सँग PADS कार्यान्वयनको लागि निम्न प्रतिवद्धताहरू रहनेछन्:

क) PADS कार्यान्वयन इकाईको स्थापना ।

ख) कृषि विकासको लागि कुल बजेटको १५ देखि २० प्रतिशतको दायरामा बजेट विनियोजन ।

ग) योजना र कार्यान्वयनको लागि PADSCC सँग समन्वय गर्ने ।

घ) अनुदान तथा प्रोत्साहनहरु PADS को खाका भित्र रहि कार्यान्वयन ।

ङ) दक्ष कर्मचारीहरूको उपलब्धता र तिनीहरूको क्षमता विकासका साथै PADS को लागि आवश्यकता अनुसार OVOT र LRPs को व्यवस्था ।

*६.५.१.१० किसान सँगठनहरू*

२४८. किसान सँगठनहरु (FOs) ले लैङ्गिक र समावेशी आधारमा कृषि सेवाहरूमा किसानहरूको अधिकार सुनिश्चित गर्नेछन । FOs को मुख्य भूमिकाले PADS दृष्टिकोण, प्रविधिहरू, जलवायु परिवर्तन प्रभाव जागरूकता, बजारीकरण आदिमा किसान समुदायहरूलाई सशक्त बनाउनेछ र सम्बन्धित स्थानीय सरकार (वार्ड र M/RMs) ईकाइहरूसँग समन्वय सुनिश्चित गर्नेछ। किसानहरूलाई कुनै पनि प्रकारको अनुदान र कृषि प्रोत्साहन उपलब्ध गराउन FOs को सिफारिस एक पूर्व शर्त हुनेछ ।

*६.५.१.११ कृषि व्यवसाय सहयोग र प्रशिक्षण केन्द्र (ABSTC)*

२४९. यसले AKC सँग समन्वय गरी प्रदेशका कृषि व्यवसायीहरूको क्षमताको मूल्याङ्कनका आधारमा तालिम पर्दान गर्नेछ । वार्षिक योजना र गतिविधिहरू प्रक्षेपण गर्ने सन्दर्भमा ABSTC को क्षमता मूल्याङ्कन PADSCC सँगको समन्वयमा गरिनेछ । प्रदेशमा PADS कार्यान्वयन रणनीतिको एक भागको रूपमा लिई ABSTC को सुदृढिकरण गरिनेछ ।

*६.५.१.१२ पशु सेवा तालिम केन्द्र*

२५०. पशु सेवा तालिम केन्द्र (LSTC) प्रदेशमा पशुपालन प्रविधिलाई सशक्त बनाउने प्रमुख निकाय हुनेछ। तालिम केन्द्रले पशुपंक्षी उद्यमी र VHLSECs को क्षमता मूल्याङ्कन गर्नेछ र तदनुसार क्षमता अभिवृद्धि गर्नेछ । प्रदेशमा PADS कार्यान्वयन रणनीतिको एक भागको रूपमा लिई LSTC को क्षमता सुदृढ गरिनेछ ।

*६.५.१.१३ नेपाल कृषि अनुसन्धान परिषद*

२५१. प्रदेशमा नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) को एउटा मात्र अनुसन्धान केन्द्र रहेको छ । PADS ले विभिन्न पारिस्थितिकिय क्षेत्रहरूमा आधारित रहि थप NARC स्टेशनहरू स्थापना गर्न सुझाव दिएको छ । NARC स्टेशनहरूले प्राविधि, बाली र पशुपंक्षी सेवाहरूमा PADSCC सँगको सहकार्यमा अनुसन्धान तथा प्रसार सेवाहरू सुनिश्चित गर्नु आवश्यक छ ।

*६.५.१.१४ कृषि ज्ञान केन्द्र (AKC)*

२५२. PADS ले AKC को सुदृढिकरण गर्ने लक्ष्य राखेको छ। प्रदेशका AKC हरुले स्थानीय तहसँग समन्वय गर्ने र PADS ढाँचा अनुसार वार्षिक योजनाहरू प्रस्ताव गर्ने अपेक्षा गरिएको छ । AKC हरुले स्थानीय स्तरका योजना र प्रस्तावहरू सङ्कलन गर्नेछन र कृयाकलापहरुमा एकरूपता र नीति आवश्यकताहरूको पालना गर्नको लागि PADSCC मा प्रस्ताव गर्नेछन् ।

*६.५.१.१५ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र (VHLSEC)*

२५३. प्रदेशहरूमा भेटेरिनरी अस्पताल र पशु सेवा विज्ञ केन्द्र (VHLSEC) ले पशुपालक कृषकहरूको मागलाई महत्त्वपूर्ण रूपमा सम्बोधन गर्नेछ । VHLSEC को कार्यक्षेत्र अनुरुप क्षमता सुदृढीकरण गर्न प्रतिबद्ध हुनेछ । प्रदेशका VHLSEC हरुले स्थानीय तहहरूसँग समन्वय गरी PADS ढाँचा अनुरूप

वार्षिक योजनाहरू प्रस्ताव गर्ने अपेक्षा गरिएको छ । VHLSEC ले स्थानीय स्तरका योजनाहरू सङ्कलन समेत गर्नेछ ।

*६.५.१.१६ मत्स्य विकास केन्द्र, कैलाली*

२५४. मत्स्य विकास केन्द्र कैलालीले प्रदेशका विभिन्न पारिस्थितिकिय क्षेत्र (इकोलोजिकल जोन) का मत्स्य व्यवसायीहरुको फ्राइ र भुराहरुको माग सम्बोधन गर्नेछ । केन्द्रले PADS अन्तर्गत मत्स्य विकास क्षेत्रमा प्राविधिक क्षमता र पहुँच बढाउनेछ ।

*६.५.१.१७ प्रादेशिक सहकारी महासंघ*

२५५. सहकारीहरूलाई PADS कार्यान्वयनका लागि प्रमुख सरोकारवालाहरू मध्ये एक महत्वपूर्ण सरोकारवालाको रूपमा मान्यता दिएको छ । प्रादेशिक सहकारी महासंघ (पीएफसी) को प्रतिवद्धता यस मार्फत कृषि व्यवसाय अभिवृद्धि र कृषि क्षेत्रमा लगानी गर्न सहयोग र सहकार्य सुनिश्चित गर्नु हुनेछ । PFC ले PADSCC सँग सहकार्य गर्नेछ र कृषि अनुदान वितरण एवं प्रविधिको प्रसारमा पनि सहजीकरण गर्नेछ ।

*६.५.१.१८ जिल्ला उद्योग वाणिज्य संघ*

२५६. जिल्ला उद्योग वाणिज्य संघ (DCCI) ले नीति तथा कार्यक्रम प्रोत्साहन मार्फत निजी क्षेत्रलाई कृषि व्यवसाय, कृषि-उद्योग र NTFPs/MAPs मा उत्प्रेरित गर्ने प्रतिवद्धता गर्नेछ । प्रदेश सरकारले निजी क्षेत्रलाई उत्प्रेरित गर्न र कृषि क्षेत्रमा उनीहरूको सहभागिता सुनिश्चित गर्न सक्षम वातावरण सिर्जना गर्नेछ ।

*६.५.१.१९ विकास साझेदारहरू*

२५७. प्रदेशमा कृषि क्षेत्रमा काम गरिरहेका विकास साझेदारहरूले PADS ढाँचा अनुरूप PADSISU सँगको समन्वयमा आफ्नो कार्यक्रम कार्यान्वयन गर्नेछन् । MoLMAC को मन्त्रीको अध्यक्षतामा एक संयुक्त क्षेत्र समीक्षा (JSR) संयन्त्र स्थापना गरिनेछ । यस संयन्त्र मार्फत सरकारी र विकास साझेदारका कार्यक्रम र बजेट वार्षिक रूपमा समीक्षा गरि आगामी आर्थिक वर्षको लागि प्रस्ताव गरिनेछ । PADSCC ले प्रदेशका विकास साझेदारका लागि एकद्वार नीति सुनिश्चित गर्नेछ ।

*६.५.१.२० प्रयोगशाला र स्रोत केन्द्रहरू*

२५८. प्रदेशको कञ्चनपुरमा बाली संरक्षण प्रयोगशाला, माटो तथा मल परीक्षण प्रयोगशाला, र बीउबिजन प्रयोगशाला रहेका छन् भने बैतडीमा सुख्खा फलफूल विकास केन्द्र र डडेल्धुरामा तरकारी जर्मप्लाज्म संवर्धन तथा बीउ विकास केन्द्र रहेका छन् । यस बाहेक प्रदेशमा MoLMAC अन्तर्गत पशुरोग निदान प्रयोगशाला, क्वारेन्टाइन कार्यालय र खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण प्रयोगशालाहरू पनि स्थापना भएका छन् । यी सबै प्रयोगशालाहरु र स्रोत केन्द्रहरू MoLMAC को अधिकार क्षेत्र

अन्तर्गत रहेका छन् । PADS कार्यान्वयनको लागि तिनीहरूको प्रतिवद्धता PADS को कार्यक्षेत्रको आधारमा MoLMAC मार्फत नियमन हुनेछ ।

# ७ अनुगमन, मूल्याङ्कन र समिक्षा

## ७.१ परिचय

२५९. दूरदृष्टि, परिणाम, प्रतिफल र कृयाकलापहरू सबै PADS का अभिन्न अंगहरू हुन् । सामान्यतया दूरदृष्टि र प्रभावहरूको प्रगति मुल्यांकन गर्न विभिन्न स्तरहरूमा विभिन्न सूचकहरू प्रयोग गरिन्छ । त्यसैगरी परिणामको लक्ष्य र सूचकहरू मार्फत प्रगति मुल्यांकन गरिन्छ । यस अध्यायमा प्रतिफलका अनुगमनका सूचकहरूबारे उल्लेख गरिनेछ ।

२६०. अनुगमन तथा मूल्याङ्कन PADS को मुख्य पक्षहरू मध्ये एक हो जसले योजनाहरूको प्रगति परीक्षण गर्न र कृयाकलापहरुको कार्य सम्पादन सुधार गर्न रणनीतिक निर्णयहरू लिन मद्दत गर्ने तथ्यांक र जानकारी समेत उपलब्ध गराउंछ । PADS को प्रारम्भमा प्रदेश, जिल्ला र स्थानीय तहमा अनुगमन र मूल्याङ्कन योजनाको विशेष प्रणाली विकास गरिनेछ । सबै तहका संस्थाहरूको अनुगमन र मूल्याङ्कन क्षमता सुदृढ गरिनेछ ।

## ७.२ PADS को अनुगमन, मूल्याङ्कन र समिक्षा

२६१. PADS को नियमित, व्यावसायिक, सहभागितामूलक र नतिजामूलक अनुगमन गरिनु पर्दछ । PADS कार्यान्वयन सहयोग इकाईले MoLMAC, निर्देशनालय, जिल्ला र स्थानीय तह स्तरमा अनुगमन ईकाइहरूको क्षमता निर्माणमा सहयोग गर्दछ । PADSISU ले प्रादेशिक मन्त्रालय स्तर (MoLMAC) मा अनुगमन संयन्त्रको विकास र नियमन गर्नेछ । साथै वार्षिक कार्यसम्पादन अनुगमन PADSCC मा समीक्षा गरिनेछ । वार्षिक अनुगमन प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र PPPC मा पेस हुनेछ ।

२६२. PADSISU अन्तर्गत PADS योजना र अनुगमन ईकाइले PADS कार्यान्वयनको सुनिश्चित गर्न नियमित नीति अनुगमन गर्दछ । PADS कार्यक्रमहरूको लक्ष्य र डिजाइन गरिएको अनुगमन ढाँचा अनुसार परिणाम र प्रभावका साथै उत्पादन सामाग्री र प्रतिफलको सन्दर्भमा समेत अनुगमन गरिनेछ। अनुगमन प्रतिवेदनलाई प्रदेश, जिल्ला र स्थानीय तहमा समीक्षा गरिनेछ । मन्त्रालय स्तरमा MoLMAC ले अनुगमन ढाँचा र क्षमता अभिवृद्धिको जानकारी दिन सहजीकरण गर्नेछ ।

२६३. कृषि विकास रणनीति को संयुक्त क्षेत्रगत समीक्षा (Agriculture Development Strategy [ADS] Joint Sector Review [JSR]) कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले विकास साझेदारसँग संयुक्त रूपमा विकास गरिएको कृषि क्षेत्रको संस्थागत व्यवस्था छ । MoLMAC को नेतृत्वमा विकास साझेदार र कृषि विकासमा संलग्न अन्य सरोकारवालाहरूले संयुक्त रूपमा JSR अवलम्बन गर्ने हुँदा यसबाट विश्वसनीय आधार बन्न सक्ने र यस क्षेत्रको कार्य सम्पादन र संयुक्त रूपमा मूल्याङ्कन गर्न सूचनाको स्रोतको रूपमा समेत काम गर्नेछ । यसबाट विभिन्न मुद्दाहरूमा सरोकारवालाहरूको जवाफदेहिता

जाँच गर्दै प्रदेश र राष्ट्रिय स्तरहरू बीच क्षेत्रगत विकासका पहलहरूलाई पारस्परिक रूपमा सहयोग गरि व्यवहारिक समाधान खोज्न सकिन्छ । सुदूरपश्चिम प्रदेशले यस प्रदेशको कृषि क्षेत्रको विकासमा सहयोग गर्ने विकास साझेदार र अन्य सरोकारवालाहरूसँग MoLMAC को नेतृत्वमा JSR संयन्त्र अवलम्बन गर्नेछ र यो राष्ट्रिय JSR को बलियो अंग (strong part) र योगदानकर्ता समेत बन्नेछ ।

## ७.३ अनुगमन दूरदृष्टि, परिणाम, र प्रतिफलहरू

२६४. PADS दूरदृष्टि र यसका लक्ष्यहरू तालिका १९ मा प्रतिविम्बित भएको छ । यसका सूचकहरू तालिका १८ मा दिईएको छ र प्रतिफलका लागि प्रारम्भिक सूचकहरू तालिका २६ देखि तालिका २९ मा प्रस्तुत गरिएको छ ।

**तालिका २६. परिणाम १ का लागि प्रतिफल सूचकहरू - मागमा आधारित कृषि प्रविधिहरू उत्पादन र प्रसार**

| सि.नं. | प्रतिफलहरु (Outputs) | अनुगमन सूचकहरु (Monitoring Indicators) |
|---|---|---|
| १.१ | किसान र कृषि उद्यमहरूको आवश्यकतालाई सम्बोधन गर्ने विकेन्द्रीकृत अनुसन्धान प्रणाली विकास | ▪ अनुसन्धान सम्बन्धि नीति र निर्देशनहरूको विकास ।<br>▪ बाह्य फार्म सेन्टरको स्थापना।<br>▪ शैक्षिक संस्थाहरूको सहकार्यमा शिक्षा-प्रसार-अनुसन्धान मोडेल साइटहरूको स्थापना।<br>▪ पारिस्थितिकिय क्षेत्रहरूमा आधारित NARC स्टेशनहरू विस्तार । |
| १.२ | बीउ/बिरुवा, नस्ल, दाना र माछाको भुराहरूका लागि पारिस्थितिकिय क्षेत्र अनुरुप स्रोत केन्द्रहरू निजी क्षेत्र, सहकारी र कृषि व्यवसायीहरूको संलग्नतामा स्थापना । | ▪ बीउ र बिरुवाको लागि स्रोत केन्द्र स्थापना।<br>▪ नस्लका लागि स्रोत केन्द्रको स्थापना।<br>▪ दानाका लागि स्रोत केन्द्रको स्थापना।<br>▪ फ्राइ र भुराहरुको लागि स्रोत केन्द्र स्थापना।<br>▪ स्रोत केन्द्रमा निजी क्षेत्र/सहकारीको संलग्नता। |
| १.३ | सहभागितामूलक प्रविधि विकास र विस्तार | ▪ विकसित, प्रसारित र अवलम्बन गरिएका प्रविधिहरूको सङ्ख्या।<br>▪ प्रजनक बीउ, मूल बीउ र प्रमाणित बीउ उत्पादन।<br>▪ सामुदायिक बीउ बैंक स्थापना।<br>▪ बाली तथा पशुपंक्षीको आनुबंसिक स्रोत केन्द्र स्थापना । |
| १.४ | संघिय बीउ नीतिको प्रभावकारी कार्यान्वयन र प्रदेश बीउ नीति तर्जुमा तथा कार्यान्वयन | ▪ बीउ नीति र बीउ दुरदृष्टि २०१३-२०२५ को कार्यान्वयन।<br>▪ दर्ता नगरिएका बीउको अनौपचारिक आयातमा प्रतिबन्ध लगाउन क्वारेन्टाइन प्रणालीको प्रभावकारिता। |
| १.५ | किसानमैत्री कृषि मेसिनरी तथा औजार उपकरणको विकास र उपलब्धता सुनिश्चितता | ▪ महिलाहरूको कार्यबोझ कम गर्ने मेसिनरी र उपकरणहरूको प्रयोग।<br>▪ उपकरण, मेसिनरी र औजारहरूमा ऋण उपलब्ध गराउने व्यवस्था।<br>▪ यान्त्रिकीकरण र माग बढाउनमा जागरूकता वृद्धि।<br>▪ किसान र प्राथमिक उत्पादकहरूको हितमा कर र शुल्कमा |

| सि.नं. | प्रतिफलहरु (Outputs) | अनुगमन सूचकहरु (Monitoring Indicators) |
|---|---|---|
| | | लचिलो नीति लागू गर्ने। |
| १.६ | गैर-परम्परागत सिँचाइ प्रविधिहरूको मूल्याङ्कन, प्रमाणिकरण र विस्तार | ▪ सिँचाइयोग्य जमिनको क्षेत्रफलमा वृद्धि।<br>▪ पानीको रिचार्ज, रिटेन्सन र पुनः प्रयोग।<br>▪ गैर-परम्परागत सिँचाइ प्रणाली प्रयोग गर्ने किसानहरूको सङ्ख्या।<br>▪ गैर-परम्परागत सिँचाई प्रविधि अन्तर्गतको क्षेत्रफल। |
| १.७ | विभिन्न सरोकारवालाहरुबीच सहकार्य र साझेदारी प्रवर्द्धन | ▪ संयुक्त योजना र कार्यान्वयन।<br>▪ संयुक्त क्षेत्र समीक्षा बैठक ।<br>▪ MoLMAC, AKC/VHLSEC र स्थानीय तहहरू बीच सूचना आदान-प्रदानको आवृत्ति (communication frequency) । |
| १.८ | अनुसन्धान र प्रसारमा प्राविधिक क्षमता अभिवृद्धि | ▪ AKC, VHLSEC, M/RM मा प्रशिक्षार्थीहरूको संख्या<br>▪ प्रशिक्षित OVOT को उपलब्धता।<br>▪ तालिम प्राप्त LRPs को संख्या। |
| १.९ | प्रविधि प्रसार तथा अवलम्वन प्रवर्द्धन | ▪ किटहरू (कृषि र पशुपंक्षी) प्राप्त गर्ने लाभग्राहीको सङ्ख्या।<br>▪ प्रभावकारी बहुलवादी प्रसार सेवाहरू।<br>▪ फार्महरूमा अपनाइएका नवीनतम प्रविधिहरू ।<br>▪ माटो परीक्षण अभियान।<br>▪ प्रविधिहरू प्रवाहका लागि संचार माध्यम परिचालन। |
| १.१० | स्रोत संरक्षण प्रविधि (RCT) को प्रवर्द्धन | ▪ मेसिनरीहरूको सञ्चालन र मर्मतका लागि अपरेटरहरू विकास।<br>▪ स्थानीय प्रविधि प्रवर्द्धन ।<br>▪ रासायनिक तथा जैविक मलको सन्तुलित प्रयोग ।<br>▪ RCT अन्तर्गतको क्षेत्रफल। |
| १.११ | NTFPs र कृषि-वनको लागि उपयुक्त प्रविधिको विकास र वढावा (scale up) | ▪ NTFPs उत्पादन अभ्यास प्याकेज को प्रयोग।<br>▪ प्रदर्शन साइटहरू विकास ।<br>▪ NTFPs को संख्या र खेती गरिएको क्षेत्रफल । |
| १.१२ | जलवायु अनुकूलन / समानुकुलन प्रविधिहरू विकास र अबलम्वन | ▪ तनाव (stress) सहन सक्ने नस्ल र प्रजातिहरूको प्रयोग।<br>▪ Real time मौसम डाटा प्राप्त गर्ने स्टेशनहरू।<br>▪ जलवायु सिर्जित जोखिम सम्बन्धि अभियान आयोजना ।<br>▪ मौसम पूर्वानुमान प्रणालीको विकास । |

**तालिका २७. परिणाम २ को लागि प्रतिफल सुचकहरु- उत्पादकत्व वृद्धि र उत्पादन, बजार र व्यापारमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि**

| सि. नं | प्रतिफलहरु (Outputs) | अनुगमन सूचकहरु (Monitoring Indicators) |
|---|---|---|
| २.१ | प्राथमिकताका वस्तुहरुको पहिचान र बजारमुखी उत्पादन योजना तर्जुमा | • बाली/वस्तुहरूको क्षेत्र/क्लस्टर पहिचान<br>• प्राथमिकताका बालीका बारेमा सचेतना<br>• उत्पादन योजनाको विकास |

| सि. नं | प्रतिफलहरु (Outputs) | अनुगमन सूचकहरु (Monitoring Indicators) |
|---|---|---|
| | तथा कार्यान्वयन | |
| २.२ | उपयुक्त भूमि एकीकरण दृष्टिकोण अबलम्वन | • भूमि एकीकरण अवलम्बन (संख्या)<br>• जग्गा भाडा प्रणालीको विस्तार<br>• Land pooling/crop pooling प्रणालीको प्रयोग |
| २.३ | कृषि व्यवसायीकरणका लागि सुधारिएको लगानी वातावरण | • किसानलाई गुणस्तरीय र समयमै बीउको उपलब्धता<br>• बाली संरक्षण र बीउको लागि प्रयोगशाला स्थापना<br>• ऋण र बीमामा पहुँच<br>• निजी क्षेत्रको संलग्नता |
| २.४ | व्यवसायिक कृषि बिकासका लागि करार खेती | • करार खेती ऐन र नियमहरू लागू गर्ने<br>• करार खेतीमा संलग्न किसानहरू<br>• जग्गा भाडामा लिने खेतीको विस्तार |
| २.५ | सिँचाइ क्षेत्र विस्तार र वर्षभरि सिँचाइ उपलब्धता सुनिश्चितता | • सिँचाइयोग्य जमिनको क्षेत्रफलमा वृद्धि<br>• बिध्यमान सिँचाई प्रणालीको मर्मतसम्भार<br>• पानीको रिचार्ज, रिटेन्सन र पुनः प्रयोग<br>• परम्परागत सिँचाइ प्रणाली प्रयोग गर्ने किसानहरू |
| २.६ | कृषि बजार सूचना तथा सूचना प्रविधि सेवा (ICT) प्रवर्द्धन | • डिजिटाइज्ड बजार सूचना प्रणाली उपयोग<br>• आईसीटी उपजहरूको सञ्चालन<br>• FM रेडियो मार्फत सुचना सञ्चार |
| २.७ | सक्रिय श्रमशक्तिको लागि अनुकूल वातावरण सिर्जना | • युवा मैत्री कृषि व्यवसाय प्याकेजहरूको प्रयोग<br>• वित्त र बीमामा पहुँच<br>• प्राविधिक ज्ञानका लागि कृषकहरूलाई तालिम<br>• किसान-मैत्री बजार |
| २.८ | स्थानीय तथा परम्परागत बाली वस्तुको मूल्य अभिबृद्धि | • बाली बीउ बैंक स्थापना<br>• पशुधन आनुवंशिक केन्द्रहरूको स्थापना<br>• स्थानीय बाली र नस्ल सुधार<br>• कृषि-पर्यटनसँग बाली/नस्लीको आवद्धता |
| २.९. | विशिष्ट वस्तुहरूका लागि प्रतिस्पर्धात्मक कृषि मूल्य श्रृंखलाहरू स्थापना | • मूल्य शृङ्खलाहरूको प्राथमिकता समूहको विकास<br>• मूल्य श्रृंखला सरोकारवालाहरुको क्षमता विकास<br>• मूल्य श्रृंखला विकासको लागि उत्पादन साधनहरूको उपलब्धता<br>• मूल्य श्रृंखला सरोकारवालाहरुबीच कार्यगत सम्बन्ध |
| २.१० | कृषि सडक र विद्युतीकरण सञ्जाल विस्तार | • खेती गरिएको क्लस्टर/जोनहरूसँग जोडिने सडक सञ्जाल विकास<br>• स्थानीय तह, MoPIT र NEA सँग समन्वय<br>• कृषि क्लस्टर/जोनहरूमा बिजुलीको उपलब्धता |
| २.११ | माटोको उर्वरता नक्साहरू (soil | • माटोको उर्वरता नक्साको तयारी र प्रयोग<br>• बाली/वस्तु जोनको स्थापना |

| सि. नं | प्रतिफलहरु (Outputs) | अनुगमन सूचकहरु (Monitoring Indicators) |
|---|---|---|
| | fertility maps) प्रयोग र क्रप जोनिङ कार्य | |
| २.१२ | स्थानीय रूपमा उपलब्ध दाना सामाग्री, डालेघाँस र घांसेबाली प्रवर्द्धन | • स्थानीय स्तरमा उपलब्ध पोषक तत्वको प्रयोग<br>• स्थानीय डालेघाँस र घाँस बालीको प्रवर्द्धन<br>• गाईवस्तु पाल्ने कृषकहरुका लागि खर्कहरुको उपलब्धता |
| २.१३ | जुनोटिक एवं अन्य आर्थिक रुपमा महत्वपूर्ण रोगहरूको रोकथाम र नियन्त्रणका उपायहरू अवलम्वन | • पशु स्वास्थ्य सेवाका लागि जुनोटिक तथा अन्य रोगहरुको अनुसन्धान/स्रोत केन्द्रको स्थापना<br>• गुणस्तरीय पशु स्वास्थ्यका लागि सुसज्जित प्रयोगशालाको उपलब्धता<br>• रोग निदानका लागि सुसज्जित प्रयोगशालाहरू |
| २.१४ | बजार पूर्वाधार, भण्डारण सुविधा र बजार संजाल विकास | • शित भण्डार र कोल्ड चेन सहितको गोदाम/भण्डार सुविधाको स्थापना<br>• बजार पूर्वाधार निर्माण<br>• हाट बजार स्थापना र MSP को उपयोग<br>• बजार सूचना प्रणालीको उपयोग<br>• Flush सिजनमा दूधको मूल्य अभिवृद्धि |
| २.१५ | खाद्य पदार्थको स्वच्छता र गुणस्तर सुनिश्चिता | • मासु परीक्षण ऐन २०५५ को कार्यान्वयन<br>• आधुनिक वधशालाको स्थापना<br>• प्रभावकारी क्वारेन्टाइन उपायको उपयोग<br>• खाद्य स्वच्छता र गुणस्तरको लागि नियमन |
| २.१६ | हैसियत बिग्रिएको जग्गाको पुनर्स्थापना तथा सुधार गरी कृषि वनको लागि उपयोग | • पुनर्स्थापना/सुधारिएको भूमिको क्षेत्रफल<br>• कृषि-वन अन्तर्गतको क्षेत्रफल |
| २.१७ | MAPs/NTFPs खेती, प्रशोधन र व्यापार एवं संस्थागत सुधार | • MAPs/NTFS व्यवसायमा संलग्न सहकारी र कृषक समूह<br>• प्रशोधन प्लान्टहरू स्थापना र सञ्चालन<br>• व्यापारीहरुसँग सम्बन्ध स्थापना |

**तालिका २८. परिणाम ३ को लागि प्रतिफल सुचकहरु- खाद्य र पोषण सुरक्षामा सुधार**

| सि.नं | प्रतिफलहरु (Outputs) | अनुगमन सुचकहरु (Monitoring Indicators) |
|---|---|---|
| ३.१ | उत्पादन बढाएर खाद्यान्नमा भौतिक पहुँच सुधार | • खाद्य उत्पादकत्व र उत्पादनमा वृद्धि खाद्यान्न भण्डारण सुविधाको विकास<br>• सडक सम्पर्क विस्तार र सुधार |
| ३.२ | पौष्टिक विविधतायुक्त खाद्य उपभोग प्रवर्द्धन | • घरबारी बगैंचा (करेसाबारी) स्थापना<br>• महिलामैत्री खाद्य प्रशोधन प्रविधिहरू उपयोग<br>• कमजोर समुदायका लागि सामाजिक सुरक्षा योजनाहरू कार्यान्वयन |

| सि.नं | प्रतिफलहरु (Outputs) | अनुगमन सुचकहरु (Monitoring Indicators) |
|---|---|---|
| ३.३ | आकस्मिक अवस्थाको लागि बीउ तथा खाद्यान्नको मौज्दात (Buffer Stock) व्यवस्थापन | • गोदाम/भण्डार सुविधाहरूको विकास<br>• स्थानीय उत्पादनमा वृद्धि<br>• स्थानीय तहहरुसँग समन्वय |
| ३.४ | विविधतायुक्त खानाको पौष्टिक महत्व बारे सचेतना सिर्जना | • पोषण सचेतना अभियान<br>• विद्यालय शिक्षामा पोषण सम्बन्धि बिषय पाठ्यक्रममा समाबेश<br>• स्थानीय खाद्य पदार्थको मूल्य अभिवृद्धि |
| ३.५. | स्थानीय वस्तुहरूको मूल्य अभिवृद्धिको लागि महिलामैत्री खाद्य प्रशोधन मेसिनरी र उपकरणहरूमा पहुँच सुनिश्चितता | • घरायसी स्तर, समुदाय र स्थानीय तहमा खाद्य प्रशोधनका लागि महिलामैत्री मेसिनरी र उपकरणको उपलब्धता<br>• खाद्य प्रशोधनमा महिलाको क्षमता अभिवृद्धि |
| ३.६ | खाद्य स्वच्छता र गुणस्तर प्रवर्द्धनका उपायहरू अवलम्वन | • खाद्य स्वच्छता नियमहरूको अवलम्बन<br>• खाद्य स्वच्छता समीक्षा अभियान/कार्यशाला तथा बैठकहरू |

## तालिका २९. परिणाम ३ को लागि प्रतिफल सूचकहरू- सुदृढ संस्थाहरू र सुशासनमा सुधार

| सि.नं | प्रतिफल (Outputs) | अनुगमन सुचकहरु (Monitoring Indicators) |
|---|---|---|
| ४.१ | तीन तहका सरकारहरूको स्पष्ट TOR सहितको संयन्त्र स्थापना | • प्रदेशदेखि स्थानीय तहसम्म कृषि तथा पशुपालन संस्थाहरुको पुनर्संरचना<br>• निर्देशनालयहरू, AKC/VHLSEC र स्थानीय तहहरूका कार्यालयहरूका लागि निर्दिष्ट गरिएको TOR<br>• स्थानीय तहसँग समन्वय गर्ने संयन्त्र |
| ४.२ | विभिन्न तहमा कृषि क्षेत्रमा काम गर्ने सार्वजनिक संस्थाहरू बीचको तालमेल वृद्धि | • संघ, प्रदेश र स्थानीय तहका सरकारबीचको संयुक्त योजना तर्जुमा र कार्यान्वयन<br>• नीति र योजनाहरूको अनुपालन (compliance)<br>• स्रोतहरुको दोहोरोपन रोक्ने |
| ४.३ | विभिन्न तहका संस्थाहरूबीचको समन्वयमा एकीकृत कृषि विकास योजना तर्जुमा | • योजनामा स्थानीय तहको आवश्यकतालाई प्रतिविम्बित गर्ने<br>• PADS ढाँचामा स्थानीय स्तरको योजना तर्जुमा<br>• स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने MoLMAC र जिल्लाहरू बीचको संयुक्त योजना तर्जुमा |
| ४.४ | लक्षित अनुदान/सहयोग योजना लागू गरी पारदर्शी अनुदान वितरण संयन्त्रको विकास | • अनुदानको दोहोरोपन र गैर-अनुपालन (non-compliance) हटाउने<br>• अनुदान नीतिहरूमा सुसँगतता (harmonization) विकास<br>• अनुदान वितरणमा पारदर्शिता |
| ४.५ | निजी क्षेत्रको सक्रिय सहभागिता सुनिश्चितता | • प्रोत्साहन प्याकेजको निष्पक्ष रूपमा प्रयोग<br>• कृषि व्यवसाय/मूल्य श्रृंखलामा निजी क्षेत्रको संलग्नता<br>• एग्रोभेट, निजी फार्म, FNCCI/DCCI बीच समन्वय |

| सि.नं | प्रतिफल (Outputs) | अनुगमन सुचकहरु (Monitoring Indicators) |
|---|---|---|
| ४.६ | सजिलैसँग पहुँचयोग्य र लागत-प्रभावी कृषि सामग्री र सेवाहरूको सुनिश्चितता/उपलब्धता | • प्रक्रिया सरलीकरण मार्फत वित्त र बीमामा सहज पहुँच<br>• MOMLAC, निर्देशनालय, AKC, VHLSEC र स्थानीय स्तरहरूमा सूचना डेस्क स्थापना<br>• मिडिया परिचालन |
| ४.७ | सहकारीलाई सुदृढिकरण गरी सक्षम बनाउने | • सहकारीको क्षमता अभिवृद्धि<br>• कृषि व्यवसाय मूल्य श्रृंखलामा सहकारीहरूको संलग्नता<br>• सहकारीसँग मानव संसाधन, कृषि पशु चिकित्सक, ICT को उपलब्धता<br>• सहकारी मार्फत अनुदान वितरण संयन्त्र स्थापना |
| ४.८ | वित्तीय सेवामा सहज र किफायती पहुँच सुधार र सुनिश्चितता | • कृषि ऋण र बीमामा सहज पहुँच<br>• ऋण र बीमा प्रासिमा अव्यवहारिक आवश्यकता (impractical requirement) हटाउने |
| ४.९ | CBOs/NGOs, कृषक समूह, वस्तुगत संस्था र विकास साझेदारहरूको सामंजस्यपूर्ण परिचालन | • CBOs र NGOs बीच कार्यान्वयनयोग्य कृषि गठबन्धन विकास<br>• विकास साझेदारहरूको लागि एक द्वार नीतिको अवलम्बन<br>• FGs र CFUGs-आधारभूत सेवाहरूको लागि क्षमता विकास FGs, CFUGs, युवा क्लबहरूको परिचालन |
| ४.१० | प्रभावकारी अनुगमन, समिक्षा र मूल्याङ्कन प्रणाली अवलम्बन | • M&E सफ्टवेयर/प्रणालीको सिर्जना<br>• प्रादेशिक, जिल्ला र स्थानीय तहमा M&E क्षमता विकास<br>• क्लस्टर/जोन स्तरमा सहभागितामुलक अनुगमन तथा मुल्यांकन पद्दती विकास र उपयोग<br>• आवधिक सार्वजनिक सुनुवाई र लेखा परीक्षण |
| ४.११ | कृषि डाटाबेस सुधार / स्थापना | • वेबमा आधारित कृषि डाटाबेस स्थापना<br>• नियमित समीक्षा र डाटाबेस अद्यावधिक<br>• प्रादेशिक, जिल्ला र स्थानीय तहको योजना तर्जुमामा डाटाबेसको उपयोग |
| ४.१२ | कृषि विकासमा लैङ्गिक र समावेशी दृष्टिकोण अपनाउने | • GESI आधारित डाटाबेस प्रणाली स्थापना<br>• नीति निर्माण, योजना, अनुगमन र मूल्याङ्कनमा महिला र उत्पीडित समूहको संलग्नता |
| ४.१३ | नीतिगत प्रतिवद्धताको विश्वसनीयता कायम एवं प्रवर्द्धन | • नीति र निर्देशनमा समन्वय<br>• प्रदेशभर PADS को प्रसार<br>• PADS कार्यान्वयन संस्थाहरूको क्षमता अभिवृद्धि<br>• PADS ढाँचाभित्र स्थानीय योजना तर्जुमा |
| ४.१४ | मानव संसाधनको आवश्यकताहरू मूल्याङ्कन/पुनरावलोकन | • MOMLAC/AKC/VHLSEC, फार्म/केन्द्र र स्थानीय स्तरमा पदहरूको पदपूर्ति<br>• अतिरिक्त HR/विशेषज्ञहरूको पद सिर्जना<br>• मानव संसाधन र LRPs को सीप विकास |

# ८ योजना र बजेट

## ८.१ कार्यक्रम लागत

२६५. शीर्षक ६.५ मा प्रतिविम्बित भए अनुरुप २०७९/८० देखि २०९३/९४ सम्म १५ वर्षको अवधिको लागि PADS लगानी योजना बनाईएको छ । PADS मा प्रतिविम्बित कृयाकलापहरूको लागि कुल रु १ खरव ७६ अरव ३४ करोड ८९ लाख प्रक्षेपण गरिएको छ । यो रकम सबै निर्धारित प्रतिफल र कृयाकलापहरु कार्यान्वयन गर्न पर्याप्त हुने अनुमान गरिएको छ । समूहमा आवद्ध प्रत्येक प्रतिफलको परिणामको लागि लाग्ने लागत अनुमान गरिएको छ । लागतहरू प्रचलित मूल्यमा आधारित छन् । सार्वजनिक क्षेत्र (संघिय र प्रदेश) बाहेक, किसान, सहकारी, निजी क्षेत्र र स्थानीय तहहरुले लागतमा योगदान पुऱ्याएका छन्, जुन मुख्यतया तल्लो तहबाट (bottom-up) र हिस्सा लिने (shared) आधारमा अनुमान गरिएको छ ।

२६६. बजेटलाई चारवटा परिणाम र तिनको आ-आफ्नो प्रतिफलमा बाँडफाँड गरिएको छ । प्रत्येक प्रतिफलहरू तिनीहरूको दायरा र स्रोत आवश्यकताको आधार एवं बिध्यमान बजार अवस्थालाई विचार गरि बजेट अनुमान गरिएको छ । यो अनुमान PMAMP र अन्य प्रचलित परियोजनाहरूको अनुमानसँगै नेपाल भित्रका प्रमाणहरूमा आधारित छ । प्रत्येक प्रतिफलको परिणाम अन्तर्गत लागतको विवरण निम्नानुसार उल्लेख गरिएको छः

### ८.१.१ योजना र बजेट- परिणाम १ः मागमा आधारित कृषि प्रविधि विकास र प्रसार

**तालिका ३०. विस्तृत बजेट, परिणाम १- मागमा आधारित कृषि प्रविधि विकास र प्रसार (बजेट रु दश लाखमा)**

| सि.नं | प्रतिफल सुचकहरु | आव २०७९/८० | आव २०८०/८१ | आव २०८१/८२ | आव २०८२/८३ | आव २०८३/८४ | जम्मा लागत | पछिका १० वर्ष | १५ वर्षको लागत |
|---|---|---|---|---|---|---|---|---|---|
| १.१ | किसान र कृषि उद्यमहरूको आवश्यकतालाई सम्बोधन गर्ने विकेन्द्रीकृत अनुसन्धान प्रणाली विकास | ७१.३ | ११८.६ | १०१.६ | ११६.४ | ४५.९ | ४५३.८ | १,५५१.८ | २,००५.६ |
| १.२ | बीउ/बिरुवा, नस्ल, दाना र माछाको भुराहरूका लागि पारिस्थितिकिय क्षेत्र अनुरुप स्रोत केन्द्रहरू निजी क्षेत्र, सहकारी र कृषि व्यवसायीहरूको संलग्नतामा स्थापना । | २१०.० | ४६.४ | ७०.१ | ३०.८ | ४५.७ | ४०२.९ | १,९०२.१ | २,३०५.१ |
| १.३ | सहभागितामूलक प्रविधि विकास र विस्तार | ८९.५ | ८०.५ | ८२.० | ८३.५ | ८५.१ | ४२०.६ | १,४२७.५ | १,८४८.१ |
| १.४ | संघिय बीउ नीतिको प्रभावकारी कार्यान्वयन र प्रदेश बीउ नीति तर्जुमा तथा कार्यान्वयन | ५२.६ | ३९.९ | ३२.९ | ३२.१ | २२.६ | १७७.० | १,३६०.४ | १,५३७.४ |
| १.५ | किसानमैत्री कृषि मेसिनरी तथा औजार उपकरणको विकास र उपलब्धता सुनिश्चितता | ८४.५ | ८४.५ | ८४.५ | ८४.५ | ८४.५ | २९०.३ | १,१७६.३ | १,४६६.६ |
| १.६ | गैर-परम्परागत सिँचाइ प्रविधिहरूको मूल्याङ्कन, प्रमाणिकरण र विस्तार | ४५.० | ६३.० | ६४.० | १९.० | १.० | १९२.० | २३६.७ | ४२८.७ |

| सि.नं | प्रतिफल सुचकहरु | आव २०७९/८० | आव २०८०/८१ | आव २०८१/८२ | आव २०८२/८३ | आव २०८३/८४ | जम्मा लागत | पछिका १० वर्ष | १५ वर्षको लागत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| १.७ | विभिन्न सरोकारवालाहरुबीच सहकार्य र साझेदारी प्रवर्द्धन | २४.० | २४.० | २४.० | २४.० | २४.० | १२०.० | ४२०.७ | ५४०.७ |
| १.८ | अनुसन्धान र प्रसारमा प्राविधिक क्षमता अभिवृद्धि | ५९.९ | ५९.९ | ५९.९ | ६०.१ | ५७.२ | २९७.० | १०२९.१ | १,३२६.१ |
| १.९ | प्रविधि प्रसार तथा अवलम्वन प्रवर्द्धन | २१२.० | २२७.० | २२७.० | २१७.० | २१२.६ | १०९५.६ | ३६०६.२ | ४,७०१.८ |
| १.१० | स्रोत संरक्षण प्रविधि (RCT) को प्रवर्द्धन | ७४.६ | ७५.१ | ७५.७ | ७६.३ | ७६.९ | ३७८.५ | १२६०.५ | १,६३९.० |
| १.११ | NTFPs र कृषि-वनको लागि उपयुक्त प्रविधिको विकास र वढावा (scale up) | ८.० | ९.० | ८.० | ६.० | ०.० | ३१.० | १४९.० | १८०.० |
| १.१२ | जलवायु अनुकूलन / समानुकुलन प्रविधिहरू विकास र अबलम्वन | ४२.९ | ५०.९ | ५४.२ | ५१.८ | ५७.८ | २५७.७ | १,१३०.८ | १,३८८.४ |
| | जम्मा | ९७४.३ | ८७८.८ | ८८३.८ | ८०१.५ | ७१३.३ | ४,११६.४ | १५,२५१.१ | १९,३६७.५ |

२६७. यस परिणाम अन्तर्गत १२ वटा प्रतिफलहरू छन् (तालिका ३०) । पहिलो पाँच वर्षमा योजनाबद्ध रुपमा १२ प्रतिफल प्राप्त गर्न जम्मा रु ४ अरव ११ करोड ६४ लाख र अर्को दश वर्षको लागि रु १५ अरव २५ करोड ११ लाख गरी सम्पूर्ण अवधिको लागि रु १९अरव ३६ करोड ७५ लाख बजेट लाग्ने अनुमान गरिएको छ ।

२६८. कृषक मैत्री कृषि मेसिनरी तथा औजार र गैर परम्परागत सिँचाइ प्रविधि सम्बन्धि कृयाकलापहरु समावेश गरिएको छ । तर सतह (परम्परागत सिँचाई) सिँचाइ संरचनाका लागि बजेटको ठूलो हिस्सा परिणाम २ अन्तर्गत प्रक्षेपण गरिएको छ । अझ महत्त्वपूर्ण कुरा त बजेटले प्रविधि हस्तान्तरण र व्यापक अवलम्बनसँगै अनुसन्धान र विस्तार सेवाका लागि प्राविधिक क्षमतालाई प्राथमिकता दिएको छ ।

२६९. PADS मा स्रोत संरक्षणको प्रवर्द्धन, MAPs/NTFPs को लागि उपयुक्त प्रविधिको विकास र जलवायु समानुकुलन प्रविधिहरू बजेटका प्रमुख पक्षहरू हुन् । प्रत्येक परिणामको लागि अनुमानित बजेट तालिका २२ मा प्रस्तुत गरिएको छ।

### ८.१.२ योजना र बजेट- परिणाम २: उत्पादकत्व वृद्धि र उत्पादन, बजार र व्यापारमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि

२७०. PADS को कार्यान्वयनको क्रममा परिणाम २ प्राप्त गर्न चाहिने १७ प्रतिफलहरू समावेश छन्। योजनाबध्द रुपमा १७ प्रतिफलहरू प्राप्त गर्न जम्मा रु १३२ अरव १६ करोड २२ लाख बजेट लाग्ने अनुमान छ । यसमध्ये पहिलो पाँच वर्षमा रु ३९ अरव ३२ करोड ६० लाख खर्च हुनेछ भने त्यसपछिको दश वर्षको अवधिमा रु ९२ अरव ८३ करोड ६० लाख खर्च हुने अनुमान छ । प्रदेशको उत्पादकत्व र व्यापार बढाउन बजारमा प्रतिस्पर्धी हुने बाली, वस्तु र नस्लको पहिचानलाई बजेटले प्राथमिकतामा राखी रु ४६ करोड बिनियोजन गरेको छ । भूमि एकीकरणका लागि रु १ अरव ४७ करोड ३२ लाख प्रस्ताव गरिएको छ ।

२७१. प्रदेशमा कृषिलाई व्यवसायिकरण गर्न लगानीको वातावरण सिर्जना गर्ने कुरा प्रमुख चुनौतीको रुपमा रहेको छ । करार खेती, भाडामा आधारित (लिजहोल्ड) खेती, वित्त र बीमामा सहज पहुँच मार्फत युवा उद्यमी र निजी क्षेत्रलाई कृषि व्यवसायतर्फ आकर्षित गर्न करिब रु ८४ करोड बजेट प्रक्षेपण गरेको छ । निजी क्षेत्रसँग साझा आधारमा कृषि व्यवसायिकरणका लागि करार व्यवस्थापन गर्न रु ६७ करोड ५९ लाख अनुमान गरिएको छ । त्यसैगरी सक्रिय श्रम शक्तिलाई प्रदेश भित्रै कृषि व्यवसायमा संलग्न गराई सक्षम वातावरण सिर्जना मार्फत बसाइँ सराइ कम गर्न रु १३ अरव ५ करोड ९० लाख बजेट विनियोजन गरिएको छ । PADS ले स्थानीय प्रविधि र अभ्यासहरू सुधार गरि स्थानीय बाली र वस्तुहरूको मुल्य अभिवृद्धिलाई प्राथमिकता दिएको छ । यस प्रयोजनका लागि रु १ अरव २ करोड ९० लाख छुट्याइएको छ ।

२७२. सिँचाइ योग्य जमिनको विस्तार र वर्षभरी सिँचाइको उपलब्धतालाई बजेटमा व्यवस्था गरिएको छ । यसमा रिचार्ज पोखरी, रिटेन्सन र पुनः प्रयोग प्रणाली जस्ता कार्यक्रमहरु पनि समावेश गरी कुल रु २८ अरव ४ करोड ३० लाख बजेट विनियोजन गरिएको छ । बजेटमा रानी-जमरा-कुलरिया र महाकाली सिँचाइ आयोजना जस्ता सिँचाइ आयोजनाको लगानीको आवश्यकता पनि समावेश गरिएको छ ।

२७३. स्थानीय प्रविधि/अभ्यासलाई सुधार गरी स्थानीय तथा स्वदेशी बाली तथा वस्तुको संरक्षण, प्रवर्द्धन र मूल्य अभिवृद्धि लाई बजेटको प्राथमिकतामा राखीएको छ ।

२७४. विशिष्ट वस्तुहरूका लागि प्रतिस्पर्धात्मक कृषि मूल्य श्रृंखला पद्दति (जस्तै, कैलालीमा MoLMAC द्वारा अभ्यास गरिएको राइस मिल मोडेल) स्थापना र विस्तार गरिनेछ । प्रतिफलले सबै उत्पादकहरू, प्रशोधनकर्ताहरु, उत्पादन सामाग्री आपूर्तिकर्ताहरू र व्यापारीहरूको क्षमतालाई सुदृढ गर्नेछ । कृषि मूल्य श्रृङ्खलाका लागि कुल रु २ अरव ३३ करोड ९० लाख प्रस्ताव गरिएको छ ।

२७५. तलको तालिका ३१ मा प्रतिविम्बित भएजस्तै अन्य प्रतिफल र कार्यक्रमहरू बजेटले समेटेको छ ।

क) कृषि सडक र विद्युतीकरण सञ्जाल विस्तार

ख) प्रदेशभरि माटोको उर्वरता नक्साको प्रयोग र बाली तथा वस्तुको जोनिङ गर्न

ग) स्थानीय दाना सामाग्री, डालेघाँस र घांसेबाली प्रवर्द्धन

घ) जुनोटिक र अन्य आर्थिक रुपमा महत्वपूर्ण रोगहरूको रोकथाम र नियन्त्रण

ङ) बजार पूर्वाधार, प्रशोधन र भण्डारण सुविधाहरू र बजार संजाल विकास

च) गुणस्तरीय मासु लगायत खाद्य पदार्थको स्वच्छता र गुणस्तर

छ) हैसियत बिग्रिएको भूमिको पुनर्स्थापना/सुधार र कृषि-वनको लागि प्रयोग

ज) MAPs/NTFPs खेती, प्रशोधन र व्यापार

तालिका ३१. विस्तृत बजेट, परिणाम २. उत्पादकत्व वृद्धि र उत्पादन, बजार र व्यापारमा प्रतिस्पर्धात्मकता वृद्धि (बजेट रु दश लाखमा)

| सि.नं | प्रतिफल सुचकहरु (Output indicators) | आव २०७९/८० | आव २०८०/८१ | आव २०८१/८२ | आव २०८२/८३ | आव २०८३/८४ | जम्मा लागत | पछिका १० वर्ष | १५ वर्षको लागत |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१ | प्राथमिकताका वस्तुहरुको पहिचान र बजारमुखी उत्पादन योजना तर्जुमा तथा कार्यान्वयन | २१.६ | २१.६ | २१.६ | २१.६ | २१.६ | १०८.० | ३५२.४ | ४६०.४ |
| २.२ | उपयुक्त भूमि एकीकरण दृष्टिकोण अबलम्वन | ७०.५ | ७०.० | ७०.० | ७०.० | ७०.० | ३५०.५ | ११२२.७ | १४७३.२ |
| २.३ | कृषि व्यवसायीकरणका लागि सुधारिएको लगानी वातावरण | ३४.६ | ५५.१ | ३५.१ | ३४.६ | ३६.६ | १९६.१ | ६४३.७ | ८३९.८ |
| २.४ | व्यवसायिक कृषि बिकासका लागि करार खेती | ३०.० | ३०.० | ३०.० | ३०.० | ३०.० | १५०.० | ५२५.९ | ६७५.९ |
| २.५ | सिँचाइ क्षेत्र विस्तार र वर्षभरि सिँचाइ उपलब्धता सुनिश्चितता | ५,६१६.६ | ५,६१६.६ | ५,६१६.६ | ५,६१६.६ | ५,६१६.६ | २८,०४३.० | ५३,७८९.३ | ८१,८३२.३ |
| २.६ | कृषि बजार सूचना तथा सूचना प्रविधि सेवा (ICT) प्रवर्द्धन | १.९ | ०.९ | ०.० | ०.० | ०.० | २.८ | ७.० | ९.८ |
| २.७ | सक्रिय श्रमशक्तिको लागि अनुकूल वातावरण सिर्जना | ६०८.२ | ६०८.२ | ६०८.२ | ५२८.२ | ५२८.२ | २,८८१.० | १०,१७७.८ | १३,०५८.८ |
| २.८ | स्थानीय तथा परम्परागत बाली वस्तुको मूल्य अभिबृद्धि | ४.० | ६३.५ | ६५.५ | ४३.५ | ३.५ | १८०.० | ८४९.१ | १,०२९.१ |
| २.९. | विशिष्ट वस्तुहरूका लागि प्रतिस्पर्धात्मक कृषि मूल्य श्रृंखलाहरू स्थापना | १०२.५ | ११०.३ | ११८.० | ९८.९ | ९९.७ | ५२९.४ | १,८०९.९ | २,३३९.३ |

| सि.नं | प्रतिफल सुचकहरु (Output indicators) | आव २०७९/८० | आव २०८०/८१ | आव २०८१/८२ | आव २०८२/८३ | आव २०८३/८४ | जम्मा लागत | पछिका १० वर्ष | १५ वर्षको लागत |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१० | कृषि सडक र विद्युतीकरण सञ्जाल विस्तार | १,४५०.० | १,३२५.० | ३२५.० | २००.० | २००.० | ३,५००.० | १९,६९३.७ | २३,१९३.७ |
| २.११ | माटोको उर्वरता नक्साहरू (soil fertility maps) प्रयोग र ऋप जोनिङ कार्य | ०.८ | ०.८ | ०.८ | ०.८ | ०.८ | ०.८ | १४.० | १८.० |
| २.१२ | स्थानीय रूपमा उपलब्ध दाना सामाग्री, डालेघाँस र घांसेबाली प्रवर्द्धन | ४.५ | ४.५ | ४.५ | ४.५ | ४.५ | २२.५ | ७८.९ | १०१.४ |
| २.१३ | जुनोटिक एवं अन्य आर्थिक रुपमा महत्वपूर्ण रोगहरूको रोकथाम र नियन्त्रणका उपायहरू अवलम्वन | ५५.० | ५४.० | २५.८ | १७.३ | १८.८ | १६०.८ | ४५६.४ | ६१७.२ |
| २.१४ | बजार पूर्वाधार, भण्डारण सुविधा र बजार संजाल विकास | ४२.५ | १२९.५ | २२४.५ | ९१.५ | ११९.५ | ६०१.९ | ७६८.९ | १,३७०.९ |
| २.१५ | खाद्य पदार्थको स्वच्छता र गुणस्तर सुनिश्चिता | ४.८ | ८४.३ | ६९.३ | ६९.३ | ६९.३ | २९४.७ | २३५.५ | ५३०.२ |
| २.१६ | हैसियत बिग्रिएको जग्गाको पुनर्स्थापना तथा सुधार गरी कृषि वनको लागि उपयोग | ३८१.६ | ४००.६ | ४२०.६ | ४४१.५ | ४६३.५ | २,१०७.७ | १,५९३.३ | ३,७०१.० |
| २.१७ | MAPs/NTFPs खेती, प्रशोधन र व्यापार एवं संस्थागत सुधार | ३५.८ | ३८.८ | ४०.८ | ४१.३ | ३६.८ | १९३.४ | ७१७.८ | ९११.३ |
| | **जम्मा** | **८,४६४.९** | **८,६१३.६** | **७,६७६.२** | **७,३०९.५** | **७,३१९.४** | **३९,३२५.८** | **९२,८३६.४** | **१३२,१६२.२** |

### ८.१.३ योजना र बजेट- परिणाम ३: खाद्य र पोषण सुरक्षामा सुधार

२७६. PADS ले प्रदेशको डरलाग्दो खाद्य र पोषण सुरक्षा स्थितिलाई सम्बोधन गर्न खाद्य र पोषण सुरक्षाका प्रमुख पक्षहरूलाई ध्यानमा राखेको छ । यो क्रस कटिङ परिणाम हो र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा PADS को अन्य परिणामहरूको प्रतिफलहरुबाट समेत यो परिणाम प्राप्त गर्न सकिनेछ । PADS ले कृषि सडक, भण्डारण, गोदाम सुविधा आदि पूर्वाधारहरु एवं पौष्टिक र विविध खाद्य उपभोग, मूल्य अभिवृद्धि कार्यक्रमहरू मार्फत फार्म भित्र र बाहिर रोजगारी सिर्जना गरी भौतिक पहुँच सहित छ वटा विशिष्ट प्रतिफलहरु मार्फत खाद्य र पोषण सुरक्षालाई सुधार गर्ने लक्ष्य राखेको छ ।

२७७. उत्पादन र उत्पादकत्व बढाएर खाद्यान्नमा भौतिक पहुँच सुधार गर्न रु ३१८६ मिलियन प्रक्षेपण गरिएको छ । स्थानीय स्तरमा उत्पादित खाद्यान्न सहित विद्यालय दिवा खाजा कार्यक्रमलाई प्रवर्द्धन गर्न र प्रदेशभर करेसाबारी (किचेन गार्डेन) प्रवर्द्धन गर्न पनि बजेटले जोड दिएको छ । आकस्मिक आवश्यकताका लागि बीउ र खाद्यान्नको मौज्दात राख्न (Buffer Stock) रु २ अरब ८१ करोड ३० लाखको व्यवस्था गरिएको छ जसले मुख्य रूपमा प्रदेशका जोखिममा परेका समुदायहरूको आवश्यकता संबोधन गर्न योगदान पुर्‍याउनेछ ।

२७८. पोषण सचेतना अभियान (रु ७ करोड ६० लाख), महिलामैत्री औजार र प्रविधि सहित खाद्य प्रशोधन संयन्त्र (रु १२ करोड ४० लाख), र खाद्य स्वच्छता तथा गुणस्तर प्रवर्द्धन (रु ८ करोड ६० लाख) जस्ता कृयाकलापहरु यस अन्तरगत प्रस्तावित (तालिका ३२) ।

तालिका ३२. विस्तृत बजेट, परिणाम ३ - खाद्य र पोषण सुरक्षामा सुधार (बजेट रु दश लाखमा)

| सि. नं | प्रतिफल सुचकहरु (Output Indicators) | आव २०७९/८० | आव २०८०/८१ | आव २०८१/८२ | आव २०८२/८३ | आव २०८३/८४ | जम्मा लागत | पछिका १० वर्ष | १५ वर्षको लागत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.१ | उत्पादन बढाएर खाद्यान्नमा भौतिक पहुँच सुधार | १०३.६ | १३८.८ | ११४.२ | १४९.९ | १२५.९ | ६३२.५ | २५५३.४ | ३१८५.९ |
| ३.२ | पौष्टिक विविधतायुक्त खाद्य उपभोग प्रवर्द्धन | २१६.० | २२६.८ | २३८.१ | २५०.० | २६२.५ | ११९३.५ | २६४६.२ | ३८३९.८ |
| ३.३ | आकस्मिक अवस्थाको लागि बीउ तथा खाद्यान्नको मौज्दात (Buffer Stock) व्यवस्थापन | १०५.४ | ११०.५ | ११५.८ | १२१.४ | १२७.३ | ५८०.५ | २२३२.४ | २८१२.९ |
| ३.४ | विविधतायुक्त खानाको पौष्टिक महत्व बारे सचेतना सिर्जना | ३.४ | ३.० | ३.० | ३.१ | ३.२ | १५.७ | ६०.१ | ७५.८ |
| ३.५. | स्थानीय वस्तुहरूको मूल्य अभिवृद्धिको लागि महिलामैत्री खाद्य प्रशोधन मेसिनरी र उपकरणहरूमा पहुँच सुनिश्चितता | ४.२ | ५.० | ५.२ | ५.४ | ५.६ | २५.४ | ९८.७ | १२४.१ |
| ३.६ | खाद्य स्वच्छता र गुणस्तर प्रवर्द्धनका उपायहरू अवलम्बन | ३.५ | ३.६ | ३.७ | ३.७ | ३.८ | १८.३ | ६७.० | ८५.३ |
| | **जम्मा** | ४३६.१ | ४८७.६ | ४८०.१ | ५३३.७ | ५२८.५ | २४८८.० | ७६५७.९ | १०१२३.९ |

### ८.१.४ योजना र बजेट- परिणाम ४: सुदृढ संस्थाहरू र सुशासनमा सुधार

२७९. परिणाम ४ अन्तरगत प्रतिफलहरु अन्तरगत संस्था र सुशासनलाई सुदृढ पार्ने कृयाकलापहरु प्रस्ताव गरिएका छन । प्रदेशमा संस्थाहरू भन्नाले कृषि विकास क्षेत्रमा संलग्न सार्वजनिक संस्थाहरू जस्तै MoLMAC, निर्देशनालयहरू, AKCs, VHLSECs, तालिम केन्द्रहरू, फार्म केन्द्रहरू र स्रोत केन्द्रहरू; र निजी क्षेत्र, किसान सँगठन र सहकारीहरु पर्दछन । विभिन्न १४ प्रतिफलहरू मार्फत परिणाम हासिल गर्न जम्मा रु १४ अरब ६९ करोड ५३ लाख बजेट प्रस्ताव गरिएको छ । कुल बजेटमा पहिलो पाँच वर्षको लागि ३ अरब २४ करोड ७० लाख रुपैयाँ र बाँकी १० वर्षको अवधिका लागि ११ अरब ४४ करोड ९० लाख रुपैयाँ लाग्ने अनुमान गरिएको छ ।

२८०. प्रतिफलहरूका कृयाकलापहरू प्रायः क्षमता विकास, समन्वय, कार्यशालाहरू जस्ता रहेका छन् । यस प्रदेशभरि प्रभावकारी सेवा प्रवाह गर्नका लागि तीन तहका सरकारहरूबीच स्पष्ट क्षेत्रगत शर्तहरु विकास गर्ने संयन्त्रलाई समेटिएको छ जसको लागि रु ३ करोड ८० लाख प्रस्ताव गरिएको छ । यस परिणाम अन्तर्गत सरोकारवालाहरू बीचको बढ्दो सुसँगता (harmonization) अर्को प्रमुख प्रतिफल सूचक हो । प्रतिफलहरुका लागि जम्मा रु १ अरव १७ करोड २० लाख को योजना बनाईएको छ । योजनामा कृषि विकासको लागि एकीकृत योजना तर्जुमा गर्न रु १ अरव ९४ करोड २० लाख बजेट व्यवस्था गरिएको छ । अनुदान वितरणको संयन्त्रलाई पारदर्शी बनाई सुदृढ गर्न रु २ करोड ९० लाखद बजेटको प्रस्ताब गरिएको छ ।

२८१. कृषि व्यवसाय क्षेत्रमा निजी क्षेत्रको सक्रिय संलग्नता र लागत प्रभावकारी कृषि सामग्री र सेवाहरूमा सहज पहुँचका लागि क्रमशः रु ५ करोड ६० लाख र रु १८ करोड ९० लाखको बजेट प्रस्ताव गरिएको छ ।

२८२. प्रदेशमा कृषि व्यवसायको विकासका लागि सहकारीको सुदृढीकरण तर्फ रु १ अरब ९० करोड ४० लाख बजेट प्रस्तावित छ । बजेटले कृषि सहकारीको क्षमता अभिवृद्धि जस्तै व्यवसाय योजना तर्जुमा, प्रस्ताव लेखन, कर्मचारीको सीप विकास, कृषि क्षेत्रमा लगानी र सहकारी मार्फत सहुलियतपूर्ण ऋण/ब्याज मा तादाम्यता मिलाउने लक्ष्य राखेको छ ।

२८३. यस प्रदेशमा वैज्ञानिक योजना तर्जुमा र लगानी सुनिश्चित गर्न लैङ्गिक र समावेशी गतिशील कृषि डाटाबेसको स्थापना गर्न कार्यक्रमहरु प्रस्ताबित छन् । कृषि डाटाबेस स्थापनाको लागि रु २ अरव ४६ करोड ९० लाख र प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि करिब रु १ अरव ८४ करोड ४० लाख प्रस्ताव गरिएको छ ।

२८४. कृषि कार्यक्रमहरुमा लैङ्गिक र समावेशी दृष्टिकोण समावेश गरिएको छ जसको लागि रु ६६ करोड ३० लाख प्रस्तावित छ । प्रदेशमा कृषि क्षेत्रमा बलियो सुशासन सुनिश्चित गर्न नीतिगत प्रतिवद्धतामा सुसँगतता का लागि रु १ अरव ५६ करोड ५० लाख छुट्टयाईएको छ । त्यसैगरी रणनीतिले मानव संसाधन आवश्यकताको मूल्याङ्कन गरी सोही अनुसार प्रदेशमा रहेको प्राविधिक विज्ञ र कर्मचारीको अभावलाई पूर्ति गर्न रु ३ अरव ५० करोड २४ लाख बजेट प्रस्ताब गरेको छ । बजेटले प्रस्तावित अतिरिक्त कर्मचारीहरूको चालु खर्चलाई समेत संवोधन गर्नेछ। बजेटको विवरण तल तालिका ३३ मा प्रस्तुत गरिएको छः

तालिका ३३. विस्तृत बजेट, परिणाम ४: सुदृढ संस्थाहरू र सुशासनमा सुधार (बजेट रु दश लाखमा)

| सि.नं | प्रतिफल सुचकहरु (Output Indicators) | आव २०७९/८० | आव २०८०/८१ | आव २०८१/८२ | आव २०८२/८३ | आव २०८३/८४ | जम्मा लागत | पछिका १० वर्ष | १५ वर्षको लागत |
|---|---|---|---|---|---|---|---|---|---|
| ४.१ | तीन तहका सरकारहरूको स्पष्ट TOR सहितको संयन्त्र स्थापना | ४.७ | १.२ | १.२ | १.२ | १.२ | ९.५ | २८.४ | ३७.९ |
| ४.२ | विभिन्न तहमा कृषि क्षेत्रमा काम गर्ने सार्वजनिक संस्थाहरू बीचको तालमेल वृद्धि | ५२.० | ५२.० | ५२.० | ५२.० | ५२.० | २६०.० | ९११.६ | १,१७१.६ |
| ४.३ | विभिन्न तहका संस्थाहरूबीचको समन्वयमा एकीकृत कृषि विकास योजना तर्जुमा | ५३.० | ५३.० | ५३.० | ५३.० | ५३.० | २६५.० | ९२९.२ | १,१९४.२ |
| ४.४ | लक्षित अनुदान/सहयोग योजना लागू गरी पारदर्शी अनुदान वितरण संयन्त्रको विकास | १.३ | १.३ | १.३ | १.३ | १.३ | ६.५ | २२.८ | २९.३ |
| ४.५ | निजी क्षेत्रको सक्रिय सहभागिता सुनिश्चितता | २.५ | २.५ | २.५ | २.५ | २.५ | १२.५ | ४३.८ | ५६.३ |
| ४.६ | सजिलैसँग पहुँचयोग्य र लागत-प्रभावी कृषि सामग्री र सेवाहरूको सुनिश्चितता/उपलब्धता | ८.४ | ८.४ | ८.४ | ८.४ | ८.४ | ४२.० | १४७.३ | १८९.३ |
| ४.७ | सहकारीलाई सुदृढिकरण गरी सक्षम बनाउने | ७१.४ | ८५.८ | ८५.८ | ७१.४ | ८५.८ | ४००.२ | १५०४.२ | १,९०४.४ |
| ४.८ | वित्तीय सेवामा सहज र किफायती पहुँच सुधार र सुनिश्चितता | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.५ | ८.८ | ११.३ |
| ४.९ | CBOs/NGOs, कृषक समूह, वस्तुगत संस्था र विकास साझेदारहरूको सामंजस्यपूर्ण परिचालन | २.६ | २.६ | २.६ | २.६ | २.६ | १३.० | ४५.६ | ५८.66 |
| ४.१० | प्रभावकारी अनुगमन, समिक्षा र मूल्याङ्कन प्रणाली अवलम्बन | १११.७ | १११.७ | १११.७ | १११.७ | १११.७ | ५८५.५ | १९१०.३ | २,४६८.८ |
| ४.११ | कृषि डाटाबेस सुधार / स्थापना | ९५.० | ८६.२ | ६८.६ | ६८.६ | ६८.६ | ३८७.० | १४५६.५ | १,८४३.५ |
| ४.१२ | कृषि विकासमा लैङ्गिक र समावेशी दृष्टिकोण | ३०.५ | ३०.५ | ३०.५ | ३०.५ | ३०.५ | १५२.५ | ५१०.४ | ६६२.९ |

| सि.नं | प्रतिफल सुचकहरु (**Output Indicators**) | आव २०७९/८० | आव २०८०/८१ | आव २०८१/८२ | आव २०८२/८३ | आव २०८३/८४ | जम्मा लागत | पछिका १० वर्ष | १५ वर्षको लागत |
|---|---|---|---|---|---|---|---|---|---|
| | अपनाउने | | | | | | | | |
| ४.१३ | नीतिगत प्रतिवद्धताको विश्वसनीयता कायम एवं प्रवर्द्धन | ७२.० | ७२.० | ७२.० | ७२.० | ७२.० | ३६०.० | १,२०४.९ | १,५६४.९ |
| ४.१४ | मानव संसाधनको आवश्यकताहरू मूल्याङ्कन/पुनरावलोकन | १५५.९ | १५५.४ | १५५.४ | १५५.४ | १५५.४ | ७७७.५ | २,७२४.९ | ३,५०२.४ |
| | **जम्मा** | **६६१.५** | **६६३.१** | **६४५.५** | **६३१.१** | **६४५.५** | **३,२४६.७** | **११,४४८.६** | **१४,६९५.३** |

## ८.२ वित्तिय स्रोतहरू

२८५। PADS कार्यान्वयन गर्न कृषि क्षेत्रमा काम गर्ने विभिन्न सरोकारवालाहरू बीचको प्रभावकारी सहकार्य आवश्यक छ । बजेटको कुल ८४.७ प्रतिशत (वा रु १७६ अरव ३४ करोड ८९ लाख) संघीय र प्रादेशिक सरकारबाट वित्तिय व्यवस्था हुने अपेक्षा गरिएको छ भने बाँकी १५.३ प्रतिशत निजी क्षेत्र, कृषक समुदाय, स्थानीय सरकार र सहकारी जस्ता अन्य सरोकारवालाहरूबाट आउने अपेक्षा गरिएको छ। प्रदेशमा स्थापना हुने एकद्वार प्रणाली मार्फत विकास साझेदारहरुको बजेट समेत खर्च हुने व्यवस्था गरिनेछ । सार्वजनिक-निजी-साझेदारी लगानी मार्फत निजी क्षेत्रले करिब ८.२% योगदान गर्नेछ,। सहकारीको अंश १.१% रहनेछ भने स्थानिय तहको ३.६% र कृषक समुदायको २.४% योगदान रहनेछ जुन तालिका ३४ मा उल्लेख गरिएको छ।

तालिका ३४. **PADS को लागि वित्तिय स्रोतहरु (बजेट रु दश लाखमा)**

| वित्तिय स्रोतहरु | परिणाम:१<br>मागमा आधारित कृषि प्रविधि विकास र प्रसार | परिणाम:२<br>उत्पादकत्व वृद्धि र उत्पादन, बजार एवं व्यापारमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि | परिणाम:३<br>खाद्य र पोषण सुरक्षामा सुधार | परिणाम:४<br>सुदृढ संस्थाहरू र सुशासनमा सुधार | जम्मा बजेट (दश लाख) |
|---|---|---|---|---|---|
| सार्वजनिक (संघ + प्रदेश) | १३,८६७.१ | ११५,३७७.६ | ७,६१४.३ | १२,५०५.६ | १४९,३६४.६ |
| निजी क्षेत्र | ३,०९८.८ | ९,९१२.२ | १,४०२.१ | ०.० | १४,४१३.२ |
| सहकारी क्षेत्र | ५६१.७ | ७९३.० | ११५.५ | ४९९.८ | १,९७०.० |
| स्थानिय तह | १,३५५.७ | २,६४३.२ | ७५३.८ | १,६८९.८ | ६,४४२.५ |
| कृषक समुदाय | ४८४.२ | ३,४३६.२ | २३८.१ | ०.० | ४,१५८.५ |
| जम्मा | १९,३६७.५ | १३२,१६२.२ | १०,१२३.९ | १४,६९५.३ | १७६,३४८.९ |
| **बजेटको हिस्सा** | | | | | |
| सार्वजनिक (संघ + प्रदेश) | ७१.६% | ८७.३% | ७५.२% | ८५.१% | ८४.७% |
| निजी क्षेत्र | १६.०% | ७.५% | १३.८% | ०.०% | ८.२% |
| सहकारी क्षेत्र | २.९% | ०.६% | १.१% | ३.४% | १.१% |
| स्थानिय तह | ७.०% | २.०% | ७.४% | ११.५% | ३.६% |
| कृषक समुदाय | २.५% | २.६% | २.४% | ०.०% | २.४% |

# ९ PADS मार्गचित्र

२८६. PADS ले आगामी १५ वर्षको अवधिमा सुदूरपश्चिम प्रदेशको कृषि रूपान्तरणको लागि योजना बनाएको छ । यो एक लामो अवधि हो जसमा महत्त्वपूर्ण परिवर्तनहरू निश्चित रूपमा हुनेछन् । PADS ले कृषि विकासको लागि एक रूपरेखा प्रदान गर्दछ जुन यस अवधिमा धेरै पटक सुधार र परिमार्जन गर्न आवश्यक समेत हुनेछ ।

२८७. अन्य धेरै यात्राहरूमा जस्तै, पहिलो चरण सबैभन्दा महत्त्वपूर्ण हुन्छ । PADS को यात्रा सफल हुनको लागि धेरै सर्तहरू पूरा गर्नुपर्छ जुन यस प्रकार छन् ।

क) प्रदेश सरकारको प्रतिवद्धता

ख) स्थानीय सरकारको प्रतिवद्धता

ग) PADS कार्यान्वयनका लागि नीति र नियमहरू तर्जुमा

घ) प्रमुख सरोकारवालाहरुको सहमति (consensus)

ङ) विकास साझेदारहरूको सहयोग

२८८. यी प्रत्येक अवस्थाहरूलाई अवलोकन योग्य सूचकहरू मार्फत प्रमाणित गर्न आवश्यक छ । निम्न खण्डले PADS सफलताको लागि प्रारम्भिक आवश्यक सर्तहरूको प्रमाणीकरण गर्ने तरिकाहरू बारे व्याख्या गरेको छ ।

### ९.१ प्रदेश सरकारको प्रतिवद्धता

२८९. PADS मा प्रदेश सरकारको प्रतिवद्धतालाई वित्त, कानून, मानवस्रोत र संस्थासँग सम्बन्धित चार मुख्य सूचकहरूद्वारा निर्देशित गरिनेछ जसलाई तल उल्लेख गरिएको छ ।

क) **बजेटमा प्रतिवद्धता गर्नेः** PADS प्रति प्रतिवद्धता वित्तीय स्रोतको सर्तमा मात्र नभई कार्यक्रमहरू कार्यान्वयनको लागि सहयोगको सन्दर्भमा पनि व्यक्त गरिएको छ । यसबाट सरोकारवालाहरूलाई उत्प्रेरित गर्न र निजी लगानी र विकासलाई प्रोत्साहन गर्न पर्याप्त योजना क्षितिज निर्माण र वित्तीय सुरक्षा समेत सुनिश्चित गर्न सकिन्छ ।

ख) **कर्मचारी/विज्ञको उपलब्धता सुनिश्चित गर्नेः** PADS को अर्को प्रमुख प्रतिवद्धता भनेको प्रदेश र जिल्ला स्थित कार्यालय, तालिम केन्द्र र फार्म केन्द्रहरूमा हालको रिक्त पदहरू पूर्ण रूपमा पूर्ति गर्नुका साथै PADS को दायराको आधारमा नयाँ पदहरू सिर्जना र पूर्ति गर्नु आवश्यक छ ।

**ग) प्रमुख पदको कार्यकाल (समयाबधि):** PADS को सही रूपमा कार्यान्वयन गर्नको लागि केही महत्वपूर्ण पदहरू जस्तै प्रदेशका कार्यक्रम प्रमुखहरु र PADS मा काम गर्ने वरिष्ठ कर्मचारीहरूको पर्याप्त कार्यकाल (कम्तिमा तिनीहरूको सम्बन्धित नियम अनुसार) हुनुपर्छ । यसका लागि प्रादेशिक नीति वा नियमहरूको निर्माण र कार्यान्वयन आवश्यक हुन सक्छ ।

**घ) केहि महत्वपूर्ण ईकाइहरूको स्थापनाः** PADS को कार्यान्वयन सुनिश्चित गर्न प्रादेशिक एडीएस कार्यान्वयन समिति (PADSIC), PADSCC को समन्वय उपसमिति र PADS कार्यान्वयन सहयोग इकाई (ADSISU) को स्थापना गर्नु आवश्यक छ ।

## ९.२ स्थानीय तहको प्रतिवद्धता

२९०. PADS को लागि स्थानीय सरकारको प्रतिवद्धता महत्वपूर्ण हुनेछ र तीन मुख्य सूचकहरु वित्त, कानून, र संस्थाहरु सँग सम्बन्धित सूचकहरुद्वारा निर्देशित हुनेछ ।

क) प्रत्येक स्थानीय तह (नगरपालिका र गाउँपालिका) द्वारा बजेट प्रतिबध्दताः यस अन्तर्गत कृषि तथा पशुपन्छी प्रसार सेवा, प्रविधि हस्तान्तरण, अनुसन्धान तथा अध्ययन, स्रोत केन्द्र, कृषि अनुदान, सहकारी सुदृढीकरण, निजी क्षेत्रको सुदृढीकरण लगायतका क्षेत्रमा स्थानीय तहको आवश्यकतालाई सम्बोधन गर्ने गरी कुल बजेटको कम्तीमा १५-२० प्रतिशत कृषि विकासका लागि छुट्याउनु पर्नेछ ।

ख) कर्मचारी/विज्ञहरूको उपलब्धता सुनिश्चित गर्नेः PADS को लागि स्थानीय स्तरको प्रतिवद्धता भनेको नगरपालिका कार्यालय र वडाहरूमा कृषि र पशुपंक्षीको हालको रिक्त पदहरू पूर्ण रूपमा पूर्ति गर्नुका साथै PADS को कार्यक्षेत्रको आधारमा नयाँ पदहरू सिर्जना गर्नुका साथै OVOT र LRPs को प्रावधान समेत राख्नु हो ।

ग) स्थानीय तहस्तरमा PADS कार्यान्वयन समितिको स्थापना: PADS ढाँचा अनुरूप कृषि विकास गतिविधिहरूको कार्यान्वयनमा सुसँगतता कायम गर्न प्रत्येक स्थानीय तहमा PADS कार्यान्वयन समिति (PADSIC) स्थापना गर्नु आवश्यक छ । PADSIC को अध्यक्षता नगरपालिका / गाउँपालिकाका मेयर/अध्यक्षले गर्ने र सदस्य-सचिवको रूपमा कृषि/पशुपंक्षी ईकाइका प्रमुखले गर्नेछन ।

## ९.३ PADS कार्यान्वयनका लागि नीति र नियमहरू

२९१. PADS को कार्यान्वयनको लागि धेरै नीति र नियमहरूको तर्जुमा र तिनको स्वीकृति आवश्यक छ । यी मध्ये केही नीति र नियमहरू, विशेष गरी सुशासन आयामसँग जोडिएकाको हकमा PADS प्रक्रियाको सुरुमै तर्जुमा गरिनुपर्छ । केही नीति तथा सन्दर्भहरू निम्नानुसार रहेका छन्ः

क) PADS कार्यान्वयन सहयोग इकाई (PADSISU)

ख) PADSCC र उप-समितिहरूको संरचना

ग) PADS सूचना डेस्क

घ) NARC पुनर्संरचना

ङ) मूल्य श्रृंखला विकास संजाल (Value Chain Alliance)

च) गुणस्तर र स्वच्छता सम्बन्धि नियमहरू

छ) जग्गा भाडा र करार खेती

ज) बाली र पशु बीमा नियमहरू

झ) अनुदान पालना सम्बन्धि नियम

ञ) कृषि ऋण, बिमा नीति कार्यान्वयन तथा वित्तिय उपज नीति

ट) सहकारी परिचालन नीति

ठ) सार्वजनिक-निजी साझेदारी नीति

## ९.४ प्रमुख सरोकारवालाहरूको सहमति

२९२. PADS लाई एक प्राविधिक अभ्यासको रुपमा मात्र बुझ्नु हुंदैन किनकि यो अर्को १५ वर्षको लागि तयार गरिएको प्रदेशको एक आधारभूत योजना हो । यस रणनीतिले कृषि क्षेत्रको समावेशी र दिगो विकासका साथै प्रदेशको कृषि क्षेत्रको संक्रमणलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ । प्रमुख र प्रभावशाली सरोकारवालाहरूः सरकार, किसान, व्याबसायी क्षेत्र, सहकारी क्षेत्र र प्रमुख राजनीतिक र सामाजिक शक्तिहरू बीचको बलियो सहमति बिना यसको प्रभावकारी कार्यान्वयन संभव देखिंदैन ।

## ९.५ विकास साझेदारहरूको सहयोग

२९३. PADS कार्यान्वयन धेरै हदशम्म कृषि र पूर्वाधार विकास क्षेत्रमा काम गर्ने विकास साझेदारहरू (DPs) को प्रभावकारी भूमिकामा निर्भर गर्दछ । PADS ले एकद्वार दृष्टिकोण मार्फत उनीहरूको सहयोग खोजेको छ । स्रोतको दोहोरोपनबाट बच्न र जनतालाई अधिकतम फाइदा पुर्याउनका लागि विकास साझेदारहरूले PADSIC/PADSCC सँग JSR संयन्त्र मार्फत काम गर्नेछन् । PADSCC ले PADS कार्यान्वयनको प्रारम्भमा बिध्यमान र भबिष्यमा सहभागी हुन सक्ने विकास साझेदारहरूको पहिचान गर्नेछ र तिनीहरूलाई PADS खाका भित्र ल्याउँनेछ ।

# अनुसुचिहरु

## अनुसुची १: सन्दर्भ सामाग्री (References)


ADD (2019). Annual Programs and Achievements, 2018/19. Agriculture Development Directorate, Dipayal

Byerlee, D., de Janvry, A., & Sadoulet, E. (2009). Agriculture for development: Toward a new paradigm. Annual Review of Resource Economics (Volume 1, PP. 15–31).

Carter, M. R., & Barrett, C. B. (2006). The economics of poverty traps and persistent poverty: An asset-based approach. The Journal of Development Studies, 42(2), 178–199. https://doi.org/10.1080/00220380500405261

CBS (2011). Nepal Sample Census on Agriculture 2010/11. Central Bureau of Statistics, Government of Nepal.

CBS (2019). Nepal Labor Force Survey 2017/18. Central Bureau of Statistics, Government of Nepal.

CBS (2019a). Regional (Provincial) National Account. Central Bureau of Statistics, Government of Nepal.

CBS (2020). National Economic Census 2018, National Profile. Central Bureau of Statistics, Government of Nepal.

CBS (2021). National Economic Census 2018, Analytical Report Food and Beverage Industry March 2021. Central Bureau of Statistics, Government of Nepal.

DOC (2020). Glimpse of Cooperatives, 2020. Department of Cooperatives, Kathmandu.

Dorward, A., Kydd, J., Morrison, J., & Urey, I. (2004). A policy agenda for pro-poor agricultural growth. World Development, 32(1), 73–89.

Fafchamps, M. (2003). Rural poverty, risk and development. Cheltenham, UK: Edward Elgar Publishing.

FAO (2016). The state of food and agriculture—Climate change, agriculture and food security. Rome.

Freebairn, D. K. (1995). Did the green revolution concentrate incomes? A quantitative study of research reports. World Development, 23(2), 265–279. https:// doi.org/10.1016/0305-750X(94)00116-G

Goldman, A., & Smith, J. (1995). Agricultural transformations in India and Northern Nigeria: Exploring the nature of Green Revolutions. World Development, 23(2), 243–263. https://doi.org/10.1016/0305-750X(94)00115-F

GoN (2074). Local Government Act 2074. Government of Nepal.

ICIMOD, MOITFE, SAWTFE and RECAST (2020). Proceedings of the Workshop on Exploratory assessment of the export potential of Sudurpashchim Province, Nepal 24 December 2020. ICIMOD, Ministry of Industry, Tourism, Forest and Environment, SAWTEE and RECAST TU.

Kebede, Y. (1992). Risk taking behaviour & new technologies: The case of producers in the Central Highlands of Ethiopia. Quarterly Journal of International Agriculture, 31, 269–289.

MoAD (2014). Agricultural Development Strategy. Ministry of Agricultural development, Government of Nepal.

MoALD (2018). Cereals Balance Sheet of Nepal 2017/18. Ministry of Agriculture and Livestock Development, Government of Nepal.

MoEAP (2019). Budget Speech of FY 2076/77. Ministry of Economic Planning, Sudurpaschim Province.

MoEAP (2020). Budget Speech of FY 2077/78. Ministry of Economic Planning, Sudurpaschim Province.

MoEAP (2021). Budget Speech of FY 2078/79. Ministry of Economic Planning, Sudurpaschim Province.

MoFAGA (2017). Local Government Operation Act, 2074. Ministry of Federal Affairs and General Administration.

MoFE (2021). Vulnerability and Risk Assessment and Identifying Adaptation Options in the Agriculture and Food Security. Ministry of Forests and Environment, Government of Nepal.

MoH, New Era & ICF (2017). Nepal Demographic and Health Survey 2016. Ministry of Health, New ERA, and ICF, Kathmandu, Nepal.

MoLMAC (2020). Programs and Achievements in Sudurpaschim Province. Ministry of Land Management, Agriculture and Cooperatives.

MoLMAC (2021). Human Resource Statistics, Unpublished document. Ministry of Land Management, Agriculture and Cooperatives, Sudurpaschim Province.

MoLMAC (2021a). Agriculture Master Plan, Unpublished document. Ministry of Land Management, Agriculture and Cooperatives, Sudurpaschim Province.

MoLMAC (2021b). Agro-Tourism Feasibility Study and Investment Plan, Unpublished Document. Ministry of Land Management, Agriculture and Cooperatives, Sudurpaschim Province

MoLMAC (2021c). Livestock Master Plan, Unpublished Document. Ministry of Land Management, Agriculture and Cooperatives. Sudurpaschim Province.

MoPE (2017).Vulnerability and Risk Assessment Framework and Indicators For National Adaptation Plan (NAP) Formulation Process in Nepal. Ministry of Population & Environment, National Adaptation Plan Formulation Process, May 2017.

Nepal Outlook (2021). Sudurpaschim Province: A Data Overview. Retrieved Sep 28, 2021, from : https://nepaloutlook.com/sudurpaschim-province/

NPC & UNDP (2020). Nepal Human Development Report 2020. Beyond Graduation: Productive Transformation and Prosperity. National Planning Commission and United Nations Development Program

NPC & UNICEF (2019). Multiple Indicator Cluster Survey 2019. National Planning Commission and UNICEF Nepal.

NPC (2018). Nepal's Multidimensional Poverty Index: Analysis Towards Action. National Planning Commission

NPC (2019). National Economic Census 2018, National Report July 2019. National Planning Commission, Government of Nepal.

NPC (2020). The Fifteenth Plan (2019/20-2023/24) document. National Planning Commission, Government of Nepal.

Pingali, P, Aiyar, A. & Abraham, M. (2019). Agricultural Technology for Increasing Competitiveness of Small Holders. Transforming Food Systems for a Rising India, 2019.

PQPMC (2018). Annual Progress Report of 2017/18. Plant Quarantine & Pesticide Management Center, Hariharbhawan, Lalitpur.

PQPMC (2019). Annual Progress Report of 2018/19. Plant Quarantine & Pesticide Management Center, Hariharbhawan, Lalitpur.

Survey Department (2021). Cadastral Map of Sudurpaschim Province, Ministry of Land Management, Cooperatives and Poverty Alleviation, Government of Nepal.

Walker, T., Kawasoe, Y., & Shrestha, J. (2019). Risk and Vulnerability in Nepal. Findings from the household risk and vulnerability. Survey. Report No: AUS0001213. World Bank Group. Social Protection & Jobs.

WB (2008). World Development Report 2008 : Agriculture for Development. World Bank.

## अनुसुची २. मुख्य खाद्यान्न बालीहरुको क्षेत्रफल, उत्पादन र उत्पादकत्व (२०६०/६१-२०७५/७६)

**(क्षेत्रफल हे. मा, उत्पादन मे.टन मा र उत्पादकत्व मे.टन प्रति हे. मा)**

| | धान | | | गहुँ | | | मकै | | | कोदो | | | जौ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वर्ष | क्षेत्रफल | उत्पादन | उत्पाद कत्व | क्षेत्रफल | उत्पादन | उत्पाद कत्व | क्षेत्रफल | उत्पादन | उत्पाद कत्व | क्षेत्रफल | उत्पादन | उत्पाद कत्व | क्षेत्रफल | उत्पादन | उत्पाद कत्व |
| २०६० | १३९८५० | ३६२७३४ | २.५९ | ८९०६९ | १५४१२५ | १.७३ | ४९११७ | ७५६४८ | १.५४ | १०८१५ | १०९५१ | १.०१ | ५४५७ | ५७२३ | १.०५ |
| २०६१ | १४३७८१ | ३६२९८३ | २.५२ | ९१६५४ | १७५३५३ | १.९१ | ५४८९२ | ८९६२१ | १.६३ | ११८१० | १२०५८ | १.०२ | ५७३३ | ५१८५ | ०.९० |
| २०६२ | १४०२८२ | ३४५१०६ | २.४६ | ९०६११ | १७५४२९ | १.९४ | ५४४०५ | ८२७२४ | १.५२ | १०९३० | ११७२५ | १.०७ | ५१६५ | ४८४० | ०.९४ |
| २०६३ | १४३६६४ | ३५३९७३ | २.४६ | ९०७८६ | १७८२९२ | १.९६ | ५३९६८ | ९७३२५ | १.८० | १३७६५ | १२६२६ | ०.९२ | ४९५७ | ४९५७ | १.०० |
| २०६४ | १४६३९२ | ३६३७६० | २.४८ | ९०३२१ | १६८५३४ | १.८७ | ५४४१८ | १०१०७४ | १.८६ | १४०६५ | १३४८५ | ०.९६ | ४९१७ | ४७४० | ०.९६ |
| २०६५ | १०४५०६ | ३६८१०३ | ३.५२ | ९०३३६ | १२८८८२ | १.४३ | ५४७२० | १०१००६ | १.८५ | १४०९८ | १३९३८ | ०.९९ | ५०९५ | ३७६६ | ०.७४ |
| २०६६ | १४३५३१ | ३३८०८६ | २.३६ | ८७९३० | १९२१०२ | २.१८ | ५४६२३ | ९०४७९ | १.६६ | १५६२९ | १५५०० | ०.९९ | ५४८० | ४७१७ | ०.८६ |
| २०६७ | १४९५०१ | ४११२०२ | २.७५ | १३४८५४ | २४५५३३ | १.८२ | ५४५५० | ९७३१२ | १.७८ | १६१८२ | १६६३४ | १.०३ | ५९०९ | ६७७६ | १.१५ |
| २०६८ | १६०४९२ | ४७०५०५ | २.९३ | १३४४४५ | २५६१५० | १.९१ | ४८९६२ | ९५९५४ | १.९६ | १६६६३ | १६७८३ | १.०१ | ५७८५ | ६८९५ | १.१९ |
| २०६९ | १६०७०१ | ४४८४५४ | २.७९ | १४०८४४ | २८६३६२ | २.०३ | ४५८४६ | ८३९५२ | १.८३ | १६८५० | १६१९३ | ०.९६ | ८४४६ | ९२८८ | १.१० |
| २०७० | १७५५०० | ४८५७९१ | २.७७ | १३८३४० | २८१००० | २.०३ | ४१७८४ | ७४४१४ | १.७८ | १६११९ | १६७९२ | १.०४ | ८३७३ | ८८९९ | १.०६ |
| २०७१ | १७०११७ | ४८६७२५ | २.८६ | १३९७३८ | ३०५३२० | २.१८ | ४१७८४ | ७४४१४ | १.७८ | १६१६८ | १८०५५ | १.१२ | ८००० | ९७३० | १.२२ |
| २०७२ | १७१३०६ | ५०६४५७ | २.९६ | १४१७४० | २५९२९३ | १.८३ | ४२०२५ | ८४३०३ | २.०१ | १५२५४ | १६१०० | १.०६ | ८३१५ | ६९१५ | ०.८३ |
| २०७३ | १७६५६० | ५९३३२७ | ३.३६ | १४३२८९ | २९४०३४ | २.०५ | ४८०३३ | ९८९४७ | २.०६ | १५६१८ | १५५०३ | ०.९९ | ८८९२ | ६७१३ | ०.७५ |
| २०७४ | १६७१२९ | ५८४४३३ | ३.५० | १४५५१६ | ३०८७३६ | २.१२ | ५१०४९ | १११९२७ | २.१९ | १५६४१ | १५८९६ | १.०२ | ८००३ | ६७१३ | ०.८४ |
| २०७५ | १६७०५३ | ६०५६२६ | ३.६३ | १४७४५२ | ३२०१६९ | २.१७ | ४९७७१ | ११२२२५ | २.२५ | १५६३५ | १५६३२ | १.०० | ७८७० | ६६७८ | ०.८५ |

स्रोत: कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, विभिन्न वर्षहरु ।

**अनुसुची ३. मुख्य नगदे बालीहरुको क्षेत्रफल, उत्पादन र उत्पादकत्व (२०६०/६१--२०७५/७६)**
**(क्षेत्रफल हे. मा, उत्पादन मे.टन मा र उत्पादकत्व मे.टन प्रति हे. मा)**

| वर्ष | तेलहन | | | उखु | | | दलहन | | | आलु | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | उत्पादकत्व | क्षेत्रफल | उत्पादन | उत्पादकत्व | क्षेत्रफल | उत्पादन | उत्पादकत्व | क्षेत्रफल | उत्पादन | उत्पादकत्व |
| २०६० | ३२२८९ | २१५८३ | ०.६७ | ६३४६ | २७९४८२ | ४४.०४ | ३५६३५ | २६०१० | ०.७३ | ८७३९ | ८२७३५ | ९.४७ |
| २०६१ | ३२०४१ | २३९१४ | ०.७५ | ६३०५ | २७६३०५ | ४३.८२ | ५८०७८ | ४१९०७ | ०.७२ | ८७९० | ६१००९ | ६.९४ |
| २०६२ | २६९७९ | २१८५७ | ०.७४ | ६४४५ | २७८६५२ | ४३.२४ | ३३६४० | २३९०६ | ०.७१ | ८८७० | ९९२०४ | ११.१८ |
| २०६३ | २९१२५ | २०२७६ | ०.७० | ६९०६ | ३००७७२ | ४३.५५ | ३३७९१ | २४१६० | ०.७१ | ९३३५ | १०१५०४ | १०.८७ |
| २०६४ | २८८८० | २०२९२ | ०.७० | ६७२६ | २८०७७२ | ४१.७४ | ३३७९१ | २४१६० | ०.७१ | ८९९७ | २२१०७९ | २४.५७ |
| २०६५ | २९०७० | १९८९७ | ०.६८ | ५८७८ | २३१५७१ | ३९.४० | ३३७५१ | २४७०७ | ०.७३ | १२३८६ | १७५२९५ | १४.१५ |
| २०६६ | ३०००७ | २१७८६ | ०.७३ | ३९०९ | १६३५३० | ४१.८३ | ३४४१९ | २५३८० | ०.७४ | १२७९१ | १८४९१० | १४.४६ |
| २०६७ | ३०८०१ | २२३५५ | ०.७३ | ३१४६ | १११५०१ | ३५.४४ | ३९०२९ | ३६४३१ | ०.९३ | १२६११ | १७३१९० | १३.७३ |
| २०६८ | ३१०७८ | २४८८२ | ०.८० | ३१४७ | १२५९७२ | ४०.०३ | ३९०४७ | ३६५६५ | ०.९४ | १३२२७ | १८५४१८ | १४.०२ |
| २०६९ | ३१४३८ | २६७३६ | ०.८५ | ३७५४ | १६११४४ | ४२.९३ | ४०६९९ | ४५०७३ | १.११ | १४५७५ | १९८९३२ | १३.६५ |
| २०७० | ३२७९७ | २५१२७ | ०.७७ | ५७८५ | २५६१७५ | ४४.२८ | ४२४७७ | ४४४७१ | १.०५ | १४९१८ | २००३६८ | १३.४३ |
| २०७१ | ३२६१८ | २६३०० | ०.८१ | ६२१२ | २४४६५१ | ३९.३८ | ४२४७७ | ४४४७१ | १.०५ | १४५९६ | १८९२३४ | १२.९६ |
| २०७२ | २८१५२ | २८८६६ | १.०३ | ५७४२ | २८२४२५ | ४९.१९ | ४११५५ | ४३२१३ | १.०५ | १३९९३ | १९४८१३ | १३.९२ |
| २०७३ | २८६६८ | ३०८०७ | १.०७ | ५६६५ | २४६४७० | ४३.५१ | ४०२७४ | ५००५२ | १.२४ | १४९१८ | २००३६८ | १३.४३ |
| २०७४ | ३०९५९ | ३५३२० | १.१४ | ५६२४ | २४११५८ | ४२.८८ | ३७८६१ | ४८४०९ | १.२८ | १४९९४ | २०७९८१ | १३.८७ |
| २०७५ | ३४९१७ | ३९६७४ | १.१४ | ८३४७ | ४१०१८३ | ४९.१४ | ४६२७० | ५९१२० | १.२८ | १४३७५ | २२०५५७ | १५.३४ |

स्रोत: कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, विभिन्न वर्षहरु ।

**अनुसुची ४. तरकारी र फलफूलको क्षेत्रफल, उत्पादन र उत्पादकत्व**

**(क्षेत्रफल हे. मा, उत्पादन मे.टन मा र उत्पादकत्व मे.टन प्रति हे. मा)**

| बालीहरु | वर्ष | २०६० | २०६२ | २०६५ | २०६८ | २०७० | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तरकारी | क्षेत्रफल | ८२५५ | ८८३९ | १७६९२ | २१९९५ | २२०५५ | २८२२६ | २७०७६ | २५०९१ | २५४०९ | २६०९० |
| | उत्पादन | ८५२०० | १०२५४९ | २०९७०४ | २९१२०७ | २९३१३८ | ३६१९८५ | ३५८५३१ | ३३९४६२ | ३४५१३५ | ३५१५५८ |
| | उत्पादकत्व | १०.३२ | ११.६० | ११.८५ | १४.२४ | १३.२९ | १२.८२ | १३.२४ | १३.५३ | १३.५८ | १३.४७ |
| सुन्तला | क्षेत्रफल | २१२८ | २४०१.८ | ३२७५ | ३६१४ | ३२४२ | ३३१६ | ३१५४ | २८३९ | ३३५२ | ३४९८ |
| | उत्पादन हुने क्षेत्रफल | ११०२ | १३६५ | २३२७ | २४२० | २३७० | २२४९ | १४५७ | १८४२ | १८५६ | १९६४ |
| | उत्पादन | १०४६६ | १३३७४ | २२९८० | २१७७४ | २१०३० | १९८८५ | ११९१६ | १६३०० | १६५०० | १७५५५ |
| | उत्पादकत्व | ९.५० | ९.८० | ९.८८ | ९.०० | ८.८७ | ८.८४ | ८.१८ | ८.८५ | ८.८९ | ८.९४ |
| आँप | क्षेत्रफल | १२५३.३ | १४३०.६ | १६७४ | २३६१ | १६४८ | २०६७ | २११२ | २१५७ | १४२२ | १४३६ |
| | उत्पादन हुने क्षेत्रफल | ६९४ | ७१५ | १०८८ | १८४६ | ११७० | १४९५ | १५३५ | १०९४ | १०९९ | १११३ |
| | उत्पादन | ४५८४ | ४७१९ | ६९१३ | १२९२२ | १५६४८ | १०७५६ | १११३७ | ७१४१ | ८३८४ | ९७६३ |
| | उत्पादकत्व | ६.६१ | ६.६० | ६.३५ | ७.०० | १३.३७ | ७.१९ | ७.२६ | ६.५३ | ७.६३ | ८.७७ |
| केरा | क्षेत्रफल | ४९४.४ | १४३०.६ | ११०० | १०५८ | ९९८ | १०८६ | १०७३ | ११९७ | १३८७ | १४०३ |
| | उत्पादन हुने क्षेत्रफल | २२० | २७५ | ८८० | ९४२ | ८६४ | ९९७ | ९७८ | १११४ | ११६९ | ११८५ |
| | उत्पादन | ३०३९ | ३७९४ | १४४९७ | १५१०८ | १६६७६ | १६१५७ | १६२४२ | १७४८६ | १८८४२ | १८९६० |
| | उत्पादकत्व | १३.८१ | १३.८० | १६.४७ | १६.०४ | १९.३० | १६.२१ | १६.६१ | १५.७० | १६.१२ | १६.०० |
| स्याउ | क्षेत्रफल | १००३.६ | १०५९ | ११६२ | १०६५ | ७३४ | ९५७ | १००० | १०२६ | ८८६ | ९१२ |
| | उत्पादन हुने क्षेत्रफल | ४८९ | ५०४ | ५२३ | ५४३ | ४६२ | ४६५ | ४७७ | ४५२ | ४७२ | ५०६ |
| | उत्पादन | ४७७० | ४५७२ | ४६०० | ४९३५ | ४४०७ | ४४३१.५ | ४२६७ | १७३३ | २३९८ | २५६४ |
| | उत्पादकत्व | ९.७५ | ९.०७ | ८.८० | ९.०९ | ९.५४ | ९.५३ | ८.९५ | ३.८३ | ५.०८ | ५.०७ |
| ओखर | क्षेत्रफल | | | | ९५२ | ११५३ | १२६७.५ | १३२२ | १४५० | १४९१.६ | १५२० |

| बालीहरु | वर्ष | २०६० | २०६२ | २०६५ | २०६८ | २०७० | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन हुने क्षेत्रफल | २३३ | २५० | ३१५ | ३७१ | ४८६.७ | ५३४ | ५५३ | ५१६ | ५२८.५ | ५८४ |
| | उत्पादन | ९८९ | १०५९ | १३३५ | २७७७ | २४०२.५ | २८५२.८ | २९२७ | २६७२ | २२४७.५ | २५५२ |
| | उत्पादकत्व | ४.२४ | ४.२४ | ४.२४ | ७.४९ | ४.९४ | ५.३४ | ५.२९ | ५.१८ | ४.२५ | ४.३७ |

स्रोत: कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, विभिन्न वर्षहरु ।

**अनुसुची ५. मसला बालीहरुको क्षेत्रफल, उत्पादन र उत्पादकत्व**

**(क्षेत्रफल हे. मा, उत्पादन मे.टन मा र उत्पादकत्व मे.टन प्रति हे. मा)**

| मसला बाली | वर्ष | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | २०६६ | २०६७ | २०६८ | २०६९ | २०७० | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ |
| अलैंची | क्षेत्रफल | १७ | १७ | १७ | २२ | १३ | ८ | १२ | १८ | २२ | २१ |
